ओशो

जो न कहिल्यै जन्म्यो
जो न कहिल्यै मर्‍यो
केवल यो पृथ्वरूपी ग्रहमा बिचरण गर्‍यो
डिसेम्बर ११ १९३१ जनवरी १९ १९९०



# रहस्यमयी गुलाफको आँशु

रजनीश

# एकादेशको जुनयात्रा

एउटा गहिरो पर्वतिय श्रृखलाको दृष्य मेरो आँखा अघिल्तीर घ′मिरहेकोछ
कचंनजघांको लामय′क्त टाप′को विशाल हिउ
प्रत्येकपल्ट जब गहिराईमा रहेर यी दृष्यहरू हेर्छ′
एक अपूर्व आनन्द मेरो अगाडी क्षितीज बनेर लहरिन्छ
आउदै गरको महान् जीवन जीउनका लागी श′भसंकेतहरू ह′न्
ज′न स्वप्नहरू प′रा ह′नेछन् . . . मेरा स्वप्नील उद्देश्यहरू रहस्यमयी आश्चर्यले भरीएका छन्
मेरा आँखाहरू ख′ल्लै छन् . . . म एक स्वप्नदर्शी . . . केवल पर्खिरहेकोछ′ जगतमा प्रवेषकालागी

यी पहाडहरूको श्रृखलाबाट निकै प्रेरणा लिएकोछु
यीनमै मेरो जीवनका ध्ययेहरू कोरीएकाछन्
उदाउदै गरेको सुर्यले सुनौलो आकाश बनाईरहेकोछ
डुब्न लागेको सुर्यले पहाडका चुचुराहरूमा राता र गुलाबी रंगहरू छरीरहेछ
मेरो वाल्यकालको एक दशक यी पहाडहरूमा पोखीएकोछ
मेरो शिक्षाको लागी सुन्दर स्वर्ग थियो
दार्जिलिगंको सेण्ट पाल स्कुल
जुन घर देखि टाढा थियो

मेरो पिता सफल ब्यापारीक घरानाका एक प्रशिद्ध उद्यमी थिए
मेरी आमा बलीउड फिल्मकी नायीका थिईन्
जसको पहिलो सिनेमा भर्खरै प्रर्दशनीमा आएको थियो
जसले उनको परिचय दिएको थियो र रातारात भारतभरी ख्याती दिलाएको थियो

ओ कस्तो सौभाग्य . . . कस्तो शुरूवात . . . म कस्तो भाग्यमानी
पुर्णत सुखसयलको बाल्यकाल . . . एउटा उत्तम जीवन
म साँच्चीकैको भाग्यमानी बालक थिए

बाल्यकालदेखी नै मलाई बुवा र उनको घमण्डदेखी तिब्र बिमती थियो
उनले देखाउने फोस्रो अधिकार . . . उनको सम्पुर्ण रूची पैसा
सत्ता र अरूलाई वशमा पार्नु थियो . . .
उनका यस्तै कारणहरूले मलाई पृथक र आफ्नै सुरको बनाएको थियो
र उनी बिरलै मेरो नजीकमा पर्दथे
यदी परीहाले भने पनि म उनलाई औधी घृणाले हेर्दथे
उनी मलाइ आफुजस्तो बनाउन चाहान्थे जुन मलाई मन्जुर थिएन
उनी स्कुलमा रहेका नामी अभिभावकका छोराछोरीहरूसँग मित्रता गर्न अह्राउथे
र म सधै भागीरहन्थे ती चक्रपातहरूदेखी

मलाई आमाप्रति बिशेष स्नेह थियो र उनको नाजुकता अनि निर्दोषिता प्रति बेग्लैखाले लगाव थियो
भावना र संवेदनसीलतालाई ख्याल गर्ने सुन्दर र मृदभाषी थिइन्
हरेक कुराको ख्याल गर्ने उनको बानी थियो . . . एक प्रख्यात अभिनेत्री भएर पनि
उनले आफुलाई दैनिकजसोका कामहरू बाट अलग राखीनन्
जस्तो हाम्रो लागी होस् वा आउने अन्य अतिथीहरूका लागी होस् उनी भोजनको प्रबन्ध गर्थीन्
हरेक कोहि जो उनी सीत भेट गर्दछ आनन्द र करूणाले प्रस्तुत हुन्थिन्
मान्छेहरूसँगको सम्बन्धमा उनले आफ्नो पैसा वा मानलाई कहिल्यै महत्व दिइनन्
उनले बाँचेका यिनै साधारण दृष्यहरूलाई प्रेम गरे र प्रेरणाका गुच्छाहरू बुन्न थाले
कि म ठुलो भएर यस्तै बन्न सकुँ

मेरो बुवा चाहान्थे कि म धेरै ठुलो उद्योगपति बनोस्
जबकि आमाको भित्री चाहना भने आफु जस्तै सिनेमाको सफल
र दमदार कलाकार होस् भन्ने थियो
तर एउटा कुरा उनी मेरो खुषि चाहन्थीन् र
सधै आफ्नो उडानमा लागीरहन भन्थिन् साथै पिता जस्तो उद्योगी नबन्न सल्लाह दिन्थीन्

मेरो बुवा आमा मार्फत रजनिश नाम प्राप्त भयो
राजको अर्थ राजा र निशको अर्थ रात्री
जसको भावार्थ रात्रीको राजा हुन्छ
अथवा भनौ पूर्णिमाको स्वामी
मेरो जन्म २० जनवरी १९६१ को बिहानी ३:०५ बजे भएको थियो
मेरो एक बहिनी शोना छन् उनी १९ जनवरी १९६३को साँझ ४:३० बजे जन्मीएकी थिइन्

मेरो बुवा आमा चाहानुहुन्थ्यो कि हामी दुइको एउटै जन्म तिथी होस्
तर चिकित्सकहरूले गल्ती गरे . . .
यदी मेरी बहिनी ८ घण्टा ढिलो जन्मेको भए हामी दुइको जन्मतिथी एकै हुनेथियो

यसले हामी दुइलाई कलहमा धकेल्यो
कि कुन दिनमा जन्मदिन मनाउने भनेर . . .
किनकी हाम्रा धेरै नातेदारहरू थिए बिभिन्न क्षेत्रका हस्तीहरू थिए
जो लगातार दुइ दिन भोजमा आउन संभव हुदैनथ्यो
यो झमेलालाई छाडेर उनीहरूले निर्णय गरेकि दुई केकको साटोमा एउटै
तर ठुलो केक हरेक बर्षमा भव्य तबरले मनाउने योजना भयो
एउटा ठुलो केक दुबैतिरबाट काट्नलाई प्रत्येक बर्षको १९ जनवरी रोजियो

म निर्धारित समय भन्दा चाडै जन्मिएको थिए साढे सात महिनामा
त्यो पनि निकै दुखित र अर्धविकसित अवस्थामा मलाई उष्मायन्त्रमा राखिएको थियो
जहाँ म २.७ किलोको थिए जुन खास तौल भन्दा कम हो
मेरो सम्पूर्ण जीवन धेरै पातलो र नाजुक थियो
मेरो कम तौल, नाजुक शरिरको अवस्थाले गर्दा
मेरो अभिभावकले मलाई सधैं चिकित्सक कहाँ देखाउनुपर्थ्यो
मेरो न्युन तौल र सुस्त काया का कारण जे कुरा पछि गएर घटित हुनुथियो
त्यसको पूर्वसंकेत जुन धेरै नै चाँडो शुरूवात भयो
र सानै देखी अलौकिक अनुभव गर्न थाले

ति धेरै पूर्वस्मृतिका घटनाहरूमा जहाँ मैले लामो दौडताका
कुग्फु अभ्यासको क्रममा . . . र अन्य व्यायाम गर्ने समयमा
ति अनुभुतिका झिल्काहरू देखा परेकाथिए

मलाइ दौड र व्यायाम गर्न असाध्यै मन पर्दथ्यो
औधि सजगता को अनुभवले गर्दा मलाइै निकै उर्जा प्राप्त हुन्थ्यो
र मलाइ सबैखाले शारिरीक अभ्यासहरू प्रिय थिए
मेरो शारिरीक कमजोरीका बारेमा मेरा अभिभावकहरूले
बिद्यालयको डाक्टरलाई जानकारी गराउनुभएकोथियो जसले उनलाई अचम्म बनायो . . .
तर उनले मलाई नजिकबाट नियाल्न थाले र थाहा पाए कि
म अचेत हुन्छु खेलकुदको महासँग्रामको बेला
र मिरगी लागेको बिरामी जस्तो

त्यस्तै एक दौडको कार्यक्रममा . . . एकसय मिटरको . . . म पहिलो भएँ . . .
अन्तिम लामो श्वास लिदै . . . म तिब्रताले दौडिरहेको थिए
यसै क्रममा मिरगीको झट्काजस्तो मलाइ लाग्यो र म घाँसे मैदानमा पछारीए . . .
डाक्टर लगायत सबैजना हेरिरहेकाथिए दौडको अन्तिम दृश्य . . .
डाक्टर आए र मलाइ लखतरान हालतमा लडेको पाएँ
उनीहरूले देखेका थियो मेरो तिब्र गतीलाई र रोक्न चाहन्थे मेरो स्वास्थ्यको कारण
तर मैले उसलाइ भने कि यो सधारण हो दौड्दाखेरी श्वास मात्र फुलेको हो
मैले उसलाई संझाउन प्रयत्न गरें कि म श्वास फेर्न बाट अलिक अशक्त छु तर खतरामुक्त
जुन मैले मेरो बिद्यालयको समूहको  लागि निरन्तर दौडिने अनुमति पाएकोछु
ऊनीहरू बर्बराउदै चुपचाप लागे

म चौध बर्षको जवान
यो लामो म्याराथनको मौसम हो . . . दार्जिलिगंमा तिन माइलको दौड दौडिनुछ
म धेरै नै कोशिस र कडा परिश्रम गरिरहेकोछु बेगले दौड्नका लागी
मैले जसरी पनि पहिलो हुनुपर्छ
किनकी यस वर्षको पुरूस्कार वितरण समारोहमा
मेरी आमा आउदै हुनुहुन्छ

सधै एउटै बाटो . . . यो क्षेत्रमा दुई माइल्स कुद्नुपर्छ
र अन्तिम माईल्स बाँकि . . . म्याराथुनको लागी कठिन बाटो . . .
हामी सबैले घृणा गर्ने भाग पनि यहि हो . . .
एकदमै कठिन दुरी . . .साठी डिग्रीको अग्लो पहाडको बाटो . . .
जुन दुई सय मिटर लामो छ . . .एकदमै थकित बनाउनेखाले छ र दर्दनाक छ

मैले निर्णय गरे कि मैले दौड्नुपर्छ सम्पूर्ण बल प्रयोग गरेर भएपनि त्यो दुरी सम्म पुग्नलाई
त्यहाँबाट अन्तिम बिन्दु पहाडको फेदसम्म . . . त्यो भाग केहि सजिलो छ



म जहिल्यै यस पहाडको उच्च भागमा तिब्बीयन गुम्बा देख्छु
यहाँ अलिबेर रोकिइ एक मिनेट वा त्यस्तै केहिबेर बिश्राम गर्छु

मैले सक्दो प्रयास गर्दै . . . आज आफ्नो समय नापीरहेकोछु
एकदमै थकित हुन्छु जब पहाडको फेदीमा पुग्छु
थाक्दैन दौड . . . आराम लिनु भन्दा पहिले धेरै दौडिन्छु शिखरमा
मेरो पैतालाहरू आज सारै गह्रौं छन् . . .

पहाडको थुम्कोमा पुग्न दौडिरहन्छु
खुट्टामा फोका अइसकेका छन्
आज म धेरै थाकेकोछु
आज म धेरै थाकेकोछु

ग'म्बामा बजेको घन्टीको आवाज स'न्छ'
म महशुस गर्छु एक अहम् उर्जा
र मलाई आकर्षित गरीरहन्छ त्यो आवाज तर्फ
म कोशिस गर्छु मेरो शरिर उठाउन
यो एक बिशाल चट्टान झै गह्रुगों भएकोछ
आखिर के भयो आज यो ?

म तुरून्तै महशुस गर्छु एक विशाल ज्योतिको गोला
मेरो शरिरलाई छोडि गुम्बातर्फ उडिरहेकोछ
जमिनमा लडीरहदा पनि म देख्न सक्छु त्यो गुम्बा प्रस्ट सँग
त्यो अद्‌भुत प्रकाशसँग चम्किरहेकोछ सुनौलो प्यागोडा
सम्पूर्ण वाताबरण चम्किरहेकोछ
चक्कीरहेकोछ निलो रंगमा र बिस्तारै बलिरहेकोछ
टिबेटेन लामाहरू गुम्बाको छेउछाउमा बसिरहेकाछन्, हिडिंरहेकाछन्
अनि म बिश्वास नै गर्न सकिरहेको छैन
यती टाढाको दृश्य यहाँबाट कसरी देखीरहेकोछु
म अनौठो, मातिएको भूभागमा अचेत अवस्थामा छु
म कसरी बुझ्न सक्छु सबै लिला यो अवस्थामा

म देख्न सक्छु म नजिकै अरू साथीहरू दौडीरहेकाछन् . . .
अरू नजिकको दुरीमा मैले अन्य धावकहरू देख्न सक्छु . . .
मैले म्याराथनलाई निरन्तरता दिनुपर्छ
र म जादुजस्तो प्वाँख भैँ जुरूक्क उठ्दछु
म स्फूर्त भई फक्रिएको फुल भै भर्खरै दौडन थाले जस्तो अनुभव गर्छु

मलाइ लाग्यो गोडाहरू भूईलाई छोडेर उडीरहेका छन्
तिन्ले यस पृथ्वीमा पनि छोएका थिएनन्
आखिर यो के कसरी भइरहेकोछ

म दौडको अन्तिम माइल रफ्तारमा दौडन्छु . . .म सुपरम्यान भै महसुस गर्छु
मैले तीन माइल लामो दौड पुरा गरे र फेरी अरू तीन माइल दौड्न इच्छाए
त्यो म्याराथन दुरी धेरै नै छोटो थियो जस्तो मलाइ लाग्यो
म दौड्न थाले विद्यालयतिर . . . फेरी अर्को १.५ माइल दौडनुछ
मेरा साथीहरूलाई चोट लाग्छ . . . उनीहरू सबै सोच्छन् कि मैले धोका दिएँ
मैले छोटो दुरीको बाटो दौडिए वा कार चढेर आएँ

म यस स्थितिको बारेमा मेरा साथीहरू या डाक्टरसँग खुल्न चाहान्नथे
किनकी मेरो डक्टरले मलाई पहिलेनै दौड्नबाट रोकेको थियो

म सम्झन्छु मेरो अति नै प्रिय स्कुलको मित्र मजुम्दार
जो गणित बिषयमा अति नै दक्ष थियो
ऊ अति मिलनसार थियो म सँग
र उसलाई मेरा अस्वभाविक अनुभवहरू साट्ने गर्दथे
ऊ पायः सधै मेरा कुरालाइ ध्यान दिएर सुन्थ्यो र मलाई लाग्दथ्यो ऊ कुरा बुझ्थ्यो
एकबिहानमा ऊ गायब भयो . . .उसको खोजिमा पुरै बिद्यालय लागी पर्‍यो
अहँ कहि कतै भेटिएन . . . प्रहरी परिचालन गरीयो खोजका निम्ती
उनिहरूले उसलाई केहि दिन पछि भेटे
जब ऊ टिबेटेनहरूसँग सर्मर्पित भई गुम्बामा थियो र भिक्षु बन्नलाई बिनय गरीरहेकोथियो
अन्ततः उसलाई तिनीहरूले बिद्यालय ल्याई उसका अभिभावक बोलाएँ
उसको दृढ संकल्पको कारणले उसलाई लामा बन्न दिइयो
त्यो घटनाले मलाई अगाडिका केहि बर्ष झकझकाइरह्यो
र मैले उसको धेरै सम्मान गरे
हृदयदेखि नै इच्छाएँ म सँग पनि भिक्षु बन्ने यस्तै साहस होस् भनि





पर्बतारोहि अभियान टोंगालु शिविर
ड्युक अफ इडेनवर्ग पुरूस्कार योजनाका लागी

म पैदल हिडीरहन्छु टोंगालुका लागी
आखीरी चार घण्टासम्म बाक्लो जंगलमा
पहिले बर्षा भएकोथियो अब कुहिरो लाग्न थालेकोछ
मैले बिद्यालयको क्याम्पीगं दलबाट बाटो बिराईसकेको थिए
जुन धेरै टाढा गई सकेको थियो

थकित अपस्थामा लेउले बेरिएको चट्टानमा बिसाएँ
तुरून्तै मैले महशुस गरेँ कि म एक्लीए
हराएँ यो गहिरो सन्नाटा जंगलमा

हावा बिस्तारै बिस्तारै शान्त हुदैथियो
कानमा हजारौ माहुरीहरू झरे झै मलाई अनुभुति हुन्छ

म डराएर कुद्न चाहन्थे
तर एक ढिक्का भएकोछुँ,
सायद त्यो त्रास भएर हो वा के मेरो शरिर एकदमै भारी बोझिलो भएर हिड्न गाह्रो भएकोछ

त्यो पुरा घना जंगल पुरै गुन्जिरहेको छ र जीवन्त झै प्रतिति हुन्छ
वृक्षहरू चम्किला र हरिया हुदैछन्
र म तर्फ पानी जस्तो बहदै आएकाछन्
म आभाष पाउछु तिनीहरू मलाइ टाढाबाट अनुभुति गरीरहेकाछन्
र मलाइ आफुतर्फ तानीरहेकाछन्

मेरो कानमा गुजंन असह्य भएर आउछ
ति चित्कार पड्केलाजस्तो झण्डै बहिरो हुनेगरी
त्यसपछि तुरून्तै सन्नाटा हट्दछ
र एकाबिहानै एक बिशाल कालो बादल जस्तै म माथि तैरिरहन्छ
कालो अति कालो साथै कोमल मखमल झै
यसले पुरै मलाई ढाक्दछ

म लडे अध्यारो, अचेत भूमण्डलतिर
म हिड्न र संघर्ष चाहान्थे तर म पूरै गतिहिन् थिए लोलाएको थिए
र कुनै बल थिएन मेरो हातगोडा अथवा शरिरमा
यो सिसा भैं गह्रौ बन्यो र म अचेत अवस्थामा भर्दछु

घण्टौ पछि ब्युभिदा अन्धकार हुदै थियो . . .
कति समय बितिसकेको थियो मलाइ थाहा थिए
गुन्जन ठुलो तर शान्त भएको थियो जंगलमा
र मेरो मुख रसीलो भएको थियो
म ध्वनि सँग मातिइसकेको थिएँ एकाकार हुनथालीसकेकोथिए

म सजिलै उभिन्छु . . . हलुकासँग . . . यस्तो लागीरहेको थियो कि म हावामा उडिरहेकोछु
मलाई कसैले माथि उठायो . . . म प्वाँख भैं हलुका र तैरिए भैं हल्का भएर बगीरहेकोछु



मेरो तीन महिना जाडो बिदा . . . बम्बईमा थियो
मेरो अविभावक निरन्तर चिन्तामा हुनुहुन्थ्यो मेरो दुब्लो शरिरी अबस्थाप्रति
साथै मेरो खानाप्रतिको बेवास्ता र हेलचक्राइले गर्दा . . . म दिनको समयमा खान घृणा गर्थे
र मेरो दिनमा केवल एक पटक खाने बानी थियो
म प्रायःजसो बिस कप वा त्यो भन्दा धेरै एउटा ठुलो जगमा
फिका, कमसल, बिना दुधको चिया हरेक बिहान र बेलुका पिउथे
जुन यो सजिलै स्विकार भएको थियो जब म दार्जिलिगमा हुर्के
साथै चिया हाम्रो एकदमै प्रिय नास्ता थियो . . .
न त मैले ब्रेकफास्ट वा लन्च कहिले खाएँ
मेरो बुवाले सधै दश रूपैया को घुस दिनुहुन्थ्यो
एउटा रोटि खादाखेरी

कचौरामा खाने मेरो यो एक अनौठो बानी थियो . . .
यदि मलाई थालमा दियो भने म रिसाएर भाँचिदिन्थे या फालिदिन्थे . . .
साथै एक कचौरा खाना खाएपछि म भित्रबाट अस्विकार गर्थे अरू बढि खान . . .
म धेरै जिद्धी थिए सायद यो नै एउटा तरीका थियो
जसले गर्दा तिनीहरू मलाई एकचोटी एक दिनमा खाना खुवाउथे
तैपनि म कहिल्यै सिकिस्त बिरामी भईन्
मेरो अभिभावक मेरो स्वास्थ्यको निरन्तर चिन्ता लिनुहुन्थ्यो
अनौठो असाधारण मेरा अनुभवलाई थोरै खानाको परिणाम भनि दोष लगाउथे

एउटा आइतबार म मजाले सँग सम्झन्छु
समुन्द्री किनारमा बालुवाको दरवार बनाएको
साथै अझ ठुलो बनाउदा भत्कीएको ती क्षणहरू
घोडसवार गर्नु र चाटको पसलमा गइ खानु

सुर्यास्त ढल्दो थियो
मेरो शरिरमा थकान महसुस भयो र म घरतर्फ सुत्नलाई जान चाहान्थे
तर मेरो मित्रहरूले हौसाएँ हामीहरू अध्यारो हुञ्जेल यहि बसौ भनि

म बालुवा माथि थकित भएर पल्टिए
म सुर्य लुप्त भएको . . . र हावा परिवर्तन भएको महसुस गर्न सक्दथे . . .
अस्ताईरहेको सुर्यले मेरो नाभिमा एउटा अनौठो गहिरो कम्पन गरायो

दिनभरीको समुन्द्री लहर को ध्वनी म भित्र गहिरोरूपले छाउदै थियो
म घर जान चाहान्थे तर फेरी अर्को पल्ट अजिव खाले डरले घेर्‍यो
मलाइ लाग्यो म सागरको गहिराइमा डुबिरहेकोछु . . . छालहरू भित्र

म तैरन सक्दैन . . . र रोइरहेकोछु
अन्ततः उनीहरू घर जान मन्जुर भए

घरको कोठामा थकित भई सुते
निस्पट्ट अन्धकार थियो . . . तर समुन्द्रको छालको आवाजले मेरो कान भरिपुर्ण थियो
यो गहिरो गहिरो हुदै थियो
र त्यो डुब्ने सन्त्रासले ब्युझाइरहेको थियो

तुरून्तै त्यो कोठा पनि अध्यारो हुदै गयो
र म केहि देख्न सक्दैनथे
मलाई बाक्लो अध्यारोले निलेको महशुस गरें
र फेरी मैले महशुर गर्न थाले कि
झरिरहेकोछु झरिरहेकोछु झरिरहेकोछु
खसीरहेकोछु खसीरहेकोछु खसीरहेकोछु
अन्तहिन्तिर झरिरहन्छु साथै मैले केहि हत्तपत्त समात्नैपर्छ अडिनलाई

म डरले पसिना पसिना हुन्छु
र केहि पनि गर्न सक्दैन
निरन्तर खसिरहेकोछु
तर मेरो झराई भर्खर शुरूवाती हो
मैले यो झर्ने अवस्थादेखी अभ्यस्त हुनुबाहेक अरू कुनै बिकल्प छैन

मैले निलो किरणहरू हेर्नुपर्छ जसले सुरूगंको अन्तसम्म केहि देखाउछ
कम्तिमा म त्यो देख्न सक्छु र यो अवस्थाबाट उम्कनलाई सहारा पाउछु

कति धेरै उकुस मुकुस . . . तर असहाय
म केवल यो गर्न सक्छु कि जे घटिरहेकोछ त्यसलाई घट्न दिनुछ
या बेहोस हुनुछ
अचानक सबै शान्त हुन्छ र म पूर्णत जागृत अवस्थामा हुन्छु
मैले यो भन्दा पहिले कहिल्यै यस्तो सजिब शान्तिको अनुभव गरेको थिएन
यो आरामदायी छ यो निलो प्रकाश भब्य र चम्कीलो हुदै गईरहेकोछ
मैलै कोठाको सिलीगंमा हेर्छु
त्यो पनि प्रकाशमय छ
सेतो निलो रंगको टिकुली
करोडौ चाँदी र निलो रंगका टिकुलीहरू नाच्दै हावालाई आकार दिइरहेकाछन्

सम्पूर्ण कोठा कम्पित भइरहेकोछ र भित्ताहरू हल्लीरहेकाछन्
मलाइ कोठा छोडेर जानुछ
मेरो श्वास पातलीदै गइरहेकोछ र श्वास फेर्न गाह्रो भइरहेकोछ
जब म उठे
आफुलाई स्वतन्त्र भएको महशुस गरे
त्यसपछि उज्यालोका पंखहरू छाइरहेको पाएँ
र गुरूत्वआकर्षणको प्रभाव न्यून भयो
मलाई त्यो ठाउँबाट उज्यालोको पंख सँग उड्न थाले हल्का ढंगले

म घर बाहिर दौडिए
मेरो अभिभावक बाहिर आउनुभयो
किनकी मेरो दौडाइको आवाजले उनीहरूलाई उठाएको थियो
म बगैचाको ठुलो रूखतिर भागे
र त्यसले मलाई यसअघि
कहिल्यै बल प्रयोग गरेर यसरी तानेको थिएन

मलाइ त्यस बृक्षकहाँ धेरै नजिक जानु थियो
म निकै शान्त र संयम महशुस गर्दै जान थाले त्यसको नजिक पुग्दै गर्दा

पक्कै बिहानको दुई बजे को हुनुपर्छ . . .
त्यो रूखका छेउका सर्पहरूसँग
बुवा आमाहरू चिन्तित भएर मलाई बिस्तारामा मलाई फर्काउन चाहानुहुन्छ
त्यो बृक्षको छेउछाउमा सर्पहरू हुने डरले
तर म रोएर झगडा गर्न थाले उहाँहरूसँग र अडिग भएर भन्न थाले
म रूखको फेदीमा सुत्न चाहन्छु . . . र मैले आज राती घरभित्र पस्ने इच्छा गरीन्

उनीहरूले पठाएको एउटा नोकर थियो जो मसँग बिहानीको ६ बजेसम्म सँगै रहनु भने
उनीहरूले मलाई भोलिपल्ट डक्टरकोमा लगी खोप लगाउने भनि धम्काएर हिडेँ

मेरो बाल्य अवस्था प्रायः त्यस्तै घटनाक्रमहरूसँग बित्थ्यो
यो एकदमै स्वभाविक र साधारण लक्षण हो भनि मेरो अन्तरआत्माले जहिल्यै अनुभुति गरीरहन्थ्यो
तर यसले मलाई मनमा एउटा अनौठो किसीमको भय दिइरहेकोथियो
मेरा अनुभवहरू बारे साथीसँगीहरू सँग कुराकानी गर्दा
म सधैं केहि कुराको महशुस गर्थे जुन म सँग उनीहरू भन्दा केहि अस्वभावीक थियो
र म चाडै एक्लै र मौनमा रहन थाले
चौरमा अबेरसम्म टहलिरहन्थे
र ति कुराकानीहरू अरूबाट लुकाउदै . . . शान्तीपूर्वक एकान्तमा रहने गर्न थाले

हाम्रो कुम्फु क्लबको लोकप्रियता बिशाल थियो
जुन अभ्यास गर्न निषेध गरीएको थियो
ठिटाहरू ठिटै हुन्छन् . . . हामीलाई बास्तबिक रूपमा कुग्फु आवश्यक थियो
ब्रुसली ले कुम्फु खेल्न हाम्रो भावनालाई तताएको थियो
र हाम्रो गोप्य भेटघाट कसरत गर्ने अखडामा हुने गर्दथ्यो

मेरो पिताको इच्छा बिपरीत म दैनिक व्यायाम गर्ने गर्थे
म धेरै माथि बाट पल्टीदा मलाई चोटपटक लाग्न सक्थ्यो
अग्लो घोडामाथी कला प्रर्दशनी गर्दै
मेरा हातहरू समानान्तर काठको घेरोमा टेकाई बेस्सरी घुमाउथे
रोमन पांग्राको चक्कामा हातले हाम फालेर जुन अभ्यास गर्थे त्यो मान्छेको लागी
खतरा र जोखिम हाम्रो आहार थियो . . .आगोको रिगंबाट हाम फाल्नु
केवल हाम्रो जस्तो जवानी र जीवनको रंग . . . जोखिम र खतराको हाँसोमा उडेझै लाग्थ्यो

तर कुम्फु खेल्न पुरै निषेध पनि गरीएको थियो
तैपनि खतरा मोल्ने ठिटाहहरूको समुह खडा गरीएको थियो
म एक चलचित्र अभिनेत्रीको छोरा भएकोले मैले बिशेष प्रकारको तालीम सहजै पाएको थिए
र म आफै पनि निकै मेहेनत गर्थे ताकी राम्रो स्थान पाउन सकुँ
मेरा हरेकलाई जित्न म माथी समुहको आँखा परेकोथियो
त्यो साख राख्न म कडा मेहेनत गरीरहेको हुन्थे
प्रायः सबै जना मलाई नियालीरहेका हुन्थे
त्यसैले म सफल बन्नुपर्थ्यो

म एकचोटि हाम्रो घरको स्टील फ्याक्ट्रीको यात्रामा
एकजोडि दागरहित स्टिील रडहरू गोप्यरूपमा तयार पारी
यो खेलको लागी एकजोडि नानचक निकै नै प्राणघातक
र निषेधित स्टिीलको सीक्रीलाई छालाले सिलाएर लुकाइराखेको थिए
मेरा अरू साथीहरू हलुका काठको छडि बेत वा कोर्राको हनाईझै
ब्रुसलीले अभ्यास गरेझैं गरीरहन्थे
र त्यो अभ्यासमा रिसको झोक नियन्त्रण भन्दा छुटेर
मेरो टाउकोको तल्लो भाग पछाडी बेगले ठुलो आवाजमा धक्का दियो र मलाई निर्जीब बनायो
म सुतिरहको बेला मेरा साथीहरूले मलाई एउटा पबित्र टिबेटन मन्त्र स्त्रोत गरीरहेको पाए
कस्तो अनौठो आवाज र ध्वनिमा तिमी बोलीरहेको . . . यो देखेर उनीहरू आश्चर्यमा परे
र मेरो अपरीचित पूर्वजन्मको जपले डराएकाथिए
म एक तिब्बती लामा थिए . . . अति नै घुमक्कड स्वभावको

मेरो एक दशक
सेन्ट पल स्कुल दार्जिलिंगमा दन्त्यकथा भैं बित्यो
र मैले भाग लिएका प्रायः क्रियाकलापहरूमा उत्कृष्टता पनि पाएँ
कुनै खेलकुद, म्याराथन, जिमन्यास्टीक, चेस, नाटक, कला सबैमा सधै पुरस्कार पाइरहन्थे
एक चम्किलो महान र सफल ब्याक्तीको चिनो, छाप छोडिएको थियो
बिद्यालयको अर्को सम्मानित पुरूस्कार हेडमास्टर अवार्ड प्राप्त गर्दै
अर्कौ बर्ष १९७७ सालमा स्कुलको कप्तान बने

त्यसपछि लगत्तै मेरो अन्तिम परिक्षा को वर्ष १९७६मा मेरो ठुलो आकांक्षा टुक्रियो
मेरो आमा बुबाको बिछोडको बारेमा
सिने पत्र पत्रिका म्यागेजिनहरूले रिपोर्ट गर्न शुरूवात गर्न थाले
उहाँहरूले पनि बिछोडको लागी निवेदन दिनुभएको खबर
म असहाय एक निर्जन ब्याक्ति भएँ
यो मेरो अन्तिम बर्ष थियो र म उत्साहित थिए घर जानका लागी
त्यसपछि मेरो नयाँ जीवन आफ्नै घरमा फर्किएर पहिलो पटक उहाँहरूसँग बिताउने तरखर थियो
मैले उहाँहरूलाई तिन महिनाको जाडो बिदामा मात्र हरेक बर्ष देख्न पाउथे
मैले धेरै प्रयास पछि मात्र बिशेष अनुमति पाएर बिद्यालय छोड्ने अनुमति पाएँ
ताकी म मेरो अभिभावकलाई भेट्न
मेरो अन्तिम आइ. सी. एस. ई. परिक्षाको मात्र तिन हप्ता पहीले

मलाई थाहा थियो मेरी आमा अप्ठ्यारो चुनौतिहरू झेली संघर्ष गरी
मेरो निरंकुश शासक जस्तो बुबा सँगसगै रहीरहनुभएको थियो
साथै बसीरहनुभएको थियो मन नभएपनि
त्यसपछि मैले तुरून्तै थाहा दिएँ म मेरी आमाको पक्षमा छु
र मैले उहाँलाई बुझ्न र मेरो सम्पूर्ण समर्थन दिलाउन थाले
सम्बन्ध बिच्छेदको दोष आमा माथि लगाइयो
र मलाई आमाको पक्षबाट नबोल्न र अन्य घरका सदस्यहरूलाई कुनै कुरा नगर्न भनियो
साथै सम्पतिबाट पनि अलग गरीने धम्की दिइयो

मेरो आमा चारजना बच्चा बच्ची भएको गरीब परिवारबाट आउनुभएकोथियो
उहाँको मातापिता सामान्य शिक्षक शिक्षिका मात्र हुनुहुन्थ्यो . . .
मेरो मामाघरको हजुरबुवा र हजुरआमा एकदमै नम्र र इमान्दार सामाजिक प्राणी हुनुहुन्थ्यो
उहाँहरू शिष्ट र परिपक्क साथै जहिलेपनि आर्दशोन्मुख साधारण जीवन जीउनुपर्छ भन्नुहुन्थ्यो

मेरो बुवा औधोगीक ब्यापारीक परीवारको हुनुहुन्थ्यो जहाँ सात जना बालबच्चा थिए
र हरेक जसो धनि र प्रशिद्धी कमाएको आफ्नै क्षेत्रमा भारतभर ख्याती भएको हुनुहुन्थ्यो

मेरो बिद्रोहि मत र आमातर्फको समर्थनले
मेरो काका, उनीहरूको छोराछोरी साथै मेरो हजुर बुवा, आमा बाट बिछोडिन बाध्य बनायो
जुन मेरो आमाको निम्ती थियो
उनीहरूसँग सम्पति थियो, अधिकार थियो
साथै उनीहरू बुवाको ख्याती माथी आक्रमण गरेको देख्न चाहादैनथे
सबैले भन्दथे पानी भन्दा रगत धेरै बाक्लो हुन्छ . . .
एक रूढीबादी औधोगिक ब्यापारीक परीवारका मान्यजनहरू बिरूद्ध
एक साहासीक र हिम्मत देखाएर बोल्दा निकै नै असह्य भयो उनीहरूलाई

मेरो आमाको अभिभावक सधै शान्त रहेर आफ्नो असक्षमता स्विाकारी
पहुच भएका ब्याक्तीहरू विरूद्ध केहि गर्न नसकी बसीरहेका थिए. . . .
बरू गरीब परिवारमा उनीहरूले आफ्नो छोरीलाइ विवाह गराइदिएको भए
सुखी र साधारण जीवन बिताउन सक्थे होला

म खिन्न मन लिएर बिद्यालय फर्किए
मेरो केही अन्तिम परीक्षा पत्रहरू छुटेको थियो
तैपनि म बिना तयारी नै आधा आत्मा लिएर अन्तिम परिक्षामा सामेल भएँ



# आगोको झिल्को

मेरो बुवा मातेर प्रत्येक रात फिल्ममा हिरोइन बन्न चाहने केटिहरूसँग बिताउनुहुन्थ्यो
उनीहरू पनि सुन्दर फाइदा उठाइरहेका हुन्थे
र यहि बिषयमा मेरो र बुवाको ठुलो झगडा पनि परेको थियो
त्यो रात उनी पुरै मातेर आएको थियो र साथमा दुई हिरोइन एक एक साइडमा . . .
रातीको दुइ बजे उनले मलाई बोलाए डाइभर सँग जानकालागी
र गएर नजिकको रेष्टुरेन्टबाट खाना ल्याउन

म सुतिसकेको थिए
सुत्नु अगावै नै रिसाएको थिए उनको लगातार पिउने र धेरै आइमाईहरूसँग सम्बन्ध राखेको देखेर
मैले उत्तर दिए कि म तिम्रो नोकर होइन्
र उनलाई भने आफै जानु या एउटी आइमाइलाई पठाउनु
यदि उनीहरूलाई साँच्चिकै भोक लागेको छ र खान चाहान्छन् भने
उनले मलाई आफुभन्दा ठुलो ब्याक्ती सँग यसरी व्यबहार गर्छन् भन्दै . . .
गाली गरे र एक झापड हाने
त्यतिनैखेर मैले हात उठाएर उनलाई धेरै कडा थप्पड हाने जसले उनलाई अचम्ममा घुमायो

सायद त्यो नै मेरो पहिलो दुस्साहस थियो त्यो मेरो बुवालाई साँच्चैको थप्पड हानेको
उनले मलाई तुरून्तै घर छोड्न भने
र फेरी यहाँ देखेको भए उनले मलाइ कुट्ने थिए

र मैले पनि तत्काल घर छोडिदिन्छु भने

उनले मलाइ भने, तलाई एक पैसा नदिएर जीन्दगीको पाठ सिकाउछु
उनले सोचे म फेरी चाँडै दुधे बालक झै पैसा माग्न फर्कन्छु उनीसँग
मैले भने म भोकले गल्लीमा मर्छु आउनेछैन
र कहिल्यै नफर्कने बाचा गरे
न त उनलाई जीवनभर फेरी दर्शन गरे

मैले मेरो सानै उमेरमा नै घर छाडे र कहिल्यै फर्किन
त्यतिखेर म सोह्र बर्षको मात्र थिए . . . त्यतिखेर म सँग
जिन्स पाइन्ट र टिसर्ट मात्र साथमा थियो
त्यो दुइ बजे बम्बेको गल्लीमा म पैसा बिहिन् थिए

मलाई अब उद्योगी बन्नु छैन . . . मैले घृणा गरे व्यापारीलाई
मलाई फिल्मस्टार बन्नु थिएन . . . मैले ख्याती त्यागे
म सँग धनी बन्ने चाहाना थिएन . . . म त्यस्ता ब्याक्तिलाई मात्र घृणा गर्छु
म मात्र एक स्वतन्त्र र घुमन्ते बन्न चाहान्थे

म ६ वर्ष देखी १६ बर्ष सम्म पहाडमा बसेको थिए
तिन महिनाको बिदाको समयमा मेरो घरमा घुम्थे
कामदारहरूको सानो सहरामा आनन्दसाथ दिन बिताउथे
जहाँ सुन्दर मान्छेहरू सधै मनोरन्जन गरेर हरेक रात बस्दथे

म अझै पहाडको कन्दराहरूमा बसिरहेको थिए
निर्दयी सत्यको केहि सुराक थिएन अझै स्वप्नील र विद्रोहि थिए
जसले मलाई अगाडि बढाउन मदत गर्‍यो . . . बास्तविक संसारबाट बाहिरीन्

मेरो बुवा र आमाहरू छुटिन अदालतमा संघर्षरत हुनुहुन्थ्यो
त्यो बेला मलाई मेरो आमासँग भेट्न दिइएको थिएन्

म मुम्बई छोडेर दिल्ली गएँ
मेरो एउटी काकी श्रीमती राजेश्वरी पाललाई भेट्न
जसलाइ म मायाले सोनी आन्टी भनेर बोलाउथे
उहाँ नै मेरो नयाँ आमा, बुवा बनेर मेरो हेरचाह गर्न थाल्नुभयो त्यसताकादेखि
उहाँले मेरो हजुरबुवा, आमालाई भेट्न पन्जाबको जलान्धार पठाउनुभयो
उहाँहरूले मलाई धेरै कोशिस गर्नु भयो बास्तबिक संसार बुझ्नको लागी
र मलाई काम गर्न राख्नुभयो मेरो पारिवारीवारी स्टील र कास्टीगको काममा
तर त्यो मेरो लागी क्षणिक थियो किनकी मलाई उनीहरूले अह्राएको काममा कुनै इच्छा थिएन्

नेभेम्बर १९७७. . . एक विहान म पत्रिका पढ्दै गर्दा आफ्नी आमाको
अकालमै रहस्यमय परिस्थितिहरूले मृत्यु भएको खबर पढ्छु
उनको मृत्युको समयमा अस्पतालमा उनीसँग कोहीँ थिएन
मेरो बुबा र उनको परिवार लाई अदालतले सुचना पठएका कारण
आमासँग भेट्न निषेध गरेको थियो
दुर्भाग्य भनौं मेरो आमाको लासलाई मसानघाट सम्म लग्दा बखत
हामीमध्ये कोही पनि साथमा थिएन . . .कति पिडादायी कथा . . .
एउटा प्रशिद्ध फिल्मस्टारको अन्तिम दाहसंस्कारमा अति नै न्युन मान्छेहरू उपस्थित थिए

उनको अचानक र दर्दनाक मृत्युले गर्दा मलाई गहिरो आघात पुग्यो
मलाई सम्झना छ मैले आफुले आफैसँग कसम खाए कि
म उनको सम्झनामा आफ्नो जीवनमा केही बन्नेछु र त्यही रूपमा उहाँको सम्झना गर्नेछु
मैले लागि यो बुझ्नु आवश्यक थियो कि यो जीवनमा म कहाँ गहिरहेको छु
र म यहाँ  के गरि रहेको छु र किन गरिरहेको छु ।

उनको मृत्युले मेरो जीवनमा कयौं नयाँ प्रश्हनहरू खडा गर्‍यो
र यस जीवनको अर्थ के हो भने जस्तो गम्भिर जिज्ञासा उठाउन सुरू गर्‍यो
अनि जीवन कसरी जिउनु पर्छ . . . र मान्छेहरू माथि, समाजका संकारहरू प्रति
र समाजले प्राथमिकतामा राखेका कुराहरूमाथि प्रश्नै प्रश्नले घेरिएँ
म रात भरि यिनै प्रशनहरूको उत्तर थाहा पाउन प्रयास गरिरहेँ
नितान्त एक्लो . . . न त कुरा गर्ने साथी छ न त कोही मलाई मार्गदर्शन गर्ने वाला नै छ



मैले लडाई सुरू गरे आफ्नो परिवारमा
र परिवारको जस्तो जीवन र उनीहरूले सोच्ने शैलीबाट आफूलाई पृथक पारे
कोहि पनि मसँग केही कुराको आदान प्रदान गर्न चाहदैन
किनकि म धेरै स्वाभिमानी छु र अरू कोहीको कुरा सुन्ने
या उनीहरूको सल्लाहलाई स्विकार्न मलाई मञ्जुर थिएन

म स्वतन्त्र छु आफ्नै किसिमले जीवन जिउनका लागि
मलाई धेरै जिम्मेवारीको अनुभूति भएरहेको छ जीवनमा केही पाउनका लागि
तर म सँग कुनै सुत्र छैन . . .
कि म के गरिरहेको छु, के गर्नुपर्छ, कहाँ जाने हो, म आफैसँग हराईरहेको छु
तर खुसी छु किनकि म स्वतन्त्र छु

मलाई दिनभर १२-१ बजेसम्म सुत्न मन लाग्छ . . .
ब्युझेर एक घण्टासम्म चिया पिउनु . . . त्यसपछि केही नगर्नु . . .
केवल सुस्ताइरहनु केही काम नगर्नु . . . न त केहीगर्ने सपना नै छ
विशुद्ध आलस्यले भरिएको तर पुर्णसन्तोषमा थिएँ

मेरो घरको छेउमा एउटा सरकारी नर्सरी छ जहाँ म आफ्नो सारा समय बिताउछु
म त्यहाँका कर्मचारीहरूलाई आग्रह गर्छु कि
त्यहाँ भएका रूख विरूवालाई प्रत्येक दिन केही घण्टा पानी दिन सकुँ
त्यहाँको मालीसँग मेरो गहिरो मित्रता भयो
उनी आश्चर्यमा थिए एउटा ठूलो मान्छे बलिउड अभिनेत्रीको छोरा
हरेकदिन बगैँचामा आएर आलीसँगै रूख विरूवालाई पानी हाल्छ
मलाई यी सरल व्यक्ति प्रिय लाग्छ र म उनीसँगै रहीरहन मन पराउछु

जति पनि मैले पैसा पाउथेँ म नर्सरीमा नयाँ विरूवा किन्नलाई खर्चन्थेँ
र मालीले मलाई अत्यत्तै कम पैसामा विरूवा बेच्दथे
र कयौं पल्ट मेरो लागी विरूवा चोरेर मलाई सित्तैमा समेत दिन्थे
मेरो छतको बाल्कोनि झण्डै दुई सयवटा विरूवाले भरिभराउ भयो
मलाई यी रूखविरूवालाई पानी दिनु र यीनको ख्याल गर्नुमा निकै आनन्द आउछ
यी सबै मेरा नयाँ मित्रहरू हुन् र म उनीहरूलाई बुझ्न सक्छु
र उनीहरूसँग एकाकार हुन पाउछु

आफ्नो पढाइलाई छोडेर मलाई सबै विषयहरू पढ्ने र सिक्ने प्रेरणा भयो
यो जान्नका लागि कि म लाई कहाँ जानु छ र आफ्नो जीवनमा के गर्नु छ
तर मलाई कुन विषय पढ्ने केही थाहा थिएन



सोनी आन्टीले मलाई गोप्यरूपमा सत्यपाल अंकलको किताबहरू
उद्यारो लिनलाई अनुमति दिनुभयो . . . बढो सावधानी पूर्वक
एक पटकमा एउटा पुस्तक पढ्दथे म
उनीसँग ठूलो पुस्तकालय नै थियो जहाँ सबै विषय र महान रचनाहरूको संग्रह थियो
धेरै जसो किताबहरू धर्म, दर्शनका थिए जस्तो कि, भागवत गीता, उपनिषद,
बुद्ध, कृष्ण, महावीर, गान्धीको जीवनमा आधारित पुस्तक लगायत . . .
खलिल जिब्रान, टैगोर, जुन सुकै पुस्तक पनि मलाई अप्रिय लाग्छन्
र पहिले नै जानेजस्तो पढेजस्तो अनुभूति हुन्छ

म खोजी सुरू गर्छु पढ्न हरेक किसिमका अजीव पुस्तकहरूलाई पढ्न सुरू गर्छु
जसको मसँग कुनै लिनुदिनु छैन
ती विषयहरूहरूमा ध्यान लगाउछु जस्तै भविष्य मृत्यु, मृत्यु पछिको जीवन,
रहस्य, धर्म र विशेषगरि तिब्बीयन र लामाहरूमाथि, बुद्ध धर्मको जीवन बाच्ने शैली,
बौद्ध साधु बन्नु यस्ताखाले विषयहरूले मलाई लोभ्याउथे . . .
र चुम्बकजस्तो यीनीहरूतिर तानिदै गए  यस्तै प्रहरमा हरेक राति खुल्ला आकाशको
तल छतको माथि
आफ्ना बोटबिरूवासँग बिहान तीन-चार बजेसम्म अध्ययन गर्थें
र मलाई आफ्नो जीवन परिपूर्णजस्तो लाग्थ्यो

म स्कुलमा कला र सिर्जनाक्षेत्रमा उत्कृष्ट थिएँ
र मेरो अर्को चाहना पनि थियो निश्चल जीवनको वर्णन चित्रकारीता गर्नु
त्यो फेरि जोडिएर आयो सायद मलाई चित्रकार बन्नुछ
या एउटा कलाकार जुन कला र रचनात्मक कार्य तर्फ औधि आर्कषीत हुन्छ . . .
मैले चाडै नै कलाको इतिहास बारेका पुस्तहरू किन्न सुरू गर्रें
र सबै महान हस्तीहरू थिए जस्तो रेम्ब ब्रण्ड, मोनट, गँगिन, भेनगग,
सिभेन, माइकल एन्जेलो, पिकासो, डाली, डचम्प, माथि अध्ययन गर्न महिनौ लगाए
उनीहरूको जीवन र सृजनालाई बुझ्न



मैले नौ महिना त केवल अध्ययनमा मात्र लगाए

पछिल्ला चार महिनामा मलाई छतको माथि आकाशमा उड्ने सपना आउन लागे
तर म अचानक ब्युझन्थे र तन्ना लाई पसिनै पसिनाले भिजेको पाउथेँ
यो सपना स्पस्ट हुदै गयो र म एउटा लामो दाह्री भएको मान्छेलाई देख्दछु
जो म तर्फ आफ्ना प्रभावशाली मोहक आँखाले हेरिरहेको थियो
मलाई केवल एतिमात्र सम्झना छ कि म पसिनै पसिनाले निथ्रुक्क भई व्यूझन्छु
म आफ्नो ओछ्यानको छेउमा चित्रकलामा पयोग हुने सामाग्रीहरू राख्दछु
र यीनी आँखा यीनै दाह्रीको कलाकृति बनाउन सुरू गर्छु आँखा र दाह्री
चाडै नै मेरो घरको भित्ता पचास भन्दा बढी यस्तै खाले रेखाचित्रहरूले भरिन्छ
जसमा त्यो दाह्री र मोहक आँखाले मलाई हेरिरहेको हुन्छ

एउटा पुस्तक म पढिरहेको थिएँ त्यो रविन्द्रनाथ टैगोर को गिताञ्जली थियो
जो मेरो विद्यालय कालमा प्रेरणा थियाले . . . म सोच्दथेँ
सायद म उनको अनुहार देखिरहेको छु
किनकि म सधै उनको जीवन र उनको कार्यशैलीबाट प्रभावित भएको छु

मसँग गर्नका लागि कुनै काम थिएन र परिवारको व्यापारमा काम गर्ने इच्छा मलाई थिएन
धेरैजसो पुस्तकहरू जुन मलाई अंकलको पुस्तकालयमा रूचि थिए
ती सबै पुस्तक पढिसकेँ
सोनी आन्टी म माथी रिसाइरहनुभएको छ किनकि म आफ्नो पकेट खर्च
खानपिन छोडेर रूख विरूवा किन्नमा र किताब किन्नमा सकाउथे
मैले उद्यारोमा पुस्तक किन्न थालेँ र
नजिकैको पुस्तक पसलेको ठूलो ऋणी भएँ र म आपतमा परेँ
मेरी आन्टी हरेक महिना किस्तामा पसलेलाई पैसा दिने उपाय निकाल्छिन्

यो देखेर कि म किताब पढ्नका लागि जिद्दी छु
आन्टीले सुझाव दिनुहुन्छ कि मुख्य पुस्तकालयको तल बन्द पुस्तकालय बाट किताब लिएर पढुँ
उहाँ चाबीको प्रबन्ध गर्ने प्रतिज्ञा गर्नुहुन्छ
दराज बन्द थियो र अंकलबाट लुकेर चाबी ल्याउनु गाह्रो काम थियो
त्यसैले उहाँले केही दिन पर्खन भन्नुभयो र मेरो पढ्ने धोकोलाई
केही पत्रपत्रिका पठाएर शान्त गर्नुभयो

मलाई तरोताजा सँग सम्झना छ त्यो मध्यान्हमा जब म ब्यूझिएँ
मेरो नोकर चार बजे तिर आन्टीको घरबाट साइकलमा आउछ
र साथमा खाँजा पनि ल्याएको हुन्छ
उ मेरा लागि चिया बनाउछ र म उसलाई ती पत्रपत्रिकाहरूका बारेमा सोध्छु
जसको प्रबन्ध मेरो आन्टीले गर्नुभएको थियो

मलाई सम्फना छ जस्तो कि हिजो मात्र घटेको दृष्य हो यो

जुन बखत मैले सन्यास पत्रिकामा उहाँको अनुहार देखेँ
उनै आँखा र उनै दाह्री
मानौ जस्तो कि समयको सुइ ठप्प रोकिएको छ
मेरो हृदयको गति तिब्र भएर गयो
सबै कुरा कोठामा घुम्न थाल्यो . . .
मडारिन थाले र म खुशीले लगभग बेहोसजस्तै भएँ
वाहाँ . . . म जे देखिरहेको थिएँ त्यो अकल्पनिय थियो
आफ्नो आँखाको सामुन्ने के यो सपना थियो या म ब्यूफिएको थिए

उनै आँखा जो हरेक रात करिब चार महिना देखि मलाई लखेटी रहेका थिए
मलाई सन्यास पत्रिका मार्फत एकटकले हेरिरहेका थिए
यस्तो लाग्यो जस्तो लाखौं प्रतिविम्बहरू आँखा अघिल्तिर अनवरत आइरहेका थिए
मलाई थाहा भयो जसका लागि म भैतारिरहेको थिएँ

उहाँ नै मेरो खोज हो . . . उहाँ नै मेरो जीवन . . .
यो नै जीवनको अर्थ हो
सबैकुरा आफ्नो ठाउँमा भए . . .
मेरो अन्यौलता पूर्ण भयो
जुन मान्छेको लागि जन्म लिएको थिएँ त्यो प्राप्त गरे

कुनै रूपमा त्यसबखत मलाई आफ्नो भविश्यबारे ज्ञान भयो
अन्तत मेरो पछिल्लो समयको अनुभवहरूको अर्थ थाहा हुन लाग्यो
त्यो सबै यसै खोजको अंश थियो
संघर्ष अन्त्य भयो . . .र मलाई थाहा थियो जीवनमा के गर्नुपर्छ भन्ने

आँखामा आसु लिएर श्रद्धापूर्वक उनको चित्रमाथि टाउको झुकाउछु
असीम प्रेमको भाव सहित पत्रिकाको पहिलो पृष्ठ उघार्छु
र फेरी सबै उही दृश्यहरू मेरो सम्मुखमा आउछन्

कुनै किसिमले म यी सबै कुरा थाहा पाएको थिए
म यी सबै मान्छेहरूलाई चिन्दथेँ
मलाई यो स्थान पनि थाहा थियो
जहाँ म पहिलेनै गइसकेको थिए

र फेरि म पत्रिकामा पहिलो शब्द पढ्छु

साधारण व्यक्ति नै ताओ हुन्
म अझै पनि स्तब्ध थिए र खुसी ले रून थालेँ
रूदै काम्दै करिब एक घण्टा बिताएछु
म रोक्नै सकिरहेको थिएन आफैलाई
मेरो टाउको खाली हुन लाग्यो
दबाब बढ्दै गयो र विष्फोटक पिडाको रूप धारण गर्न लाग्यो
फेरि अर्को पल्ट कोठा तैरिन लाग्यो
पृथ्वी हल्लीन थाल्यो
यो के भइरहेको छ
या भुकम्प आइरहेको छ

म कामीरहेको थिएँ
र हडबडाउदै नोकरलाई बेस्सरी बोलाएँ
कि मलाई समातेर घर अगाडिको बगैचामा लौजानु भनेँ

मेरो टाउको फुट्न लागे जस्तो भएको थियो
र पेटको पिडा पनि असह्य थियो
म हिड्न सकिरहेको थिइन
जब उसले मलाई समातेको थियो
र विस्तारै तल्लो तलाबाट
अगाडि खुल्ला बगैँचामा मलाइ लगियो
म भुईमा लडेँ र घाँसमै पल्टिरहे
अनि मात्र क्रमशः शान्त र निश्चल भए

म चाहन्थे कि दैडिएर बाल्कोनि मा जाउँ र पढूँ
तर भऱ्याङ चढ्न डर लागेको थियो
साथै फेरि टाउको फुट्ने जस्तो पिडा र
पेटमा असह्य . . .मलाई जमिनमा पल्टिरहन आवश्यक थियो . . .
जमीनलाई अनुभूति गर्ने साथै झट्का दिने यि सबै दृश्यलाई हेर्ने इच्छा थियो . . .
हिम्मत निकालेर माथिल्लो तलामा आउनलाई मलाई घण्टौ लाग्यो

खानपिउन छोडेर मैले आफूलाई सन्यास पत्रिकामा डुबाएँ
भगवानको हरेक चित्रले सोझै मेरो हृदयमा प्रतिविम्बित हुन्थ्यो
हरेक चित्रलाई देखेर खुसीको आँसु निक्लियो . . .
केवल तीन या चारवटा पत्रिका पढेर मैले थाहा पाए . . .
सन्यास शब्दको अर्थ . . . उनको माला . . . उनको सन्यास . . . अनि पुना आश्रम

म कसरी यही क्षणमा पुना जाउ . . .
म त्यहाँ भोलि कसरी पुग्न सक्छुँ
म यो चाहन्थे कि यो रात जसरी कसरी बितोस्
र म पुनाको लागि प्रस्थान गरूँ
मैले त्यो रात नसुतेर नै बिताएँ

मलाई थाहा थियो मेरो अंकल अफिसका लागि बिहान साढे आठ बजे निस्कनु हुन्छ
त्यसैले मैले उहाँ जाने समय सम्म प्रतिक्षा गरेर
उहाँ गएपछि मात्र आन्टीसँग कुरा गर्न उहाँको घरमा एका विहान पुगेँ
उहाँले मलाई विहानमा कहिल्यै देख्नु भएको थिएन
म सधै २ बजे तिर उठ्ने गर्दथे
मलाई तुरून्त उहाँसँग भेट्नु थियो र केही पैसा लिनु थियो
मैले आफ्नो घर नजिकैको राजयोग केन्द्रको ठेगाना पढेको थिएँ
मलाई उहाँ सँग भेटेर पुना जानका लागि जतिसक्दो चाडैं पैसा माग्नु थियो

उनीलाई विश्वासै भएन जब एकाबिहानै उठेर घरमा पुगेँ
म धेरै नै अस्तब्यस्त अवस्थामा थिएँ . . .
तर मेरो अनुहारमा एक खाले शान्ति भने छाएको थियो
जसलाई उहाँले सहजै चाल पाउनसक्नुहुन्थ्यो
मैले आफ्नो बारेमा बताएँ जे कुरा घटेको थियो
उनका आँखा आँसुले भिजे
उहाँ विल्कुलै नरम भई र विस्तारै म तर्फ झुकेर मेरो खुट्टा छुन लाग्नुभयो
उहाँलाई चाल भइसक्यो कि के भइरहेको छ
मेरो महान यात्राको सुरूवात . . . उहाँलाई थाहा थियो तर चिन्तीत भइन्
मेरो गमनलाई लिएर . . .
मेरो भविष्यको लागि किनकी म भर्खरको युवक छु
मात्र १९ वर्षको र बिना माता पिता को . . .
पैसा विहिन भविष्य विहिन

उहाँ मेरो स्वभाव बुझ्नहुन्थ्यो . . . रिसाहा, जिद्दी, हठि र
आफ्नो इच्छा पुरा गर्नको लागि भोकै रहन पनि सक्छु भन्ने
त्यसैले उहाँले मलाई प्रेमसँग सम्झाइ बुझाइ र भन्नुभयो
कि उहासँग अहिले मलाइ पुना पठाउनका लागि पैसा छैन
र मलाई केही वर्ष पर्खेर आफ्नो जीन्दगी बनाउनु पर्छ
र यस दौरानमा भगवान रजनिशलाई पढ्नुपर्छ अनि प्रस्थान गर्नु भन्नुभयो

म रिसाएर त्यहाँबाट निस्किएँ . . . किनीक उहाले पनि मलाई बुझ्नसक्नुभएन अहिले
म पुना गएर सन्यास लिनु कति जरूरी छ त्यो कुरा उहाले थाहा पाउनुभएन
म राजयोग केन्द्र गए . . .
त्यहाँ एक वृद्ध व्यक्ति स्वामी ओमप्रकाश सरस्ती कुर्सीमा बसी रहेका थिए
त्यहाँ गएर झुकेर उनलाई प्रणाम गरेँ
मैले उनलाइ भने कि मेरो टाउको दुखीरहेको छ र पेटमा पनि पिडा भइरहेको छ
र मलाई यस्तो लागिरहेको छ कि म मर्दैछु त्यसैले मलाई पुना जानु आवश्यक छ
उहाँ केवल मुस्कुराउनु भयो र घर जान सल्लाह दिनु भयो
घरमा गएर खाना खाइ टाउकोलाई कपडाले बाँधी
आफूलाई समय दिनु र यो हालतमा पुना नजाऔं भन्नुभयो

म फेरि आन्टीसँग गएर पुना जानको लागि केही पैसाको प्रार्थना गर्न थालेँ
उहाले भन्नुभयो कि यस विषयमा केही सोचेर केही महिना भित्र केही पैसा जम्मा गर्नुहुनेछ

र अनि मात्र म जान सक्ने छु
मैले देखेँ कि यो सबै मेरो सोचलाई पन्छाउने उपाय हुन्
र मलाई ढिलो बनाउने कुरा थिए
मलाई लाग्यो यी सबै वृद्धहरू कुनै एकै षड्यन्त्रमा मिली लागी परेकाछन्

मेरो खल्तीमा कत्ति पनि पैसा छैन
तर त्यसै दिन पुना पुग्ने निश्चयले म कनाटप्लेस तर्फ लागे
हरिस बुधराजको ट्रिप्सआउट ट्राभल एजेन्सीमा उहा मेरो परिवारलाई चिन्नु हुन्थ्यो
तर उहाँले भन्नु भयो कि उधारोमा टिकट असम्भव छ
मैले उहाँलाई आफ्नो घरको एउटै सम्पति एउटा फ्रिज आधा मोलमा बेच्ने प्रस्ताव दिएँ
एक तर्फी टिकट र अलिकति पैसा जसको लागि उनी खुसीले राजी भए

उहाँले तुरून्तै एउटा टेम्पो फ्रिज लिनका लागि पठाउनु भयो
र अर्को दिनको लागि एक तर्फि पुनाको हवाइ टिकट को प्रबन्ध गरिदिनु भयो
मेरो नोकरले टेम्पो माथि आपत्ति जनायो र मैले घर गई उसलाई घुस दिनुपर्‍यो
ताकी उ चुप रहोस् र मेरो अन्टीलाई फ्रिज बेचेको विषयमा नभनोस् भनेर

म कनार्ट प्लेस फेरि गएँ र साधुको जस्तो कपडा किनी
दमाइलाई आफ्नो पहिलो साधुको पोशाक सिलाउनलाई दिइ . . .
जसको लागि मैले दुई घण्टा प्रतिक्षा गर्नुपर्‍यो
र मेरो अध्यात्मिक जीवन सुरू भयो
पुरा रातभर मैले आफूलाई दुई दर्जन सन्यास पत्रिकाहरूमा झोसे
मेरो टाउको झुक्न थाल्यो  र फुट्ने जस्तो पिडा भयो
म भित्र जुन किसिमको दबाब बनेको थियो र त्यसलाई सन्तुलित गर्ने प्रयास भइरहेको थियो
र त्यो निरन्तर सिङ्गो रात म भित्र समाहित भइरह्यो

अघिल्लो विहान म आनन्दले तैरिरहेको थिएँ
चाडै नै पुना पुग्ने आनन्दमा
आकाश बादलले भरिको थियो . . . वर्षा हुन लाग्यो . . .
बादलहरूको बिचमा सूर्य चम्किन लाग्यो . . . ओहो ! कस्तो सपना हो यो
म एउटा ट्याक्सीमा बसीरहेको थिएँ पुग्नेजति पैसा सहित . . .
आफ्नो स्वर्गको तर्फको यात्राको निम्ती

फब्रुअरी १९८१ पुना . . . म स्वर्गमा पुग्दछु
आफ्नो साधु पोशाकमा म आश्रम पुग्छु
यो साँझको समय थियो . . . म आश्रमको सडकमा हिडिरहेको थिएँ
आहा कति धेरै अद्भुत र सुन्दर सन्यासीहरू
जसको अनुहारमा खुसी र आनन्दको गहन संकेत थियो
प्रत्येक साँघुरा बाटाहरूमा यिनीहरूलाई देखेर मलाई उर्जाको अनुभव हुन्छ
कि म पनि आगामी दिनमा आफ्नो जीवनको सम्पूर्ण समय यही बिताउन चाहन्छु . . .
मेरो पेटको पिडा विस्तारै कम हुदै गयो गयो र मेरो टाउको पिडापनि हराएर गयो . .

जस्तो कि कुनै जादु भयो र अनुहारमा शुद्ध आनन्दको मोहक स्वाद मात्र बाँकी रह्यो
र विशुद्ध चैनको गुनगुनाहट बहदै मेरो शरीरलाई रिझाउन थाल्यो . . .
मेरो श्वास चमेलीको सुगन्धले भरियो
म धर्तीमाथि तैरन लागे . . .
एउटा यस्तो फौलाव जसलाई मैले कहिल्यै थाहा पाएको थिइन



भेट्ने मान्छेहरूलागी धेरै अबेर भइसकेको थियो
त्यसैले म आश्रम बाहिर यताउती टहलिरहेको थिएँ . . .
केवल सन्यासीहरूलाई हेरेर पुरा साझ र रात गल्लीमा घुमेर नै बिताएँ
प्रत्येक गल्लीको कुना चौबाटोमा नाचिरहेका गीतार बजाइरहेका मान्छेहरूले भरिएको छ
धेरै स्थानमा भगवान्को प्रवचनको टेप बजिरहेको छ उहाँको दिव्य आवाज . . .
उहाँको बिस्तारै बोल्ने शैली र सन्यासीहरूसँग बसेको दृष्य
उहाँको हरेक शब्दलाई अमृत सरी पिउनु र त्यसमा चुर्लुम्म डुब्नु
र उनको शब्दको मोहनी आवाज माथि ध्यान दिनु

हे भगवान . . . यदि म सारा दुनियाँलाई यिनको चरणमा ल्याइदिउँ
मलाइ लाग्छ यो मात्र एक सुरूवात हो
म कल्पना गर्छु भवगान सारा जगतलाई सहि अर्थमा बास्तविक रूपान्तरीत गर्नुहुनेछ

यदी उनीहरू यहाँ आउँछन् र उनको मोहक वाणी सुन्छन्
र महसुस गर्छन् यो दिव्य आनन्द लाई पिउछन् जो यो सम्पूर्ण क्षेत्रमा व्याप्त छ
बतास एउटा तरल पदार्थ भन्दा गाढा भएको छ . . . दिब्य आनन्द जस्तो बगिरकेको छ
यो निसन्देह स्वर्ग हो
यी मान्छेहरू पृथ्वीका अन्य मान्छेहरू भन्दा धेरै सौभाग्यसाली मान्छेहरू हुन्

म आश्चर्यले सन्यासीहरूलई हेर्छु जो भगवानको आसपासमा रहेका छन्
मलाई लाग्छ यदि केही वर्ष पहिले म यहाँ आउन पाएको भए
कत्रो सौभाग्य हुने थियो यहाँ भगवानको चरणमा बस्न पाउनु
मैले पहिले नै किन जन्म लिइनहोला . . . मलाई यहाँ धेरै पहिलेनै आउनु थियो

यहाँ हरेक जो कोहीलाई देख्छु म प्रेममा छु . . . मलाई उनीहरूप्रति प्रेम छ किनकी
उनीहरू यहाँ छन् प्रत्येक अनुहार हरू जसलाई म देख्छु उनीहरूसँग जोडिएको महसुस गर्छु
म पहिलो पल्ट प्रेममा परेको छु

म पुरा रात सुत्न सकिन
नजिकै एउटा साधारण र सस्तो गेष्ट हाउस खोजे
एउटा गद्दा एउटा मच्छेडदानी गेष्ट हाउसको खुल्ला आगनमा धेरै मान्छेरू सुतिरहेका छन्
अरू कुनै ठाउँ छैन किनकी सबै ठाउँ भरि भराउ छ र मसँग पर्याप्त पैसा पनि छैन
मसँग केवल दस दिनका लागि मात्र पैसा छ त्यति बेला सम्म म यहीँ बस्नुछ र सन्यास लिनुछ
हुन सक्छ यो थोरै पैसाले मलाई महिना बिताउनु पर्ला
सबैभन्दा पहिले भगवानबाट सन्यास लिनु छ र तुरून्तै उहाको नजिकमा गएर
उहाको आँखामा हेरेर झुक्नु छ अनि उहाको चरणमा प्रणाम गर्नु छ

म सुत्नै सकिन . . . बतास जीवन्त भई लहराई रहेकोछ
यो एउटा नयाँ संसार हो र यहाँबाट मलाई धेरै कुरा लिनु छ
हरेक दिशा बाट केही नयाँ कुरा ममाथि ठोक्किरहेको छन्
हरेक दिशाबाट रहस्यमयी कुहिरो ले घेरिरहेको छ
मेरो श्वास रोकिएको छ . . .
यी मान्छेहरू यिनको नजिकै रहेर कसरी श्वास लिइरहेका होलान्
म केवल हर्षको लहरमा फसेको छु

म द्वार रहित द्वारमा ढकढकाउछुँ
अन्त्यत . . . म पूर्णत निश्चल हुन्छु
यो मेरो गुरूको मन्दिरको द्वार हो



पूर्णत निश्चल हुन्छु . . . आफ्नो भित्रको गहिराइबाट धर्तीलाई प्रणाम गर्छु
व्यक्तगर्न नसक्ने खुसीको आँसु झरिरहेको छ
केवल यहाँ हुनुमा नै कोटी कोटी प्रणाम

सुरक्षाकर्मीहरू मलाई देखेर सोध्छन् म किन आए र के काम छ अर्थ हिन प्रश्न . . .
म विचार गर्छु मलाई के चाहिएको छ . . . कस्तो व्यर्थ
मलाई सन्यास चाहिएको छ र म आफ्नो बाँकी जीवन यही बिताउन चाहन्छु

म मौन रहन्छु किनकि सबै चिजले म घनिभूत भएको छु
मेरो बोलि बन्द हुन्छ र सबै शब्द मेरो आवाज कतै हराएको छ
म लाटो जस्तो पूर्णत जड र सेतो अनुहार लिएर मुस्कुराउछु
र भन्छु म सन्यासी हुनलाई आएको

उनीहरू मेरो नाम सोध्छन्
मलाई फेरि समस्या पर्छ र हडबडाउदै भन्छु रजनिश
उनीहरू हाँस्छन् र म तर्फ विस्मय भावले हेर्छन् जस्तो कि मूर्ख हु
साँच्चै तिम्रो नाम रजनिस हो
यो भनेर उनीहरू फेरि हाँस्छन्
उनीहरूले मलाई परिचय पत्र देखाउन भने म सँग केही पनि थिएन
मैले केही लिएर आएको पनि थिएन
यही कुरा उनीहरूलाई बताए . . .
तर मैले उनीहरूहरूलाई सम्झाउने प्रयास गरे की मेरो नाम रजनिस हो
मेरो बुबाले यो नाम मलाई दिएको हो
उनीहरूले एक घण्टा बाहिर प्रतिक्षामा राखे
र अन्तिममा मैले धैर्यसाथ प्रतिक्षा गरेको देखेर
मलाई सुरक्षाकर्मीहरूसँगै कृष्ण घर भित्र पठाइयो र कसैलाई भेट्न भनियो
जो म भित्र जान पाउने नपाउने निर्णय गर्नेछन्

म फेरि ढोकामा पुग्छु . . . धर्ती सकिएको पाउछु
म धर्तीको दुई फिट माथि तौरिरहेको छु . . . सरलताले प्वाखहरूसँग उडिरहेको छु
धेरै मान्छेहरू आश्चर्यले म तर्फ हेरिरहेका छन्
जसरी म हिडिरहेको छु उनीहरू त्यसलाई हेरिरहेका छन्

अचानक मलाई अनुभूति हुन्छ कि यस तरिकाले पहिले म कहिल्यै हिडेको थिइन
म अरू कोहिको नियन्त्रणमा छु
र म कुनै नयाँ प्रभावमा छु जो मेरो वश भन्दा बाहिर छ
यति आनन्दमा रहदा रहदै विचार गर्न असम्भव हुन्छ
म विस्तारै कृष्णाघर तर्फ अघि बढ्छु

मलाई आधा घण्टासम्म पर्खाइन्छ . . .
म देख्छु एउटी महिला पहेलो कपडा टाउकोमा बाधेर हिडिरहेकी छन्
ती महिला बसेकी छन् र मान्छेहरू उनको नजिकै भएर आवत जावत गरिरहेका छन्
मैले पत्रिकामा उनको अनुहार देखेको थिए . . . उनी यीनै लक्ष्मी हुन्
मलाई उनको अफिस भित्र बोलाइन्छ र मलाई उनको खुट्टा छुन मन लाग्छ
उनी भगवानको दिव्य देवि हुन् . . . सौभाग्यशाली मान्छे

उनी विस्तारै मेरो नाम सोध्छिन्
म बच्चा जस्तो दोहोराउछु
रजनिश ! !
उनी तर्फ हेर्छिन् र अर्को सन्यासी महिला जो उनीसँगै बसेकी छन्
उनीसँग विचार विमर्श गर्छिन् र फेरि मेरो नाम सोध्छिन् कि म को हुँ
म आफ्नो नाम दोहोर्याउछु र त्यही भन्छु
मेरो पिताले मलाई यो नाम दिएका थिए
उनी मेरो परिवारको नाम सोध्छीन्
र म भन्छु कि मैले आफ्नो पिताको नाम प्रयोग गर्न छाडिदिए
किनकी मैले आफ्नो घर त्यागीदिए

म कल्पना गर्न सक्दिन थिएँ
कि यो सबै उनलाई अर्थ हिन र मूर्खतापूर्ण लाग्यो किनकी म स्वयम् थिएँ
सोभ्रो भइ उत्तर दिइ रहेको थिएँ
उनले मलाई रमाइलो मान्छे पाइन्
र मुस्कुराउदै सोधिन् कि म यहाँ के गर्न चाहन्छु
म प्रतिक्षा गरिरहेको थिए कि उनी मलाई बोल्ने मौका दिउन्
र मैले भने कि उनको खुट्टा छुन इच्छुक छु
र उनीसँग प्रार्थना गरे की उनी मलाई चाडो भन्दा चाडो
मलाई मेरो माला र भगवान को सन्यास लिनलाई अनुमति दिइउन्
म सन्यासी बन्न आएको छु र आफ्नो जीवन यहाँ हरसम्भव सबै तरिकाले बिताउन चाहन्छु
मलाई ति दयालु महिला जस्तो लाग्यो र बडो प्यारो मुस्कान सहित भनिन्
भगवान एक दिन अगाडि मौन मा जानु भयो
र मलाई एक महिना डाइनामिक र कुण्लिनी ध्यान गर्नुपर्ने छ
र त्यसपछि मेरो विकासलाई हेरेर सन्यास दिइने छ



मैले बिन्ती गरे कि म सँग एक महिना का लागि पर्याप्त पैसा छैन
तर म स्वच्छ भावले हरेक दिन आफ्नो ध्यान गर्ने छु र
अरू धेरै पैसा सहित अर्को पटक आउने छु
मलाई दया गरेर केहि दिनमै मलाई मेरो सन्यास र माला दिलाई दिनुस्
उनले भनिन् कि यस बारेमा म सोच्ने छु र म लाई ध्यान सुरू गर्न भनिन्
यो स्विकृतिसगै मलाई प्रवेश द्धार मा लागियो र गेट पास किन्ने अनुमति प्राप्त भयो

ढोकामा पास किन्ने बखत अचानक मलाई लक्ष्मीको कुरा याद आयो
कि भगवान मौन मा जानु भयो . . .
मेरो हृदय अचानक ठप्प भयो
यसको के अर्थ के म अब भगवानलाई देख्न सक्ने छैन
मलाई लाग्यो कि अब म मर्ने वाला छु
यस सम्बन्धमा वरिपरिका अरू मान्छेलाई सोधे कि भगवान कहिले बाहिर आउनु हुन्छ
उनीहरू मेरो प्रश्नले हैरान भए . . . जस्तो मलाई केही कुरा थाहा नै छैन
र यहाँ कसरी काम हुन्छ भन्ने बारे
म नयाँ थिएँ र भगवानसँग भेट्नलाई आतुर र उत्सुक थिएँ
केही शान्त हौ . . . शान्त हौ. . . जे भइरहेको छ त्यसलाई हुन देउ
उनको आफ्नै तरिका छ . . . उहाँ चाडै बाहिर आउनु हुनेछ
यस्तै शान्त मस्त बिरालोहरू मैले तुरून्त आफ्नो चिन्तालाई देखेँ
यो नयाँ भाषालाई सिक्नु जरूरी छ . . . केवल आराम मा रहू र शान्त रहू
अनि सहजतामा बाँच्ने कला सिकु प्रवाहसँगै बग्न सकू
म चाडै नै सबै सिक्न समर्थ भएँ

प्रत्येक विहान मेरो एउटै प्रश्न हुन्थ्यो . . . भगवान कहिले बाहिर आउनु हुन्छ
वहाँ फेरि कहिले बोल्न सुरू गर्नु हुन्छ . . . कहिले म आफ्नो सन्यास र माला पाउछु

प्रत्येक दिन एक या दुई पटक मेरो टाउकोमा मिठो पिडा हुन थाल्छ
जस्तो कि हजारै सुईहरू घोचिरहेका छन् . . . हिड्दा बखत बहन्थे
मलाई कुण्डलीनी ध्यान प्रिय थियो
यो युक्ति थियो कुनै किसिमले मेरो टाउको को सुइलाई नियन्त्रित गर्नलाई
र मलाई बिल्कुलै आदन्दित बनाउनलाई

मैले चाडै नै देखेँकि मान्छेहरू मप्रति ध्यान दिन सुरू गरि सकेका थिए
र म तर्फ कैतुहलता पूर्वक हेरिरहन्थे
यसको सम्बन्ध मेरो प्रयास रहित विस्तारै हिड्नु थियो
धेरै जना म नजिक आउथे र अंगालो मार्थे
धेरै जना मुस्कुराउन थालेर कुराकानी गर्न थाले
यो मेरोलागि बिल्कुलै अजिब अनुभव थियो
म पूर्ण शुद्ध निर्दोष आनन्दमा थिए र
मुस्कुराउदै हरेकलाई हेर्ने गर्दथे मलाई सबै प्रति प्रेम थियो . . . बतासमा प्रेम नै प्रेम
म बिस्तारै हिड्थेँ . . . उनको बुद्ध क्षेत्रप्रति श्रद्धा र सौम्यता पूर्वक खुट्टा राख्थेँ
र भगवानलाई बतासमा, बृक्षमा, फूलहरूमा, जहातहीँ समावेश भएको महसुस गर्थे . . .
यो उनको मन्दिर थियो . . . धर्ती उनको हृदय थियो . . . बतास उनको प्रेमले भरिएको थियो
म आफ्नो कदम प्रति धेरै भन्दा धेरै संवेदनशिल हुदै गएँ

लगमग दुई हप्ता बितिसक्यो भगवानको कुनै संकेत छैन
म आश्रमको वातावरणमा बढीरहेको थिए र खेलिरहेको महशुस गरिरेहेको थिए
रूखहरूको जस्तो उचाई . . . तर मेरो हृदय उनलाई देख्न आतुर भइरहेको थियो
म प्रत्येक रात रून्छु . . . आशा गर्छु म शायद भोलि भाग्यशाली हुँला



त्यो भोलि कहिल्यै आएन

म बुद्ध हलमा नाचिरहेको थिए जब उनीहरूले घोषणा गरे कि
उपस्थित सम्पूर्ण सन्यासीहरूलाई सोधे कि
के उनीहरू खुसी छन् भगवानको अमेरिका जाने निर्णयले
सबैजना खिलखिलाइरहेका थिए त्यस बेला सम्म यो रहस्य नै थियो
तर उनीहरूले आधिकारीक रूपले अर्को दिन घोषणा गरे कि
यो निश्चित हो फेरि भगवान कहिल्यै बाहिर आउनु हुने छैन र
उहाँ अब अमेरिका जादै हुनुहुन्छ

मेरो लागि अन्धकार . . . म आँसुमा लिप्त थिए
अब भगवान यो स्वर्गभन्दा सुन्दर पुनामा हुनुहुने छैन
जहाँ सबै कुरा सजिब थियो र बडो गहन उर्जाले उचाई तर्फ बढिरहेको थियो . . .
तर उहाँको अचानक जाने कुरा . . .
सबै सन्यासी हरूकोलागी एउटा नयाँ सुरूवात
हरेक कोही आफ्नो समान बेचेर अमेरिका जानलाई दौड धूप गरिररेका थिए

म फेरि पिडामा थिए . . . मेरो हृदय चूर्ण भएको थियो
मलाई आफ्नो लागि पैसा जम्मा गर्नु थियो
पासपोर्ट लिनु थियो . . . अमेरिकन भिसा लिनु थियो
मसँग केही पनि थिएन . . .
मलाई कुनै पनि तरिकाले अमेरिका गएर उहाँसँग भेट्नु थियो
चाहे जे सुकै होस् यो गरेरै छाड्ने छु

मसँग कत्तिपनि पैसा बचेको थिएन
त्यसैले रेलको तेस्रो श्रेणीको कम्पाटमेन्ट बाट दिल्ली तर्फ लागेँ
मलाई समस्याको एउटा नयाँ दुनियाको सामना गर्नु थियो
नोकरी खानु थियो र अमेरिका जानका लागि पैसाको प्रबन्ध गर्नु थियो
र पासपोर्ट बनाएर लगभग असम्भव प्राय अमेरिकन भिसा को प्रबन्ध गर्नु थियो

फेरि दिल्लीमा फर्किए . . . केवल मेरा बोट विरूवा जसको रिक्ताता मलाई महसुस भएको थियो

सबैभन्दा पहिले मैले एउटा काठको काम गर्ने ठाउमा गएर
एउटा काठको माला बनाए जुन आश्रमको जस्तै देखिन्थ्यो
र काठका दानाहरू ल्याइ भगवान्को श्यामश्वेत फोटोलाई उहि आकारमा काटेर मिलाए
लोधी गार्डेनमा एउटा रूखको तल बसेर आफ्नो सन्यास लिए

मैले भगवान्को पादुकाको सानो एउटा तस्विर किने
हरेक राती आफ्नो माला त्यो फोटोमाथी राख्ने गर्दथे
र म उनको पादुका मुन्तिर आरामले सुत्ने गर्दथे
अनि प्रत्येक बिहानमा मालालाई ब्युभेर पूनः उहि रूपले लगाउने गर्दथे
जसरी उहाँ सन्यास दिनुहुन्छ त्यहि तबरले म तीन पटक झुक्दै माला लिने गर्दथे

बुद्धम शरणम् गच्छामी
संघम् शरणम् गच्छामी
धंमम् शरणम् गच्छामी

यसै गरी हरेक रात र बिहानमा म उहाँलाई संभना गर्दथे

म अन्टीलाई फेरी भेट्नलाई जान्छ′ . . . उहाँ म माथी निकै रिसाउन′ह′न्छ
किनकी मैले फ्रिज बेचिदिएकोथिएँ . . . अब गर्मि आईरहेकोथियो
र मेरो माथीको एक्लो कोठा गर्मियाममा निकै तातो ह′न्थ्यो

र प्रत्येक दिनको खाना जसको प्रबन्ध उहाँ आफै गर्न′ह′न्थ्यो त्यो अब खेर जानेवाला
थियोमैले आफ्नो जीवनमा पहिलोपल्ट क्षामा मागेर उहाको काँधमा अडेस लागेर रोएँ
मलाई अब धेरै पैसा कमाएर अमेरीका जान′छ र त्यसको लागी निकै ठ′लो सहयोगको खाँचो छ
उहाँ मैले पैसा कमाउने क′राले चकित पर्न′भयो
र ख′षि ह′न′ह′न्थ्यो किनकी मैले पैसाको महत्वलाई ब′झेकोमा
उहाँले त्यति नै बेला कलकत्तामा जोगीन्दर अंकलसँग क′रा गर्न′भयो
उहालाई दिल्लीको अफिसको लागी एकजना विश्वासयोग्य मेनेजरको आवश्यकता थियो
जसका निम्ती रू १६०० को मासीक तलबमा क′रा भयो
यसलाई अझ धेरै बनाइनेछ यदि मैले आफ्नो काम सफलतापूर्वक गरेको खण्डमा

मैले सम्पूर्ण दिलो ज्यान दिएर काम गर्न थाले
मलाइ थाहा थिएन कि म कति पैसा कमाउन सक्छ′ भनेर
कति पैसा पासपोर्टका लागी चाहिन्छ भन्ने क′रा
र भारतीयहरूलाइ अमेरीकी भिसा पाउनलाई कति कस्ताखाले समस्याहरू आउछन् भनेर
र ओरेगनका लागी कति पैसा चाहिन्छ भनेर
म भगवान्कोमा जानका लागी जे पनि गर्न तयार थिए

अब म परिवारको नियन्त्रणमा थिए र उनीहरूको शक्तीमा समावेश भएको थिए
मलाई उनीहरूको ब्यापारीक भाषा सिक्न जरूरी थियो
आफ्नो लगी हरेक दिनको गाँस कमाउन′ र त्यसलाई इज्जत गर्न′
मलाई पैसा चाहिएको थिएन . . . मलाई केवल यस्को आवश्यकता परेको थियो

म राजगोग केन्द्रमा गएर भगवान्क तिन प′स्तकहरू एकैसाथ लिएर आउथे
दिनभरी अफीसमा काम गर्न′ र रातीमा भगवान्को प′स्तक पढ्न′
मैले कम्तिमा २०० भन्दा धेरै प′स्तकहरू पढह′लाँ यो दश महिनाको अबधिमा
उनीहरू भन्थे कि मैले सारा प′स्तकालय पढीसके

मैले कहिल्यै केहि जान्नका लागी प′स्तक पढीन्
उनलाई पढ्न′ बिश′द्ध काव्य पढ्न′ झै थियो . . . केवल चिर आनन्द थियो
म उहाँको श्वासलाइ शब्दहरूमा अन′भ′त गर्दथे र
च′पचाप माझमा बसीरहे जस्तो उहाँ यहि कहि ह′न′ह′न्छ जस्तो मलाइ लाग्थ्यो
म ड′ब्दै गए ति शब्दहरू र तिनी माझको मौनमा
जसले वास्तविक सन्देश पठाउथ्यो . . . जे पनि म पढ्दथे मलाई केहि संझना ह′दैनथ्यो
सिवाय मौनको ग′जंनले . . . मलाई घेर्न गर्दथ्यो
एउटा निरन्तर लय र प्रवाह . . . सत्यको क्षण थियो
मेरो आत्मा केवल उनको तस्तिवर हेरेर प्रफ′ल्लीत ह′न्थ्यो
उनको संकेत मलाई थाहा ह′न लाग्यो र यती टाढा भइकन पनि म अति नजिकमा छ′
प′ना गएर पनि उहाँलाई बास्तविक जीवनमा देख्न नपाउन′
उहाँलाई खोज्न मेरो भित्री ब्याक′लता अझ बढेर गयो
जति पनि मैले महान् प्रेम कथाहरू पढे ति आवश्यकता भन्दा धेरै प्रिय थिए र म′र्खतापूर्ण लागे

अब मलाई पहिलो पटक थाहा भयो
ग'रूसँगको प्रेमको अन'भव कस्तो ह'न्छ भनेर
जलेर ज्योतीमै हराउन'
जस्तो झिल्को प्रकाशलाई खोज्छ

कार्यालयमा काम महत्वपूणृ थियो किनकी मैलै आफ्नो योग्यता सावीत गरेकोथिए
मैले बिक्रीमा उत्कृष्टता हासील गरे र संगठन चलाउने तरीका मलाइ राम्रो सँग थाहा थियो
मेरो सानो कार्यालयले चाँडै नै आठ ग'णा धेरै बिक्री गर्न सफल भयो
अकंल मेरो प्रगती देखेर निकै ख'षि ह'न'ह'न्थ्यो
त्यो भन्दा पनि मेरो उत्साहलाई देखेर ज'न मेरो नियन्त्रणमा थियो
उहाँले मेरो तलब बढाएर ३५०० गर्नभयो
र कंपनिमा सबै क'रा मेरो पह'चको बनाउनभयो

क'नै रूपमा यी महिनाहरूमा मेरो हज'रब'वा पनि म देखी ख'षि ह'न'ह'न्थ्यो
र उहाँले अरू क'नै माध्यमबाट मेरो लागी पैसाको ब्यवस्था गर्नभयो
जसलाइ मैले जम्मा गरेर राख्न थाले

मैले अकंललाई केहि महत्वपूर्ण सहायताका लागी अन'रोध गरे
मलाई धेरै तलब भएको र अन्य कागजात दस्तावेजहरू चाहिएका थिए
एउटा नामी कंपनिको स्थायी प्रमाणपत्र घरको प्रमाणपत्र . . .
कंपनिका केहि महत्वपूर्ण कागजातहरू
किनकी यहि डक'मेन्टको आधारमा म यात्राका लागी पासपोर्ट बनाउन सक्दछ'

पासपोर्ट पाउनलाई ६ महिना लाग्यो
फेरी आयो अर्को ठ'लो च'नौती . . . अमेरीकी भिषा
टऽ्भल एजेन्ट मलाइ यो भनीरहेकोथियो कि यो निकै जटिल काम हो लगभग असंभव
एउटा भारतीय जसको कुनै यात्रा इतिहास् नै छैन सिवाय रित्तो पासपोर्ट
केवल १९ बर्षको उमेर . . . भिषा असंभव नै थियो

जीवनको कालखण्डमा यहिनीर आएर मैले यो असंभव शब्दलाई पटक पटक सुने
र यसलाई आफ्नो शब्दकोषमा नभएको घोषणा गरे
उनीहरू जो मलाई चिन्छने ती सबैलाई थाहा छ रजनिशका निम्ती क'नै क'रा असंभव छैन

आफ्नो अमेरीकी भिषा आवेदनका लागी मैले अंकलको मद्दतले
धेरै भन्दा धेरै डक'मेन्टहरू तयार पारेकोथिए
मेरी आमाको प्रशिद्धी रब'वाको ब्यापारलाइ पनि उल्लेख गरेको थिए
र मासीक १६००० रूपैया देखाएको थिए
मलाई परीवारको ब्यापारको हिस्सेदार बनाइएको थियो
कामको क्षेत्रलाई बढाइएको थियो
सबै क'रा लाई धेरै देखाइएको थियो
मेरो नाममा धेरै सम्पति जम्मा भएको देखाइएको थियो
अमेरीकाका लागी पहिलो श्रेणीको टिकट मिलाइएको थियो
र जसको दौरानमा म केहि समय बिदा मजाउन थाइल्याण्ड रोकिन' पनि थियो

मैले सबै भन्दा राम्रो स'ट लगाएँ महगों टाइ लगाएर . . .
र एउटा महगो ब्रिफकेश बोकेर अमेरीकी भिषा कार्यलयमा उपस्थित भए
म अमेरीका गइरहेकोथिए
किनकी मेरो ब'वाआमाले मलाइ छ'ट्टीको प्रबन्ध गर्न'भएकोथियो
उहाँहरू निकै धनी र लोकप्रिय थिए
मैले भने विदेशमा लगातार आउनेजाने भइरहन्छ
र जब उनीहरूले अमेरीकामा काम गर्ने बारे प्रश्न गरे
मैले जवाफ दिए कि के म काम गर्ने नोकर जस्तो देखीन्छ'
यो नै धेरै थियो जवाफ जसले गर्दा काम गर्ने महिला लाजले रातो पिरो भइ
अमेरीकी शैली . . . प'स्तकको आवरणलाई हेरेर काम गर

मैले तीन महिनाको लागी पटक पटक आउजाउ गर्ा सकिने
अमेरीकन भिषा जनवरी १९८२ मा प्राप्त गरे . . .
यो सबै मिलाएर भिषा पाउन करीब १० महिना लाग्यो होला

मस्तीको याम . . . मैले आफ्नो लागी टिकट स'रक्षित गरे
साथै अमेरीकी भिषा र ८०० डलर

भगवान् अब म आइरहेकोछ'

मेरो ट्«ाभल एजेज्ट जो सँग बाजि थापेको थिए उसले भन्यो
असंभव भन्ने शब्द रजनिशको शब्दकोषमा छैन

२० बर्षको उमेरमा . . . मेरो बिदेशको पहिलो यात्रा
बैकंक प'ग्छ' . . . पाटपोगंको रातसँग मेरो पहिलो भेट
यसरी झ'मीरहेका मान्छेहरू मैले जीवनमा कहिल्यै देखेको थिइन
सबै जना रक्सी पिएर मातीरहेकाथिए आफ्ना चिन्तालार्इ बिर्सेर
जे देखीरहेको थिए मलाइ रमाइलो नै लाग्यो तर मलाइ लाज पनि लागीरहेकोथियो
र यो ठाउदेखी खै किन हो क'न्नी एकखाले अपरीचीत अन'भ'ती भइरहेको थियो
पानी बाहिरको माछा जस्तो
म सँग केवल ८०० डलर मात्र थियो
म आफ्नो गेष्टहाउसमा फर्किए
र मलाई बैकंकमा तीन रात बिताउन'पर्‍यो

एक रात टोकियोमा आरामका लागी रोकिन'पर्‍यो
त्यो ३१ डिसेम्बर थियो . . . नयाँ बर्षको अघिल्लो रात
बाहिर गएर खानपिन गर्न एकदमै महगों थियो
एअरलाइन्सले हाम्रालागी एउटा राम्रो होटलाको ब्यबस्था नारीतामा गर्‍यो
हाम्रा लागी घरको छतमा बिशेष बारको प्रबन्ध गरीएकोथियो
मलाइ थाहा थियो म यस्तो ठाउमा घ'लिने मान्छे होइन्
म डिनर लिएर सोझै ओछ्यानतर्फ स'त्नलाइ लागे

बिहानको उडान लस एजंलसका लागी थियो
अर्न्तराष्टि«य समयरेखा माथी उडिरहेकोथिए

दोश्रोपटक नयाँबर्षको उत्सव . . . यो एक प्रिय क्षण थियो
नयाँ बर्षको उत्सब फेरी मनाउन पाउन´

पहिलोचोटी अमेरीकामा थिए . . . म आश्चर्यमा थिए
किनकी सबैक´रा मलाइ समान्य भै लागीरहेकोथियो
यो २० बर्षको उमेरमा अमेरीका आउन पाएर पनि मलाइ क´नै उत्तेजना आएको थिएन
लसएंजलसको बाटोमा आफैलाइ हराएजस्तो पाएँ
केवल कार नै कार अनि ख´ल्ला चौडा बाटो
थाहा छैन मान्छेहरू कहाँ र कसरी भेटिन्छन्
मेरो लागी यो पराइ देश थियो
मलाई धेरै द´खद अन´भव भयो र आफ´लाई धेरै क´रामा बिभक्त भएको पाएँ

सानडियागोमा बस्ने मेरो एकजना साथीलाइ भेट्न´थियो
जसले मलाइ अमेरीकामा बस्न र ओरेगन सम्म जानलाई मद्दत गर्थ्यो

ग्रेहाउड बस समातेर म सान डियागो प´ग्छ´
अरू ठाउ भन्दा यो केहि राहतको ठाउ थियो . . . सम´न्द्री तट
र शहर सहजै छिचोल्न सकिने खालको थियो
सम´न्द्री किनारमा मान्छेहरू टहलिरहेका देख्न सकिन्थ्यो

मेरो साथीले ओरेगना जानलाइ सहयोग नगर्ने भयो
उसलाइ त आफ्नो आफ्नो कोठा सेयरीगं गर्ने मान्छेको आवश्यकता रहेछ
र यहि चक्करमा मैले आफ´सँग भएको पैसा खर्च गरे

त्यहा बाट मैले ओरेगन फोन गरे र उनीहरूले म सँग मेरो भिषाको प्रकृतीबारे प्रश्न गरे
र कति समय सम्म अमेरीकामा बस्नसक्छ´ भनेर सोधे र साथमा कति पैसा छ भनेर सोघे
कम्य´नमा बस्नका लागी ५०,००० डलर आवश्यक थियो
यीनि मान्छेहरू मे बिषयमा क´रा गरीरहेकाथिए त्यो मैले भेय पाउन सकिरहेको थिएन
उनीहरू टाढाको जस्तो र चिसो ह्दयय´क्त मानीस भै मलाई लागे . . .
मलाइ थाहा भयो ओरेगन तर्फको मेरो यात्रा नह´ने भयो भनेर
मलाई कम्य´न भन्दा पृथक ह´न´छ भन्ने आभाष भयो

मलाइ लाग्यो म केवल सोभ्रो र सजीलै मूर्ख बन्ने खालको ब्याक्ति ह´
संसार र पैसाको सम्बन्धमा क´नैरूपले पनि तयार भएको थिइन
म पहिले देखी नै अमेरीकी संस्कृती र जीवनशैली देखी प्रताडित थिए
शाकाहारीका निम्ती क´नै खास खाना नै थिएन
म आफैसँग रहन थाले र जतिसक्दो चाडै भारत फर्कने सोच बनाउन थाले
द´इ महिना शानडियागोमा रहदा मैले त्यहाको खानपिन, रहनसहन
र यातायातका बारेमा केहि क´रा सिकेको थिए तर ओरेगन मेरा क्षमता भन्दा टाढाको क´रा थियो
म भिषामा दिइएको समयभन्दा धेरै बस्न चाहादैनथे
अन्यथा फेरी अमेरीका आउने सम्पूर्ण ढोकाहरू बन्द ह´नेछन्
म भारत फर्किए र फेरी गहन तयारीका साथ अमेरीका जाने तयारी गर्न थाले

त्यसका लागी मलाइ एक बर्ष लाग्यो
यसपटक मैले आफ्ना नातेदारहरूसँग क'रा गरे
उनीहरूले मेरो आमाको बहिनी जो शिकागोमा बस्न'ह'न्थ्यो त्यहा सिधै जानका लागी प्रबन्ध गरे
उहाँले मेरो ख्याल राख्ने क'रा गर्न'भएको थियो
र उहाँले मलाई बस्ने स'विधा साथै उहाँकै वाकेगन इलीनसको द'इ मोटेल्समा काम पनि
फलस्वरूप मलाइ ओरेगनको उत्सबमय माहौलमा प'ग्नका लागी तयारी गर्न'थियो
र पर्याप्त पैसा जम्मा गर्न थियो तर त्यहाको स्थायी बासीन्दा ह'न' मेरो वश भन्दा पर्को क'रा थियो

म ९ जनवरी १९८३ मा न्य'योर्क प'ग्छ'
उषा अन्टी निकै दयाल' ह'न'ह'न्थ्यो मैले मोटेलमा दिन रात काम गरेर
ओरेगन जाने एउटै कारण उहाँलाई थाहा थियो
म कम्तीमा तीन महिनामा एकचोटी ओरेगन जान सक'
तर उहाँको ग'जराती पतिले मोटेलमा काम गर्ने मेनेजर लगायत सबैलाई निकाले
सारा काम मेरो टाउकोमा थ'पारीदिए
चाडै नै मैले १६ बेडरूम भएको मोटेलको सम्पूर्ण हेरचाह गर्न थाले
शौचालय, कपडा ध'ने, कोठा लगायत पाह'नाहरूको आउदा जादा समेत मैले नै हेर्न पर्नेभयो
आराम भन्ने क'नै समय थिएन . . . एक घण्टाको फ'र्सद पनि थिएन म सँग
त्यो भन्दा पनि नराम्रो त यहा सैनीकहरू आृने गर्दथे जसको तालीम केन्द्र नजिकै थियो
उनीहरू सधै रिसाहा, झगडाल' र रक्सीले मातेर टिल्ल परेर आउदथे र सारा कोठालाइ
क'रूप बनाइजान्थे
म कोठा सफा गर्नमा लागीरहन्थे ताकी अरू सैनीकहरू आउलान् भनेर . . .
जो आएर फेरी भताभ'गै पार्नेछन् र मलाइ फेरी मिलाउन'छ
३० डिग्रीको चिसो हावा चलीरहेको बिहानी २ बजेको प्रहरमा मैले सफा गर्न'पर्थ्यो

मैले कहिल्यै नाइ नभनी काम गरीरहे र यहीरूपमा सन्त'ष्ट थिए म
यदि उनीहरूले मलाइ १० दिनका लागी ओरेगन जाने छ'ट्टी दिएकोभए
जब मलाई पहिलो पटक ओरेगन जाने अवसर प्राप्त भयो उनीहरूलाइ आफ्नो क'रा राखे
र म ज'लाइको उत्सबमा जसरी पनि जाने भनेर तयार गर्न थाले
त्यसलाइ लिएर मेरो अंकल रिसले आगो ह'न'भएकोथियो
र मलाइ भन्थे कि छ'ट्टीमा मोटेलको हेरचाह कसले गर्छ

मलाइ दिइने भनेको मासीक ३०० डलर तलब कहिल्यै हातमा परेन
र जसलाइ म लगातार जोडिरहेकोथिए . . .
उनीहरू मलाइ भन्थे कि यदी मैले पैसा पाएकोभए
म त्यो सबै पैसा लगेर सेक्सग’रू सँग सिद्धाउछ’
यो सबै मेरा लगी अति थियो . . . मैले आफ्नो झोला बाँधेर शिकागो छाडी
न्यूयोर्कका लागी निस्कीए आफ्नो अंकललाइ भेट्न जो त्यहा बस्न’ह’न्थ्यो
मेरो अंटीले मलाइ चार महिनाको तलब भनेर ८०० डलर थमाउन आउन’भयो
र उहाँले अंकलले गरेको ब्यवहारप्रती माफी माग्न’भयो
उहाँले कहिल्यै कोहिको इज्जत गर्न’भएन . . .
जहिले पनि थोरै पैसमा धेरै काम गराउन’भयो
असल मान्छेहरूलाइ काम बाट तत्काल निकालीदीने गर्न’ह’न्छ

ओरेगन मेरा निम्ती थिएन

फेरी अर्कोपल्ट ग्रेहाउड बस चढेर . . . न्यूयोर्क प’ग्छ’
एउटा भब्य मेनहाटन अपार्टमेन्टमा जो मेरो एकजना अकंल बिजय र आंटि कीकीको थियो
उनीहरू म प्रती निकै प्रेमील र दयाल’ थिए
सायद उनीहरू पहिला मान्छे ह’न् जो मसँग बसेर मेरो कथालाई रूचीपूर्वक स’ने
उनीहरूले मलाइ कामका लागी अन’रोध गरे
र ठ’लो भएर सन्यास लिने इच्छालाइ प’रा गरू

मेरो अंकल न्यूयोर्क ओबराय समूहको उपाध्यक्ष ह’न’ह’न्थ्यो
उहाँ चाहान’ह’दैनथ्यो कि म अमेरीकामा अबैध तरीकाले बस’
उहाँले मेरो भारत प्रस्थानका लागी तयारी गर्न’भयो
र दिल्लीमा मेरो कामको लागी ब्यवस्था मिलाउन’भयो

मैले उहाँहरूलाइ भने कि मलाइ लडंन जाने इच्छा छ
त्यहा मेरो एकजना निकै धनि अंकल बस्न’ह’न्छ
सायद त्यहा म काम पाउन सक्छ’

उहाँहरूले धेरै प्रेमपूर्वक मेरो लागी लंडनको टिकट मिलाइदिन’भयो
जीवनमा पहिलो पल्ट मैले कोहिबाट केहि लिएको थिए
मैले उहाहरूलाइ बाचा गर्दै भने कि म यो पैसा फिर्ता गर्नेछ’
त्यो पैसा मैले केहि समयपछि फिर्ता पनि गरे

मे महिनाको १९८३ मा लडंन प’गे
लडंनमा बस्ने मेरो स्वराज पाल अंकलले भन्न’भयो कि उहाँ ब्यस्त ह’न’ह’न्छ र तीन साता पछि
उहाँको स्वबकीय सचिव मार्फत फोन गरेर भेटघाटका लागी समय लिन’





मैले लंडनमा बस्ने एकजना साथीलाइ भारतबाट फोन गरे
उनी कपडाको ब्यवसायमा छन्
उनी मलाइ सहयोग गर्नलाइ निकै इच्छ'क थिए . . .
किनकी उसलाइ आफै निकै मद्दतको खाँचो थियो
उ पत्नी सँग भर्खरै मात्र सम्बन्ध बिच्छेद गरी एक्लीएको छ
उ निकै यात्रा गर्ने भएका कारण उसको घर निकै अस्तब्यस्त छ
र त्यती ठ'लो कपडाको ब्यापार एक्लै सम्हाल्न' निकै गाह्रो क'रा थियो
उ आफ'सँग रहेको एउटा ठ'लो कपडाको भण्डार बेच्नलाइ तयार भएकोथियो
म उसका लागी सहि मान्छे थिए र मेरा लागी पनि उपय'क्त थियो

मैले उसको घरलाइ सफा गरेर र सारा अस्तब्यस्त अफीसलाइ मिलाए
र जम्मा भएको कपडाको भण्डारलाइ केहि हप्ता भित्रै बेच्न थालीहाले
यो पक्का हो कि म सँग बेच्ने कला थियो र
नयाँ कंपनिलाइ कसरी एक्लै चलाउने भन्ने तरीका पनि थाहा थियो
साथी निकै ख'षि थियो र सँगसगै काम गर्ने बातावरण पनि थियो
कामको राम्रो परीणामले गर्दा उ निकै ख'षि र उदार भएको थियो
महिनाको १००० पाउण्ड मेरो कमाइ थियो
बिस्तारै लंडन मलाइ प्रिय लाग्दै गयो र कपडाको ब्यापार पनि

अन्त्यत यी पैसाको खराब याममा पनि केहि प्रकाशका छिर्काहरू देखिए
मेरो राम्रो भाग्यको यात्रा चाडै नै अन्त्य ह'दो थियो
किनकी मेरो साथीलाई लंडनको अफीस बन्द गर्नपर्‌यो
र आफ्नो कंपनि अनि निर्यातलाइ भारत गई हेर्न' पर्ने भयो

लडंन आएको पनि एक बर्ष भयो
मैले धेरै क'राहरू सिके र अन'भव गरे यस क्रममा
त्यसैले मैले एउटा आफ्नै कंपनि खडा गरे
मैले आफ्नो लेबल का लागी डिजाइन गर्न थालनी गरे र लंडनमा आयात गर्न थाले
बेलायतमा कान'नी प्रावधान अन'सार कमाउन नपाइनेह'नाले
आमा तर्फको नातेदार भाइसँग मिलेर फ्रन्ट अफिस बनाएँ
मेरो कंपनि महिलाहरूले साँझमा लगाउने पहिरनको डिजाइन गर्दथ्यो
मैले डिजाइन गरको रिनेइ . . . भारतमा निर्माण ह'न्थ्यो र चाडै नै म हार्वि निकल्स
को क्रिसमस झ्यालमा थिए र त्यहाँ सेल्फरिज, डिकन्स, र जोन्समा मेरो ल'गाहरू
बिक्री भइरहेकाथिए
बोन्ड स्टश्रीट नाइट्सब्रिज र अक्सफोर्ड स्टश्रीटका हरेक कुनै महगो पसलमा
साँझमा लगाइने पहिरन लंडनमा जहातही चर्चाको चुलीमा थियो

मेरो डिजाइन अलि उत्तेजक र आध′निक खाले थियो
मेरो नाम थोरै पैसामा धेरै राम्रो पहिरन डिजाइन गर्नेहरूमा गनिन्थ्यो
आफ्नै कंपनिको श′रूवती खर्च र पटक पटक गरी दर्जनौ पटक
भारत आवतजावत गरीरहदा पनि मैले २५००० पाउण्ड जति कमाए
३५००० डलरले ओरेगन जाने सपना साकार ह′नेथियो भने
५०,००० ले म त्यहा निश्चिन्त भई स्थायीरूपमा बस्न सक्नेथिए

मेरो लंडनको स′न्दर बसाइ करीब २ बर्ष जति भयो
प्रत्येक बिहानमा उढेर उहाँको चरणमा भ्त′क्दथे र माला लगाउथे
र ब′द्धम् शरणम् गच्छामी भन्दै प्रणाम गर्थे

इटलीको प्रशिद्ध एक अन्तराष्टि«य ब्राण्डको निमन्त्रणा म कहा आयो
मलाइ भारतबाट कपडा ल्याइ डिजाइन गर्नु थियो
सोचे त्यो नै मेरो आवश्यक पैसाको लागी अन्तिम सेतु हुनेछ
त्यसपछि त भारत र फेरी ओरेगन तर्फको यात्रा

यो कुरा मैले आफ्नो भाइ पर्ने लाइ सुनाए जसले
मेरो लागी फ्रन्ट आफीस चलाउन सहयोग गर्दथ्यो
र मेरो रिनइ कपडाको लेबलको अन्य स्टोरहरूसँगको अनुबन्ध,
आयात कागजात, बैक खाता सबै उसको नाममा थिए
म केवल साधारण जीवन बाँचीरहेकोथिए . . . खाना खाने पैसा मात्र साथमा ह′न्थ्यो म सँग
र लंडनको भ′मीगत रेलको लागी पर्ने मासीक भाडा . . . यताउती खर्च केहि थिएन
उसको घरमा बस्ने र नियमित भाडा दिने गर्दथे

मिलानमा ठ′लो ब्यापारीक डिल गरेर म फर्कदै थिए
र मलाइ अध्यागमनमा रोकियो र भनियो कि म पैसा कमाइरहेकोछ′
पर्यटक भिषामा आई लंडनमा ब्यापार गरीरहेकोछ′ ज′न नमिल्ने क′रा थियो
उनीहरूले भने कि अब मलाइ बेलायतमा आउन दिइने छैन
म तिन छक परे तर चाडै थाहा पाइहाले कि यो सबै भाइको कमाल थियो
उ मलाइ षड्यन्त्रमा फसाएर सबै स्वामित्व हात पार्न चाहेको थियो
त्यसैले मेरो बारेमा त्यहा सूचना दिएकोथियो
उ स′रक्षासम्बन्धी सरकारी काममा समान्य नोकरी गरीरहेकोथियो
र मैले ब्यापारमा गरीरहेको अत्याधिक सफलताले उ पैसाका कारण
मेरो पेशातर्फ लोभिएको थियो

मैले उनीहरूलाइ स्पष्टरूपमा भने कि मेरो भारतीय कंपनि छ
र म बेलायतमा कपडा निर्यात गर्दछ′
र मेरो नाताको भाई म सँग′ उधारोमा कपडा लिने गर्दछ
र चाहान्छ मेरो भारतीय कंपनिलाइ दिन′पर्ने पैसा तिर्नलाइ आनाकानी गरीरहेकोछ
मेरो लिन′पर्ने बाँकी पैसा लिन म यहाँ आएको ह′
अध्यागमनका कर्मचारीहरू मेरो क′रामा सहमत भएर सामान्तया तीन महिनाका लागी
दिइने भिषा नदिइ मलाइ द′ई हप्ताका लागी अन′मति दिए

मैले नाताको त्यो भाइलाइ एअरपोर्टबाट फोन गरे
उ आश्चर्यमा पर्‍यो कि म लंडनमा फेरी आइप′गे भनेर
मैले उसले धोखा दिन चाहेको क′राको चाल पाइसकेकोथिए
उसले एअरपोर्टमा आउनलाइ अनकनाइ बहाना निकाल्यो कि आमा अस्पतालमा ह′न′ह′न्छ भनेर

र भन्यो कि उसको घरमा कोहि छैन ताला लागेको छ र उ मलाइ तीन दिन पछि भेट्नेछ
जब म त्याहा गए उसले स्थानीय प्रहरीलाइ खबर गरेर
एक अपरीचित मान्छे बलजफ्ती घरमा घ'स्यो भन्ने आरोप लगायो

मैले भारतमा फोन गरेपछि मलाइ थाहा भयो कि जब म मिलानमा थिए उ भारतमा आएको रहेछ
र अर्को बिक्रेतासँग सम्बन्ध बनाएको रहेछ जस मार्फत उ मेरो रिनाए लेबलको ब्यापारलाइ संचालनमा ल्याइरहनका लागी . . .
जब मैले हार्वी निकल्स र सेल्फरीजका क्रेताहरूलाइ फोन गरे उनीहरूलाइ बताइएको रहेछ कि म केवल एउटा डिजाइनर मात्र ह' र मलाइ काम बाट निकालीसकिएको छ

फेरी अर्को पल्ट सडकमा प'गे म



आफ्नो मेहेनतको कमाई ३५००० डलर एउटा चोर र खराब मान्छेले हराइदियो
म केहिपनि गर्न सक्दैनथे किनकी सम्पूर्ण कंपनि उसको नाममा थियो

म भारत फर्किए र मेरा साथीहरूलाइ गहिरो ठेस लाग्यो
किनकी उनीहरू सबैलाइ थाहा थियो कि म कति मेहनती र परीश्रमी गरेको थिए
र यो सबै चाह सन्यासको सपनाका लागी थियो
निर्माताहरू जो सँग मैले काम गरेको थिए उनीहरू मलाइ आर्थि सहायता दिन चाहन्थे
र क'नैरूपले मलाइ सहयोग गर्न चाहान्थे . . . मेरो डिजाइन प्रशिद्ध थियो
अब मेरो सफल ब्यापारीक सम्बन्ध लंडन, पेरीस, इटली, ग्रीसमा थियो
साथै मिलान र न्यूयोर्कमा पनि

उनीहरूको म माथीको भरोसा लाइ फेरी उहीरूपमा साबीत गर्न'थियो
स्वतन्त्ररूपमा डिजाइन बनाएर त्यसवापत डिजाइनको पैसा लिन' छ
र पाँच महिनाको अबधीमा मेरो कपडाको सबै भन्दा ठ'लो निर्यातकर्ताले
मलाई २०,००० डलर उधारो दिने निणर्य गर्‍यो
म लंडन जान सक्दैनथे . . . य'केको अध्यागमन अब सर्तक थियो
साँझमा लगाइने बिशेषखाले पहिरनको ब्यापार त्यो नाता पर्ने भाइले हत्याएको थियो
उसले आफ्नो सरकारी नोकरी छाडेर यहि काममा लागेकोथियो र मेरो कंपनि चलाइरहेकोथियो
त्यसैले मैले न्य'योर्क र लस एजंलस जस्तो ठ'लो बजारलाइ लक्षित गरे जसले मलाइ ओरेगनाको नजिकमा प'र्‍याउनसक्थ्यो

म भारत मै रहदाबखत नोट्स अफ अ मेडमेन प'स्तक पढेकोथिए
ज'न मेरो सबैभन्दा प्रिय प'स्तकहरू मध्य एक थियो
साधारण अर्थमा भन्ने हो भने यो प'स्तक अरू भन्दा केहि गजबको छ
किनकी यहा भगवान् आफैसँग क'रा गरीरहन'भएकोछ
कोहि दर्शक छैन कोहि श्रोता छैन . . .
बिश'द्ध अभिब्यक्ती छ आफ' ह'न'को आनन्दी लहरमा
यो प'स्तक कम्तिमा पनि मैले दश चोटी भन्दा धेरैपटक पढेह'ला
करीब ५० प्रती प'स्तक एकै पटक किन्थे
र आफ्ना साथीहरूलाइ यो प'स्तक उपहार दिन्थे

त्यहि क्रममा मैले ब'क्स आइ ह्याभ लभ्ड पढे
अनि म प'स्तकहरूको लामो सूची बनाउछ'
र दिल्लीको पिकाडेली प'स्तक पसलमा जान्छ'
त्यहा बस्ने ब'ढो मान्छे चाडै नै मेरो नजिकको साथी बन्छन्
उनी संसारका महान् प'स्तकहरू कर्नाट प्लेसको आफ्नो सानो पसलमा राखेकोमा गमक्क छन्
संसारका सबैजसो महान् ग्रन्थहरू राखेकोमा उनी गर्व महश'स गर्छन्
मैले लगेको प'स्तकहरूको सूची हेरेर उनी चाडै ल्याइदिने प्रस्ताव दिन्छन्
र झण्डै ९० प'स्तकहरू उपलब्ध गराउछन्
अध्ययनको क्रमलाइ म फेरी निरन्तरता दिन्छ'
ब'क अफ मिरदाद, ताओ ते चिगं, जिद्द' कृष्णम'र्ती, रमन महर्षि, रामकृष्ण
ग'रजिएफ, रिचर्ड बास, हर्मन हेस, लियो टल्सटय, पल रेप्स

म अमेरीकामा २५ अक्ट'बर १९८५ मा फेरी आउछ'

२०, ००० डलर बराबर पैसाको ल'गालत्ताको भंडार अमेरीकी अध्यागमनका प'ग्छ
मैले आफ्नो साथी सँग आयातकर्ताको रूपमा काम गरीरहेकोथिए
साथै आफ्नो नयाँ डिजाइनको नमूना देखाइ आफ्नो योग्यता अन'रूप
उधारोमा कपडा पहिले नै बेचिदिन्थे
बिक्री पश्चात झण्डै तीन महिना पछि मात्र पैसा फिर्ता पाउदथे
सबै कपडाहरू १०० प्रतिशत भन्दा धेरै लाभांशमा बिक्री ह'न्थे
यो काम सजिलो थियो . . . केवल बिक्रीमा ध्यान दिएर कडा परीश्रम गर्न'थियो

## बृतमा कमलको फुल

मलाइ संझना छ त्यो २९ अक्टुबर १९८५ को बिहान थियो
म आफ्ना नातेदारहरूको घरमा . . . पसेदना लस एंजलसमा सुतीरहकोथिए
करीव ९:३० बजेतिर मलाइ एउटा फोन आयो
उठेर समाचार हेर . . . टेलीभिजन खोल

भगवानलाइ पक्राउ गरीएको छ

कम्युनलाइ ध्वस्त गरीदिएको छ

मलाइ विश्वास नै लाग्दैन र फेरी गेष्टरूममा गएर टेलीभिजन हेर्छु
समाचारहरूमा भगवान् मुस्कुराउदै बिमान बाहिर आउनुहुन्छ . . . उहाँको हातमा हथकडि
लगाइएकोछ र एफ बि आइ का मान्छेहरू बन्दुक सहित घेरीरहेका छन्

के यो नरक हो . . . या म नराम्रो सपना देखिरहेकोछु

नजिकैको टेबुल लेम्प उठाएर टिभिमाथी हिर्काएर फुटाइदिए
म निकै नै रिसाहा बनेकोथिए त्यतिबेला जो कोहिलाइ मार्न पनि सक्दथे



यीनिहरू भगवानसँग यस्तो कसरी गर्न सक्छन्
हथकडि र सीत्रीले बाँधिएकोछ
पूर्णतया कुरूप
र पूर्णरूपमा अस्विकार्य
एउटा नाजुक दिब्य आत्मालाई सित्रीले बाँध्नु



भगवान् म'स्क'राउन'ह'न्छ
बडो तेज र अलौकिक भावमा
अन'हार पूर्णरूपमा शान्त थियो
र उहाँका प्रज्वलीत आखाँहरू उसरी नै टिलपिलाइरहेकाथिए
त्यस बिहानको
पहिलो दृश्य मलाइ अहिले पनि संझना छ

सारा जगत पागल भएकोछ



मेरो जीवन समाप्तीको डिलमा आयो
अब कतै जाने क'नै स्थान छैन
ओरेगन होइन
भगवान्को पछि पछि दौड्ने हैन
पैसा कमाउन'पनि छैन
आँखा अघिल्तीर घनघोर अन्धकारले मलाइ चारैदिशाबाट घेर्‍यो
जहातही हथकडि र सित्रीले बाँधीएको उनको तस्वीर घ'मिरह्यो



म उटा ठ'लो कालो सर्प ह' जसले आगो फालीरहेकोछ'
र रिसले च'र भएकोछ'
थहा छैन यो रिसलाइ कहाँ गएर बिसाउ
दिमाग श'न्य भइसकेकोछ
अब म के गरूँला



क्रोधको तिब्र आगोमा जल्दै
म पहिलो पल्ट आफ्ना आखा बन्द गर्छ′
र एउटा शान्त आवाजलाइ ध्यान दिएर स′न्छ′

केवल तिम्रो ब′द्धत्व नै मलाइ दिन सक्छौ
तिम्रो क्रोध सकारात्मकरूपमा प्रयोग ह′नसक्छ
मैनबत्तीलाइ द′बैतिरबाट बाल

समग्र होउ र
भित्रतर्फ जाउ

केवल तिम्रो ब′द्धत्वमा नै मेरो स′रक्षा छ

मलाइ भगवान्को सोझो स्पष्ट खबर प्राप्त भयो
भित्र जाउ केवल भित्र जाउ

मैले कम्य′नमा फोन गरे
फोनमा कोहि पनि सहिरूपले उत्तर दिन चाहादैन
उनीहरू भन्दछन् अब के ह′न्छ स्वंयम हामीलाइ त थाहा छैन के भन्न′
यस्तो लाग्दैछ अब केहि दिनमा कम्य′न पूर्णरूपमा सखाप ह′नेछ

म अमेरीका छोडेर भारत फर्कन चाहान्छ′
अमेरीकाप्रती धेरै नै घृणा लाग्छ जस्तो ब्यवहार
उनीहरूले भगवान्लाई गरे, कम्य′नलाइ गरे
र सन्यासीहरूलाई गरे
जो मेरो निम्ती प′ज्य थिए सबैप्रती अमेरीकाले राम्रो गरेन
कम्य′न उनीहरू सबैको रगत र पसीनाले बनेको थियो
पृथ्वीमाथीको एउटै जिवित ब′द्धक्षेत्र थियो त्यो

उनीहरूले करोडौ साधकहरूको भविष्य तहसनहस गरीदिएका थिए

शहर बाहिर रहेका मेरा आयातकर्ताहरूकहा म जान्छ′
र एकजना ठेकेदारलाइ आफ्नो लागतको मूल्यमा सबै ल′गा बेचीदिएर
भारतमा रहेकाहरूको पैसा दिउ अनि आरामले अमेरीका छोड′
२५ दिनको दौरानमा यो सबै काम सकेर फर्कदा
म सँग केवल २००० डलर मात्र साथमा थियो

म गह्रुगों मन लिई भारत फर्कन्छु
अगाडि गर्नुपर्ने कामहरूमा ध्यान दिन्छु
ज्वालामा जल्दै . . . तिव्र प्रतिशोधले भरिएको छु
आफूभित्र कडा प्रतिशोध लिने दृढ संकल्प गरे
आफ्नो क्रोधका लागि माध्यम बनाएर भित्रभित्रै धेरै जले
र समग्ररूपमा काममा हराउन थाले
म यो गर्न सक्छु . . . बुद्धत्व मेरो स्वरूप हो
केवल साँचो र समग्र प्रयास
म लाई थाहा छ . . . मलाई थाहा छ कसरी . . . अब समय थियो . . . केवल मृत्युको

मलाई थाहा छैन . . . कहाँबाट आफू भित्रको यात्रा सुरू गर्छ
सोचे कि हिमालको पर्वत श्रृखला हरूबाट
हुनसक्छ पोखरा नेपालको आश्रम देखि
म टिप्सआउट ट्राभलको एजेन्ट मित्र हरिश बुधराज कहाँ जान्छु
र भगवान र कम्युन माथि के कस्तो भयो सबै बताउछु
म गहिरो ध्यान शुरू गर्ने सोचमा छु
र पहाडी भेगमा कतै उपयुक्त स्थानको खोजमा छु
मलाई कठामाण्डौंका लागि एउटा टिकट चाहियो

थाहा छैन उसले किन मलाई पूना आश्रममा जाने सल्लाह दियो
म आश्चर्यमा थिए . . .
किनकी मैले सुनेको थिए भगवान अमेरीका हिडेपछि आश्रमम बन्द गरीएको छ
उसले संकेत गऱ्यो उसँग रजनिस टाइम्सको नयाँ अंक मलाई दिदै भन्यो उसको साथी
सरदार गुरदयाल सिंह सधैं एउटा पत्रिका पढाउछन्

थाहा छैन उसले किन मलाई पूना आश्रममा जाने सल्लाह दियो
म आश्चर्यमा थिए . . .
किनकी मैले सुनेको थिए भगवान अमेरीका हिडेपछि आश्रमम बन्द गरीएको छ
उसले संकेत गऱ्यो उसँग रजनिस दाइम्सको नयाँ अंक मलाई दिदै भन्यो उसको साथी
सरदार गुरदयाल सिंह सधैं एउटा पत्रिका पढाउछन्

पुना आश्रम खुलेको छ त्यहाँ २० जना सन्यासीहरू बसीरहेका छन्
एकदमै राम्रो भयो म यहि नै खोजिरहेको थिए
एउटा शान्त स्थान जहाँ ध्यानको प्रक्रिया भइरहेको होस्
हरिस मलाई पुनाको लागि एकतर्फि टिक दिन्छन्
म ती मान्छेहरू मध्ये एक यी जसलाई मृत्युदण्ड को सजाय दिएको थियो दृढ
संकल्पसहित मलाई लक्ष्यमा पुग्नु थियो
म एकाग्र अनि समग्र हुन चाहन्थे
अनावश्यक कनै मित्रता होइन . . . केहीसँग कुराकानी होइन केवल त्यहाँ ध्यानका लागि
अरू कुनै कुरा हैन . . . सबै खतम भइसक्यो
मैले आफ्ना सारा कुरालाई पछाडि छाडे . . . म सँग केवल एउटा पहेलो पहिरन थियो
साधारण . . . बिना बटनको . . . लामो र साथमा बाटाको एकजोडा चप्पल
र अखबार काट काटेको हथकडी लगाएको भगवान तस्विर कटिगं
र म आफैले बनाएको माला . . . अनि उनको चरण

म अरू कुरा माथि ध्यान दिन चाहदैनथे चाहे त्यो जे सुकै होस् सामान्य भइ बस . . .
साधारण र एकाग्र जीवन जिउ अब अरू ढिलाई होइन . . .
मलाई बुद्धत्वसम्म पुग्नु छ . . . गर या मर

म फेरी बाट पुना आश्रमको गेटमा आउनु
र फेरी उही रूपमा चिश्चल हुन्छु . . . यो मेरो गुरूको मन्दिर को ढोका हो
जहिले पनि म यो सुन्दर काठको ढोकाबाट भित्र प्रवेष गर्छु
मेरो चारैतिर को बतास फेरीन्छ र मलाई माथी उठाउछ
म अर्कै संसारमा पुगेको हुन्छु
भगवान् को मिस्ट्री स्कुल . . . उनको आर्शिवाद बुद्ध फिल्ड

ढोका बिनाको ढोका . . . मलाई फेरी सोधीन्छ को हु र यहाँ किन आइएको हो
कस्तो अजिब पुनरूक्ती के सधै मान्छेहरू यसरी नै स्वागत गर्छन्
सधै शंकाको दृष्टिले हेरिन्छ

मलाई अलि कडा स्वभाव भएको स्वामी सित भेट्नलाई पठाइन्छ
उनी मलाई प्रवचन दिन शुरू गर्छन् र भन्छन् मैले आफ्नो जीवनलाई
सन्तुलित रूपमा जिउन आवश्यक छ
जोरबा दि बुद्ध

उनी म सँग कति पैसा छ भनेर सोध्छन्
यो ठाउँ काम गर्नेहरूका लागी मात्र हो र गरेको काम नै प'जा हो
यो नै एउटा बाटो हो जस बाट म यहाँ बस्नसक्छ'
अन्यथा मलाई यहाँ बस्न दिइने छैन
मैले भने अहिले सम्म करिब २०० वटा भगवानका प'स्तकहरू पढेह'ला
र भने कि अब मलाई मात्र ध्यान गर्न'छ र मौनमा बस्न' छ
र म काम गर्नमा इच्छ'क छैन . . . र ध्यान गर्न' नै मेरो काम हो
उनी म प्रती रिसाउदै भने कि भगवान इच्छा ब'झेकै हैन
काम  गर्न' नै पूजा हो विना काम ध्यान गर्न' सतही हो

उनी आफ्नो एउटै कुरामा अड्किएका थिए
र कठोर भई अनिरहेका थिए यहाँ मलाई कुनै हालतमा स्वागत छैन मैले उनलाई भने
कि म आफ्नो जीवनलाई र्भको अर्थले चलाउन सक्छु म यहाँ अरू भरतीयहरू को
रूपमा बस्न चाहेको होइन
र म यहाँ नियमीत रूपमा मासीक गेट पास किन्नेछु
खानाका लागि पैसा दिन्छु
भित्र ध्याका लागि आउछु र रातीमा बाहिर फर्कन्छु
आश्रम बाहिर नै बस्नेछु . . . यसले उनी अझ रातो पिरो भए किनकी
मलाई अन्य आम भारतीय सन्यासीहरू जो आश्रममा आश्रीत थिए
उनीहरूलाई जस्तो मलाई दबाउन पाइने छैन

मैले उनलाई १९८१ मा पहिलोचोटी पुना आउदाको प्रशंग सुनाएँ
त्यतिबेला भगवानबाट माला पाएन न त आधिकारीक रूपमा सन्यास नै लिए
म उदास छु र मैले आफ्ना दुवै हात जोडेर कृपापूर्वक सन्यासका लागि अनुरोध गरे
उनी नरम भए र म तर्फ मुस्कुराए . . . उनी खुसी थिए किनकि म झुकेको थिएँ
र मलाई कुनै रूपमा उनको मद्दतको आवश्यकता थिएन

मसँगको व्यवहारमा उनी जहिले पनि कठोर रहे
तर मेरो हकमा भने म उनलाई सधैं स्नेह गर्दथेँ
यो पक्का थियो कि उनी भगवानको प्रेममा साचो र निश्कपट भई लागेका थिए
र उनी केवल एउटा कुरालाई ध्यान दिन्थे कि सन्यासी जो आश्रममा आउछन्
उनीहरू केवल ध्यान गरून् र आफ्नो समय व्यर्थको कुराकानीमा खर्च नगरून्
र सबै जना उनको अधिकारलाई गम्भिरता पूर्वक लिने गर्दथे

केहि दिन पछि मेरो नामलाई लिएर विभिन्न कुराहरू उठे
समी स्वभावले बुझिसकेका थिए कि म वास्तवमा नै निर्दोष, कोमल र सरल छु

र मेरो नाम रजनीश मलाई उपयूक्त छ
र उनले मलाई सन्यास र माला स्वामी रजनीश भारती को नामबाट दिए
र चाडै नै मान्छेहरूले मलाई रजनिश नामले बोलाउन थाले

मलाई अहिले पनि उहाँको हावामा भगवानको उर्जा आभाश हुन्छ
आश्रम उनको उर्जाले ओतप्रोत थियो र मेरा लागि त यो स्वर्ग नै थियो
यहाँ विना कुनै अवरोध कहिपनि जाने आउने र बुद्ध गोब्र को पछाडि जाने अनुमति थियो
जहाँ पहिले भगवान बस्नु हुन्थ्यो
पवित्र लाउत्सु द्धार सधै मेरो हृदयमा अंकित रहने छ
मेरो लागि सबैकुरा ठप्प हुन्थ्यो जब यस द्धारमा आउथ्यो

एकचोटि लाउत्सु द्धार खुल्लै थियो जसलाई देखेर म स्तब्ध भए
मलाई संझना छ प्रत्येक चोटि १९८१ बाट यही बाटो हुदै आउजाउ गरिरहेको छु
मेरो स्वास सुस्ताउदै जान्छ र म शान्तिपूर्वक रोकिन्छु
र आफूभित्र गई आफ्नो गुरूलाई प्रणाम गर्छु . . . समय रोकिन्छ
मेरो भित्रको भावना र श्रद्धा सधै यस्तै नै रह्यो . . . र आज पनि त्यस्तै छ
केवल यो ढोकाको संझनाले मात्र मलाई निश्चल बनाउछ . . . यो मेरो मन्दिरको ढोका हो



द्वार खुल्लै छ . . . तर म भित्र जादैन . . . यो धेरै नै पवित्र छ
म महसुस गर्छु कि जब म असलि अर्थमा यसको लायक हुनेछु जब जाउला
म विस्तारै विस्तारै शान्त पूर्वक अगाडि बढ्दछु
यो द्वार म भित्र निश्चलता उत्पन्न गर्छ र मेरो लागि यो सबै भन्दा गहिरो क्षण हुन जान्छ

अहिले सम्म केवल पढे पढे
भगवानको नजिक हुनका लागि यता उता चहारे . . . त्यस दिनको सपना देख्नु
जब म उनको दर्शन गर्नेछु . . . र यस्तै सयौं भावनात्मक क्षण
केहि दिन कुण्डलीनी ध्यान. . . बस्ने कुनै अभ्यास छैन
साचो अर्थमा सबैभन्दा अप्ठ्यारो भाग अब ध्यान गर्नु थियो

म नजिकैको सुन्दर बन होटलमा जान्छु
बडो रूखो पन लिएर चौकिद्धार भन्छ होटल बन्द छ र यहाँ कोठा भाडामा पाइदैन
मैले उसलाई एउटा कोठा एक वर्षको लागि आवश्यक छ भने
र उसको मालिकलाई भेटका लागि अनुरोध गरे

एउटा कार नजिकै बाट जान्छ . . . मिस्टर तलेरा सुन्दरबन भित्र आउछन्
म उनलाई भेटेर एउटा कोठाको लागि प्राथना गर्छु

उनी हाँस्दै भन्छन् कि उनले म जस्तो अरू कोहि मान्छे भेटेका छैनन्
यस्तो व्यवहार . . . म उनलाई कोठाका लागि प्रार्थना गर्छ
उनी हास्दै भन्छन् कि त्यहाँ भूत छ र मलाई सँगसँगै बस्न पर्ने हुन्छ
र मैले १२०० रूपिया प्रति महिना दिने कुरा उनी मा मान्छन्
मैले उनलाई भने कि मलाई अरू केही चाहिदैन सिवाय एउटा डस्ना र एउटा खाली कोठा

भित्र आउदा बखत एउटा सुन्दर बगौंचा र गुलाफको फूल को लहर
र एउटा आरामदायि प्रतित हुने ठूलो आगन जुन बगौंचाको अगाडि छ
र अगाडिको ढोकामा आश्रम छ . . . म तयार हुन्छु

मार्च १९८६ . . . मेरो उमेर अब २४ साल भयो
र मलाई देखेर केहि कल्पनामात्र गर्न सक्छ कि म धार्मिक लक्ष्य प्राप्त गर्न हिडेको छु
ध्यानको शिखरमा पुगेर बुद्धत्वलाई पाउने छु
समयको एउटा अवधि निश्चित गर्नुपर्ने हुन्छ

मैले सुने भगवानको बुद्धत्व दिवस २१ मार्च हो
यो एकदमै कम समय थियो कि कुनै पनि रूपमा उपलब्धि पाउनका लागि
र फेरि गुरू पूर्णिमाको उत्सव जुलाईमा थियो
भगवानलाई उपहार दिनका लागि आदर्श दिन
एउटा शिष्य आफ्नो गुरूलाई केवल आफ्नो बुद्धत्व दिन सक्छ
र मैले आफ्नो समय रेखा निश्चित गरे . . . ९० दिन

सबै किताब हरूमा जुन महिले भगवानलाई पढे
तिनमा यति धेरै छ . . . हरेक दिशामा . . . म कहाँबाट सुरू गरू
मलाई कसैगरि सरल र सहज सुरूवात गर्नु छ जसको म अनुसरण गर्न सक्छु
र जसलाई म आफ्नो विकासको लागि सहायक बनाउन सक्छु

म विचार गर्छु
ठोस . . . तरल. . . र ग्यास. . . बुद्धत्व तर्फको तीन अवस्थाहरू

पहिलो महिना कम्पनबाट ठोस आधारलाई घुल्न दिने
दोस्रो महिना नदीसँगै बहनु र तरल हुनु
तेस्रो महिना सुक्ष्मको अनुभव गर्नु
र अदृश्यमा डुब्नु अनि हावामा बिलाउनु
सरल . . . यसलाई जटिल नबनाउ . . . यस पद्धतिलाई अनुशरण गर
प्रत्येक दिन प्रगतिको ख्याल गर . . . यदि केहि पनि हासिल भएन भने अझ तिब्रतासँग गर

विहानमा कहिल्यै उठ्न पाइएन . . . सधै दिउसोको १देखि २ बजेको बिचमा उठ्थे
मलाई लाग्थ्यो यो सहि समय हो . . .
म यसको क्षतिपूर्तिवापत राति अबेरसम्म ध्यान गरेर प'रा गर्दथे
र सधै ३ बजे सम्म ब्यूझैंरहन्थे

वास्तमा भन्ने हो भने सक्रिय ध्यान मेरो सूचिमा थिएन
र यो उचित थियो कि मेरो शरीर पहिले भन्दा नाज'क थियो
र साचो अर्थमा यस्तो क'नै ठोस आधार थिएन जसले गर्दा म कापिरहन्थे
त्यसैले म क'ण्डलीनी ध्यान गंभिरता र समग्रताले नियमीत रूपमा गर्दथे

म एकचोटि हाम्रो घरको स्टील फ्याक्ट्रीको यात्रामा
एकजोडि दागरहित स्टिील रडहरू गोप्यरूपमा तयार पारी
यो खेलको लागी एकजोडि नानचक निकै नै प्राणघातक
र निषेधित स्टिीलको सीक्रीलाई छालाले सिलाएर ल'काइराखेको थिए
मेरा अरू साथीहरू हल'का काठको छडि बेत वा कोर्राको हनाईझै
ब्र'सलीले अभ्यास गरेझैं गरीरहन्थे
र त्यो अभ्यासमा रिसको झोक नियन्त्रण भन्दा छ'टेर
मेरो टाउकोको तल्लो भाग पछाडी बेगले ठ'लो आवाजमा धक्का दियो र मलाई निर्जीब बनायो
म स'तिरहको बेला मेरा साथीहरूले मलाई एउटा पबित्र टिबेटन मन्त्र स्त्रोत गरीरहेको पाए
कस्तो अनौठो आवाज र ध्वनिमा तिमी बोलीरहेको . . . यो देखेर उनीहरू आश्चर्यमा परे
र मेरो अपरीचित पूर्वजन्मको जपले डराएकाथिए
म एक तिब्बती लामा थिए . . . अति नै घ'मक्कड स्वभावको

म निस्क्रियतामा बस्न सुरू गर्छु
चाडैनै मलाई होस आयो कि निश्चल भै बस्नु धेरै कठिन छ
वास्तवमा मन धेरै होइन . . . केवल शरीर अत्याधिक पिडा र बेचैनीमा अशान्तमा
मैले पहिले कहिल्यै आफ्नो जीवनमा पलेटी मारेर बसेको थिएन . . . धेरै पिडादायक

म केवल अचल भइ बस्न सक्दैनथे
हरेक १० मिनेटमा आँखा खोल्छु
धेरै कठिन छ केवल बसिरहनु . . . मात्र समय बितिरकेको छैन
केवल १० मिनेट पनि लामो समय लाग्छ
शरीर पिडामा छ र उभिएर यताउती कतै जान चाहन्छ

यसहिसाबले म कसरी बुद्धत्वसम्म पुगुला
म कति हास्यस्पद र मुर्खतापूर्ण अनुभव गरिरहेको छु
आफ्नो १० दिनको लक्ष्यको बारेमा

म आफ्नो आँखा खोल्छ' . . . भगवानको फोटो म तर्फ घ'रिरहेको छ
भगवान हत्कडीमा ह'न'ह'न्छ . . . म फेरि क्रोधमा फर्कन्छ'
आफैमाथि क्रोधित भई आँखा बन्द गर्छ'
मेरो ढाडको अड्डि छैन  र म कमजोर महस'स गर्छ' . . .
केवल बस्न पनि सक्दैन र रिसाएर आफ्नो शरीररलाई च'पचाप रहन र पिडाको
बानीबसाउनलाई अह्राउछ' . . . अरू क'नै बाटो छैन . . .
न त क'नै विकल्प छ
केवल पिडामा ध्यान नदेउ . . . स्वयम्लाई आत्म नियन्त्रित गर
यदि कसैलाई मार्न' छ भने मार
एउटा ठूलो सघर्ष र लडाइ शरीर मनका लागि
हरेक चोटी हार्नलाई आफ्ना आँखा खोला . . . र भगवानलाई हत्कडिमा हेर
यो चित्रलाई हेर्न' अह्यह'न्छ तर आफ्नो आँखा बन्द गरेर भित्र भित्रै जान' . . . अझ भित्र

लगभग २० दिन सम्म . . . केवल कुण्डलीनी ध्यान
अरू बाँकी दिन घना रूपले गहिरो बसाई को समयलाई याद गर्ने अतथा सम्झने
सुरूवात विस्तारै विस्तारै १ घण्टा समय छोटो लाग्न थाल्यो अब ३ घण्टा . . .
अब ६ घण्टा . . . आदर्श समय बस्नका लागि

अब मलाई आफ्नो शरीर माथि केहि नियन्त्रण महसुस हुन लाग्यो
म एक खाले सफलता . . . एक आन्तरिक शक्ति
एउटा संकल्प जो मन भन्दा माथि रहेर काम गरिरहेको छ

म होस पूर्वक प्रयोग गर्न सुरू गर्छु
र आफू बस्ने ढंगलाई  एउटा दिशा दिन सुरू गर्छु
भित्र जानुको अर्थ के हो ?
के म केवल आँखा बन्द गरेर बस्छु
र आफ्नो शरीरको आन्तरिकताको मशसुस गर्छु
र स्वयम् माथि आन्तरिक पकडलाई अनुभूति गर्छु
या के भित्र जानु मरूदण्डमा कुण्डलीनीको एउटा खम्बा हो या
के भित्र जानु नाभीको नजिकै गहिरो रूपमा पुग्नु हो
के म आफ्नो स्वासलाई दबाएर भित्र छलाङ लगाउ
के मलाई आफ्नो स्वासलाई नियन्त्रण गर्नु आवश्यक छ . . . भित्र दौडने
र मार्गदर्शनका लागि कैयौं प्रश्नहरू. . . भित्र जाउ. . . तर भित्र कहाँ छ



यी प्रश्न आइरह्यो र हरेक रात अलग अलग प्रयोग घण्टौ सम्म गर्दछु . . .
यो धेरै नै प्रगाढ र तल्लीन रहने खालको छ

भित्र दौडने सबै क्षणहरूप्रति प्रेम छ
यो पक्का हो कि अर्को कुनै संसार छ अन्तरमा
अनुपातमा कयौं गहिरो र धेरै ठूलो
एक महान बैज्ञानिक को आवश्यकता छ
भित्र जानका लागि
र यी सबै सम्भवका सिढीहरूलाई ध्यान दिनका लागि
यिनी सबै आन्तरिक अनुभवको बैआयामिक सन्दर्भ हुन्
कति आनन्द . . . सुद्ध आनन्द . . . यो प्रितकारी हुदै गइरहेको छ
समयत उडिरहेको छ . . . सायद म कयौं नयाँ तलाहरूमा डुलिरहेको छु
रहस्य गहिरिदै गएको छ . . . अब म परिणामको लागि पर्खिरहेको छैन
म माथिको यात्राले आफ्नै पकड बनाइरहेको छ

मेरो सरल तरिका काम गरिरहेको छ
कुण्डलीनी ध्यानमा कम्पित हुनु . . . ठोसलाई हल्लाउनु
र साझको ३ घण्टा निश्चल बस्नु
अब मैले कुनै व्यवधान विना हरेक रात बस्न सुरू गरे
९ बजे देखि ३ बजे सम्म . . . ६ घण्टा रातमा . . . पुरा ९ घण्टा  हरेक दिन बस्नु

यो मैले बुझ्दै गइरहेको थिए कि कुनै किसिमले म भित्रको आन्तिरिक
जगतको अनुभवले बुद्ध फिल्ड सक्रिय गरिरहेको छ
र बढाइरहेको छ कि जुन मेरो आफ्नो स्कुले दिनमा पहाडहरूमा हुने गथ्यो
म भित्र सबै जिवीत हुदै गइरहेको थियो
र म यसलाई पूर्ण विस्वास र सहयोग दिइरहेको थिए

यिनी दिनहरूमा लगातार ९ घण्टा गहिरो भावमा बस्नु
मलाई संझना आयो कि हरेक रात म लगभग ११ घण्टा सुत्ने गर्छु
मेरो सुत्ने समयलाई ध्यानसँग जोड्नु छ
र मैले विस्तारैविस्तारै पल्टिदा बखत निद्रामा जाने अभ्यास सुरू गर्न थाले
यो यस किसिमले निरन्तर जारि थियो
म हरेम रात यहि अवस्थामा सुत्ने गर्दथे . . . म विहान चाडै नै उठ्न थाले
र माथि तर्फ तानिरहेको गतिलाई चाल पाउथे र स्वयम्लाई एउटा विशाल उर्जाको
आवरणले घेरिरेको अनुभव गर्न थाले

थोरै दिशाको अनुभव हुनु र आफ्नो बस्ने तरिका माथि नियन्त्रण पाउनाले
मलाई लाग्यो कि ठोस वा खत्तम भइसकेको छ

म धेरै बहेको र तरल भएको छु . . . मेरा दिनहरू फेरिरहेका छन्
म आफुले हिड्ने पुर्व अनुभवहरूसँग प्रयोग गर्न सुरू गर्छु
हिड्नु अझ सुस्त भएर गयो . . . हल्का र प्रफुल्लतापूर्ण बाल्यकालको अनुभव
स्वस्फूर्त फर्कन थाले
र पहिलेको तौल रहित हिड्ने अनुभव अझ धेरै गहिरो हुन लाग्यो
यद्यपि मेरो गति बगिरहेको महसुस हुनलाग्यो
आश्रमका सन्यासीहरूले म माथि ध्यान दिन सुरू गरिसकेका छन्
पहिले म उनीहरूको दृष्टिबाट टाढा बस्थे अब म हरेक दिन बुद्ध ग्रोब को पछाडि हिड्ने गर्छु
र सबैको आँखा ममाथि परेका छन्
विशेषगरी स्वामि स्वभाव . . . सधै मलाई हेरिरहेका हुन्छन् ।
म उनीलाई पिडा दिइरहेको छु
किनकि मान्छेहरूले कुरागर्न सुरू गरि सके कि जुन तरिकाले म हिड्छु . . . भगवान जस्तै
कि मेरो नाम रजनिश हो . . . भगवान जस्तै
कि म उनीहरूलाई भगवानको सम्झना गराउछु
उनको कानमा खतराको घट्टी बज्न सुरू भयो

म शान्त छु . . . कोहि सँग कुरा गरिरहेको छैन
उनीहरू सोध्छन् कि म लाटो हु
म अरूको कुरा सुन्दैन र उनीहरू सोच्छन् कि म बहिरो छु
वास्तमा चाडै उनीहरू निणर्य गर्छन् कि म धेरै घमण्डि छु
अरू केही सोच्छन् कि म बुद्ध भएको ढोङ गरिरहेको छु . . . सबै बाट पवित्र हुने

म आफ्नै लक्षमा तल्लीन छु अरू केहीप्रति ध्यान दिएको छैन
दिन र रात दुवै छोटो लाग्छन् . . . म यो प्रयोगलाई गहिरो रूपमालिन्छु
र हरेक दिनको सुत्र अर्को दिनको दिशामा लिएर जान्छु
मलाई यो कुरालाई पछ्याउनु छ
जो मेरो अगाडि गहिरिन्छि र सुल्झेको महसुस गर्न सक्छु

मेरो अगाडि कोहि हिडिरहेको छ म एक्लो छैन
मसँग एउटा मार्ग दर्शक छ जो ममाथि मडारिरहेको छ
एउटा उपस्थितिलाई महसुस गर्न सक्छु
मेरो शरीर बिना बल चलिरहेको छ . . . कोही यसलाई अगाडि लगिरहेको छ
मेरो सानो प्रयास बिना पनि यो बढिरहेको छ . . . एउटा बहाब सुरू भएको छ
म सिधा प्रकाश भएको छु र त्यही मेरो शरीरलाई संचालन गरिरहेको छ
र म भार रहित भएको अनुभव गर्दछु



म विस्तारैविस्तारै हिड्दा बखत केही अनुभवहरूलाई सम्झना गर्छु
म यिनै प्रयोगहरूमाथि हजारौं पृष्ठ बोल्न सक्छु

हिड्दा बखत आफ्नो पुरा शरीरलाई
खुट्टा देखि टाउको सम्म हिडेको महसुस गर्नु
म आफ्नो अगाडि पृथ्वीलाई ध्यान दिन्छु
हिड्दा बखत पूर्ण रूपमा एकाग्र हुन्छ
र हिड्दा  सरल क्रिया घटेको मससुस गर्छु

जसरी शरीर शिथिल हुन्छ स्वास पनि शिथिल हुदै जान्छ
भित्रको एउटा नयाँ स्वास प्रक्रिया सुरू हुन्छ
यो सितल, सुगन्धित र मधुर छ
यो मेरो टाउको माथि तान्छ र म सोच्न बन्द गर्छु
केवल म र मेरो पैताला
अरू कुनै विचार छैन
केवल एउटा सून्य आकाश

मेरो टाउकोमा सुइहरू घोपिरहेको छ
यो पिडादायि छ तर पनि वेग्लै खाले आनन्द छ
यो मलाई मादकबनाइरहेको छ
हावाको नयाँ अनुभूति संघन हुदै गइरहेको छ
र मलाई चारै दिशाबाट कोहिले समातिरहेको छ



मलाई स्वामी स्वभावले बोलाउछन् र मलाई साधारण हुनका लागि भन्छन्
र सबै भन्दा पवित्र भएको नाटक बन्द गर्न भन्छन्
र बुद्ध भएको ढोङलाई सहन नसक्ने भन्दै भगवानको जस्तो नक्कल नउतार्न भन्छन्
र उनी भन्छन् कि म आफ्नो अह्कार छोडु र विपासाना ध्यान गर्न छोड्दिउ
र क्रमश  म पागल भइरहेको छु या पागल हुने वाला छु
अरू जस्तै भै आश्रममा काम गर्न थालु र साधारण भएर बसु

प्रत्येक दिन जब म बुद्ध ग्रोबको पछाडि हिड्थे
तब म उनको दृष्टि म माथि उग्रभएको महसुस गर्दथे
सायद उनले मलाई बुझ्न सकिरहेका छैनन्
र कृष्ण हाउस अफिसमा बसेका सन्यासीहरूको लहैलहैमा आएका थिए
नरेन्द्र बढाइचढाई गर्दै भन्ने व्यक्ति थियो

मैत्रेय आश्रमाको राजनितिबाट टाढा र मौन थिए
मेरो विरूद्धमा एउटा ठूलो विरोध बनिरहेको थियो

म अब हरेक दिन २ देखि ३ घण्टा सम्म बुद्ध ग्रोबको पछाडि हिड्ने गर्छु
जहाँ को अग्लो होचो ढलान् हिड्नका लागि असल मार्ग थियो

म महसुस गर्छु कि एउटा विशाल खम्बा म माथि विराजमान छ
र साथ साथै मलाई आफ्नो माथि
एउटा गोला मडारिरहेको अनुभव हुन्छ
त्यो ठूलो गोला म माथिको हावालाई यसरी घुमाइरहेको छ कि
जस्तो एउटा खम्बा शरीरलाई तलतिर हल्लाउछ
मेरो खुट्टामा एउटा अजिब खाले चाल आएको छ
मेरो आफ्नो खुट्टा धर्तीलाई मससुस गर्न सकिरहेको छैन
केवल धर्ती माथी मडारिरेहको अनुभूति गरिरहेको छ
दुई खुट्ट एउटै भएको छ दाया खुट्टा बाया हल्लाइरहेको छ
बाया खुट्टा दायालाई हल्लाइरहेको छ
यो एउटा विचित्रको गति
फेरि पनि यो सन्तुलित सुललीत र लय बद्ध छ
तिमीलाई यि पदचापको पिछा गर्नुनै पर्छ

मलाई निक्कै विस्तारै हिड्नु छ
अन्यथा गोलाको सन्तुलन खज्मजिने छ
र खम्बा ले आफ्नो लय छोड्ने छ
र म मलाई आफ्नो चाल रोक्नु पर्ने छ

आशाअनुरूप चाडै नै स्वभावले मलाई अफिसमा बोलाउछन्
मैले विस्तारै हिड्न रोक्नु पर्ने छ
आश्रममा श्रदापूर्वक काम गरेपछि
सक्रिय ध्यान पश्चात भगवानले विपासना ध्यानको अनुमति दिनुभएको छ
किनकि यसबाट धर्तीसँग सम्बन्ध बनिरहन्छ
र म बेवकुफ भैरहने छु
यसमाथि ध्यान दिनुपर्ने छ अन्यथा मलाई मेरो फाइदाका लागि प्रतिबन्ध गरिदिने छ
उनीले मलाई सन्यास दिए र यो नै उनको कर्तव्य हो
कि म माथिको अंकारको बारेमा बताउन

म उनीसँग सोध्छु कि वास्तवमा मलाई कसले सन्यास दियो
यदि उनी सन्यास दिने समयमा त्यहा उपस्थीत थिए भने त्यो उनको अंकार हो
र सन्यासको प्रहरमा व्यक्ति एउटा खाली बाँस जस्तो र शुन्य हुन्छ
र केवल मलाई भगवान मात्र सन्यास दिन सक्नु हुन्छ
मैले आफ्नो माला फिर्ता गरे र मलाई आश्रमबाट प्रतिबन्धित गरिन्छ
म आफ्नो हिडिरहेको प्रयोगमा अझ गहिरो हुदै गइरहेको थिए
अब को रात्रि समयमा म आफ्नो होटेलको बगौंचामा हिड्ने गर्दथे
आफ्नो अनुभवलाई अझ प्रगाढता दिन आँखामा पट्टि बाधेर हिड्ने गर्दथे

मेरो सह्रसारमा एउटा सुई घोपेको र मलाई बढो कडा रूपमा तान्दै मेरो चालले एउटा आदर्श लय पाएको छ . . . एउटा सन्तुलन जस्तो कि आकाशमा हल्लिरहेको रसि माथि हिड्नु परिपूर्ण सन्तुलन . . . बाया या दाया तर्फ लड्ने कुनै डर छैन शुद्ध सौम्यता कञ्चन निर्मल . . . शुद्ध, हर्ष र आनन्द
केवल यहि गति मा विस्तारै हिड्नु र परमआनन्दमा पुग्नु

मेरो चारै तर्फ सबै क्रियाहरू सुस्त भएका छन्
जस्तो कि म एउटा सपना देखिरहेको छु
बतास रोकिएको छ . . . स्वास रोकिएको छ
मेरो चारैतिर सबै कुरा रोकिएको छ
एउटा ठूलो खाडल मेरो अगाडि आउछ
यदि म हल्लिए भने
यो गहिरो खाल्डोमा खस्ने छु

म रोकिन्छु पूर्णतया जड हुन्छु
मैले टेकोको धर्ती एउटा गहिरो खाईमा उघ्रन्छ
म तलतिर हेर्न सक्दिन . . . म यसमा चुर्लम्म डुब्छु
तिब्र गतिले एउटा आवाज मलाई आफूभित्र सोस्छ
गहिरो अझ गहिरो म अचल उभिरहन्छु . . . अझै पनि अन्धकारमा
अनन्त समय बितेजस्तो भयो
फेरि अचानक प्रकाशको एउटा विस्फोट मेरो चारैतिर आउछ
म लाखौं टिलपिलाई रहेका ज्योतिलाई पाउछु
के म एउटा सुरूङ्गमा खसेको छु या म आकाश माथि उडिरहेको छु
एउटा लामो सुरूङ्ग एउटा प्रकाशको खम्बाले मलाई माथि तर्फ तानिरहेको छ
मलाई मससुस हुन्छ कि मेरो पाउले जमिन छोडेका छन्
गुरूत्वआकर्षर्णले शरीर लाई छोडिसकेको छ

चाडै मलाई विचित्रको अनुभव हुन लाग्यो

गोला जसलाई म आफ्नो माथि घुमिरहेको मससुस गरिरहन्छु
ठूलो अझ ठूलो हुदै गइरहेको छ
खम्बाको अनुभव अझ बलियो हुदै गएको छ र गहिरो रूपमा जमिनमा गाडिएको चालपाउछु
मलाई निश्चलताको बोध हुन्छ
म डुब्दै गइरहदा एउटा प्रतिविम्ब ले घेरा बनाउछ
एक खाले दर्पण ममाथि . . . मलाई तलतिर हेरिरहेको छ
मैले अरूमान्छेहरूको माथि मडारिरहेको प्रकाशको गोला देख्न सुरू गरे
एउटा विशेष प्रकारको चमक
जुन केही मान्छेहरूमा देखा पर्छ

भगवानले कयौं पटक भनेको मैले पढेको छु
आफ्नु आत्माको केन्द्रमा जाउ र म फेरि अर्को पटक आफ्नो भित्र प्रश्न गर्न सुरू गर्छु

मेरो आत्माको केन्द्र कहाँ छ के यो केन्द्र सोझो उभिएको दिशामा छ . . . यो नाभीको केन्द्र हो
के यो सह्रसारको माथिको केन्द्र हो
म यिनी भित्रका बाटोहरूमा दौडने प्रयोठगर्छु
म गहनताले भित्र नियाल्छु कि यस केन्द्रको अर्थ हो

म पूर्णत उल्झनमा थिए कि कुण्डलीनीको अनुभव सोझो प्रकाश जस्तो
एउटा लामो खाबो थियो . . . के यो सिधा उभिएको प्रकाश मेरो केन्द्र थियो
या ममाथि मडारिरहेको प्रकाशको गोलो मेरो केन्द्र थियो
तर मैले सधै मान्दै आएकी नाभी नै मेरो केन्द्र हो

मैले तर्क गरे की म शरीर होइन
मन पनि हैन . . . भाव होइन
म एक अनाशक्त साक्षी हु
सायद केन्द्र सरिरको भित्र होइन होला
र बाहिर साक्षीको एउटा विन्दु छ

म तर्क गर्छु
यदि केन्द्र केन्द्र एउटा वृतको अंश हो भने
गोला धेरै सहीहोला
र यसैकारणले केन्द्रले
जडित गोलाको  केन्द्र होला

मेरो हिडाइको अनुभव द्वैत स्वभावको थियो
एउटा लामो सिधा उभिएको प्रकाशको खाबो
र एउटा विशाल गोलो घुमिरहेको र म माथि मडारिरहेको
म यो जिज्ञासाको गहिराइमा जान्छु
दुवै ठिक लाग्छ
सोझो उभिएको खाबो र गोला
तर हो चाहि कुन

चाडै नै म गोलालाई आफ्नो केन्द्र मानेर प्रयोग गर्न थाले
यो धेरै ठिक लाग्यो किनकि म अनाशक्त शक्षि थिए
शरीर मनको इन्द्रियहरूको अनुभव सँग जोडिएको थिएन
न त नयाँ प्रकृया सुरूवात भयो
आफ्नो माथि चिलको दृष्टिले
टाढा क्षितिजबाट हेर्न थाले
र मेरो नजिकैका मान्छेहरू चालपाउन थाले कि
मेरो अनुहारमा खाली भाव रहित मुद्रामा छ
यो मृत र प्राण रहित जस्तो लाग्थ्यो

यसको मृत रूपलाई बढाउदै
मैले अन्धकार र रातको कालो माहोलमा प्रयोग गर्न थाले
म सह्रतापूर्वक चुम्बक जस्तै तानिदै गइरहेको थिए
रातको कालो पनका डुब्नका लागि
र आफ्नो कोठालाई पूर्ण त गाढा कालो बनाउनका लागि
मलाई कालो सित प्रेम छ मलाई संझना छ त्यो रात

जब म अन्धकारमा अनुमान लगाई हिड्ने गर्दथे
यस्तो लाग्थ्यो यो वातावरणमा धेरै प्रकाश विध्यमान छ
र म कालो रंगमा धेरै गहिरो तलमा जान पाउने छैन
त्यसैले मैले आँखामा पट्टी बाध्ने निणय गरेर रात्रिध्यानमा बन्न थाले

यो मेरो लागि धेरै प्रगाड हुन लाग्यो
र धेरै आत्मिय पनि
यो अनुभव आनन्द मय थियो . . . म यसमा पूर्णतया डुबेको थिए

रात्रिमा आँमा पट्टी बाधेर हिड्नाले नया बाटोहरू खुल्न थाले
र मलाई बोध हुन लाग्यो कि मेरो आन्तिरिक शरीर बास्तमा कालो छैन
तर वास्तविकतामा बगिरहेको निलोरंगको अग्निकण ले भरिएको र सजिव
र यो गहिरो कालो रंग ले घेरिएको र सुरक्षित थियो
जसको स्वरूप मखमली र कोमल थियो
र जति गहिराइमा डुब्न थाले
त्यति नै म आफुलाई शान्तिको आवरणले घेरिएको पाउछु
मेरो भित्रको निलो प्रकाश अधिक गहन र सजिव हुदै गयो
म जान्दथिए कि कुनै प्रकारको प्रकाशको विष्फोट तर्फ बढिरेको थियो





दुई महिना बित्यो
मैले क्षमा यचानाको भाव एक सन्यासी मार्फत स्वामी स्वभाव कहाँ पठाउछु
उनको उत्तर सुन्दर थियो
र उनीले मुस्कुराउदै मलाई फिर्ता आउनु स्वागत गरे
उनको हार्दिकता र नरम स्वभाव देखेर त्यसबेला देखि म उनलाई स्नेह गर्न थाले
मैले मससुस गरे कि म गलत थिए
आफ्नो सन्यास र माला फिर्ता गरे
तर अब स्वामी नरेन्द्र म प्रति खुसी थिएनन्
र उनले स्वामी स्वभावलाई संभाए
कि म आफ्नो सन्यास दोस्रो पटक लिउ र नया नाम आकाम भारती
यो सबै केवल मलाई पाठ पढाउनका लागि र आफ्नो नाम रजनिशको अंहकार छोड्नका लागि थियो

म आफ्नो रजनिश नाम प्रति अंकार रहित थिए
र यो सबै मैले खुल्ला हृदयले स्विकार गरे
कुनै पनि नाम मेरो लागि ठिक थियो

यहि रूपमा म स्वामी आकाश भारती बन्न पुगे
तर सबै मलाई रजनीश भनेर बोलाउथे
अब जुलाई थियो र मेरो समय रेखा खतम हुदै गइरहेको थियो
मलाई गुरू पूर्णिमा उत्सव सम्म बुद्धत्व सम्म पुग्नु थियो
केवल २० दिन बाँकी

मेरा हरेक दिनको गतिविधिहरूमा गहिरो परिवर्तन आयो
हरेक कदम सजगतापूर्वक लिन्थे
र आफ्नो हातलाई होस पूर्वक हल्लाइ रहन्थे
जागरूपताले उभिन्थे र बस्थे
हरेक कृत्य वा शारीरिक क्रिया बोध पूर्वक हेर्थे
र विस्तारै हिड्ने व्यक्तिको नामले म चिनीन्थे
यो मेरो लागि सहज थियो
यो मलाई बडो उत्तेजक गर्ने खालको रूमानि अनुभव भयो
सबै क्रियाहरूमाथि ध्यान दिनु एउटा आनन्द बन्यो
शुद्ध आनन्दको अवतरण यही बाट हुन्थ्यो
र यो आनन्दको अवतरण को अनुभव ले नै म अभिभूत हुन्थे
यो एउटा उपहार थियो . . . यो ध्यानको अवस्था मेरो दैनिक जीवनको अंश बन्यो

मेरो तिब्रता बढेर गयो
म आफ्नो कोशिसमा लगभग पागल थिए
म पर्याप्त गहिराइमा जाननपाएकोमा स्वयम्लाई दोष दिन्थे
हरेक दिन ९ घण्टा ध्यान गरिरहेको थिए
त्यसमाथि रातिको निद्रालाई जोड्यो भने . . . १९ घण्टा
म अनावश्यक चिजमा ५ घण्टा खर्चिरहेको थिए
त्यसैले मैले कागजमा लेखेकी मलाई १२ घण्टा ध्यान गर्नु छ
९ घण्टा सुत्नु छ
२ घण्टा विहान स्नानका लागि र चियाका लागि अनि १ घण्टा साझको खानाका लागि

मैले धेरै भन्दा धेरै ढोका ढक्ढकाउनु छ
र मेरो मन देखि अपरिचित तरिका हरूलाई प्रयोग गर्नु छ

रातको ध्यानमा एउटा नयाँ आयाम थप्नका लागि
म हरेक रात सुत्थे जस्तो कि म मरिसकेको हु
र गहिरो अझ गहिरो रूपमा कल्पना गर्थे कि म मरिसकेको छु
र उनीहरू मेरो शरीरलाई जलाउनका लागि लिएर जादैछन्





मेरो निन्द्रा हल्का हुदै गयो र रात्रिकालिन अवस्थामा  जागृत रहन थाले
त्यसैले मैले निर्णय गरे कि सुत्नु खासै आवश्यक रहेन अब
म पूर्णत ताजा र गहन आनन्दमा थिए
र मैले निश्चय गरे कि मलाई अझ धेरै गहिराईमा जाने कोशिस गर्नु छ

मलाई बोध भयो कि धेरै तह हरूको अनुभव जम्मा भइरहेको छ
एक किसिमको बहुआयामिक विवेकको एकिकरण
जो अब अभिमुख भएर ठूलो ढोका खोलिरहेको छ
यो एउटा धमिलो अनुमान थियो
फेरि म निश्चय थिए कि आफू भित्रको आवाज लाई सुनिरहेको छु
जो मलाई आश्वस्त गरिरहेका थिए कि म नजिकै छु
कुनै चिजको

आफ्नो समय रेखाको १० दिन टाढा

र बिना कुनै हलचल मैले ७ दिनसम्म पूर्ण मैनमा बस्नु छ

# कालोचक्रमा डुब्नु

सुंदरबनको सानो आँगनमा एउटा निबुको रूख थियो
बस्नका लागी ब्यवधानरहित स्थान
एउटा उपयुक्त स्थान थियो मेरा लागी

म आफ्ना अन्तिम सात दिनहरूमा डुब्न शुरू गरे
दृढ संकल्प र अत्याधिक प्रचण्डतापूर्वक एकाग्र हुन थाले

यो सबै अन्तिम सात दिनको चेतावनीबाट प्रारम्भ भयो

मेरो शरिर धेरै नै तात्न थाल्यो . . . मलाइ लगातार ज्वरो आइरहेकोथियो
र लगातार पसिना बगीरहेकोथियो . . . निन्द्रामा ज्वरोको तिब्रताले कराउनु
र अर्को दिन शरिर हिउ जस्तै चिसोमा बदलिनु
काँप्दै दातहरूलाइ कटकटाउदै थरथराउनु
मेरा यी सबै कुरा अजिब थिए
एक दिन अत्याधिक गर्मि र अर्को दिन तिब्र जाडो
हुनसक्छ मैले धेरै नै प्रयास गरे हुला
त्यसैले अब म सबै छोडेर बडो बलपूर्वक प्रयासलाइ छोडिदीन्छु
अन्यथा यहिरूपमा हो भने म बिरामी हुने पक्का छ

मेरो शरिरमा केहि कुरा टुक्रन शुरू भयो
पारदर्शी बाफलाइ मेरो चारैतिर महशुस गरीरहेकोथिए
शीतल र आराम लाइ . . . एउटा शान्त मार्गदर्शक जसरी

प्रगाढता र एकाग्रताले
मेरा शरिरमनलाइ मेरा इच्छाहरूप्रती आज्ञाकारी बनाइदियो
मेरा हरेक इच्छा र अभिलाषाहरूमा सघाउ पुर्‍याउथ्यो
मैले बोतलबाट एउटा  गिन्नीलाइ निकालेकोथिए

निश्चल भइ बस्नु . . . केवल बिना हलचल बस्नु
बाहिरको बतास खाली नभएको बोध मलाइ हुदै गयो
यसले चारैतीरबाट मलाइ घेरेको थियो र बाहिरबाट जकडेको थियो
र भित्र पनि मलाइ गहन उर्जाले जेलिरहेकोथियो
जस्तो कि उनीहरू फेरी मिलन भएका छन् . . . भित्र र बाहिर एउटै हुनुथियो

त्यसैले म पूर्णतया निश्चल नै रहन्छु
र निश्चलतालाइ एकाग्रतापूर्वक ध्यान गरीरहन्छु
मैले केवल अन्तराहललाइ ख्याल गर्न थाले
भित्र आइरहेको श्वासको अन्तराहललाइ . . . बाहिर गइरहेको श्वासको अन्तराहललाइ
यो अन्तराहल नै मेरो नयाँ केन्द्र थियो

यस्तो पनि बेला आयो कि म बाहिरको श्वास लिन र भित्रको फाल्न पनि बिर्सन थाले
अन्तराहलमा लामो क्रम आउन थाल्यो
र अचानक एउटा अनुभुति आयो कि म खसीरहेकोछु
केवल खसीरहेको छु एउटा गहिरो सुरूगंमा . . . यो अन्तराहलमा
यो अति नै भयानक खाले थियो . . . मलाइ पहिलो चोटि बोध भयो
श्वासको बिच भागको अन्तराहलमा रहेको एउटा जटिल केन्द्रमाथी म ध्यान दिइरहेकोथिए
कैयौ पटक त श्वास रोकिने डरले मलाइ अध्यारोमा धकेल्थ्यो
र यो सुरूगंमा आउने आवाजलाइ सुन्थे लाग्थ्यो म शुन्यतामा तानीरहेकोछु
यो एकदमै डराउने खालकोथियो र बडो आत्मीय पनि

जब जब मेरो निश्चलता धेरै गहिरो हुदै गयो
लाग्यो यो निश्चलता फैलदै गइरहेकोछ

नयाँ अनुभवहरू सतहमा देखा पर्न थाले

मेरो शरिरबाट चमेलीको बास्ना आउनथाल्यो
बास्ना यति प्रगाढ थियो कि त्यसले मलाइ मादक बनाउथ्यो

र मेरो आँखाको ढकनी गह्रौ हुनथाले
मादकता अझ गहन र गाढा हुदै गयो
म एउटा भाव समाधीको अवस्थामा थिए
गहिरो निन्द्राले मलाइ चारैतिरबाट घेरीरहेकोथियो

म आफ्ना दैनिक क्रियाहरूलाइ सोचाइको बन्धनबाट फुत्काउदै गइरहेकोथिए
यो मादक पनले पूर्णतया लठ्ठाइरहेकोथियो
म परमआनन्दमा थिए र सबै कुरा छोडिएका थिए
अब कुनै दैनीक तालीका छैन
केवल यहि भाव समाधी सँग बस्नु र यसलाइ आफुमाथी ब्याप्त हुन दिनुथियो

ध्वनिको बिचित्र अनुभव भइरहेकोथियो
यस्तो लागीरहेकोथियो कि ध्वनी चारै दिशाबाट आइरहेकोछ
र म त्यस भित्र बसेकोछु . . . लहरहरू बृतमा घुमिरहेका छन् . . . मेरो चारैतर्फ
म जति यसलाइ अनुभव गर्छु उती नै आफ्नो मौन प्रती सजग रहन्छु

श्रवण क्षमताको बाहिर थिए . . . लहरहरू मेरो चारैतिर थिए
मौन गहिरीदै गइरहेकोथियो
म गुजंनको ध्वनीमा डुब्दै जान्छु
जस्तो कि लाखौं माहुरीहरू मेरो टाउको वरपर घुमिरहेकाछन्
कहिले कहिले त यो गुजंन धेरै नै चर्को हुन्छ . . . सहन नै नसकीने
तर यो सबै मेरो क्षमता बाहिरका कुरा थिए

मेरो स्पर्श बिस्तारीत हुदैगयो
जुन चट्टानमा म बस्ने गर्थे त्यो प्वाख जस्तै हलुको प्रतित हुन थाल्यो
म अनुभव गर्न सक्छु कि मेरो हात सजिब छन्
र स्पर्श गर्दा बखत प्वाख झै नरम र हलुगो लाग्छन्

म अब सधै माथीतिरको दिशामा हेरीरहन्छु
लाग्छ यो कुनै घना सम्मोहनको बेला हो
मेरो टाउकोलाइ बलपूर्वक कसेजस्तो लाग्यो
र त्यो यति गहन तबरले दबाइएकोथियो कि त्यहाँ छिद्र नै हुनसक्थ्यो
म तलतर्फ हेर्न सक्दैनथे
मेरा आँखा जतिबेला पनि आकाशतर्फ हेरीरहेका हुन्थे
लाग्थ्यो यीनले केहि प्रकट होला भनेर प्रतिक्षा गरीरहेका छन्

चाडै नै म भित्रका इन्द्रीयहरू बहिर जान थाले
म यो पनि अनुभव गरीरहेकोथिए कि केहि भित्रतर्फ पनि आइरहेकाथिए . . . बिलीनता
भित्रबाट बाहिरतर्फ र बाहिरबाट भित्रतर्फ
संवेदनसिलता घना भइरहेको थियो . . . अब कुनै पर्खाल बचेका छैनन्
म बाफ बनीरहेको थिए

मेरो शरिर फैलीन र बेलुन जस्तो फैलन शुरू गर्‍यो
म हावाको प्रवाहलाइ अनुभुति गर्न सक्थे . . . म सँग बिलीन भएको

कुनै दिशाबाट पनि नआएजस्तो तर सबै दिशाबाट आइरहेकोजस्तो
आकाश बाट, पृथ्वीबाट, घामबाट, बृक्षहरूबाट, चट्टानहरूबाट, बतासबाट
सबै सजिब भइरहेका थिए र सबै प्रवाहित भइरहेकाथिए
मेरो शरिर अदृश्य भएकोथियो
म अति नै पारदर्शी र असुरक्षित अनुभव गरीरहेकोथिए

पत्र पत्रहरू मेरा अगाडि खुल्न थाले
यी अनुभवहरूलाइ सम्हाल्न र नियन्त्रीत गर्नलाइ प्रयास गरीरहेकोछु
धेरैखाले अनुभवहरू म भित्र प्रवाहित भइरहेकाछन्
मलाइ शौचालय जानुछ
एउटा ठुलो प्रक्रिया घट्छ जस्तो कि शौच भइसक्यो
भित्रबाट सबै बाहिरतर्फ गयो
मेरो शरिर कसैका लागी तयार गरीरहेको जस्तो लागीरहेकोथियो
हरेक छिद्रबाट केहि बाहिर गइरहेजस्तो लाग्यो
प्रगाढतापूर्वक यो क्रम त्वचाको बाहिरतर्फ बढिरहेकोथियो
म आफैलाइ छाम्छु लाग्छ लिस्याइलोपन बढेकोछ
शरिर नौनी जस्तो भएको छ र नबजात शिशुजस्तो कोमल

लामो कुण्डलिनीको तिब्र प्रवाह आकाशमा सोझोरूपमा
उभीइरहेको दिशामा खुलीरहेको अनुभव म गर्छु
टाउकोमा अचानक दवाब बढ्न थाल्छ
र अचानक रोकिन थाल्छ
मस्तीष्कभित्रको पिडा सहनै नसक्नेखालको छ
र आफै भित्र रून शुरू गर्छु म्
कामना गर्छु कि यो क्रम कुनै रूपमा रोकियोस्
यो धेरै नै थियो . . . कोहि आइ यसलाई रोकिदेउ . . . मेरो विस्फोट भइरहेकोथियो

बर्षा हुन शुरू भएको छ
मेरो श्वास नित्य भइरहेकोछ र खुल्ला हल्का प्रतित हुन्छ
सम्पूर्ण शरिरमा छिद्र भएका छन् र पुरा शरिरले श्वास लिइरहेकोछ
म आफै श्वास बनेकोछु

म एउटा छाता खोज्छु
तर त्यो मेरो टाउकोमाथी अड्न सक्दैन
किनकी त्यो कतै दायाँ त बाँया पल्टीरहन्छ
म त्यसलाइ पून आफ्नो टाउको माथी ल्याउने प्रयास गर्छु
अह कुनै पनि हालतमा छाता टिक्दैन
छातालाइ अड्याउन सक्दैन . . . म यो सबै हुन दिन्छु . . . बर्षा भइरेकोछ
मलाइ अचम्म लाग्छ म माथीको पानीको प्रवाह बिस्तारै रोकिएको चाल पाउछु
यसले सोझको प्रवाहको गतीलाइ बिभक्त गरीदिन्छ
मलाइ लाग्छ म कुनै जादुयुक्त सपनाको अबस्थामा छु

रूख र वरपरको हरियाली अझ संवेदनसील भएर आयो
हावा प्रकाशले भरिएको छ र दन्कीरहेको छ
रंग बर्षाको थोपाहरूमा इन्द्रेणीझै नाचीरहेका छन्
जे पनि म देखीरहेकोछु त्यो अझ प्रगाढ र प्रकाशमय भएकोछ
बिभिन्नखाले रंगहरू हरेक दिशाबाट आइरहेकाछन्
हरेक क्षण नविनताले गर्दा सजिब र पावन भएकोछ
तर यो सबै अनुभवलाइ समाहित गर्न मेरा इन्द्रीयहरू मधुरो लाग्छन्
यो निकै ठुलो परिवर्तन हो र सबै एकाएक . . . अचानक घटेको घटना थियो

पहिलो चोटि मैले आफुमाथी केहि कालो मडारीएको देखे
साँच्चै भन्ने हो भने मलाइ धेरै डर लागेकोथियो

कोहिको सल्लाह पाउने आसमा म आश्रम तर्फ दौडन्छु
र स्वामी स्वभावलाई प्रार्थना गर्छु केहि दिनका लागी आश्रम भित्र बस्न दिवोस्

आश्रमलाइ जुलाइ उत्सबका लागी तयार गरीदै थियो
उत्सबमा आउने मान्छेहरू आश्रममा बस्नका लागी पैसा दिने भएकोले
मेरो निबेदनलाइ अस्विकार गरीयो
र उत्तर दिए कि मलमइ पागल हुने चेतावनी दिइसकीएकोछ
तर मैले कसैको परवाह गरीन
त्यसैले आफै खोज आफै गर जे मन लाग्छ

स्वामी मैत्रेय सँग जान्छु उनी केवल मुस्कुराउछन् र भन्छन्
मलाइ थाहा छैन अब के गर्ने बरू स्वामी नरेन्द्रलाइ यसबारेमा ज्ञात होला उनीलाइ सोध
स्वामी नरेन्द्र मेरो दशालाइ गम्भीरतापूर्वक हेर्छन् . . .
उनी कुनै पनि रूपमा म सँग जोडिन चाहादैनन् . . . तर पनि प्रेमपूर्व सल्लाह दिन्छन् कि
आफ्ना टाउकोलाइ छोपेर पृथ्बीसँग ताल बसाउनकालागी केही अन्न खाउ
म उनीलाइ धन्यबाद दिन्छु र उनको सल्लाहमाथी विचार गर्छु

पछिल्ला केहि दिनहरूदेखी मैले खाना खाएको छैन
र आश्रमको खाना मलाइ तलतर्फ ल्याउछ
आफ्नो टाउकोलाइ रूमालले छोप्छु
सन्यासीहरू म तर्फ बेग्लै दृष्टिले टोलाउछन्
मेरा आँखाहरू केहि अजिब र मादक लागीरहेका छन्
जो पनि मलाइ हेर्छन् मेरो आँखा सित तादम्य जोड्छन्
मेरो तेस्रो आँखा सक्रिय हुन्छ
एक जना सन्यासी मेरो पिछा गर्छन् र सोध्छन् मेहि मद्दत चाहिएको छ कि भनी
जे पनि ल्याउन तयार छन् उनी . . . उनका आखा आग्रहले भरीएकाछन् . . .
उनी सम्मोहनमा छन्
म सँगको आकर्षणमा बाँधीएकाछन्
मैले प्रेमपूर्वन उनलाइ यो बन्धनबाट निकाल्ने कोशिस गर्छु
मान्छेहरू यो सबै हेरीरहेका छन् र म पछि श्रद्धाले आइरहेकोले कुराकानी थालनी हुन्छ

मलाइ लाग्छ अब म सुन्दरबन जाने अबस्थामा छु
बाटो अन्धकार छ . . . जमिनलाइ अब म महशुस गर्न सक्दैनथे
म आफ्ना पैतालाहरूलाइ अध्यारो अज्ञात स्थानमा राख्छु
मलाइ सन्तुलन बनाइराख्नु छ
लाग्छ मेरो बाँया भाग खसेकोछ . . . दाँया भाग खसेकोछ
एउटा लामो सोझो प्रकाशको किरण मेरो मार्गदर्शक छ
एउटा खुल्ला सुरूगं
कुण्डलीनि खुल्छ र म आफुलाइ आकाशमा १०० मिटर लामो अनुभव गर्छु . . .
आश्रमका रूखहरू भन्दा अग्लो



यस्तो लाग्छ अब यो अनुभव रोकीने कुनै संकेत छैन

होटल भित्र पनि पस्न सकिरहेको छैन म
लाग्छ कि म कतै घुलीरहेको छु जब म गल्लीमा पुग्छु त्यहि अनुभव हुन्छ
बिस्तारीत सडकको अनुभव गर्नसक्छु

टाढा रहेर पनि खोलीएको झ्याललाइ देख्न सक्छु
शरिर मध्यभागमा हिडीरहेकोछ
मोडमा बाँया तर्फ मोडिन्छ . . . बिनाकुनै बल र नियन्त्रण
मलाइ अनुभव हुन्छ कि मलाइ कुनै शक्तिले संचालन गरीरहेकोछ
र नयाँ अनुभवको जालोले बेरीएकाछु
यदि म आफ्नो दाँया हात हल्लाउछु छ त बिस्तारै बाट अर्को हात आफै उठ्न थाल्छ
दाँया खुट्टा बाया लाइ आफै उठाउछ र हिडाउछ
माथीतिर गइरहेको क्रियाले तलतर्फको क्रियालाइ सन्तुलित गर्दछ
र अगाडीको क्रियाले पछाडीको लाइ

म शुद्ध पूर्णतामा छु
सबै क्रियाहरूमा सौम्यता भरीएकोछ
आनन्दमय सौम्यता नयाँ दैविकरूपमा प्रकट भएकोछ
ढाकेको टाउकोले केहि हदसम्म राहत दिन्छ
र खानाले फेरी अर्को पटक उर्जाको नयाँ लहर ल्याउछ
टाउको उज्यालोमा बिस्फोट हुन्छ
रातको संघर्षको कुनै अन्त्य छैन

मलाइ संझना छ ८ बजेको नजिकै
कुनै रूपमा म आनन्दमा पुग्छु पूर्णतः आनन्द
यो कालो अन्धकारमा कैयौ कुराहरू घटिरहेकाछन् . . .
म होटल भित्र जान सकिरहेको छैन

आजको राती म यहि निबुको रूख तल बस्नेछु

यी सारा परिबर्तनले थकित भइ शक्तिहिन् भइ
रूखको मुन्तिर बसेर माथीतिर हेर्छु
रहस्यमी कालो चक्र म माथी मडारीरहेकोछ
अब त झन केहि दुरीको उचाइमा मात्र छ

चमेलीको बास्नाले स्थितीलाइ सघन बनाइरहेकोछ
म यी सबै अनुभवहरू बाट धेरै नै शक्तिहिन् भएकोछु

मलाइ लाग्छ म माथी कालो अवतरण भइरहेको छ
र म खस्दै खस्दै खस्दै
तल अनन्तमा सस्छु

एउटा कालो खाडलमा
एउटा कालो चक्रमा





यो सबै कुरा सायद घण्टौ सम्म चल्योहोला
तर म चाडै ब्युझन्छु
र बुझ्न सक्दछु
आफ्नो भित्रीलाइ
म कुनै चिजमा खसीरहेकोछु

खस्ने क्रम अझै जारी छ
तर बिस्तारै र आरामपूर्वक
एउटा सुरूगंमा
हलुका प्वाँख खसेजस्तो

म एउटा नयाँ संसारलाइ देखीरहेकोछु
सबैतिर प्रकाश छ
अनुभवका श्रृखंलाहरू सबै सामुन्नेमा आउछन्
म आफ्नो पछिल्लो जन्म को किनारै भएर जान्छु
एक क्षणमा, केहि छोटो समयसम्म

कुनै रूपले मैले सबै कुराहरूलाइ एकैचोटी अनुभव गर्न सक्छु
यस्तो लाग्छ कि यो सबै बास्तबिक संसार हो
र बास्तबिक संसार केवल सपना हो
म देख्दछु बुद्धसँगैको मेरो एउटा जीवन
तिब्तीयन लामाको रूपमा रहेको मेरो एउटा जीवन
यो सबै देखीरहेको छु आँखाको अगाडी र दृष्य फैलीरहेको छ

म हेर्छु यी सबै स्मृतीहरूमा शरिर फेरी अर्को पल्ट बाँचीरहेकोछ
अगाडी बढीरहेको छ र छोड्दै गइरहेकोछ
मधुरतापुर्वक हेरीरहेकोछु

म हेर्छु मेरो शरिर बिस्तारै भित्र आइरहेकोछ
मांसपेसीहरू शिथील हुदै गएका छन्
यी सबै जीवनको ग्रन्थीलाइ खोलीरहेका छन्

यो जीवन अनन्त चलीरहेकोछ
जनावरको जीवनमा
आखीरी कुराहरू जुन मलाइ संझना छन्
माछा जस्तो तैरीरहेको
समुन्द्रमा



यस्तो लागीरहेको छ कि अनन्त काल बितीसकेको छ

मलाइ थाहा छैन यो कति बेला सम्म चल्ने हो
कालो चक्रको अवधिमा मलाइ कुनै पनि कुराको हेक्का हुदैन

म कालो चक्रमा अचेत भएकोछु
म माथी बिशाल केहि कुराको उपस्तिथीको भान हुन्छ

यो भखैरै मात्र अवतरीत भएको छ र मलाइ आवरणमा लिएको छ यसले
कुनै रूपमा मलाइ थाहा छ कि यो कुनै दिब्य आत्माको आगमन हो
जसलाइ म धेरै पहिले देखी जान्दछु



म चिन्न सक्छु र सुन्न सक्छु मधुर र कर्णप्रिय आवाजलाई
आफ्नो पछिल्लो जीवन मार्फत

एउटा दिप्तीमयी प्रकाशमान् आत्मा

गौतम बुद्ध
अवतरीत भएका छन्

म असहाय भई अचेतरूपमा पल्टेकोछु
केवल हलुका र फुगं

म आफु भित्रबाट हेर्छु
म माथी आइरहेको उनको कृपा
मेरो भव्य गमनका लागी

उनको आइरहेको कृपा र मनुष्य जाती माथी काम गरीरहने इच्छा
म उनका शब्दहरूलाइ सुन्न सक्छु र अनुभव गर्न सक्छु
उनी फेरी यस जगतमा आउने सम्बन्धमा
उनको शब्द उनको महान् बचन लाइ पुरा गर्न पुष्ट छन्

म आकाशमा उडीरहेको अनुभव गर्छु
उनको हृदयको हरेक अभिब्यक्ती देखी
उनको आत्माको अखण्डता देखी
उनको सानिध्यको शक्तिदेखी
उनले मानवजाती लाइ दिएको बचनदेखी

बुद्धको फेरी आउने वचन
२५०० बर्ष पछि
म उनले रोजेको माध्यम थिउ
मलाइ चिनीन्थ्यो
मैत्रयको रूपमा
एक साथीको रूपमा

प्रकाशको जोड घट्दै गइरहेकोथियो
मेरो भौतिक शरिर भित्रदेखी नै बदलीरहेको भेय मलाइ भइरहेकोथियो

मेरो कम्मरको भाग बढेर अझ ठुलो र पुष्ट भयो
खुट्टा, हात सबै फैलीएकाछन् . . . फैलाब सबैतिर छाएकोछ
औलाहरूले केहि बोलीरहेजस्तो भावमुद्रा बनाए, खुट्टा अलि चौडा भए
मेरो शरिरलाइ कोहिद्धारा लिइएकोछ

अहिले पनि म अर्धमूच्छीत अवस्थामा छु
सर्जरी कैयौ तलाहरू माथी भइरहेकोछ
गहिरो भावदशामा
म पूर्णतः आनन्दमा छु
आनन्दमा छु . . . आनन्दमा छु

एउटा ठुलो बिस्फोटसँगै म ब्युझन्छु
जस्तो कि घाम नै म माथी पसेकोछ
गिदी कहि कतै छैन
म आफ्नो मगजलाइ बाहिर माथी बाट देख्न सक्छु
दन्कीरहेको असहृय प्रकाश
मेरो टाउकोमा प्रवाहित भइरहेको छ
म अन्धो हुन्छ
केहि देखीदैन र पूर्णत अन्धो भएकोछु म

म आफ्नो आँखा खोल्न सक्दैन
यीनी चट्टानहरूजस्तो भारी लागीरहेका छन्
शरिरलाइ हल्लाउन सकेको छैन
म सँग रत्तीभर बल छैन
रूखको तल त्यसै पल्टेको छु
तर सबै कुरा देखी बोध गर्न सक्ने हालतमा छु

म निकै टाढा रहेका घरहरूको छत देख्न सक्छु . . . आश्रमका रूखहरू
होटल आँगनमा रहेको निबुको रूख र त्यस तल लडेको मेरो शरिर
कृपया कोहि आइदेवोस् र मलाइ चलाइदेवोस् ताकी म हिड्न सकु
म चट्टानजस्तै भएकोछु . . . त्यस्तै गह्रौ
आफ्नो शरिरलाइ समेत उठाउन सकीरहेको छैन

मेरो ईच्छा छ कि म उठ्न पाउ
र यो ईच्छासँगै म आश्चर्यपूर्णरूपमा उठ्छु
आफ्नै शरिरमा डुबेको भान मलाइ हुन्छ

बाक्लो पिडा महशुस गर्छु भर्खरै सर्जरी सकेर हुनेजस्तो लठ्ठ भएकोछु

राती के भयो मलाइ उती हेक्का पनि छैन
केवल कालो चक्रमा खसेको स्मृती
समुन्द्रको माछाको स्मृती
आफैले आफैलाइ नयाँ पाउछु
म आफ्नो शरिरलाइ चिन्न सक्दैन न त आएका बदलावलाइ थाहा पाउनसक्छु
म फरक किसीमले हिड्दछु . . . बेग्लै रूपले उभिन्छु . . . मेरा हात फेरीएका छन्
मेरो अनुहार ठुलो भएको छ र अर्कै रूपमा पाउछु
म भित्र र बाहिर फरक अनुभव गर्छु
म को हु

जब म सोफ्नो भइ बस्छु
एउटा ठुलो चिजले मलाइ निल्न खोज्छ
र एकखाले प्रकाश बिस्तारै म भित्र आउन शुरू हुन्छ

अब होइन् . . . कृपया अबफेरी यस्तो होइन् . . . यो म माथी धेरै नै भयो
म एउटा लामो सोफ्नो उभिएको प्रकाशको खाबोलाइ फेरी फुकेको देख्छु
म माथी एउटा लहर जर्बजस्ती अवतरण भएको भान हुन्छ
र म अर्को पटक सोसीएकोछु
र अर्को पटकआफै भित्र कतै खसेकोछु

म तैरन्छु भित्र आफै भित्रै
र चाडै नै त्यस बिन्दुलाइ चिन्छु जहाँ म गएको रातीमा आएकोथिए
एउटा गोलाकार छिद्रलाइ देखीरहेकोछु जो सुरूगंमा गएर उघ्रन्छ
चम्कीलो प्रकाश त्यसको अन्तिममा छ

म फेरी बाट भित्र छु . . . आफ्नो नाभीको पछाडि
यसको अर्थ म अब आफ्नो शरिर छोड्ने सुरमा छु
म तयार छु
यी सबैलाइ समाप्त हुनु छ

तर तैरने उत्रने क्रम जारी छ
म अब नाभीको तल खसीरहेकोछु . . . र डराउछु
मेरो बिचार प्रयास गर्छन् र दृश्यमा आउछन्
म गलत ढोकामा छु . . . मलाइ नाभी बाहिर आउनु छ
न कि कालो चक्रबाट जो मेरो सम्मुखमा छ

म कडा प्रतिकार गर्न शुरू गर्छु
अगाडि र पछाडि फुल्दै लामो सोफ्नो प्रकाशको
खाबोलाइ हल्लाउन शुरू गर्छु
मलाइ यो कालो चक्रको भित्र फेरी खस्नु छैन
मैले सचेत हुनुछ
मैले नाभी बाट नै शरिर छोड्नुछ

आफ्नो चेतनालाइ ब्युझाइ राख्नका लागी पछाडि हल्लन्छु
हल्लनु छ हल्लनु छ हल्लीरहनु छ
जीवित रहनका लागी एउटा ठुलो संघर्ष शुरू भएकोछ
यो एक कडा खिचातानी हो
कुण्डलिनीले मलाइ बलियोसँग समातेर निश्चलतापूर्वक राखेकोछ
टाउको फुटेर गिदी निस्केको भान भइरहेकोछ
टाउको भित्र चरक्क केहि आवाज आएको सुनिन्छ
यो भयावहपूर्वक जघन्यतर्फ गईरहेकोछ
म आफ्नो जीवनलाइ कसरी बचाउँ
यो क्रम लगभग एक घण्टा सम्म चल्छ

अन्त्यत केहि कुराको टुगों लाग्छ केहि बाटो पाउछु . . . कुण्डलिनी शान्त हुन्छ

मलाइ बोध हुन्छ कि कोहि अर्को आत्मा ममाथि मडारिरहेको छ
त्यसबाहेक पनि अर्को एउटा आत्मा छ
तिनओटा ठूला प्रकाशका गोला ममाथि छन्

मलाई थाहा छैन उनीहरू को हुन्
उनीहरू सबै यो संघर्षलाई हेरिरहेका छन्

म आफूलाई असहाय अनुभव गर्छु
सायद यो अति धेरै थियो मेरा लागि र अचानक घटेको थियो
म यो अवतरणका लागि तयार थिइन
मेरो शरीर धेरै नै नाजुक थियो
तयार थिएन
मेरो संकल्प बलियो थियो तर म सँग अनुभव थिएन
मलाई हार मान्नु छ यो जे सुकै होस्

म शान्तिपूर्वक हेर्छु र महसुस गर्छु
बुद्ध म माथि करूणा र विवेक सहित बर्षिरहेका छन्
म उहाँले भनेको अनुभव गर्न सक्छु
मेरो तयारी हुनेबेला सम्म उहाँ प्रतिक्षा गर्नु हुनेछ
उहाँ सहजता पूर्वक मुस्कुराउनु हुन्छ
र सालिनताले अर्को आत्मामा विलिन हुनुहुन्छ

म होसपूर्वक छु तर आश्चर्य र उन्मुत्त दशामा छु

म उठ्न चाहान्छु जित्न चाहान्छु जतिसक्दो चाँडो
त्यती नै चाडै यो ठाउबाट अन्यत्र कहि जान चाहान्छु
सोझै आफ्नो घर अगाडिको खुल्ला बगैचामा जान चाहान्छु
यो पछिल्लो क्रमको संघषका कारण . . . म लखतरान परेकोछु
यताउती हल्लन चाहान्छु . . . श्वास लिन चाहान्छु र सामान्यरूपले हिडडुल गर्न चाहान्छु
खुल्ला स्थानमा हिडेर आफुलाइ सन्तुलित राख्न चाहान्छु

म बगैचामा हिड्छु र फेरी अर्को पटक माथीतर्फको दिशामा तानिन्छु
मेरा आँखाले माथी हेर्छन्
आकास बादलले घेरीएकोछ
बादल हटेर जान्छ
आकाश खुल्छ
निलो आकाश बिस्फोटित हुन्छ

एउटा चम्कीलो सेतो चाँदीको रंगको सुरूगं स्वयंमलाइ प्रकट गर्छ

म स्तब्ध छु

म प्रकाशको सबैभन्दा चम्किलो गोला तर्फ हेर्छु
हीराजस्तो प्रकाश आइरहेकोछ

भगवान जोडिएका दुइ हातले प्रणाम गर्दै
सालीनतापूर्वक मुस्कुराउदै बिस्तारै बहदै म तर्फ तलतिर आउनुहुन्छ

म मरीसकेकोछु र स्वर्ग गइसकेकोछु
म बिश्वास नै गर्न सक्दैन मेरो अगाडि यो के भइरहेकोछ के देखीरहेकोछु
सबै भन्दा धेरै दिब्य र अलौकिक महा दृश्य
पृथ्बी थामीएको छ

म उहाँलाइ प्रणाम गर्दै घासमाथी पल्टन्छु
मेरा आँशुहरू बाध्य भएका छन्
म माथीतिर हेर्छु

उहाँ मुस्कुराइरहनुभएको छ र सान्त्वना दिनुहुन्छ

म यी आँशुको बाढीलाइ थाम्न सक्दैन
आँखालाइ पुछेर हेर्छु कि के चाहि सत्य हो
त्यो अझै पनि मडारीरहेको छ र मलाइ हेरिरहेकोछ

खुशीको आँशु निरन्तर बगीरहेकोछ
म फेरी माथी हेर्छु
उहाँ मुस्कुराउदै बहीरहनुभएकोछ

उहाँका औला शान्तपूर्वक संकेत गर्छन्
मेरो नजिकै रहेको रातो गुलाफतर्फ
म हेर्छु एउटा गुलाफको थुँगा फरफराइरहेकोछ

उहाँ मुस्कुराउदै भन्नुहुन्छ
तिमी शितको थोपा हौ यो गुलाफको पत्रहरूमाथीको

मेरो आशिष तिमीलाइ
तिमी घर पुगेका छौ

म तिम्रो उत्सव मनाउछु

उहाँका आँखा हिरा जस्तै टिलपिलाइरहेका छन्
उहाँ गहिरीएर मलाई हेर्नुहुन्छ

र बिस्तारै सुरूगंमा उदाउनुहुन्छ

प्रणाम गरीरहेका हात
निलो आकाशमा

म आकाशतर्फ एकटकले हेरीरहन्छु
गुरूको परमरहस्य मेरो अघिल्तीर उघ्रेकोछ
जब शिष्य तयार हुन्छ गुरू प्रकट हुनुहुन्छ

एकै क्षणमा मलाइ सबै कुराको याद आउछ
उहाँ मेरो सम्पूर्ण उतारचढाबलाइ हेरीरहनुभएकोछ

र म एउटा बहुला मान्छेले जस्तो हाँस्न शुरू गर्छु
कुनै बेला हाँस्ने र रूने
हाँस्दा हास्दै रूने रूदा रूदै हाँस्ने

एउटा गहिरो मौन म भित्र उदाउछ
त्यस्तो शान्ति जो आम बुझाइ भन्दा फरक छ

मलाइ थाहा छ
मैले देखेकोछु

द्रष्टा जागेकोछ
दिन बादलले घेरीएकोछ
हावामा कुहिरो ब्याप्त छ

कलकलाउदो गुलाफ म तर्फ हेर्छ
त्यसको सुगन्ध बतास तर्फ

एउटा रहस्यमयी गुलाफ



म आनन्दमा छु . . . म आनन्दमा छु
आनन्दको बर्षा सबैतिरबाट भइरहेकोछ
यति धेरै आनन्दको अबस्थालाइ कोहि कसरी सम्हाल्न सक्छ होला
म धेरै नै आनन्दले मरेको झै भएको छु . . . मेरो हृदय फुट्न थालेकोछ

जुन बखत मैले भगवान्लाइ आकाशबाट तलतिर उत्रीरहेको देखे
र उहाँले आफुलाइ प्रकट गर्नुभयो . . . सबै कुरा रूपान्तरीत भयो

एउटा चमत्कारीक परीवर्तन थियो
र एउटा अपत्यारीलो छलागं
एउटा नयाँ मनोविज्ञान मेरो चेतनाभित्र आएको थियो

जे पनि मैले पढेकोथिएँ . . . त्यो स्पष्ट भयो
सबै प्रश्नहरू बिलाएर गए . . . सबै असत्य हराएर गएँ

पुरानो शरिरमन जसको अशान्ति म भित्र थियो
सबै पग्लीएर विलीन् भयो . . . नयाँ अद्धैतको अनुभवको क्षण
शान्ति, आनन्द र प्रकाश

र त्यो देखेर
शरिरमनलाइ बुझेर
विवेकको प्रकाशले बहुमुखी तहहरूको बाटो तय गर्‍यो

द्रष्टा आत्मा हो

जिज्ञासुकर्ता र जिज्ञासा हराइगयो

केवल द्रष्टा बाँकी रह्यो

म ब्रह्माण्डसँग नाचीरहेकोथिए र हावा सँग मुस्कुराइरहेकोथिए
ति सबलाइ कस्तो गहिरोरूपमा अनुभव गरेकोथिए
यसले सम्पूर्ण मनोबिज्ञानलाइ बदलीदिन्छ
र ति शब्दहरूलाइ फरक फरक रूपमा बुझ्न सकिन्छ



म जुन कुरा भन्न चाहिरहेकोछु त्यसलाइ अभिब्यक्त गर्न सक्दैन
यो सम्पूर्ण बास्तविकताको एउटा झलक हो

यो भन्नु नै पर्छ
मौन पनि रहदैन त्यहा
यो पनि अर्थहिन् हुन्छ

यो निकै भव्य छ . . . यो निकै सुन्दर छ . . . यो सुललीत छ . . .
यो शुद्ध प्रेम हो . . . यो प्रकाश हो . . . यो संभोगको परमदशा हो
र अनन्त आकाश भन्दा पनि बिस्तृत यो जहाँतही ब्याप्त छ

सत्य सबै ठाउमा छ
हरेक तन्तु जहाँ म हेर्छु त्यहा सत्यको झलक देख्छु
सम्पूर्ण आकाशमा विद्यमान र त्यसको रिक्ततामा पनि उपलब्ध
आकारमा र निराकारमा

ओहो यो कस्तो आश्चर्य . . . कस्तो चमत्कार
मान्छे समुन्द्रमा रहेको एउटा माछा जस्तो
तर आफ्नो स्वयंमको जीवनको स्रोत देखी अनभिज्ञ

सत्य एउटा खुल्ला आकाश हो
एउटा खुल्ला रहस्य . . . सबैलाइ हेर्नलाइ लुकेको छ

अनन्त आनन्द

म घर आएको छु
यो मेरो ब्रह्माण्ड हो
मैले कैयौ जन्मसम्म सत्यको खोज गरे
र त्यो अब हरेक कोण बाट मलाइ हेरीरहेकोछ

म मरेर फेरी जिवित भएको छु
मैले भगवान्लाइ दिएको आफ्नो वचन पुरा गरे

यो गुरूपूर्णिमाको उत्सवमय माहोल हो जुलाइ १९८६
मेरा आँखा आशुले भिजेका छन्

मैले मौन हुनुछ र यो अनन्तलाइ आत्मसाथ गर्नुछ
र यो नयाँ ब्रह्माण्डको . . . जसलाई सम्मुखमा देखीरहेकोछु
मलाइ शान्त हुन आवश्यक छ
यसलाइ भित्र अनुभुत गर्न र यस अनन्तको अर्थ बुझ्नकालागी
मलाइ समयको आवश्यकता छ स्थिर भइ यी सबै दृश्य
र कृत्यहरूलाई आफुभित्र आउन दिनका लागी

तर म यो हालतमा अरू धेरै बस्न सक्ने छैन . . . मलाइ नाच्न मन लागीरहेकोछ
सत्यलाइ थाहा पाउने यो बिस्फोटक आनन्दलाइ फैलाउन चाहान्छु
आफ्ना सन्यासीहरू तर्फ . . . आफ्ना मित्रहरू तर्फ जसलाइ म प्रेम गर्छु

केवल ९० दिनमा हासील गर्नु
एउटा क्रान्तीलाइ जन्म दिनेछ . . . मात्र एउटा मान्छेले
म स्रोत र प्रेरणा बन्नेछु कि सबै मान्छेहरू त्याहा पुग्न सक्नेछन्
र उनीहरू पनि चाडै डुब्नसक्नेछन् संभोगको यो परमदशाको आनन्दमा

मेरो हृदय उनीहरूका लागी तड्पन्छ . . . उनीहरू सबै यसको पात्र हुन्
हरेक कोहि ब्याक्ती यसको पात्र हो

म एउटा नयाँ आनन्दमा हिडीरहेकोछु
गुरू पूर्णिमाको अवसरमा उत्सब मनाउनका लागी . . . द्धाररहित द्धार बाट बहदै
म हर्षउल्लासमा सहभागी हुन्छु . . . सबै सँग रहेर भगवान्को उत्सव मनाउछु

बुद्धम शरणम गच्छामी
संघम् शरणम गच्छामी
धंमम् शरण गच्छामी





उनीहरू सबै च्वाग्त्सु हलमा छन् . . . म लाउत्सु द्धारबाट प्रबेष गर्छु
असीम आनन्दसँग म अनुभव गर्छु कि यो पवित्र स्थानको
म पनि एउटा भाग हु जहाँ भगवान् बस्नुहुन्छ
सुस्त  सुस्त बर्षा भइरहेकोछ . . . बतास रहस्यले भरीएकोछ
एउटा नयाँ उर्जा तपतपाइरहेकोछ
म मधुरतापूर्वक उत्सबमा सहभागी हुन्छु . . . च्वाग्त्सु हलमा नृत्य गर्छु
र किर्तनमा नाच्छु र भगवान्को गीतसंगीतले बतासलाइ भरीदिएकोछ

लाउत्सु . . . पृथ्बीको स्वर्ग . . . यहि नै हो त्यो ठाउँ जहाँ बुद्धत्वको कमल फुल्छ

म इच्छा गर्छु कि एक दिन मेरो पनि यो मन्दिर जस्तै शयनकक्ष होस्
र एउटा ठुलो बृताकार ठाउँ जसको चारैतीर बगैचा होस्
म आनन्दमा डुबेकोछु

धेरै आँखाहरूले मलाइ घोरीएर हेरेको देख्छु
सन्यासीहरू मेरो चारैतिर केहि नयाँ कुरा उपस्थित भएको अनुभव गरीरहेकाछन्
उनीहरू क्रोधित भएका छन् कि म यती स्वतन्त्रतापूर्वक कसरी नाच्न सक्छु
उनीहरूले मलाइ यस्तोरूपमा नाचेको यस अघि कहिल्यै देखेका थिएनन्
केवल गम्भीर र सधै बिस्तारै हिडेको देखेकाथिए
म उनीहरूको रिसलाइ बुझ्न सक्दैन
उनीहरू खासखुस गछ्र्न तर मेरो नजिक आउनदेखी डराउछन्

म उनीहरूका लागी सधै एउटा टाढको मान्छे थिए
बिस्तारै उनीहरूलाइ यो नै बानी हुनथाल्यो . . . उनीहरूले म माथी हाँस्दै
र मेरो बिस्तारै हिड्ने बारेमा हाँसो मजाक गरेर मलाइ सहनसक्ने बनाए

तर अब म अझ धेरै अपरीचित थिए
यो उनीहरूका लागी नयाँ थियो र उनीहरूले हाँस्न छोडिदीए
उनीहरूका चुट्किला अब मेल खादैनन् . . . यो नयाँ माहौलमा जुन म भित्र समाहित छ
र यो एक नयाँ ढर्रामा फेरीएको छ कि म बुद्ध भइसकेकोछु

मैले एक शब्द पनि बोलेको थिएन
म पूणतः आनन्दमा हराएकोथिए र चुप थिए
तर मेरो उपस्तीथी नै . . . मेरो हरेक कृत्य नै
मेरो लयदार चाल नै . . . मेरो चारैतिरको सुगन्ध
सबै कुराले उनीहरूलाइ भगवान्को संझना गराउछ

उनीहरू एक अर्काको कानमा खासखुस गर्न थाले कि म आफुलाइ बुद्ध संभन्छु
र म भगवान् भएको ढोगं गरीरहेकोछु

म आजित थिए . . . कुनैरूपले यिनीहरू मनलाइ पढ्न समर्थ थिए
के अब उनीहरू मेरो मनलाइ पढ्न सक्छन् र निर्णय गर्न सक्छन्
कि म के सोचीरहेकोछु र भन्नसक्छन् कि त्यो यहि थियो जुन म सोचीरहेको थिए

मलाइ थाहा भयो यो सबै आउने कुरूप कृत्यको शुरूवात थियो
यो बास्तविक संसार थियो जहाँ म प्रबेष गरीरहेको थिए

अध्यात्मीक अहंकारको संसार . . . सत्ता पाउने ध्याउन्नमा लागीरहने
संघर्ष गर्नु . . . धारणा बनाउनु . . . इर्ष्या गरेर यन्त्रवत मारीदिनु

कसैले पनि मेरो नजिक आउने कष्ट गरेन
आफ्नो आँखा बन्द गरेर . . . मलाइ यो सोधिएन कि मलाइ के भयो
केवल एउटा मान्छे जस्तो . . . एउटा साथी यात्रीको नाताले
उनीहरू सबैले आफ्नो लागी फैसला गरेकाथिए
स्वयंम निर्णय गर्नु . . . न्यायधीस बन्नु . . . बिना कुनै मुद्दा मामीला दोषी बनाउनु
सजाय सुनाइ आफ्नो निर्णय सबैलाइ बताउनु

यी हुन् सत्यका महान् जिज्ञासु

उनीहरू मलाइ एक्लै छोड्दैनन्
अचानक हरेक कोहि मेरो गुरू बन्छ
निरन्तर मेरो अहंकारको बारेमा बताइरहेको हुन्छ
मेरो रोगको बारेमा . . . र मेरो उपचार . . . आफ्नो अंहकारलाइ छोड

सबै जना मैले नसोधिकनै
मेरो स्विकृतीबिना आफ्नो नाप्ने फित्ताले मेरो जाँच गरीरहेका हुन्छन्
बिस्तारै बिस्तारै म आफ्नो चारैतिर गुरूहरू देख्छु

मलाइ उनीहरूमाथी करूणा आउछ
मलाइ थाहा थियो कि उनीहरूले चाल पाइसकेकाछन्
म सँग केहि कुरा घटेको छ भन्ने
र यो सबै तिनीहरूको इर्ष्या थियो
मलाइ यहिसँगै बाच्न सिक्नु छ . . . मौन करूणा सहित

म देख्न सक्थे कि बास्तवमा हरेक जिवित मान्छे सत्यको खोजीमा छ
जे पनि उनीहरू गरीरहेका छन्
राम्रो या नराम्रो . . . असल वा खराब
यिनीहरू सबै सत्यलाई खोजिरहेका छन्

सत्य नै सम्पूर्ण जीवनको स्रोत हो

जन्म, मृत्यु र पुनः जन्म
बढिरहने विकासका लागी
सत्य हुनका लागी
स्वयंममा आउनका लागी

जहाँ बाट यो परम आनन्दको सृष्टि उत्पन्न हुन्छ
चेतनाको यति उचाइमाथी
कि उनी आफुलाइ देख्न सक्छन् . . . स्वयंमको अनुभव गर्न सक्छन्
र आफु एक्लै बुद्धत्वबाट प्राप्त आनन्दलाई उत्सव मनाउन सक्छन्

म सबै जीवित आत्माहरूका लागी बुद्धत्वको कामना गर्दछु

भगवान्को प्रकाशमय बिस्तृत आतमा देखेर
र आफ्नो स्वयंमको आत्मालाई देखेर
म केवल एउटा शिशु हुँ . . . भर्खरै मात्र जन्मीएको

मलाई अनुभव भयो कि मलाइ केवल बुद्धत्वको अद्धैत बारे बोध भयो
मेरा आँखा खुलीसकेकाथिए

आफ्ना लागी म केवल एउटा शिष्यबाट भक्त बनेकोछु

पहिलोचोटि मलाइ भक्त भएको सुन्दरताको बोध भयो
मेरा आँखा खुलीसकेकाथिए

अब म बास्तवमै उनको भक्त हु यी खुल्ला आँखा मार्फत
मलाइ उनको गहिरो रहस्य थाहा छ
म सधै उनलाइ देख्दछु

आफ्नो बुद्धत्वको अनुभवलाइ उनको चरणमा अर्पित गर्दछु
यो त्यसको तुलनामा केहि पनि होइन जुन मैले भगवान्लाइ देखे
अरू गहिराईबारे थाहा पाउनुछ . . . गहिराइमा गएर आफ्नो अनुभवलाइ बाढ्नुछ

बलाइ बोध भयो भगवान् २१ र्बषको उमेरमा १९५२ मा बुद्ध हुनुभएकोथियो
तर म मौन बसीरहे र आफ्नो सन्यासको कार्य १९७०मा शुरू गर्नुभयो
उहाँलाई १८ बर्ष लाग्यो आफ्नो यात्रा पुरा गर्नलाई

आचार्यदेखी भगवान्सम्म
बुद्धदेखी गुरूसम्म

आचार्य देखी . . . जसको भित्री र बाहीर एकै छ
भगवान्सम्म . . . भित्र पनि छैन बाहिर पनि छैन . . . मात्र एकाकारमा विलीन छ

आचार्य . . . जो भित्रबाट सहयोग गर्न सक्छ . . . तिम्रो आत्मालाइ हेर्न सक्दछ
भगवान् . . . जो बाहिरबाट सहयोग गर्नसक्छ . . . स्वयंमको आत्मा तिमीलाइ दिन सक्छ

यो मलाइ स्पष्ट थाहा थियो कि उहाँ पाँच वटा गहिरो समाधी को अनुभव तय गर्नभएकोथियो
१८ बर्षको अन्तराहलमा
समाधि समाधि समाधि समाधि अन्तिम समाधि
विस्फोट विस्फोट विस्फोट विस्फोट अन्तिम आन्तरीक विस्फोट

समाधि जहाँ शितको थोपा समुन्द्रमा मिल्दछ . . . समुन्द्र बन्दछ

शितको थोपा सर्मपित हुनु
र समुन्द्रको विशालताको बोध हुदै विलीन् हुनु
त्यसले केहि हराउदैन . . . त्यो समुन्द्र जस्तै विशाल हुनजान्छ

तर समुन्द्र शितको थोपामा हराउछ
कति अनन्त करूणा
समुन्द्र शितको थोपा बन्नु
धेरै ठुलोले अति सानोसीत झुक्नु

केवल पुर्वले अभिब्यक्तीको यती गहिराई थाहा पाएको छ
र यो अनुभुती र बिवेक मृत्यु हुन लायक छ

म पूर्णत भगवान्को प्रेममा छु
म यहि चाहाना गर्छु
उनको चरणमा एउटा भक्त झै बसीरहनु
बुद्ध को हुन चाहान्छ
अब म भित्र भगवान् हुनुहुन्छ

मलाइ एउटा विशाल आनन्द प्राप्त भएकोछ . . . भव्य प्रेम . . . मेरो गुरू

म उहाँको नजिक हुन चाहान्छु र उहाँलाई शरिरमा पहिलोपटक देख्न चाहाँछु
कस्तो सपना . . . म उहाँलाइ देख्न पाउछु . . . त्यो पूर्णतः आनन्दमय क्षण होला
म कल्पना पनि गर्न सक्दैन के हुन्छ भनेर . . . के घट्नेछ भनेर

यो शुद्ध एश्वर्य हो
महान् सौभाग्यको बर्षा हो एउटा साँचो गुरूलाइ पाउनु
र भगवान् गुरूहरूको पनि गुरू
सबैभन्दा बिकसीत आत्मा जुन पृथ्वीमा सायदै अवतरीत भएको थियो
सबै शताब्दीको प्रेरणा

म केवल उहाँको चरण छुन चाहान्छु र रून चाहान्छु
उहाँ बहदै हिडेको हेर्न चाहान्छु
केवल बसेर उहाँका शब्दहरू सुन्नु . . . उहाँको मौनमा डुब्नु
उहाँका समभाव कृत्यहरूलाय हेर्नु र उहाँका आँखामा एकटकले हेर्नु
उहाँले बतासमा फैलाउने जादुलाइ हेर्नु
उहाँको लालीमय र चुम्बकिय उपस्तिथीको साक्षी हुनु
जसले जिज्ञासको आनन्दीत लहरमा डुबाइराख्छ

म अब खुल्ला आँखाले हेरीरहेकोछु
भगवान्लाइ देख्नु संसारको सबैभन्दा भब्य दृश्य होला

म बुझ्छु महाकश्यप मौन किन बसे
मलाइ त्यस्तै नै हुनुछ

म परिचयको दायरामा आउन चाहादैनथे
मौन बसेर . . . आफ्नो रहस्य राख्न चाहान्थे
म लोभी थिए
म आफ्नो अनुभवमा गहिरो डुब्न चाहान्थे र त्यसको आनन्द लिन चाहान्थे
अज्ञात हुनुको निजी स्वतन्त्रता चाहेकोथिए

भगवान् यस जगतमा सबैभन्दा भब्य दृश्य हो . . . केवल उहाँलाइ खेलीरहेको देख्नु



म जगत्का यी नयाँ अनुभवहरूमा स्थिर हुदै गइरहेकोथिए
फेरीपनि स्तब्धताको अवस्थामा . . . अनुभवहरूका पत्र पत्रहरूाइ आत्मसाथ गरीरहेको थिए
आफ्नो शरिर मनको स्थुल र शुक्ष्मरूपले तत्वरूपान्तरणमा सघाउ दिइरहेकोथिए

मेरो शरिर भित्रीरूपमा धेरै किसीमबाट फेरीरहेकोथियो

यी सबैले म माथी गहिरो असर भइरहेकोथियो
मलाइ धेरै सुत्न आवश्यक थियो . . . गहिरो मौन र आरामको

म विशुद्ध एक्लो थिए

आश्रम म प्रती शत्रुवत ब्यवहरा गर्थ्यो
सन्यासीहरूले मेरो बिरूद्धमा बोल्न सुरू गरीसकेकाथिए

म उनीहरूले मेरो विरोधमा गरेका हमलाहरू महशुस गर्न सक्थे
जस्तो कि कुनैबेला त चक्कु वा भाला जस्तो म भित्र छिर्थ्यो
मैले आफुलाइ बचाउन सिक्नु छ

मेरो शरिर खुल्ला कोमल र असुरक्षित छ
अहिले पनि बाफको अवस्थामा
जहाँ एउटा खुल्ला आकाशजस्तो भित्र छिरी र निस्कन्थ्यो
म बतासको सानो क्रियालाइ पनि अनुमान गर्न सक्थे

म मान्छेहरूको विचार भावलाइ पढ्न सक्थे र सहजै देख्न सक्थे
मलाइ उनीहरूको भूत भविष्य र बर्तमान् देख्न थालीसकेकोथिए
म अरूको बारेमा जान्ने ध्याउन्नमा थिइन
मलाइ त उनीहरू नजिकै भएर जादा बखत सबै कुरा छर्लगं थाहा हुन्थ्यो
र आत्मीक द्धारलाइ खोलीदिन्थ्यो

मेरो चारैतिर सबै पारदर्शी थियो
र स्यंमको रहस्यलाइ मेरो अगाडि खोलीदिन्थ्यो

म पहिले देखी नै भरिएकोथिए . . . यती धेरै थाहा पाएर
जुन म भित्र प्रवाहित भइरहेकोथियो
म बन्द गर्ने तरीकालाई जान्न चाहान्थे
र कुनै किसीमको अबोधतालाइ अफुभित्र आउन दिन चाहान्थे

त्यसैले मैले निन्द्राको आश्रय लिए र निदाएँ . . . जतिसक्दो लामो निन्द्रमा जानु
अब अरू ध्यान हैन . . . केवल गहिरो स्विकृती . . . केवल गहिरो विश्राम
केवल सुत्नु र समयलाइ सबै ब्यवस्थीत गर्नदिनु

यो पनि बितेर जानेछ

१० जुलाइ १९८६ मेरो प्रथम समाधी
२९ जुलाइ १९८६ भगवान बम्बइबाट फिर्ता आउनुहुन्छ

मेरो समाधीको १९ दिन पछि
मलाइ थाहा थियो उहाँ आउनुहुनेछ भन्ने

जब चमत्कार हुन्छ . . . सबै कुरा सँगसगै घट्न थाल्छन्

त्यो अमेरीकी अग्नीपरीक्षा . . . कम्युनको बिपत्ती र गराइएको अपराधीक विनास

ति १७ देशहरूको बिश्व भ्रमण दौरानमा सबैले मूर्खतापूर्ण तर्क र अर्थहिन कुराहरूलाइ
कारण देखाइ भिषा अस्विकार गरे र निर्वासीत गरीदीए
सबै सन्यासीहरू अलमलमा परेका थिए
यी सबै घटनाहरूबाट भगवान धेरै नै कम प्रभावित हुनुभएकोथियो
म उहाँको भित्री दृष्टीलाइ बुझ्न सक्छु
यस्तो अवस्थामा सन्यासीहरूलाइ आफु भित्रको तरबारलाइ तिब्र बनाउदै
दृढ संकल्पसहित भित्र जाने अवसर प्राप्त हुन्छ

कैयौ चोटि यसलाइ सिढिँको रूपमा प्रयोग गर्न सकिन्छ
माथी चढ्नलाइ र अरू सजगता अपनाउनलाई

जेंन गुरूहरू प्रत्येक अवस्थालाइ प्रयोग गरीरहेका हुन्छन्
सजगता ल्याउनका लागी र थप जागरूकताका लागी

उहाँको ध्यान यहि कुरामा थियो कि यो सबै कुराको प्रभावले क कसलाई छुन्छ
र एउटा सुखद समाचारको आवश्यकता थियो
अर्को नयाँ स्थानमा जानका लागी र संगठित हुनका लागी

उहाँ मेरो आगमनलाइ हेरीरहनुभएको थियो
र चाडै नै एउटा प्रेरणाको स्रोतको रूपमा अरूमा थप हौसला ल्याउनलाई
र उनीहरू भित्र एकखाले नयाँ ताप लगाउनका लागी
एउटा सामान्य मान्छे . . . केवल ९० दिनमा . . .हारा किरी सिद्धान्त स्वयंम हुनु

प्रत्येक दिन भगवान्को समाचार सुन्नलाइ आश्रम जान्छु
आश्रमबासीहरूलाइ बम्बईको सुमिला केन्द्रमा
उहाँलाइ भेट्नका लागी बिशेष अनुमती पत्र दिइन्छ
र एउटा बिशेष बस द्धारा त्यहा जानका लागी ब्यवस्था मिलाइन्छ
म उहाँलाइ भेट्नका लागी एउटा अनुमति पत्रको लागी निवेदन गर्छु
र बसमा सीटका लागी अनुरोध गर्छु

पुना आश्रममा म बिगत ४ महिना देखी बसीरहेको छु
तर मलाइ अनुमति पत्रका लागी अस्विकार गरीन्छ . . .
म पहिले देखी नै उनीहरूले मन नपराइएको मान्छेहरूको सूचीमा छु
उनीहरू भन्छन् म जस्तो मान्छेलाइ त भगवानको दर्शन गर्न दिन पनि हुदैन
म काम नलाग्ने मन्छे हु र भगवान्को लागी शारिरीक अड्चनको कारक बन्न सक्छु
र उनीहरू कस्तो मान्छे सुमिला जान सक्छ भनेर भाषण दिन्छन्
उनीहरूले स्वामी मनु र स्वामी तथागत लाई मेरो बारेमा भनेका थिए
म अक्क न बक्क परेको थिए . . . उनीहरू सबै म प्रति किन यस्तो गरीरहेका छन्

म चुपचाप थिए आफ्नो समाधीको बारेमा मौन थिए
यो मेरो लागी नराम्रो सपनाको सुरूवात थियो
उनीहरू मलाई भगवान्लाई हेर्नलाइ समेत रोक्ने प्रयास गरीरहेकाछन्

बम्वईका लागी एउटा ट्याक्सी लिन्छु र सुमीलातर्फ जान्छु
सन्यासीहरू ठुलो संख्यामा त्याहा पुगेका छन्
त्यहा मलाइ कोहि चिन्दैन . . . केवल पुनाका सन्यासीहरू मलाइ चिन्दथे
र म निश्चय गर्छु कि त्यहा का मान्छेहरूसँग थोरै मात्र घुलमेल गर्नुपर्ला
र जसरी हुन्छ एउटा अनुमतिपत्र पाउने हरसंभव गर्नुपर्ला

मान्छेहरूको भिडलाइ सुमिलाको प्रवेशद्धारमा लामका लागी अनुरोध गरीन्छ
र म यति धेरै उत्साहले चार घण पहिले नै लाइनमा लागेकोछु
म ढोकामा उभीनेहरूको क्रममा म तेस्रो ब्याक्ति हु
अब मलाइ आफ्नो भित्रको गहिराइमा जानु छ र निश्चल भइ प्रतिक्षा गर्नुछ
मेरा लागी त यो जिबन्त लाउत्सु द्धार हो यो

म पूर्णत निश्चल हुन चाहान्छु
र केवल आफ्नो आन्तरीक शान्तिलाइ हलको भित्र लिन चाहान्छु
यो मेरो सपनाको पहिलो खुड्किलो थियो
मलाइ निश्चल हुनुछ
आफ्नो पहिलो दर्शनभेट अगाडि गहन शान्त हुन आवश्यक छ

मान्छेहरूको भिड बढ्दो छ र लाइन लम्बीरहेकोछ
बिना कुनै निर्देशन . . . चार घण्टा पछाडि भित्र जानका लागी द्धारको सानो भाग खोलीन्छ
तर पछाडि बाट धक्का धुक्की आउन थाल्छ
सबै जना धक्का दिएर चाडै दर्शन पाउनलाइ अगाडि आउन प्रयत्न गर्छन्

मलाइ कसैले धकेलेर अर्को पट्टी पुर्याइदियो . . . म असहाय अवस्थामा छु
दोड्न सक्ने हालत पटक्कै छैन . . . केवल म हेरीरहेको छु यो भिडलाइ
जो बलपूर्वक पेल्दै प्रबेशद्धार तर्फ बढिरहेकोछ र ढोकालाइ पूर्णरूपमा खोलीदिएको छ
भित्रबाट कसैको आवाज आउछ ढोका बन्द गर . . . ढोका बन्द गर
एक जना सन्यासी रिसाउदै बाहिर आउछ जहाँ म लगायत केहि थोरै मान्छहरू उभीएका छौ
उ म माथी ठुलो स्वरले कराउदै कस्तो ब्यवहार गर्नुपर्छ थाहा छैन
तिमीहरू सबै जना भगवान्को काममा क्षति पुर्याइरहेका छौ
यो तिमीहरूको तरीका राम्रो भएन अब सबैजना उताउती लाग वा घरतर्फ जाउ भन्छ

म उसलाइ बिस्तारै भन्छु कि म चार घण्टादेखी यहाँ पर्खिरहेकोछु र
म तस्रो ब्याक्ती थिए लाइनमा
र सबै जनाले धकेलेर मलाइ पछाडी पुर्याईदिए यसमा मेरो केहि दोष छैन . . .
मैले हलचल समेत गरेको थिइन
उ म माथी अझ आइलाग्छ र भन्छ फोकटमा म सँग किन बहस गरीरहेको हो
म तिम्रो अनुहार संझन्छु भित्र आउन पाउने छैननै अब

कस्तो अचम्म हो यो . . . कुनै तरीका हो यो सृष्टीको न्यायको
सायद यति पागल समाज पनि छैन
एकचोटि आफ्ना मान्छेहरूलाइ त हेर

मेरो पहिलो भेट कहिल्यै भएन
सडक किनाराको बगैचामा गई मौन बसे
र सारा साँझ म चुपचाप बसिरहे बसिरहे



अर्को दिन पुग्नुपहिले
मलाई एउटा नयाँ नियम सिक्नुछ . . . त्याँहा जानलाई
सबै अनुमतीपत्र फोर्ट क्षेत्रको ध्यानकेन्द्रबाट किन्नुछ

म ढोकामा उभिएको थिए माँ लक्ष्मीलाई बाहिर आएको देखे
उनलाई पछिल्लो घटनाबारे बताउदै आफ्नो निम्ती निवेदन गर्छु

उनी टाउको हल्लाउदै मुस्कुराउदै भन्छिन्
मैले सबै देखेकी थिए, ठिक छ
र त्यस दिनका लागी कलाई एक बिशेष अनुमतीपत्र दिन्छीन्
धन्यवाद माँ लक्ष्मी, यो मेरो भाग्यसाली दिन हो
हामीलाई भित्र लगेर बसाइन्छ
र चाडै माथीको सिढीतर्फ लगीन्छ

म बिस्तारै बिस्तारै हिड्छु, अरूलाई अघि जान दिन्छु
र वृताकार सिढीको अन्तिममा म पुग्छु
मैले पहिलोपल्ट माँ बिवेकलाई त्यहि देखे

यो मेरो आँखाको लागी अर्को उपहार थियो
र म उनको लागी असीम कृतज्ञता महसुस गर्छु
उनीले भगवान्को रेखदेख गरीन्
उनी एक देवी हुन् मेरो आखा अगाडी
म हात जोडेर नमस्कार गर्छु र उनका लागी
अन्तर ह्दयको गहिराइबाट झुक्छु
उनी मुस्कुराउँछीन् . . .

मलाई लाग्छ कि उनी आफ्नो अन्तरह्दयबाट स्वागत गरीरहेकीछिन्
म आफैसँग कुरा गर्छु
भगवानको नजिकका मान्छेहरू कति स्नेही र करूणामयीछन्

अशोक भारती गीत गाइरहेकाछन् . . . एउटा लामो सेतो दारी
यती धेरै उत्साह र भाववेगयुक्त छ उनको आवाज . . . प्रेमको एउटा धारा लयमा बहन्छ
यहि हो जसको लागी म बनेकोछु
यी मान्छेहरूसँग . . . फेरी सँगसगै हुनुपर्छ
भगवान् हाम्रो मार्गदर्शन गर्छन् . . .
उनको अनन्त कृपा

हावा बिस्तारै रोकिन्छ . . . सबै आखा घुमाउछन्
भगवान् भित्र प्रवेश गर्नुहुन्छ
मन्द मन्द मुस्कुराउदै
म उहाँलाई अति गहन मादकता र सजगता सँगै हिडेको देख्छु
सौम्यताले दन्किरहेका आँखासँगै नमस्ते गर्नुहुन्छ . . .
र कुर्सीमा बिस्तारै बस्नुहुन्छ
यो दृष्य मेरो लागी पहिलो थियो

यसको लागी ६ बर्ष लामो प्रतिक्षा गर्नुपऱ्यो

भगवान्को शारीरीक उपस्थितीलाई अभिभुत गर्ने
हावाको प्रत्येक कण करूणाले पूर्ण छन्
अति सघन र मगमगाईरहेको अपूर्व नशा कहिल्यै घटेको थिएन
एक महिना पहिलेको समाधी यती मधुर थिएन
यो वास्तबिक चिज हो

मेरो आँशु बगीरहेको थियो
म उहाँलाई हेर्छु-लाज मान्दै-फेरी आफ्नो आँखा बन्द गर्छु
म आफ्नो आँखालाई उहाँको आखासँग जुधाउन सक्दैन
त्यो अभद्रपना होला बरू म आफ्नो आँखा बन्द गर्छु . . .
आशु अनायास खसीरहन्छन् . . . खसीरहन्छन्
समय अलप अलप हुन्छ

म उहि कालचक्रमा पुग्छु
यस पटक अझ गहीरो-मधुर-र-कोमल साजमा



म उनी बोलीरहेको सुन्छु-
कि एकदिन यो क्षण इतिहासको पृष्ठमा संझना गरीनेछ
तिम्रो आगमनले आशिष ल्यायो
गहन होउ- अझ गहिरो-
अझ धेरै बाँकी छ

म उनको शब्दलाई सुन्न सकीरहेको छैन
म आनन्दमा डुबिरहेकोछु क्रमशः

ओम-ओम-ओम-ओमको गुजंन चारैतिर

म अशोक भारतीले फेरी गाएको सुन्छु

म कहाँ छु ? कहाँ थिए ? म को हु ?

उनी आनन्दपूर्वक नाचीरहेका थिए . . . मलाई थाहा छ किन . . .
-उनीलाई थाहा छ
कि मलाई किन थाहा छ?
म आफ्नो गोप्यतालाई रहस्यमै राख्न चाहान्छु
जबसम्म मेरो पंख उड्नलायक हुदैनन्

उनी मलाई जगतमा उड्लाई भन्छन्
र उनको गीत गाउनलाई र धरै आनन्द मनाउनलाई . . .
उनको नृत्य नाच्नकालागी . . .
उनको बगीरहेको छचल्कीरहेको प्रेमलाई बाड्नलाई

म आनन्दमा छु र सृष्टिप्रती पूर्णतः कृतज्ञ छु

जो सबै कुराले मलाई पूर्ण बनाइदिएकोछ
उनको उपस्थिती नै अनन्तमा गहिरो डुब्नु हो
यो एउटा वार्ताशः नै अनन्त हो

मलाई आफुभित्र सबैकुरा हुल्नुछ जो यो साँझमा उनले म माथी बर्षाए
सहिअर्थमा पिउनुछ
एक थोपालाई पनि नछोडी
पूर्णरूपमा पिउनुछ

म भगवान्लाई धेरै झिजो दिन चाहान्न
उनीप्रतीको श्रद्धाको कारणले गर्दा एउटा पबित्र दुरी बनाउन चाहान्छु
म आफ्नै सामर्थ्यले उठ्न चाहान्छु

मलाई थाहा थियो यो सबै क्रमशः म भित्र भरिदै थियो
म भित्र एउटा गहिरो प्यास जाग्नुछ धेरै पिउनलाई धेरै पाउनलाई

बाँकी प्यासी . . . मित्र साधकहरूलाई पिउनका लागी मौका दिनुपर्छ
ठाउँ साँघुरो छ . . . धेरै मान्छेहरू उनलाई भेट्न चाहान्छन्
बाकी आगन्तुकहरूका लागि स्थान जरूरी छ
उनीहरूलाई मौका दिनुपर्छ . . . यो अपूर्व आवश्यकता उनीहरू सबैलाईछ

यो अनुमती पत्रमा लागी माँ लक्ष्मीप्रती म कृतज्ञ छु

म आनन्दपूर्व पुना फर्कन्छु

उनको शरीरी दर्शन गर्ने मेरो अन्तिम इच्छा पनि पुरा भयो
अब मलाई अन्तरयात्राको गहिराईमा जानुछ
र यी सुन्दर अनमोल पलहरूको धेरै भन्दा धेरै उपयोग गर्नुछ
यो सबै पाउनुलाई म भाग्यसाली ठान्छु . . . अब मलाई भित्र जानुछ
सद्गुरूको आगमनका लागी आफुभित्रको गहिराइमा ठाउँ बनाउनुछ

म एक्लै बसीरहन्छु
धेरै दृष्यहरू खोलीदै गए अब आफ्ना लागी समय चाहिएकोछ
प्राप्तीको यो नयाँ विवेकलाई आत्मसाथ गर्न
अन्तरयात्राको गहिराइमा अघी बढ्नलाई
मलाइ संझना आउन थाल्छ
मसंग घटीरहेका अनुभवका निला त्यान्द्राहरूको महत्व
र यीन्को बिराट् अर्थ
आत्माको त्यो कालो रातको प्रहर

गौतम बुद्धको अवतरणताका . . . माथी बाट बर्षीरहेको कृपा र करूणा
गौतम बुद्ध . . . उनको आशिष
भयवश संघर्षमा मेरो अनुभवहिनता र अज्ञानता
र मलाई बोध हुनथाल्यो कि भगवान् सुरक्षा गरीरहनुभएकोछ
उनका अनुसार सुक्ष्म शरिरलाई . . . जो मैत्रेयको नामले चिनीन्छ

सबै कुरा यती चाँडै भयो कि बिना कुनै तयारी
म शारीरीक, मानसीक र भावनात्मक रूपमा तयार थिइन

यदि मैले सबै सहजतापूर्व घट्न दिनेथिए त . . . र म पनि मरेको भए
उनीहरू सबैजना उपस्थित थिए मेरो शरिरको फिर्ति गराउनका लागी



म भित्रैदेखी ग्लानी महशुस गरीरहेको थिए
तर म कमजोर थिए र एउटा मानिस थिए

यो सबै बितेर जान्छ

म दोस्रो पटक तयार गर्नेछु . . . र आउने प्रहरमा चिजहरूलाई घट्न दिनेछु
अर्को पटक कालो चक्र निक्लनेबखत
मृत्युको प्रतिक्षा . . . कालो गाथा . . . पुर्नजन्म

निश्चलतापूर्व स्थिर हुदै
बिस्तारै बिस्तारै मलाइ सबै कुरा स्पष्ट हुनथाल्छ

सातवटा तह छन् . . . अत्यन्तै सजगताकासाथ
जो एकाकार अनुभवका लागी लिएर जान्छन्
शुद्ध साक्षी

त्यो शरिर होइन् . . . त्यो मन होइन् . . . त्यो भाव पनि होइन्
सुक्ष्म शरिर पनि होइन् . . . शरिरसँग जोडिएका छ सुक्ष्म शरिर पनि होइन्
यो निराकार हो . . . एउटा शुद्ध द्रष्टा

प्रथम पाँच केन्द्र केवल विकास र अखण्ड हुनका लागी हो
जसले होसपूर्वकको यात्रामा लिएर जान्छ
जहाँ द्वैत हुन्छ अनुभवकर्ता र अनुभव दुबै नै हुन्

छैठौ केन्द्रमा पुग्दा बखत
जहाँ पहिलोपल्ट बोधपूर्वक भएको अनुभव हुन्छ
एकाकार अनुभवको दशा . . . अद्वैत

सातौ . . . त्यो केन्द्र होइन् . . .  जहाँ एकाकार अनुभवको दशा
पूर्णतः साक्षीभावमा डुब्छ
अनअस्तित्व . . . शुन्यता

मेरो अगाडी खुल्दै गएका गहिरा रहस्यहरूमा म अझ गहिरोरूपले डुब्दै गए
भगवान मलाइ आर्शिबाद दिनलाइ पटक पटक आउनुहुन्थ्यो
रहस्यमयी मिठो किसीमले म माथि मडारीनुहुन्थ्यो
यो हेर्नलाइ कि म यी सबै कुराहरूदेखी सजग छु छैन भनेर
र म उहाँको शान्त उपस्थितीलाई अनुभव गर्न सक्छु या सक्दैन भनेर

उहाको हंसमुख र शान्त प्रवेशले म आफैमा मन्द मन्द मुस्कुराउथे र खुषिले हाँसो फट्थ्यो
म हलुका हुदै गईरहेकोछु . . . म भित्र एकखाले हास्यचेत बिकास हुदै गइरहेकोछ
मैले मानवइतरमा छाप र स्वभावहरूलाई देख्न थालेकोछु
सरल र सुन्दर ति अवयवहरूको लावाले मलाइ चारैतिरबाट घेरीरहेकोछ

उनका आँखाले सबै कुरा देखिरेकोछ
यो खुला आकास जसको तल म बाँचीरहेकोछु

भगवान् मेरो निजी जीवनको अधिकारबारे राम्रोसँग अवगत हुनुहुन्छ
र मैले पनि अरूको निजी जीवनलाई आदर गर्ने कला सिक्न थालेको छु
मेरो सम्मुखमा जे पनि आउछ . . . उस सँग मेरो सुक्ष्मरूपको अनुभवमा
म जे पनि देख्छु त्यसबारेमा म मौन नै रहन्छु
र कहिल्यै कोही माथी कुनै धारणा बनाउदैँन

भगवान ब्याक्तिगत स्वतन्त्राताप्रती सधै गहिरो आदर प्रकट गर्नुहुन्छ
स्वतन्त्रता उहाँको सुनौलो सुत्र हो
यदी म अचेत रहन चाहान्छु त त्यो मेरो स्वतन्त्रता हो
म सहज बिश्रामको गतिद्धारा आफुलाई बिकास गर्न चाहान्छु
कुनै हतार छैन . . . अब कुनै हतार छैन . . . हारा कीरी सिद्धान्तमा डुब्नलाई
केवल बिश्राम गर र चिसो हावाको आनन्द लेउ

यात्रा नै लक्ष्य हो
बास्तवमा लक्ष्य भन्ने नै हुदैन
मात्र पथको अद्‌भुत सुन्दरता हुन्छ

म भित्रको ग्लानि र गौतम बुद्धको अवतरणको पिडा उडिसक्यो
मलाइ भगवान् मार्फत करूणा र प्रेमको बाटो देखाईएकोछ
उहाको बुझाइ र विवेकको स्पष्टताले
मलाइ प्रेमपुर्व छोएर स्वस्थ बनाइरहेकोछ



म बिस्तारै बुझिरहेकोछु भगवान्को बुद्धत्व प्राप्त हुने बाटोलाई
र बिस्तारै बुद्धत्व प्राप्त हुने सोचको धारालाई

यो अति नै स्पष्ट छ
भगवान सत प्रतिशत सहि हुनुहुन्छ कि बुद्धत्व अचानक घटित हुन्छ
यो पहिलो पटक घट्ने अचानक परचेतनालाई बुझ्न केवल अनुभुती द्धारा संभव छ

र तत्पश्चात
बिस्तारै बिस्तारै यो परचेतनाबाट ब्रह्माण्डियचेतनाको दिशातर्फ उन्मुख हुनुछ
र अन्तिम अवस्थामा बिलीन् हुनुछ

बुद्धत्व पाउने सुस्त सहज मार्ग अजिव किसीमकोछ
एक किसीमले छल्नेजस्तो
साधक आफ्नो सुरक्षामानै जिइरहेको हुन्छ . . . सधै सधै को लागी

सन्यासीहरूप्रती मेरो गहिरो बुझाइ थियो जुन स्पष्ट थियो
पृथ्वीको ग्रहमा ७ अरब मान्छे छन्
मात्र १५ लाख उनका शिष्य छन्
भगवानेले आफ्ना मान्छेहरूलाई छान्नु भएको छ
र उहालाइ प्रत्येक सन्यासीको संभावनाबारे ज्ञात छ
उहाको दुरदृष्टि धेरै टाढा टाढासम्म देख्छ

र यिनीहरू अतिनै साहासी र दुर्लभ मान्छेहरू हुन्
यिनीहरू मध्य हरेकले आफ्नो नित्यतालाई छाडेर आएकोछ
हरेकले आफ्नो परिवार, सहजन र समाजसँगको दुरीलाइ सहीरहेकोछ
अनि पैसाको समस्यालाई पनि

उनीहरू सबै यहा हुनु भनेको भगवान् प्रतीको प्रेमको कारणले हो
उनीहरू सँग हिम्मत छ गोडामा झुकेर सन्यास लिनसक्ने
उनीहरू सबैले मेरो प्रेम, ईज्जत र कृतज्ञतालाई प्राप्त गरेका छन्

म उनीहरू सबैलाई प्यारो साथी र एउटै पथमा हिड्ने सहयात्रीकोरूपमा हेर्नेछु

भगवानले मलाई नजिकबाट हेर्न थालीसक्नुभएकोछ
ओर्लन सक्ने संभावित सबै कारणहरूदेखी . . . सजग र शुक्ष्मरूपले म चनाखो भईबसेकोछु
हुनसक्छ म अब आफ्नो आध्यात्मीक अहंकारलाई जन्म दिउ

जब मैले थाहा पाएँ कि भगवान् मेरो अन्तरआत्मालाई चियाउनसक्नुहुन्छ
उहाँलाई थाहा थियो कि कस्तोखाले संभावनाले म भित्र बास गरीरहेकोछ

तर मान्छेको मन न हो . . . उसको अंहकार र सत्ताको संकल्प
यो एउटा अर्को तथ्य थियो

यो एउटा ब्याक्तिगत संस्कार र निजी मनेवृतीसँग सम्बन्धित थियो
उ सबैखाले निर्णय गर्न सक्थ्यो र के कुरा कतिबेला बदलिनेहो
त्यसको बिवरण आफुभित्र रहेको बुद्धतवलाई दिनुथियो

यो मेरो मनको स्वतन्त्रता थियो कि उसलाई आफ्नो खेल खेल्न दिउ
वा एउटा पातलो डरको त्यान्द्रो थियो कि म भित्र जानबाट बञ्चित भई
सारा अनुभवको बेलीबिस्तार लगाइदिउला भन्ने
अहंकारलाइ थाहा छ कि अचेतको गहिरो खाडलमा कसरी लुक्ने भन्ने

मलाई सबै कुराको बोध थियो उहाँलाई म पूर्णतातर्फ गइरहेकोछु भन्ने पनि बोध थियो
मलाइ प्रेमले नजिक राख्नु र मार्गदर्शन गर्नु उहाँको करूणा थियो

म एउटा परिपक्क भक्त बन्न गइरहेको थिए
म भगवानको प्रेममा थिए
मैले आफ्नो बुद्धत्वलाई पूर्णरूपमा बिर्सीसकेको थिए र त्यसलाई छोडीसकेको थिए
भित्रतर्फ जानुपर्ने धेरै थियो . . . कैयौ कुराहरू थिए फेरी दोहोर्‍यानुपर्ने
म उनको सुरक्षामा आनन्दीत थिए शान्त थिए

मेरो उहाँप्रती निकै प्रेम थियो
मलाई फेरी अर्को महाकश्यप बन्नुथियो



म कालो चक्रमा गहिरीदै गए
यो अन्तिम साँघु थियो
परमसत्यको
खोजको क्रममाः

त्यो के हो जो सर्बशक्तिमान् छ . . . सर्बब्यापीत छ . . . सर्वज्ञ छ
अनश्वर छ . . . सबै ठाउमा विद्यमान् छ . . . सबै कुरा जान्दछ
जसको कुनै स्वाद छैन . . .गन्ध छैन . . . स्पर्श छैन . . . ध्वनि छैन . . .दृष्टि छैन
जसको सृष्टि गर्न सकीदैन . . .जो सदियौ देखी विद्यमान् छ
जसलाइ बर्बाद गर्न सकिदैन . . . जो सधैका निम्ति रहन्छ
आकाशको लग भन्दा टाढा . . . समयको चक्र भन्दा टाढा
जसको कुनै सिमाना छैन . . . कुनै मापन छैन
जसको आफ्नै प्रकाशको स्रोत छ. . . अनन्त

कालचक्र . . .जान्न सकिने खालको थिएन. . . परम रहस्य

मलाई यो ज्ञात हुन थाल्यो कि के घटित भईरहेकोछ
प्रकाशको अनुभव केवल अध्यारोमा नै हुन्छ
प्रकाशको परमाणु बिस्फोटको अनुभव
प्रकाशको सबैखाले विस्फोटको छनक
यो सबै दृष्य कालचक्रको भित्रबाट देखिएको थियो

आन्तरीक अनुभव अन्धकार . . . बाह्यजगतको अनुभव प्रकाश
निर्वाण . . . ज्योतिको अन्त . . . बाह्य ज्योति अनन्त

कालचक्र . . . आत्काको भित्री चेत भनौ केन्द्रबिन्दु

मेरी बहिनी शोना र उनका पति रमेश हगंकगंबाट बिवाहका लागी बम्बई पुग्छन्
र सबै जना ताजमहल हाटलमा बसेकाछन्
मलाइ त्याहा उनीहरूसँग भेट्नका लागी भनियो

म पुना आफुसँग बचेको पैसाले आएको थिए जुन अब रित्तीसकेको थियो
म सँग केवल एउटा रोब थियो जसलाइ हरेक दिन धुन्छु
सुकाउनका लागी टंगाउछु र फेरी लगाउछु
जसको रगं क्रमश खुईलिदै गएको थियो र अब त लगभग पारदर्शी नै भईसकेको थियो
यस रोब प्रति मेरो प्रेम थियो यो निकै कोमल र धमिलो भईसकेको थियो
समाधि घटित यो रोब मेरा  निम्ति अनमोल थियो
बाटाको चप्पल क्रमशः पातलो र झुत्रो भईसकेको थियो

म आफ्नो बाहिरको नाजुक अवस्थादेखी अनभिज्ञ थिए



म ताज होटेलको भित्र जादा पैतिक्षकक्षमा मेनेजरलाइ भेट्न भनियो
र होटलमा आउनुको कारणबारे सोधियो?
मैले उसलाइ भने . . .यो प्रश्न किन सोधिरहेका छौ?
म रेष्टुरेण्टमा जान सक्छु हुनसक्छ कफी पिउनलाइ या अरू कहि
उसलाइ यो अजिव प्रश्न सोध्नुपर्ने कारण के?
तब मलाइ याद आयो कि उ मलाइ भिखारी संझीरहेको छ

उसले मेरो कृत्यलाई गहिरीएर हेर्‍यो
र मैले बोलेको धाराप्रवाह अंग्रेजी सुनेर उ चुप थियो
मैले भने कि म आफ्नो बहिनी र परिवारलाइ भेट्न आएको हु . . . जो यहा बसिरहेकाछन्
उसले सोध्यो को हुन उनीहरू? मैले भने शोना र रमेश झुनझुनवाला
उसको अनुहार अचानक खुलेको खुल्यै भयो
एक्कासी उ बिनम्र भई झुक्न थाल्यो र स्वागत गर्न थाल्यो
झुनझुनवाला परिवार . . . शोना तपाइकी बहिनी हुन्

उसले उनीहरूको कोठामा फोन लगायो र चाडै नै शोना प्रतिक्षाकक्षमा आईहाली
मलाइ देखेर उसको आखामा आशु आयो . . . तिमीले आफ्नो यो के हालत बनायौ . . .
तिम्रो कपडाको यो हालत. . .तिमी यति दुब्लो. . . निर्बल

मैले आफ्नी बहिनीतर्फ हेरे . . . हिरा र महंगा विवाहको पहिरनमा
मैले उसलाइ भने कि मलाइ लाज लागीरहेको छ
कि मेरो नजरमा तिमी निकै गरीब लागीरहेको छ र म एउटा धनि मान्छे हु

मेनेजरले हामी दुईलाई हेऱ्यो . . . यो कस्तो संसार हो
कति अजिव भाई बहिनी . . . कति विषमता
ताजमहल होटलको छातीमा

उनले मलाइ पर्याप्त पैसा दिइन् जसले म केहि अरू महिना निर्वाह गर्न सकुँ
यो विचित्र मिलन थियो आफ्नी बहिनी र परिवारसँग
यी यावत् नयाँ परिस्थीतीहरूमाझ म बिवाहमा सरिक नभई सोझै पूना गए

एक महिना बित्यो . . . उनीहरूले बोलाएको म सुन्न सक्छु

अब देखी भगवान सँगको साथ नै मेरो मार्ग थियो
२१ दिनको गहन तयारी गर्नु
७दिन तरल भोजन गर्नु
शिखरमा आई भगवान्लाई पूर्णिमाको रातमा हेर्नु

उनको नाम भगवान् श्री रजनीश थियो र मेरो नाम रजनीश
सत्यमा एकखाले सुन्दरता हुन्छ . . . एक खाले काव्य हुन्छ . . . सौम्यता
पूर्ण चन्द्र अर्धचन्द्रसँग जोडिन गईरहेकोछ

म बंबई जाने फैसला गर्छु
मलाइ संझना छ त्यो १६ सेप्टेम्बर थियो
उनी निरन्तर बोलीरहेकाछन् र म एक हप्ताको पासको प्रबन्ध गर्छु
र उनी अचानक १७ तारीख देखी मौनमा जानुहुन्छ

१८ मा पूर्णिमा छ
उनी फेरी बोल्न सुरू गर्छन् . . . वाह . . . मेरो प्रथम पूर्णिमाको जूनको दर्शन

मेरो भक्तिको मार्ग गहिरो अझ गहिरो हुदै गइरहेकोछ
उनी नाच्दै आउनुले मलाइ धेरै कुरा बताउछ
उनी मेरो बिक्रु हुन् . . . मेरो मौन देखी सत्य हुनजाने प्रहरप्रती प्रफुल्लित छन्
म स्थिर र परिपक्क छु . . . आफ्नो महान् रहस्य सम्हाल्नलाई समर्थ छु

जुन कुरा भन्न सकिन्छ
त्यो भन्दा कयौ गुणा भन्न अझै बाँकी छ
जुन नभन्नुमै सुन्दर छ

गुरू र शिष्यको सम्बन्ध रहस्यमय ब्रह्माण्ड
जस्तो शिष्य आफ्नो गहिराइमा डुब्छ . . . र गुरू क्रमशः बाटो देखाउदै जानुहुन्छ
यो एउटा अनन्त यात्रा हो . . . यस्तो शुरूवात जसको कुनै अन्त्य छैन
गहिरो अझ गहिराईमा डुब्दै जानु . . . अपार अपरीमीत

गुरू पुरै यात्राभर हिड्नलाइ तयार हुनुहुन्छ
उनको तर्फबाट ढोका खुल्ला छ र असीम ज्ञान उहाँसग छ

शिष्य खुल्लै रहनुपर्छ . . . समर्पित र असुरक्षित
सधै सबैको लागी खुल्ला रहनुपर्छ . . . कहिल्यै फैसला गर्नु हुदैन
कि यसको अन्त कहाँ छ . . . क्षितिजलाई पार गरेपछि थप अरू केहि प्राप्त हुन्छ
अज्ञात अनन्त संभावनाहरू छन्

हाइकू, रजनीश, १९८६

सिंगो रात बिना निन्द्रा
जूनको डालीमा
एउटा कम्पन आन्नदका लहर

ढुकढुकी सहितको हृदय
आनंद
मौनको खासखुस !

मडारीरहेको हृदय
स्वप्नलहरको किनारै किनार
रातको बाक्लो प्रहरमा

दिनको उज्यालो
नृत्यरत हृदय
लाखौं स्वर्णशाखा आनन्दको तिहार !!



निंबुको रूख मुन्तिर
एउटा ह्दय. . .
गगन !!

माथी चन्द्रमा
तल मडरीरहेको. . . .
ह्दय एउटा आकाश

सागर पारी देखी
गुरूको अवतरण. . .
प्रात:काल ओसको थोपा !!

ओसको थोपा
हाँगा माथी
खुला ह्दयको ढोका !

आँशुको थोपा
मुस्कुराउने
चियाको एउटा प्याला

आशुको बर्षा
हाँसोको तुफान
यहि हो रहस्यदर्शी गुलाब !!

हाइकू, रजनीश, १९८६

भगवान्ले रजनीश उपनिषद् शुरू गर्नु भएकोछ
गुरूको चरणमा बसेर
यो प्रवचन चाडै नै नयाँ अध्याय बन्नेछ
म संझन सक्छु कि उहाँ कता डोऱ्याइरहनुभएकोछ
यिनी प्रवचनहरूमा रहस्य बनेर रहस्यको पर्दा खुल्दै गएकोछ

यी सबै जान्दा जान्दै म एक हप्ता बंबईमा रोकिए
गोप्य द्वार गोविंद सिद्धार्थ मार्फत खुल्यो

जुलाईको रात्रीमा घटेको जुन मेरो अनुभवशं थियो
उनको प्रश्नमा घोषणा झै प्रकट भयो

यो मेरो पनि अनुभव थियो त्यस रातको
त्यसैले मलाई ज्ञात भयो कि उहाले अर्को अंश देख्नुभएकोछ
उहाले मलाई देख्नुभएको छैन . . . न त मेरो संघर्षलाई नै
यो हिस्सा उहाँको दृष्टि र बोधबाट लुकेको छ

म भगवान्ले बोलीरहेको सुन्छु
यो तिमी एक्लै लाई मात्र घटेको छैन
कि यहा अरू दुई जना उपस्थित छन्
तीनलाइ पनि यहि समयमा घटित भएको थियो
उहा संकोचमा हुनुहुन्छ यसको घोषणा गरू वा नगरू ?
उहाँको  द्धुविधा पनि स्वभाविक हो किनकी यो घोषणा निकै ठुलो हो
र उहा स्वयमलाई निकै छोटो पाउनुहुन्छ
यसलाई भित्र राख्न पनि सकिदैन . . .
जस्तो कि कुनै गर्भवति महिला आफु भित्र कति समय नै लुकाउन सक्छे त्यो गर्भलाई
अन्त्यत एक दिन बच्चालाई जन्म त दिनु नै छ

आफैलाई लाज लागेर आउछ कि कसरी भनुँ त्यसलाई

र म यो कुरालाई त्यहा भनु जहाँका मान्छेहरू बहिरा छन्
जहासम्म सत्यको प्रश्न छ
यो जगतमा मान्छेहरू अन्धा छन् जहाँ सम्म सुन्दरताको कुरा छ
जहाका मान्छेहरूसँग ह्दय छैन त्यहाँ संवेदनसिलताको प्रश्न छ
ब्याक्ति आफैलाइ निकै एक्लो पाउछ यस घोषणामा लागी
तर यो अहंकारको कारणले होइन् . . . अहकारको कारणले
यस्तो कुराको घोषणा गर्न संभव छैन
किनकी अहंकारलाई लाज हुन्छ र यसलाई ब्यक्त गर्न निकै गाह्रो पर्छ
नम्रताको कारणले नै कोहि आफ्नो अनुभवको घोषणा गर्न सक्छ

र म उहाँले भनेको फेरी सुन्छु
उहा प्रतिक्षा गरीरहनुभएको थियो . . .यी तिन ब्याक्तिहरूमा पहिले कसलाई घोषणा गर्ने
गोविंद सिद्धार्थ सहि अर्थमा विनम्र सावित हुनुभयो
उनी जे पनि गरीरहेको थिए . . . उहाले उनलाई सुतेको कहिल्यै देख्नुभएन . . .
न त स्वप्नमा नै

यो साँचो हो कि जिद्दु कृष्णमुर्ति लाई मात्र यहि घटनाको लागी तयार गरीएको थियो
गौतम बुद्धले बचन दिनुभएको थियो उहाँ ठिक २५ शताब्दी पछि आउनुहुनेछ
भगवान् मैत्रेयको रूपमा अर्थात एक मित्रको रूपमा

म सुन्छु कि
उहाले उडाउदै भन्नुहुन्छ कि गोविंद सिद्धार्थको समस्या यहि थियो
कि यो रहस्यलाई आफुसँग राख्न सकेनन्
कि रहस्यलाई रहस्यमै राख्नु. . .जगतको सबैभन्दा असहज काममध्ये एकलाई राख्नु छ
र त्यो पनि यस्तो रहस्यलाई

र फेरी उहाँले उडाउदै भनेको सुन्छु
कि यहा अरू दुई मानिस छन्
यदि उनीहरू साहस गर्छन त तिनको पनि प्रश्न आउछ

यदि साहस गदैनन् त यो बोझको रूपमा उनीहरूसँग सधै रहिरहनेछ
यी शब्दहरू सुनेर म चिसो पसीनाले निथ्रुक्क भए
किन उहा मलाई यसरी अगाडी आउनलाई भनिरहनुभएकोछ
यस प्रकारको अजिव प्रश्न सँग घोषणाकोरूपमा
एकखाले प्रमाणपत्र माग्नु जस्तै हो
एउटा आध्यात्मीक अहंकारको यात्राको प्रारम्भ

सुमिला को बाहिर हेर्छु
सन्यासी गोविंद सिद्धार्थलाई घेरीरहेकाछन्. . .श्रद्धाले शिर झुकाईरहेकाछन्
मलाई यो दृष्य सुन्दर लाग्छ र म पनि उनको अगाडी शिर झुकाउन चाहान्छु
र उनको दृष्टिलाई स्विकार्न चाहान्छु. . . तर भिड निकै बाक्लो छ
मलाई थाहा छ उनको आखा खुलिसकेकोछ
र उनीले त्यो भब्य अध्यायको एक भाग देखेकाछन्

म उनी जस्तो मान्छेहरूले घेरिन चाहान्न
यो सहज नै मेरो बाटो थिएन. . . न त म नै यस्तो छु
सधै आफ्नो निजी जीवनको ख्याल राख्ने र आफ्नो पूर्ण एकान्तलाई मूल्य दिने
मलाई खेद छ जो खुट्टा ढोग्छन् र शिर झुकाउछन्
मेरो निम्ति यो एकदमै स्पष्ट थियो
कि भगवान्ले यति मात्र भन्नुभयो
गोविंद सिद्धार्थ बुद्धत्वको बिन्दुसम्म पुगेकाछन्
तर मेरो बुझाई भन्छ कि
बुद्धत्वको बिन्दुसम्म पुग्नु काफी होईन्
यो त यात्राको आरम्भ न हो

र यी शब्द ममा उती बेला पनि थिए
जतिबेला मलाई एकान्तमा गोविंद सिद्धार्थको अनुभवबारे सोधिएको थियो

म मौन बसे
र ति रहस्यलाई जान्दै गए
जो उनको धेरै भन्दा धेरै प्रश्नहश्र बाट बाहिर आइरहेका थिए
यो एउटा कथा बन्दै गईरहेको थियो
म पूना उत्साहित तबरले पुग्छु तर मौन छु
म जान्दथे एउटा अत्याधिक बिस्फोटको तयारी हुदैछ

मैले भविष्यबाणी गरे भगवान् चाडै पूना फिर्ता आउनुहुनेछ





म देख्न सक्थे कि भगवान् आफ्नो हाँसोले मलाई कुत्कुत्याईरहनु भएको थियो
एक किसीमले मेरो हिम्मतको परीक्षा लिईरहनुभएको थियो र हेरीरहनुभएको थियो
कि म उहाँको जालमा फस्छु या फस्दैन
कि बास्तवमा म रहस्यलाई आफुसँग राख्न सक्छु वा सक्दैन
यो मेरो सहि निश्चयले तय गर्नेछ
उहाँले मलाई उक्साउनुभयो. . . अब पालो तिम्रो . . . के म फस्छु त

भगवान् प्रतिको प्रेम यो सानो बुद्धत्वको झलक भन्दा कैयौ गुणा धेरै थियो
गौतम बुद्धको अवतरणको रहस्य पनि म बताउनेवाला छैन

मलाइ थाहा छ रहस्यलाई कसरी राख्नुपर्छ
मैले त्यसबेला भने र दोहोर्‍याए पनि . . . मलाई महाकश्यप हुनुछ

मलाई दुःख छ कि केहि महिनापछी चाँडै नै मैले भगवान्ले भनेको सुने
केहि मास पहिले बम्बईमा गोविन्द सिद्धार्थलाइ ले देखे की
गौतम बुद्धको आत्मा एउटा शरिरको खोजिमा छ
र उनले आफ्नो दृष्टिले देखे
कि भगवान् गौतम बुद्धको निम्ति एउटा माध्यम बन्नुभएको छ जुन सहि पनि थियो
तर मान्छेको दुर्भाग्य त्यो गलत पनि जान सक्छ . . . यस पछि पनि
उनले सत्यको रेखालाई छोएका छन् किनकी भगवान्ले उनलाई बुद्धत्व घोषित गर्नुभएकोछ
तत्पश्चात उनी अलप भएका छन् फेरी कहिल्यै देख्न सकिएन उनलाई
सायद उनले सोचे . . . अब यसको के प्रयोजन . . . म बुद्धत्वलाई खोजिरहेको थिए त्यो पाएँ
भगवान् भन्नुहुन्छ बुद्धत्व केवल आरम्भ हो अन्त होइन्
र उनी यसको निकै नजिक आएर पनि निकै टाढा पुगे

मैले पछि कतै सुने कि गोविन्द सिद्धार्थ गुरू बनेका छन्
चाँडै नै उनको अहंकार गहिरो खाडलको निर्माण गर्नेछ
र उनको शिष्य हुनुको सरल भावलाई सत्यानास गरीदिनेछ

कति भयावह बिनास मैले यहाँ देखे
एउटा गहिरो पिडादायी दिन . . . कति दुर्भाग्यपूर्ण कुरा

उनी थप धेरै पाउन लायक ब्याक्ति थिए
म यो जालमा फस्न चाहादैनथे
मैलै आफैलाई मार्नुपर्ने थियो र पूर्नजन्म लिनुथियो
यदि यस्तो म सँग घट्यो भने

बुद्धत्वको प्रथम अनुभव
बहुमुखी पत्रहरू खोल्नलाई मद्दत गर्न शुरूवात गर्छ
र यो तह पहिलो चोटि साधकलाई उपलब्ध हुन्छ
साधकले गहिरोमा डुब्दै हरेक तहमा जानुपर्छ
र प्रत्येक तहको सुक्ष्म आयामलाई आत्मसाथ गर्नुपर्छ

यसको लागी ५ व ६ पटक यस्तो बिस्फोटको आवश्यकता हुन्छ वा समाधीको अवस्थामा
यसलाई आत्मसाथ गदै सबै तहहरूमा घुल्नुपर्ने हुन्छ
र बिस्तारै बिस्तारै यात्रालाई पूर्ण गर्नु र यसमै चुर्लुम्म डुब्नुपर्दछ

म मात्र गहिरो अझ गहिरोमा डुब्दै गए
मेरो दैनिक जीवनमा परिवर्तन आउन थाल्यो
मेरो शरिरको गतिविधी र हरेक दिनका क्रियाकलापहरू अ´;ुन्दर हुदै गए
मैले ध्यान साधना गर्न बन्द गरीदिए
ध्यान नै मेरो जीवन हुन थाल्यो
एउटा गहिरो आनन्दमा जागरूक होश बनाइराख्नु
मेरो प्रत्येक पाइलामा त्यो होश आउनथाल्यो, मेरो संकेतमा, मेरो दृष्टिमा, मेरो शैलीमा
चाहे म बसुँ या उभिउ, भाडा माझ्दा, नुहाउदा, दाँत माझ्दा
जेन एउटा जिउदा जाग्दो अनुभव हो . . . ध्यानमा जिउनुको एउटा ढंग हो

मेरो निम्ति ध्यान जस्तो अरू कुनै चिज छैन
केवल ध्यान नै एउटा पूर्ण अवस्था हो, बास्तविक क्षण हो

मैले आफ्नो सम्पूर्ण सजगता आफ्नो दिनचर्यामा लगाउन थाले
र जति सक्दो म एउटा बाक्लो अन्धकार कोठामा सुत्छु
मलाई थाहा थियो म कालो चक्रलाई फेरी दोश्रो पटक पर्खिरहेकोछु
रातीको अध्यारोलाई चिन्न
म रात्रीलाई हेर्नथाले

मेरो हिडाइ र बसाई दुबै जेनशैलीमा थियो
र यो चारैतिर प्रज्वलित हुनथाल्यो

अब मैले भगवान्सँगै रहस्यको द्धार पार गरीसकेकोथिए . . .
भगवान् शुक्ष्म शरिरमा म सँग चाडै भेटका लागी आउनुहुन्थ्यो
म उहाँको गोप्यरूपमा उर्जा प्रदान गर्ने तरीका सिक्न थाले
र उहाँको शान्त र गोप्य काम गर्ने कला पनि

मलाइ आफ्नो भौतिक शरिर धेरै भन्दा धेरै उहाँलाई उपलब्ध गराउनुथियो
आनन्ददायी अवस्था तयार गर्नु थियो
उहाँको प्रवेशका लागी म माथि काम गर्नका लागी

एउटा अर्को रहस्यतर्फ म अगाडी बढीरहेकोथिए
र लड्दै पड्दै थिए . . . त्यो मेरो हिड्ने शैली थियो

मेरो पछिल्लो जन्मको विपासनाको तरगंको धारा र मार्गहरू खुल्ला थिए
यी सोझै उभिएका तरंगका धाराहरू एउटा जीवित गुरूका लागी सहजै उपलब्ध थिए
त्यसैले गौतम बुद्धले मलाई आफ्नो माध्यमको लागी उपयुक्त पाउनुभयो

भगवान् सधै एउटा निश्चित लयमा हिड्नुहुन्थ्यो
उहाँको कुण्डलिनी मेरो भन्दा निकै लामो उचाई मा हल्लदै लहरिन्थ्यो
निकै बिशालरूपमा फैलीएको, लामो र गहीरो थियो

भगवान् सहजै मेरो विकासको गतिलाई बढाउन सक्नुहुन्थ्यो
यदि म सोझो दिशामा
उहाँको सिधा सम्मुखमा तालमेल मिलाउन सक्थे
त्यसैलै म उहाँको साथ हातमा हात समातेर गहिरो पानीमा जानथाले
पाइला पाइलामा . . . समानान्तर अग्लाईमा
शिखर पुष्पहरू एकपछि अर्को गर्दै खुलिरहेकाथिए
म उहाँको दिव्य प्रकाशलाई थामीरहेकोथिए
उहाँ म सँगै नाचीरहनुभएकोथियो

आँशु थामिदैन यी दिब्य लहरको बर्णन गर्दा

मिस्ट्री स्कुलको कार्यप्रणाली मेरो अगाडी खुलेको थियो
म उहाँको मिस्ट्री स्कुलको हिस्सा बन्नपुगे

आकाश बर्षीरह्यो
हीरा
हेर !!
आकाश बर्षीरह्यो
हिरा तिमी माथी

हिजोको बर्षा
कृतज्ञता बर्षाउछ
मौनमा
हिजो बर्षीयो बर्षा

मौन
मौनको अश्रुधारा
कृतज्ञतापूर्वक
हिजो बर्षीयो बर्षा

हिजोको बर्षा
हेर तिमी ?
तिम्रो माथी हिरा
हिजो बर्षीयो बर्षा !!

हाइकू, रजनीश १९८६



हाइकु रजनीश १९८६

सुगन्ध उठीरहेकोछ
मौन गहिरीइरहेकोछ
अर्दश्यात्मक तवरले !!

चिल क्षितिजमा मडारीरहेकोछ
भित्री आलोकको आकाशमा
फुल खिलखिलाइरहेकोछ . . .

बगीरहेका कदमका पदचाप
एउटा सौम्य मुस्कान
हत्केलामा गुलाफ
. . . बिलिन् हुन्छ
एउटा गुलाफ
फैलीरहेको सुगन्ध !!

म यो दुनियाँमा प्रथम मानिस हु
जो घोषण गर्छ र भन्छ भगवानको प्रवचनको असली अर्थ

कि उहाँ बुद्धत्व भन्दा निकै माथि गईरहनु भएको छ

यो एउटा क्रान्तिकारी कथन हो
सबैभन्दा पहिला भगवानले यस्तो
अजिवखाले घोषणा गर्नुभयो

मान्छेहरू यसलाई काव्यको दृष्टिकोणले हेर्छन्
भगवानलाई काव्यको सहराको कुनै आवश्यकता नै छैन
यो एउटा वास्तविक घोषणा थियो . . . एउटा असली घटना जो घटेको थियो

भगवान सबै भन्दा ठूलो जुवाडी . . . आफ्नो जीवनसँग खेल्ने
र सधै अग्लो आकाशमा तरवारको धारमा हिड्ने
उहाँले एक कदम अगाडि जाने निश्चय गर्नुभयो
जहाँ पहिले न कुनै जिवीत बुद्धले आफ्नो कदम राखेका थिए

कुनै बुद्धले शरीरमा बाँचिरहदै गर्दा आफ्नो शुक्ष्म शरीरलाई
आफ्नो परम शिष्यलाई दिएको छैन

आफ्नो शुक्ष्म शरीर बुझाए पश्चात
उनको भैतिक शरिर असुरक्षित रहन जान्छ
. . . . कमजोर उनको शरीर
पहिले भन्दा धेरै कमजोर र नाजुक थियो
यो अन्माउने क्रिया धेरै महत्वपूर्ण र धेरै खतनाक थियो

मैले यसलाई गहिरो ढङ्ग ले बुझेको छु
मैले उनलाई धेरै ध्यान र चेतनागत रूपले सम्हाल्न लागेँ

यो अनुभव यति ठूलो छ कि जसलाई एउटा पुस्तकमा समेट्न सकिदैन
यो मेरो उनी सँगको महानतम् जागृतिको अनुभव हो
र यो अनुभव चेतनाको गहिरो र भव्य दुनियामा बढ्दै जान्छ

म निश्चल रहन्छु र उहाँलाई फेरी भेट्न बम्बई जादैन
म गोप्य रूपले उनका नयाँ आयामहरूमा यात्रा गरिरहेको थिए
आफ्नो शरीरको यात्रा या आवत आजत गरिरहने
अरू कसैलाई बाधामा धकेल्न चाहन्नथे
मलाई पूनामा मौन बस्नु थियो

म जान्दथे भगवान पूनामा आउने तयारी गरिरहनु भएको थियो
र यस्तै भयो ४ जनवरी १९८७ भगवान पूना आश्रममा पुग्नु हुन्छ

# ओहो ! महान् 'सेतो राज हंस

हामीहरू सबै उनको कारको प्रतिक्षा गरिरहेका थियौ
गोप्य रूपमा बम्बई देखि . . .
रात्रीको माझमा रहेर पनि

सन्यासी नाची रहेका थिए र गीत गाईरहेका थिए
मुख्य द्धार देखि लाउत्सु सम्म भिड लागेको थियो
प्रतिक्षा र प्रतिक्षा निरन्तर जारि थियो
नाच्दै उत्सव मनाउदै प्रतिक्षारत थिए
करीव दुइ बजे तिर भगवान सबैतर्फ हात हल्लाउदै आउनुहुन्छ
र आफैभित्र खिलखिलाउदै आउनु हुन्छ

रोल्स रोयल्सको पछाडिको सिटमा स्वर्ग
कति महान भाग्य . . . मेरो प्रिय गुरू पूना फर्कनु हुन्छ

भगवान फेरि आफ्नो उचाइमा हुनुहुन्छ
प्रत्यक विहान आफ्नै किसिमले नाच्दै
समग्रतापूर्वक आफ्नै रङ्गमा रम्नु हुन्छ
तिमी उहाँलाई आकाशको उचाइमा आफ्ना पाखुराले
विष्फोट गरिरहेको देख्न सक्छौ
पूरा च्वागंत्सु हल लाई डुबाउदै . . . उर्वर अलौकिक उडानको दृश्यहरूमा

सौम्य मधुर, मुस्कुराहट
उनका फुसफुसाइरहेका आँखामा
एक महान रहस्य लुकेको छ

उचाई अझ उचाई . . . भगवान उचाइ र अरू उचाईमा
उहाँको आगमनमा प्रेमको गीत बर्षीरहेको छ

हामीलाई आफ्नो आत्माको गहिराइमा लिइरहनु भएको छ
तरङ्ग भित्र आइरहेको छ . . . छाल भित्र बढिरहेको छ

सन्यासीहरू आनन्दमा छन् . . . उनीहरू फेरी प्रेममय भएकाछन्
उनीहरूको आँखा खुसी र कृतज्ञताले चम्किरहेको छ
बुद्धक्षेत्र फेरी रौनकतामा दन्किरहेको छ
हावामा केही नयाँ पन थपिएको छ

भगवान यो पृथ्वीमा एउटा नयाँ मान्छेको आगमनमाथि प्रवचन दिनुहुन्छ
नयाँ मान्छेको आगमन क्षितिजमा तैरिहेको छ

सुनैलो भविष्य . . .
एउटा नयाँ विहान
सम्पूर्ण बुद्ध क्षेत्र उर्जाले भरिएको थियो
र एउटा नयाँ मान्छेको जन्मको प्रतिक्षा
भैरहेको थियो

मलाई थाहा थियो . . .
म उनीसँग नाचिरहेको थिए
को नाचिरहेको थियो के नाचिरहेका थिए
या त्यो भगवान हो जो म भित्र नाचिरहनु भएको थियो
नाच्ने वाला हरायो केवल नृत्य मात्र बच्यो

भगवान रजनिश गुरूहरूका पनि गुरू एउटा अद्भूत जादुगर
एउटा नयाँ मान्छे . . .
रजनिश . . . .
मैत्रिए एक मित्र . . .
क्षितिजमा तैरिरहेको थियो

उनको विवेक र उमेर मेरो जवानी र बच्चा जस्तो स्वभाव
एक साथ भएर काम गर्न थाले
म उनको शरीर र बुद्ध क्षेत्रलाई

आफ्नो जवानी ले रक्षा गर्ने छु
र उनी आफ्नो अनुभव र विवेकले
मलाई मार्ग दर्शन गर्ने छन्

हामी त्यो क्षणको प्रतिक्षा गरिरहेका थियौ
जब यो सारा जगतका सामुन्ने मा आउने छ
कुस्तो विष्फोटक कथा

यो एउटा सम्भावित सत्य थियो
जो मैले पहिले नै देख्न सक्तथे
एउटा क्रमबद्ध विष्फोट जो एउट ाविशाल



नयाँ घटनालाई
आकार दिने छ
धेरै सन्यासीहरू बुद्ध हुनु
र सबै कोण बाट उनीहरू निक्लीएर आउनु

हामीलाई १०० बुद्धको आवश्यकता थियो . . . चाडै नै
सामुहिक पराचेतनाको प्रकाशद्धारा प्रज्वलित हुनका लागी

भगवान्को आगमनसँगै उनको नजिकी समुहरू पनि साथ साथै अएको थियो
मैले अहिलेसम्म उनीहरूका बारेमा मात्र पढेको थिए र कल्पना गर्द्धथे
कि उनीहरू मध्य धेरै जना गोप्यरूपले बुद्धत्व प्राप्त गरीसकेका थिए

मैले हृदयलाई चिरा पार्नेखाले कथाहरू पढेकोथिए
गौतम बुद्ध गुरूका महान् शिष्यहरूका उचाईको बारेमा

म सपना देखिरहेकोथिए कि म यिनी प्रकाशमयी दिब्य आत्माहरूलाई देख्न पाउनेछु
र उनीहरूमाभ्र रहन पाउनेछु . . . यीनीहरूमध्ये धेरै नै भाग्यसाली सन्यासीहरूसँग
भगवान्को चरणमा १२ देखी १५ बर्षसम्म रहने
सम्मान र सौभाग्य प्राप्त भएको थियो

म उनीहरू प्रति विश्मयले भरिएको थिए र उनीहरूमाथी आश्चर्ययुक्त आँखाले हेर्न लागेको थिए
साथै उनीहरूको नजिक भएर हिड्दा दुइहात जोडेर भित्रबाट नमन् गर्दथे
मेरो इच्छा थियो कि यदि म पनि उनीहरूजस्तै भगवन्को परीधिमा यतीका कालसम्म
रहन पाउने भाग्य होस्

यिनीहरूमध्ये धेरैलाई म चिन्दीनथे
उनीहरू प्रति गरीएको आदरले नै उनीहरूलाई क्रोधीत बनायो
यो कस्तो बिचित्रको दुस्वप्न हो

म उनीहरूका लागी आफ्नो सम्पूर्ण प्रेम र आर्शिवादले कामना गर्दथे कि
उनीहरू एकदिन आफ्नो बुद्धत्वमा जाग्न सकुन्

म माथी आँखा लगाइदै थियो
भगवान् मार्फत . . . तर अब प्रत्येक सन्यासीद्धारा

आश्रममा निर्दोषिताले बिस्तारै बिस्तारै हिड्नु
गुरूत्वआर्षणरहित बिना कुनै प्रयत्नले बहनु
एउटा जान्न लायक आत्मीय मुस्कान

सत्ताधारी मान्छेहरूो इर्ष्या र अहंकार
उनीहरूले मेरा बारेमा झुटो अनेकौ अफवाहहरू फैलाउन थाले
र मेरो नामको बदनाम गर्न सुरू गर्न थाले

म माथी सबै किसीमले हमला गरीयो
उनीहरूको शब्दद्धारा, भावनात्मक शक्तीले र लज्जास्पद कृत्यद्धारा
मेरो बारेमा चारैतिर गलत धारणा बन्न थाल्यो

कि म सोच्दछु कि म नै गुरू हु
कि म सोच्दछु कि मलाई बुद्धत्व हासील भइसक्यो
म बुद्ध भएको ढोगं गरीरहेकोछु
कि म गुरूको नक्कल गरीरहेकोछु

कि म नकारात्मक र खरब उर्जा फैलाइरहेकोछु
कि म मान्छेहरूलाई आफ्नो झुठद्धारा फसाइरहेकोछु
कि म केवल उनीहरूको ध्यान खिच्ने कोशिस गरीरहेको छु
कि म एक महान् ढोगीं हु
कि म दोश्रो भगवान् बन्न चाहान्छु

म उनीहरूको संदेहलाई बुझ्न सक्दथे
मैले केहि त लुकाइरहेकोथिए . . . त्यो निश्चित हो

कि म बुद्ध हु . . . यो म गुप्तरूपले पहिले नै जान्दथे
कि म गुरूलाई दर्शाउदथे यो पनि बुझेकोथिए
कि मैले गुरू भएको ढोगं गरीरहेकोछु . . . त्यो पनि मलाइ ज्ञात थियो
किनकी मैले ती सबलाई आफुभित्र निहीत गरीराखेको थिए
उनीहरूको धारणा र उनीहरूको ब्यग्र कोसीसले मेरो चारै तिर सबैलाई थाहा भयो
यसले मलाई आश्चर्यचकित पारीदियो
यसले मलाई विश्वास दिलायो कि क सही बाटोमा छु
र यो नै उनीहरूले प्रमाणपत्र दिएको शैली थियो

म शान्तिपूर्वक र बिस्तारै बिस्तारै आफ्नो बुद्धत्वको दिशातर्फ बढिरहेको थिए
म उनीहरूको नकारात्मक बाणहरूले गर्दा आफुभित्र सहजै समाहित हुन सक्दथे
म सँग मेरा साथी पथिकहरूका निम्ती गहन करूणा थियो

उनीहरू पुग्न नसकेको पिडामा होलान् . . . जसमा केवल इर्ष्या चुहिरहेको होला
कति पडिमदायी होला उनीहरूका लागी
मलाई उनीहरूको समिप भएर प्रेमिल भई हिड्नु
म उनीहरूकालागी गहिरो करूणाको अनुभव गर्दछु

न त स्वाद छ न त पूर्वको सुन्दरता
न त पूर्वको गहिरो संस्कृति र ज्ञान

पूर्व अर्धविकसित छ र तलतिर खस्दै गएको देख्नसकिन्छ
पश्चिमीहरू विकास र शक्तिले घमण्ड प्रर्दशन गरीरहेकाछन्
र उनीहरूले हरेक चिजलाई मूल्याङ्कन गर्ने ढाँचा
उनीहरूको मानसिक धारणाले निर्क्योल गर्दछ
भगवान एउटा राजा हुन सक्नुहुन्थ्यो
र पूर्वको गहिरो विवेकलाई स्विकृत हुन सक्थ्यो
उहाँको काम अझ धेरै आयाममा फैलीएर जाने थियो
र उनको ज्वालालाई अझ चम्कदै लामो समयसम्म जिवित राख्थ्यो

भूमि तयारी थियो . . . पूर्वलाई आधुनिक बुद्धको आवश्यकता थियो
उनीहरूको हिरा जस्तो पारदर्शि र पुरानो ज्ञानको चेतलाई
आजको आवश्यकता अनुरूप पस्कनु
र सुतीरहेको कालो सर्पलाई फेरी ब्युझाउनु
पूर्वमा राजा पनि बुद्धत्व उपलब्ध व्यक्ति सामु झुक्दछु
र पश्चिमीहरू चुनिएको राष्ट्रप्रति र अन्य सत्ताधारीको सामुन्नेमा झुक्दछन्

म आफ्नो ताइचि र कुंग फु अभ्यासमा त्यही लुगा लगाउथे
र काम गर्दा बखत मेरून रोव लगाउथे
यो स्विकृत थियो तर  भित्रि रूपमा मन पराइदैनथ्यो
रमेशको अर्को भाई जो अमेरिकामा बस्थे उनी रूचाउदैनथे

म काममा मैरून रोब लगाएर आउथे
र दुई महिना ताइचिको आनन्द उठाउदैमा वित्यो
दिनभरि काम गर्नु र साँझमा पूर्विय सभ्यताका बारेमा पढेर
त्यसलाई आत्मसाथ गर्नु मेरो नित्य कर्म थियो

चाडै नै रोबको प्रसगं चर्चामा आयो
र कार्यलयमा उनको भाइसित चर्को बहस भयो
अन्य कर्मचारिहरू पनि त्यही थिए
मलाई सामान्य कपडा लगाउन भनियो
या अफिसमा काम नगर्न भनियो

मेरो वर्क परिमिट सोहि दिन ३ डिसेम्बर १९८७ मा स्विकृत भएको थियो
र म सोहि दिन भारतका लागि उडे
म आफ्नो रोवलाई लिएर सम्झौता गर्न सक्दैन

मेरी बहिनी र उसको परिवारलाई धक्का पुग्यो
यति शिघ्र म निक्लिए त्यो पनि कुनै जानकारी र छलफल बिना
आज म गल्ती महसुस गर्छु . . . म उनीहरूलाई प्रेम गर्छु
उनीहरू सधै मेरो पक्षमा थिए . . . जब मलाई उनीहरूको आवश्यकता थियो
र मैले बिनाकुनै कारण यो गरेर भारत आए

म यस्तै छु
मलाई यहि रूपले सृजना गरिएको छ
मेरो ढाँचा यस्तै छ

जब मलाई प्रेमले भनियो कि उनीहरू मलाई बुझ्दछन्
तब मलाई नराम्रो लाग्यो

के म सतहमा बाच्ने मान्छे हु र यति चाडै बुझ्न सक्छु
अरू द्वारा सायद मेरो गहिराईको अंहकारलाई ठेस लाग्यो
मलाई कोहिले नबुझुन्. . . बरू म त्यसलाई स्वीकार गर्दथे
त्यो नै प्यारो र साँचो लाग्दछ
र मेरो एकान्त केवल मेरा निम्ती हो

म आफ्नो टाउकोमा उभिएर सोच्छु
म भित्रको क्रान्तिकारी पन झुक्न सक्दैन
मलाई सधै एउटा कारण र लडाइ चाहिन्छ . . . एउटा नयाँ चुनौती . . .
जसले अधिक विकास पथमा लग्दछ



म फेरि भारतमा छु बिना पैसा . . .
आफ्नो जीविकाको लागी केही काम गर्नुछ
भारतमा मेरो परिवारले हङ्कङ्मा वर्क पारमिट लाई लत्याएको कुरा सुनिसकेका थिए
जुन पाउन धेरै मेहनेत र क्षमताको आवश्यकता पर्दछ
र मैले फेरी अचानक आगो ओकलेको र
त्यसै छोडेर निक्लेको बारेमा सबैलाई थाहा थियो
मेरो एक्कासी चर्कने स्वभावले गर्दा सबैजना टाढा रहन्थे

म फसिसकेको छु र फर्कने कुनै ठाँउ छैन
म सधै अगाडि जानुभन्दा पहिले फर्कने बाटोलाई पूर्णत नष्ट गरिदिन्छु

सायद म ताइची सिकाउँ र यसै बाट जीवन धान्न लाइ केहि आर्जन गरूँ

केही साथीहरूलाइ थाहा थियो कि मैले ताइची सिकेको छु
र पहिलो महिनामा मैले ६ जना विद्यार्थी पाए
प्रत्येक दिन कक्षा सुरू  हुन्थ्यो . . . यो कुरा चाडै नै फैलियो
र प्रत्येक व्यक्तिले नयाँ साथी लिएर आए . . . र मैले २० जना नयाँ विद्यार्थी पाए

प्रायः सबैजना दिल्लीको दुतावासमा उच्चपदस्थ थिए
स्पेनको दुतावासको प्रथम सचिव
मेक्सीको दुतावसको सांस्कृतिक राजदुत
फिनीस दुतावसको प्रथम सचिव
इटालियन दुतावसको सचिव र अनुवादक
अमरिकी दुतावासको नौसैनिक
र सूची अझै बढीरहेको थियो उनीहरूको तारीफ र प्रोत्साहनले गर्दा
म कुटनैतिक घेरामा तातोको विषय बने
उनीहरूको पार्टीमा बोलाइन्थ्यो र दुतावासको साँझको कुराकानी मा
सामेलका लागि निम्ता पठाइन्थ्यो

मलाई एउटा कक्षामा चारजना भन्दा धेरै विद्यार्थी चाहिएको छैन
कि मेरो उद्देश्य छ कि म हरेक विद्यार्थीलाई पूर्णरूपमा ध्यान दिन सकू
हरेक दिन ३- ४ वटा कक्षा लिन थाले
प्रत्येक कक्षा १ देखि डेढ घण्टासम्म चल्थ्यो

म आफ्ना विद्यार्थीहरू प्रति कृतज्ञ छु किनी अब मलाई गहिरो रूपमा प्रशिक्षित हुनुपर्छ
र म प्रत्येक दिन ६ घण्टा ताईची को कक्षामा लिन हुन्थे

यो आरामदायी र सुविधाजनक भएको छ किनकी म निजी पार्कमा सिकाउछु
जुन मेरो सुत्ने कोठा सँगै जोगिएको छ
र एउटा सेवानिकृत कर्णेलको पश्चिम तर्फको घरमा

म अर्को वर्षसम्ममा आफ्नो शरीरलाई गहिरो प्रशिक्षणमा लगाँउछु
किनकी अहिलेसम्म मैले शरीरलाई त्यति वास्ता दिएको थिएन
नियमित रूपमा शरीरको कोषलाई मालिस गर्न थाले
काँधको मांसशेपीलाई स्थानमा ल्याउने प्रयत्न गरिरहे

बचेको सबै पैसाले किताब किन्न थाले
र निरन्तर अध्ययनमा लीन हुन्छु
मैले ८०० पुस्तक भएको एउटा पुस्तकालय लिन्छु
जहाँ धेरै पुस्तकहरू जेन बगैंचा जेन मन्दिर र मार्शल आर्टका बारेमा
र पूर्वीय संस्कृतिका बारेमा छन्

आफू माथिको हिंसक हमला पछि
मैले आफ्नो शरीरलाई स्वस्थ र ताजा बनाउन पट्टी लागे
विस्तारै-विस्तारै पातलो धागोको धर्सालाई जोड्न थाले
र मेरो शरिरको सहश्रार देखी सोझोरूपमा भेटिनकालागी





ताई ची ताओ गुरूहरू द्वारा बनाइएको
अहिले सम्मकै शक्तिशाली पद्दती हो यो

क्रियाको क्रममा विस्तारै र गहिरो श्वास लिनु
श्वासलाई रोकिन दिनु अनी हारा केन्द्रको मिभ्रूसम्म पुग्न दिनु

सन्तुलिन क्रियाहरूको प्रयोग गरेर सौम्यतापूर्वक
शरिरको तौललाई परिवर्तन गर्नु र श्वासलाई नाभी सम्म विस्तारै जान दिनु

र अर्को तर्फ
हारा चक्र देखि माथितिर तान्नु र परीधीमसम्म फैलन दिनु
परीधीबाट केन्द्रसम्म र केन्द्रबाट परिधीसम्म सम्म
तबसम्म जबसम्म दुवै परिधी पग्लेर एक हुदैन
पुरा शरिरलाई परिधी केन्द्रले भरिन थाल्छ

साधकहरूलाई गुरूत्वआकर्षणको रहस्यलाई प्रयोग गर्नुपर्ने हुन्छ
जस्तो गुरूत्वआकषर्ण सधै तलतिर काम गर्छ
तर पूर्ण स्विकृतीको अवस्थामा मात्र
गुरूत्वआकर्षण सोभ्रो उभिएको जमिनको तरंगलाई धर्तिमा समेट्छ
र कुण्डलिनीलाई स्वतन्त्र गरी आकाशतर्फ उड्न दिन्छ

मान्छे एउटा रूख जस्तै हो
मान्छे एउटा विउ जस्तै हो
उर्वर माटोको जरा धर्तिको गहीराई सम्म जन्छ
जति गहिरोमा जराहरू हुन्छ अग्लो रूखको
त्यति नै धेरै हाँगाहरू फैलन्छन् फूल फूल्छन् फल लाग्दछन्
र फुलहरू आकाशतर्फ खुल्ला रहेका हुन्छन्

ताई ची र ध्यानको सबै प्रद्धतीमा
जराको गहीराईतर्फ जाने बारेको अर्थ
साधकलाई आफ्नो शरिरको तौललाई हाराचक्रको तल
स्थिर हुन दिनुपर्छ खुट्टलाइ धर्तिमा स्थिर हुनदिनुपर्छ

तौल स्थिर हुदै गर्दा श्वास पनि स्थिर हुदै जान्छ
र हामी खुट्टा बाट माथि तर्फ श्वास लिन थाल्छौ हाराचक्रतर्फ

मैले सधै भन्ने गर्छु पैतालाको मुनी तिम्रो आत्मा छ

तिमीलाई कुण्डलिनीको आकाशमा खोल्न का लागि धेरै प्रयास गर्नु पर्दैन
त्यो केवल हाम्रो मुर्खता र अहंकारले गर्दा हो
केवल मार्ग खोज गुरूत्वआकर्षणको केन्द्रलाई तलतर्फ ल्याउने
र धर्तिमा स्थिर होउ

स्वतः माथितर्फ उर्जा उत्पन्न हुन्छ
जस्तो कि हरेक उर्जाको विपरीत र उही क्षमताको उर्जा हुने गर्छ
धर्तिमा पूर्णतया स्थिर . . . हुनाले आकाश तिम्रो पुरस्कार हुनेछ
कुण्डलिनी खुल्नेछ . . . र तिमी गुरूत्वआकर्षण भन्दा टाढा जानेछौ

साधक गुरूत्वआकषर्णसँग लड्न सक्दैनन्
साधकलाई गुरूत्वआकर्षणसँग स्थिर हुनु पर्दछ
भित्रको कुण्डलिनी माथिको आकाशमा जानकालागी
बाटो खोज्दछ र खुलेरै जान्छ

ताईचि र विपासनाले भित्रको सिधा दिशालाई गहन प्रयोग गर्दछ
र गुरूत्वआर्कषण को प्रयोग गरेर पूर्ण स्वीकृतिमा धर्तिमा जान मञ्जुरी दिन्छ
ताई चि धेरै जटिल छ किनकी यो १०८ कला को प्रयोग गर्दछ
केन्द्रलाई गीताकार ढंगले फैलन र हाराचक्रलाई विस्तृत हुनलाई

विपासना धेरै वैज्ञानिक छ
यो एक सरल पद्धती हो
यो तत्कालको अवस्थामा उभिनका लागी
जहाँ विस्तारै हिड्नाले हारा केन्द्र धर्तिमा स्थिर हुन्छ
र जसको माथि शरिरमा ७ वटा केन्द्र ठाडो रूपमा उभिएका हुन्छन्
र सवै एउटै लाइनमा छन् जस्तो कि एउटा तरंग को धारा

विपासना तिनीहरूको लागि उपयुक्त हो जसको कुनै परिधि छैन
केवल एउटा झिनो पत्र हो
शरिरमा सिधा उभीएको लहर को एउटा अन्तिम नरम काम बचेको छ
जसलाई अकृत गर्नुछ

जाजेनमा . . . बर्षौसम्म सिधा उभिनु
अदृश्य काम केवल बस्नु मात्र हो
श्वासलाई सारा केन्द्रमा स्थिर हुन दिनु
र पैताला मार्फत बग्न दिनु
र धर्तिमा स्वयम्को जरालाई विकास गर्नु

सबै पद्धतीहरू भित्री रूपमा शान्त र तलतर्फ जानलाई हुन्
मलाई आसा छ तपाईंलाई संदेश प्राप्त भयो होला

सिकाउनु र मान्छेहरू माथि काम गर्दा मलाई स्वतन्त्र अनुभव हुन्छ
आफूलाई व्यक्त गर्न र मन र अमनको अनुभवलाई जोड्नलाई

अमनको सोझो अनुभवको तरंग
विस्तारै मनसँग जोडिन्छ र शब्दमा व्यक्त हुन्छ

मैले पुना आश्रमको गलत र प्रतिकुल परिणामहरूलाई अनुभव गर्न थाले
जहाँ यस बारेमा कुरा गर्नुला नराम्रो ठानिन्थ्यो
त्यहा बिस्तारै बुद्धत्वबारे कुरा गर्नु निषेध जस्तै थियो

भगवान्को सम्पुर्ण प्रयोग उहाँ बिरूद्ध काम गरीरहेको थियो
अभिब्यक्तीको स्वतन्त्रता बाहेक
अत्यन्तै बडा अधिनमा अदृश्यरूपमा राखीएकोथियो . . .
प्रबन्धक दल र अन्य अधिकारीहरूद्धारा

यति ठुलो अनुभवलाइ अभिब्यक्त नगर्नाले
बिशुद्धीचक्रमा अवरोध उत्पन्न भएको थियो . . .
जसले तलतिरको ह्दयकेन्द्रमा बाधा पुर्‍याउछ
र अझै त्यसको तल पनि अबरोध पुर्‍याउछ

चेतनाको विस्फोट  ले यती धेरै उर्जालाइ माथीतिर उठाउछ कि
उत्तीकै रचनात्मक र आनन्दीत उर्जाको बर्षा गर्दछ
कुनै पनि किसीमको अभिब्यक्ती नगर्नु राम्रो होइन
र प्राणघातक पनि हुनसक्छ यो शरिरमन जस्तो सानो भागका लागी

मान्छे माकुराको जालो जस्तै हो
एउटा बहीरहने बहुआयामीय अभिब्यक्तीको तरंग जस्तो
अभिब्यक्त नगर्नाले यी तरंग धेरै तौलयुक्त हुन्छन् र फाट्छन्

मैले हंगकंगमा पाँच मास बिताए
र पछिल्ला सोह्र महिना दिल्लीमा बिताए
२१ महिनाको लामो समय पुना र भगवान्देखी टाढा रहेर बित्यो

मैले सुने भगवान्ले भर्खरै मात्र
एउटा नयाँ ध्यान मिस्टीक रोज को थालनी गर्नुभएकोछ
विगतको कुरा संझनामा आउछ
मलाई यो ध्यानको वास्तविक शुरूवात बारे थाहा छ
मेरो र भगवान्को जुलाई १९८६को रहस्योदघाटनमा

मलाइ भगवान्को रिक्तता अनुभुत हुन्छ
र मलाइ थाहा छ कि मलाइ फेरी फर्केर जानुछ
उहाँको प्रेमील संरक्षणमा आफ्नो गहिरो यात्रालाइ अघि बढाउनुछ

म आफ्नो शरिरमा अझ बलियो र ताजा भएको महशुस गरीरहेकोछु
मेरो स्रोत जरा अझ गहिाइमा गएका छन् . . . चौडा र लामो भएका छन्
म आफुलाइ अलि अग्लो र ठुलो जस्तो पाउछु
आफैलाइ नयाँ माहोलमा समेटेर सम्हाल्नुपर्नेछ

पुना आश्रममा धेरैजना थिए जसले म माथी हमला गरेका थिए
र धेरै अरू पनि थिए जो मलाई प्रेम गर्थे

तिनी मौन मान्छेहरू थोरै थिए
जो मुस्कुराउदै शान्तपुर्वक मलाइ नजिकबाट हेर्दछन्
वा अरूले देख्न नपाउदै हेलो भनेर टाढातिर जान्थे
धेरै थिए जो गोप्यरूपमा म सँग नजिक भएर
मेरो अनुभवका बारेमा सोध्नसक्थे तर अरूको आखामा परीएला भन्ने भय उनीहरूलाइ थियो

मौन हुने र बुझ्ने सन्यासीहरूमा एउटा आम गुण थियो
उनीहरू सबै शान्त थिए र समस्यामा पर्न चाहादैनथे
सत्तमा रहेका र प्रबन्धकसमुहमा रहेकाहरूमा समानता थियो
कि उनीहरू सधै अरूको थाप्लोमा छोड्थे
र आफ्ना विचारलाइ बडो फुर्तिकासाथ अघि सार्थे

मलाइ थाहा थियो कसले नचाहिने अफवाह फैलाइरहेको छ
र समस्या कहाँ बाट आइरहेकोछ
म ति सबैलाइ चिन्छु
र शान्तपूर्वक तिनीहरूको गतिविधीलाइ हेरीरहेको थिए



म अप्रील १९९८ मा पूना फिर्ता आउछु

यहाको माहौल फेरीसकेकोछ
धेरै नयाँ मान्छेहरू आएकाछन् र स्थिती बदलीएकोछ
जस्तो कि सुन्तला रंगको रोबको ठाँउमा अन्य विदेशी पहिान आएकाछन्
र मान्छेहरू धेरै शान्त र थोरै उत्साहित देखीन्छन्
र उनीहरूले प्रत्येक दिनको नित्य ध्यान क्रियलाई मात्र स्विकार गरेकाछन्
र बुद्ध हुने उत्साह यहाँको वातावरणदेखी कैयौ कोष टाढा पुगेकोछ

उनीहरू रोकिएका छन् र स्विकार गर्छन् कि बुद्धत्व उनीहरूका लागी होइन्
तर उनीहरू सन्तुष्ट देखीन्छन् किनकी उनीहरूको साथमा भगवान् हुनुहुन्छ

म होटलमा आउनेबित्तीकै यहाँको सबै हालतबारे थाहा हुन्छ
र गोप्यरूपमा पत्ता लगाउछु कि प्रबन्धकदलमा को को छन्
के निलम, तथागत, मनु, जरीन, स्वभाव अहिले पनि सत्तामा छन्

हो उनीहरू छन् . . . मलाइ भनिन्छ कि
र उनीहरूले पनि चाल पाएका छन् मेरो पुना आगमनबारे

विस्तारै हिड्ने फेरी आएको छ . . . उनका जासुसहरू जताततै छन्

म केहि दिन प्रतिक्षा गर्छु र उनीहरूको नयाँ पोशाक
र नियमहरूबारे अवलोकन गर्छु

मलाइ जतिसक्दो शान्तमा अदृश्य झै रहनुछ
मेरो सोचाइ छ कि जब उनीहरू भेटीन्छन् उनीहरूलाई झुकेर प्रणाम गरूँ
आदर देखाई आफ्नो ब्यवहारमा परीवर्तन ल्याउ
कि म पूर्णत बदलीसकेकोछु र सत्ताप्रती बफादार छु
किनकी उनीहरू केवल भगवान्को काम गरीरहेका छन्
र उनीहरूले आफ्नो जीवन त्यागीदिएकाछन् र उहाँमा सर्मपीत गरेकाछन्

म आफ्ना खुल्ला कुम्फुको कपडा लगाएर
आश्रमको द्धार रहित द्धारमा पुग्छु र त्यहाँ पुग्ने बित्तिकै
सुरक्षाकर्मीहरू मलाइ अभिभावदन गर्छन् र भन्छन्
कि आज हामी तपाइको प्रतिक्षा गरीरहेका थियौ . . . तपाई फर्केर आउनुभयो
भित्र एउटा बैठकका लागी पाल्नुहोस्

म मनुलाइ भेट्छु र विनम्रतापूर्वक उसका सामु झुक्छु
उनी भन्छन् कि कति खुषि भएकोछु देखेर त्यो भन्न सकिरहेको छैन
र भित्र जान दिनका लागी अनुमती दिन पाएकोमा कति भावबिभोर भएकोछु म
उनी कृतज्ञता पूर्वक भन्छन् कि म फेरीएकोछु

मनु प्रशन्न छन् र मलाइ आर्शिवाद दिन्छन् त्यो कुरा चारैतिर फैलन्छ
कि म राम्रो मान्छे बनेर फिरेकोछु
साथै मेरो ब्यवहारमा फरकपन आएको छ
सबै सहजतापूर्बक बदलीएकोछ र म फेरीएकोछु
झुकेर अभिनन्दन गर्ने मेरो ताओ शैली र रूख झै झुक्ने तरीकाले काम गरीरहेकोछ
र यीनीहरूको सामुन्नेमा झुकिरहनु जतिबेला सम्म समस्या आउदैन
यिनीहरूलाइ आफ्नो अंहकारको पुजा गर्नमा निकै आनन्द आउछ

म भित्रतर्फ जान्छु र देख्छु कि निलम र तथागत म तर्फ बडो कठोरतापूर्वक हेरीरहेकाछन्
र कृष्ण हाउसको अफीसमा कालो मुख लिएर बसेका छन्
उनीहरू म माथी पक्कै पनि दृष्टि लगाउनेछन्
उनीहरूलाइ नहेरीकनै म अगाडि तर्फ बढ्छु
र लाउत्सुद्धारमा पुगेर भित्रबाट आफ्नो पहिलो मौन प्रणाम गर्छु

गुरूदयाल सिंह उनी सधै मेरो नजिकको मित्र रहे
पुना आएको पहिलो दिन देखी नै
बेस्सरी हाँस्दै मलाइ घप्लक्क अँगालो हाल्थे
धेरै खुषि लागेको छ तिमीलाई फेरी देख्न पाएकोमा . . . सधै तिम्रो याद आउथ्यो

मैले कैयौचोटि तिमीलाइ बुद्ध ग्रोवको पछाडि विस्तारै विस्तारै हिडेको देखे
कैयौ पल्ट जतिबेला म रातीमा निन्द्रमा हुन्थे

तिमी फर्केका छौ . . . हामीलाई निकै खुषि लागेकोछ
उनी भन्छन् कि ह्स्की पुनामै छिन् . . . उ मलाइ प्रेम गर्थी
र हामीहरू निकै घनिष्ठ थियौ
उनी कृष्णा हाउसमा ह्स्कीको कोठामा चाडै पुगी खबर गर्छन्

ह्स्की भाग्दै आउछे र मलाइ अँगालो हाल्छे
ओ रजनिश . . . मेरो प्रिय . . . ए रजनिश . . . मेरो प्रिय तिमी आयौ
कति सुन्दर आश्चर्य . . . छोड् अब हामी सँगसँगै हिड्नुपर्छ
र आफ्नो हात मुनि मेरो हात समात्दै विस्तारै हिड्छौ
उसलाइ देखेर निकै आनन्द आउछ कि उ मलाइ यहाँ देखेर कति खुषि भएकी छ

गुरूदयाल सिंह र ह्स्की दुबैले मलाइ प्रेम गरे
आश्रममा मेरो समस्यालाइ उनीहरू बुझ्दथे
र सधै कोशिस गरीरहन्थे कि मेरो समथमा छन् उनीहरू
उनीहरूले मेरो बारेमा लेनी डेविड र योगीलाइ ठिकै भने
उनीहरूको असल नामले मेरो मार्गलाइ धेरै संभव गराइदियो
ह्स्की निकै प्रेमील बनेकी छ
खुल्ला ह्दयकी स्नेही ब्राजिलीयन र आफ्नै ढंग की कडा मिजास भएकी

म फेरी आएको छु



मेरो प्रिय साथी लाफीगं बुद्ध गुरदयाल सिंहका लागी
जो सधै चुट्किला बनाउनुपूर्व नै बुझेर हाँस्थे
मैले सुने कि उनीले हाँस्दा हाँस्दै ९ जनवरी २००५ मा शरिर त्याग गरे

मुल्ला नसुरूद्दिनको केटी साथी उसलाई सोध्छे
के तिमीले अहिलेसम्म केवल मेरो ओठ मात्र चुमेका छौ
मुल्ला नसरूद्दीन ले भन्छ हो, यो सबैभन्दा धेरै मिठो ओठ हुन्

भगवान् बुद्धहलमा बोलीरहनुभएको छ
र हरेक पल्ट झै म लाइनमा प्रतिक्षा गर्छु
विस्तारै विस्तारै हिड्छु . . . बाँकी मान्छेहरूलाइ मेरो अगाडी जान दिन्छु
र बुद्धहलमा म अन्तिममा पुग्छु

मैले सधै एउटा बिशेष स्थानलाइ रोजेकोछु
सबैभन्दा अन्तिम लाइनमा उहाँको कुर्सीको सम्मुखमा
एकदम पछाडि . . . संगमरमरको बुद्ध प्रतिमा नजिकै

भगवान् आउनुहुन्छ . . . हावा विस्फोटित हुन्छ
र म आँशुमा डुब्छु
जादुमयी क्षणहरू फेरी आएका छन्
यि दन्कीरहेका छन् यसै क्षणमा उपस्तिथ छन्

हावाको प्रत्येक कण प्रेमले भरीएको छ
म आफ्नो सारा अतितलाइ बिर्सन्छु
र हरेक जिवीत सन्यासीका लागी कृतज्ञता महशुस गर्छु
हामी सबै यहाँ सँगै छौ
हामीहरू एउटा बुद्ध क्षेत्र हौ

केहि दिनमै भगवान्ले निर्णय गर्नुहुन्छ
कि उहाँ निश्चीत समयका लागी मौनमा जानुहुन्छ र बोल्न बन्द गर्नुहुन्छ

मेरो सधै त्यहि समय र त्यहि बाटो रहन्थ्यो
२:३० मा प्रबेश गरी लाउत्सुतर्फ बढ्नु
पहिला त भित्रैदेखी भगवान्लाई प्रणाम गर्नु र झरनातर्फ जानु जुन तलाउमा बहन्थ्यो
त्यसको आवाज नजिक गई केहि क्षण रोकिनु
अनि केहि समय सेता राजहंस नजिकै रोकिनु
त्यसपछि बिहानको चियाको लागी बोधिधर्मा क्याफे तर्फ जानु

केहि दिन बित्छन्
निलम र तथागत मलाइ पटक पटक हेरीरहेका छन्
प्रत्येक पल्ट जब म ढोका बाट भित्र प्रबेश गर्छु र कृष्णाहाउस नजिक भएर निक्लन्छु

म भित्र आउने बाटो बदलीदिन्छु
र द्वाररहित द्वार बाट बुद्धग्रोव तर्फ जान्छु
र लाउत्सुद्वार तर्फ मोडिन्छु र फेरी घुमेर तलाउको नजिकै रोकिन्छु
अनि मात्र बोधीधर्म क्याफेतिर लाग्छु
मेरो लागी यो पहीले जस्तो अनुभव होइन
यो मेरो हिड्ने शैलीलाइ भत्काउछ र मेरो बिहानी सहज रहदैन

केहिदिन पश्चात म सँग मल्टीवरसीटी नजिकै तथागत बडो रूखो रूपमा भेटिन्छन्
कि मैले फेरी विस्तारै हिड्न शुरू गरेको छु
यो उनी पचाउन सक्दैनन्
र मान्छेहरू मलाइ हेरीरहेका छन् र सबै मेरो विरोधमा छन् यस्तो सुन्नमा आएकोछ
केवल साधारण किसीमले हिड् र ध्यान तान्ने कोशिस नगर

कहिले यो जगत मान्छेलाइ मान्छे हुन देला स्वयंम हुन देला
के यिनी सत्ताका भोका कुकुरहरू सँग अरू केहि छैन
आफुले आफैलाइ ब्यस्त राख्नका लागी
केवल अग्लो कुर्चिमा बस्नु . . . केहि काम नगर्नु र आक्रमण गरीरहनु

मलाई थाहा थियो हरेक विचारलाई भगवान्ले सुनीरहनुभएकोछ देखीरहनुभएकोछ
कस्तो बिपत्ती यो . . . म केहि गरूँ वा स्थितीलाइ यस्तै रहनदिउ
यससँग कुनै प्रयोजन थिएन
यि मान्छेहरू आफ्नो कुर्सीको लागी कुनै पनि हालतमा छोड्ने छैनन्

म अर्को दिन आउदा सुन्छु कि कृष्णा हाउसलाइ बन्द गरीएकोछ
र भगवान्ले भन्नुभएको छ कि यसलाई पूर्ननिर्माण गर

प्रबन्धक समुहका सबैलाई बिदामा जान दिइएकोछ
तबसम्म जबसम्म कार्यालय काम पुन सुचारू हुदैन

र अर्को घोषणा गरीन्छ २१ जनाको इनर सर्कल बनाउने
जो आश्रमको दैनीक गतिविधीहरूलाई सम्हाल्नेछन्

म ब्याक्तीगतरूपमा यसलाई कुकुरको चुटाइ गर्ने जेन लौरो भन्छु

भगवान् मलाइ आफ्नो झापड हान्ने शैली सिकाउनुहुन्छ
उहाँको जेन लठ्ठी
उहाँको शैली यी भोका कुकुरहरूलाई सत्ताको खेलमा ब्यस्त राख्नका लागी
र उनीहरूलाइ अलि ठुलो हड्डी चपाउन दिनु थियो

यस किसीमले उनीहरू आफ्नो सत्ताको आंकाक्षा पुरा गर्छन् र त्यसलाइ हात पार्छन्
र त्यहाँ बाट खसेपछि सायद उनीहरूको आँखा खुल्छ कि बुद्धत्वका निम्ती
वा उनीहरूले बुझ्ने छन् सत्ताबाट केहि पनि पाइएन

केवल थोरै मान्छेहरूलाइ मात्र उनीहरू यो सत्ताको छेउछाउमा बसाउछन्
आफ्नो गोप्य हुकुमको एक्काको रूपमा

उनको दुइमुखे तरबार
तर दुर्भाग्य केहि मान्छेहरू अलि मोटो छाला भएका हुन्छन्
र उनीहरूलाइ आफ्नो सत्ताको मोह यति बाक्लो हुन्छ कि
उनको यो जुक्तीलाइ उनीहरू देख्न सक्दैनन्

जे होस् आज या भोली उनीहरू खस्ने त पक्का छ
सधैको लागी केहीपनि रहनेछैन
अरू कोहि शक्तीसाली कुकुर उनीहरूलाइ बाहिरको बाटो देखाउनेछ

भनिन्छ हरेक कुकुरको आफ्नो दिन हुन्छ र त्यो एक दिन आउछ
कस्तो खेल हो यो कहिल्यै नसकीने
भौ भौ भौ भौ



१९ मे मा भगवान् घोषणा गर्नुहुन्छ कि उहाँ सार्वजनिकरूपमा बोल्न बन्द गर्नुहुनेछ

ठुला खेलाडीहरू यताउतीको दौडमा लागेका छन्
सत्ता पाइने यो नयाँ दौडमा
र म धन्यभागी छु . . . म आउने तिन महिनासम्म उनीहरूको घुराइबाट टाढा छु

यो एउटा चमत्कार नै हो कि यती लामो समयसम्म म सन्यासीहरूको आँखाबाट
कसरी बच्न सके
मैले आफ्नो ताइ ची प्रशिक्षणलाइ ब्यवहारमा ल्याउन शुरू गरे

क्रिस्टल पिरामिडसँगै जहाँ हास भएका पोखरी छ
त्यहाँ नियमीत रूपमा बस्न थाले म
साँझको ४ बजे पछि देखी ८:३० सम्म . . . जब साँझको टेपको प्रवचन सकिन्छ
र त्यसपछि रातीको खाना
र फेरी ११:३० बजेसम्म बस्नु . . . जब ढोका बन्द हुन्छ

जतिसक्दो गहिरोरूपमा म आफ्नो निश्चलताको घेरालाई जम्मा गर्न चाहान्छु
मलाइ थाहा थियो भगवान् आफ्ना नयाँ कामलाई
नाटकिय रूपमा तयारी गरीरहनुभएकोथियो र यो तयारीमा म पनि सम्मीलीत थिए
त्यसैले म खाना खान्थे . . . गहिरो निन्द्रा सुत्थे र पोखरीछेउमा शान्तपुर्वक बस्थे

मैले पानीको झरनाको आवाजलाई आफ्नो बायाँ तर्फ पारे
म सन्तुलीतरूपमा सुन्न सकु कि जे कुरा अहिले सम्म खुल्न सकेको छैन त्यसलाई
र आफ्नो ढाडको हड्डीलाई गतीमा बनाृन पिरामीडको कुनामा बस्थे
लाउत्सुद्धारको ठिक अगाडी
नित्यरूपमा बस्नका लागी मलाइ परीपुर्ण स्थान फेला परेकोछ
म सन्यासीहरूको दृष्टिबाट टाढा थिए
र विपासनामा हिड्ने चाललाई रोकेकोथिए . . . केवल निश्चल भई मौनमा रहन्थे
र आफ्नो उर्जालाइ जम्मा गर्न थाले . . . मलाइ चाँडै नै यसको आवश्यकता पर्नेछ

मैले चाल पाए कि केही मान्छेहरू म माथी अजिवढंगले हाँसीरहेकाछन्
जब म उनीहरूको नजिक भएर हिड्छु उनीहरू मलाई समलिंगी संझन्छन्
पैजामा लगाएर हिड्दा मेरो खुट्टा अलि धेरै नै खुल्थे
मलाइ लाग्यो यो निकै अभद्र र हाँसोउठ्दो देखीएकोछ

मलाइ राम्रो लागीरहेको थिएन किनकी यसबारे निकै कुरा फैलीरहेकोथियो
र मलाइ थाहा थियो कि हेर्नेहरूलाइ पनि यस्तै देखीदो होला

भगवनले भन्नुभएको थियो साधुको जस्तो लुगा अब छोड्नुपर्छ
किनकी पुनाले प्रहरीको आकर्षण खिच्नेछ
र सन्यासीहरूलाइ बिनाकारण ब्यवधान दिइनेछ

तर उहाँले रोब लगाउने बारे केहि बताउनुभएन
त्यसैले मैले फैसला गरे कि आफ्नो विस्तारै हिड्ने चाललाई रोबपछाडी लुकाउला
जुन निलो कालो रंगको हुनेछ . . . अलि कालो भन्न मिल्ने
सुफीको जस्तो कालो रोब लगाउछु
यो चम्कीलो सुन्तला रंगको थिएन जसले तत्काल आँखा तानोस्

त्यसैले मैले गाढा निलो कालो रंगका लुगा दुइटा सिलाए
र त्यहि लगाएर आश्रममा आउन थाले
कोहिले पनि यसमाथी विचार पुर्‍याएन . . . यो हेर्नमा न त अचाक्ली थियो
न त केही बिशेष नै थियो यसले मेरो सुस्त चाललाई लुकाइदियो

सबै कुरा ठिकै थियो र म पनि आनन्दमा नै थिए
एकदिन अचानक तथागतले मलाई झोक्कीदै मल्टीभर्सीटी लग्यो
र म माथी निकै करायो
मैले तिमीलाइ विस्तारै नहिड्न भनेको हैन
र रोब नलगाउन भनेको होइन्
भगवान्ले रोब बन्द गरीसक्नुभएकोछ

मैले उसलाइ नम्रतापुर्वक माफी माग्दै भने
मेरो रोब सुन्तला रंगको छैन त्यो रंगलाइ पो बन्द गरेको यसलाइ त होइन नी
मैले एक हप्ता देखी यो रोब लगाइरहेकोछु कोहिले मलाइ केहि भनेन्

तथागत सँग धैर्य भन्ने कुनै चिज छैन
उसले तानाशाह जस्तो रवाफमा भन्यो कि कुनै पनि कुराको जबाफ दिनेवाला म होइन्
अरू कुनै मतलब छैन उसलाइ केवल एकतफीए उर्दी नै उसको अन्तिम बचन हो
आइन्दा रोब पनि लगाउने होइन र विस्तारै हिड्ने पनि होइन्
उसले मलाइ व्यवहार फेर्नका लागी दुइदिनको समय दियो



म धेरै नै आजित भइसकेकोथिएँ र भगवान् माथी अति नै क्रोधित थिए
यो सबै मेरा लागी पाच्य थिएनन्
यो त्यहि वाक्क लाग्ने मूर्खता र भेदनयुक्त कदम थियो . . . मेरो विरोधमा
मेरो लागी यो धेरै भइसकेकोथियो र म आश्रमको बाहिर गएँ

भगवान् माथी मेरो जीवनमा पहिलोपल्ट ठाडो रिस उम्लेर आयो
यो उहाँको गल्ती थियो
जस्तो सुकै मान्छेलाई पनि सत्तामा चुन्ने र उनीहरूले सताउने

मेरो लुगाको के अर्थ जुन मेरो अध्यात्मीक यात्रा छ त्यससँग
किन यि मान्छेहरू हरेक कुरामा आफ्नो हैकम चलाउछन्
कहाँ छ मेरो सरल स्वतन्त्रता
जस्तो चाहन्छु त्यस्तै लगाउने स्वतज्त्रता

आश्रमबाट फर्किएर केहि नखाइ सुते त्यस रात
म निकै रिसाएकोथिए र पाक्क भइसकेकोथिए
मैले अर्को पटक यहाँबाट जाने निर्णय गरे
र अब हिमालयतिर गई तिब्बतीयनहरूसँग
साथमा रहेर ध्यान गर्ने निश्चय गरे

# मेरून रोबको फुसफुसाहट

जुन १९८९ तिर मेरो फल्याटसँगै निर्मल रहन्थ्यो
उसले मलाइ अर्को दिन सबेरै उठाइदियो
उसलाइ थाहा थियो कि दिउसो १:३० वा २ बजेसम्म सुत्ने गर्दथे

ए रजनिश अनुमान लगाउ के भयो होला भनेर . . . अड्कल काट के भयो भनेर
आश्रमको बाहिर बिहानै सूचना लगाइएकोछ
हरेक कोहिलाई मेरून रोब अनिवार्य गरीएकोछ
र मेरून रोबको रंग हुबहु उस्तै छ
जुन लुगाको तिमीले लगाएको मेरून रंगको छ

उ आश्चर्यमा थियो र विस्मयले भरीएको थियो

म बहुला जस्तै हाँसे र उठे
ब्रस गरेर नुहाए अनि तत्काल आश्रम तिर लागे
आफ्नो जीवनमा पहिलोचोटी १२ बजे
म नितान्त एक्लो थिए जो मेरून रोबमा हिडीरहेकोथिए

म तथागतलाइ खोज्दै विस्तारै हिडीरहेकोथिए
म तिर फेरी आउ . . . काम नलाग्ने मान्छे . . . हा हा हा
म रोबमा हिडीरहेकोछु . . . मेरून रोब

त्यो एक चमत्कार थियो
भगवान्ले बुझ्नुभयो र म जोडले हाँसे

लाउत्सुद्धार बाट निक्लदा मेरो आँखामा आशु थियो
धन्यबाद भगवान् . . . धन्यबाद भगवान्
मैले हजुरलाइ खुल्ला रूपमा जाने र सुने
तपाईको गोप्य सन्देश पाएँ . . . मेरो समय आएको छ
म तयारी गर्छु र जतिसक्दो गहिराइमा जान्छु
भित्र जाउ भित्र जाउ भित्र तर्फ जाउ
उहाँ स्वतन्त्रताको पक्षमा हुनुहुन्थ्यो . . . सत्यको सधै विजय हुन्छ
मैले विश्वासको प्वाख लगाएको थिए
आफ्नै किसीमले उत्सब मनाइरहेकोथिए
सकेसम्म गहिराइमा जाउ . . . यहि मेरो तरीका थियो
धन्यबाद र कृतज्ञता प्रकट गर्ने

केहि दिन पछि मैले तथागतले मेरून रोब लगाएर हिडीरहेको देखे
लुक्दै मेरो नजिक पर्दै गर्दा लाजले फटाफट आफ्नो बाटो लागीरहदा मूर्ख झै लाग्थ्यो
मेरो आँखामा हेर्ने उसको समार्थ्य थिएन
मलाइ थाहा थियो उसको मगजमा के चलीरहेको छ भन्ने . . .
म सँग अब फेरी कुनै प्रतिशोध नलिनु

भगवान्ले नयाँ मिस्ट्री स्कुल बनाउने घोषणा गर्नुहुन्छ

भगवान् क्षितिजमा फेरी अर्को पल्ट नयाँ मानिस देख्नुभएकोछ
र भन्नु हुन्छ कि धेरै मान्छेहरू चाँडै नै आउनेछन्
१०,००० मान्छेहरू अट्ने नयाँ बुद्ध हल बनाउ
नयाँ पिरामीड हल बनाउ जस्को चारैतिर पानी होस्
आश्रमलाइ हरेक ठाउँमा फैलाउ
र च्वाग्त्सु अडिटेरीयममा एउटा नयाँ शयनकक्ष बनाउ

बतासमा केहि नविनता थपीदै थियो भगवान्ले भन्नुभयो
कि उर्जा नयाँ उचाइको तहमा छ
यो पक्का हो कि बुद्धाहलमा एउटा नयाँ शुरूवात हुनेवाला छ
बतासमा नयाँ आगमनको सुगन्ध आउन थालेकोथियो

म लाउत्सु नजिकैको पोखरीछेउमा नियमीत गइ बस्छु
यसले सबैतिर चर्चाको बिषय पायो
लाउत्सु का मुख्य निवासीहरूमा आनन्दो, अमृतो, नीलम, मुक्ता दि ग्रिक
उनीहरू धेरैजसो लाउत्सुद्धारमा ५:३० देखी ६ बजेसम्म
भेटघाट गर्थे र समय बिताउथे

मैले ध्यान दिइरहेकोथिए कि थेरापिष्टहरू मल्टीर्भसीटी नजिकै आउजाउ गरीरहेकाछन्
कैयौ चोटी आउजाउ गरीरहनु र बिनाकुनै काम ब्यस्त रहनु र आफुलाइ महत्वपुर्ण देखाउनु
र फाइलहरूलाइ साथमा लिएर चारैतिर मुस्कान छर्दै हिड्दै गर्दा
उनीहरूको असुविधा लुकेको देखिन्थ्यो
सबैजना अर्को समूहका नेताहरूसँग जोरी खेलीरहेकाथिए
कस्को समूहमा धेरै मान्छेहरू छन्
र कुन समुह धेरै महत्वपुर्ण छ . . . यहि किसीमले अरू धेरै कुरा घटिरहेकोथियो

म अर्कोपल्ट अलि टाढाबाट केहि खासखुस गरीरहेको सुन्छु
यसले आफुलाई बुद्ध संझेकोछ . . . निकै गम्भिर देखीएको छ यो मूर्ख
यि थेरापिष्टहरू कहिल्यै शान्त बस्न सक्दैनन् . . . प्रत्येक दिन आफ्नो धारणा बनाउछन्
र त्यो धारणा आफ्नो समुहमा गई सुनाउछन् र त्यो चारैतिर फैलन्छ

पोखरी किनारमा बस्न अलि असहज बन्दै गइरहेकोथियो
तर यो स्थानमा बस्दा मलाइ राहत हुन्छ र प्रेम पनि छ यो ठाउँ सित

म उनीहरूको आखाँ बिझाउछु एउटा दुस्वप्न भाँती
कुनै पनि थेरापीहरू गरीन मैले . . . न त कुनै समुहमा भाग लिए
केवल आनन्दपुर्वक शान्तिले बसेकोछु

भगवानले कहिल्यै कुनै समुहमा भागलिनुभएन
न त कृष्णमूर्तिले नै . . . न त रनण मर्हिले . . . न त बुद्धले
वास्तविक्तामा कुनै जागृत बुद्धले कहिल्यै कुनै समुह मा भाग लिएनन्
फेरि पनि उनीहरूले बुद्धत्व हासिल गरे

भगवान्को खबर स्पष्ट थियो
थेरापी र समुहहरू केवल ध्यानका लागी तयारी हुन्
थेरापीको अमनको अवस्थासँग कुनै लेनदेन छैन
न त ध्यानको भित्री अवस्थासँग सम्बन्धित नै छ
न त ध्यानको साधारण अवस्थासँग

ध्यानको आवश्यकता छ शरिरमनलाइ छोडीदेउ
र सजगताको ज्योतिलाइ अझ ठुलो बनाउ

साधकको भित्र अरू नयाँ सूचना भर्न कुनै आवश्यकता छैन
साधकलाई केवल आफु भित्रको मौनको जगतलाइ सुन्नु छ
र आफ्नो भित्रको आकाशमा छलाङ लगाउनु आवश्यक छ
जहाँ सृष्टिको सम्पूर्ण ज्ञान छ
भित्र स्वयमका् आत्मा मा

पश्चिमको मन अस्थिर छ परिवर्तन र असल मान्छे बन्नका लागि

सबै थेरापिष्टहरू कुनै न कुनै विषय सिक्नका लागि आकर्षित गर्दथे

भगवानले अरू कोहिलाई बदल्नका लागि कहिल्यै केहि भन्नुभएन
रूपान्तरण एउटा फरक विषय हो एउटा अर्कै अवस्थाको कुरा हो

परिवर्तनका लागि आवश्यक छ सोझो समतल दिशाको खोज
धेरै सिक्नु र धेरै अनुभव प्राप्तगर्नु र धेरै जानकारी हासिल गर्न
मान्छेलाई केवल पण्डित बन्नु छ

रूपान्तरणका लागि जरूरी छ सोझो दिशामा उभिनु
सिकेको कुरा  विर्सनु छ र भित्रको अवस्थालाई अनुभव गर्न छ
र केवल जान्नुमा नै हराउनु छ . . . यसले मान्छेलाई सजगता तर्फ लग्दछ

परिवर्तनका लागि आवश्यक छ
क देखि ख, ख देखि ग, ग देखि घ . . . कहिल्यै नसकिने परिवर्तनसिल यो संसारमा
रूपान्तरणका लागि आवश्यक छ
क १ देखि क २ क२ देखि क३ क ४ क ५ . . .गहिरो अझ गहिरो अनन्त गहिराइमा डुब्नु छ

परिवर्तनका लागि थेरापि, समुह र जानकारी को आवश्यकता छ
रूपान्तरणका लागि सजगता तर्फ ध्यानको अवस्थामा रहनु आवश्कता छ

पश्चिमको मन सजगतालाई अनुवाद गर्दछ एउटा माध्यमको रूपमा
जसले धेरै भन्दा धेरै ज्ञान दिन्छ यो चिज वा कुनै अरू चिज

पूर्वको विवेक ले सजगता पूर्वक जान्दछ
केवल साक्षी भावको बारेमा साक्ष हुनु छ

परिवर्तन सोझो समतल दिसामा छ जबकि रूपान्तरण सोझो उभिएको दिशामा

स्वयमलाई स्किार नगर्नूले परिवर्तन माग्दछ
स्वयंम्नै हुनु छ र रूपान्तरण घट्दछ

ध्यानले उर्जाको अवस्थामा काम गर्दछ
जुन सोझो ठाडो दिशामा माथि तर्फ छ
थोरै फ्रिकेन्सीको अल्फा अवस्थाबाट
धेरै फ्रिकेन्सीको ओमेगा अवस्थासम्म

अमनको आनन्दमय अवस्था . . . ओमेगा अवस्था
कामको मिलनले तल्लो शक्ति चक्र उत्तेजित हुन्छ र अग्नि उत्पन्न हुन्छ
जसले उत्तेजित प्रभावको श्वास सँगै माथि तिर बहन्छ
फैलाव र गहिरो विश्राम देखि हृदय हुदै विशुद्धी चक्र तर्फ जान्छ
र अँगालोमा आनन्दको ध्वनि घट्छ
त्यहाँबाट तेस्रो नेत्र देखि प्रकाशको झ्याँलसम्म जान्छ
र सहस्रार मा संभोगको परम अवस्थाको विस्फोटकको आनन्दलाई जन्म दिन्छ

## शुन्यताको अनुभव

जहाँ समय आकाश सबै विलिन हुन जान्छ
विचार कुनै रहदैन
तिमी र म पनि हुदैन
केवल सृष्टिसँग एकाकार हुन्छ

साधक परमआनन्दको उचाइमा हुन्छ
त्यसमा विलिन हुदै एकाकारको अनुभव गर्छ
एउटा अनन्त सजिव अमनको अवस्था

सबै ध्यानहरू यहि सोझो ढाडो दिशामा रूपान्तरणको लागि बनाइएका हुन्
हाम्रो भित्रको उर्जा अवस्था को रूपान्तरण
अल्फादेखि ओमेगा अवस्थासम्म

यो संसारमा समूह र थेरापिहरू रूपान्तरणका लागि
कहिपनि समुचित रूपमा रहदैन
यि अवस्थामा रूपान्तरणको अवस्था अग्लो
र गहिरो विश्राम तर्फ सजग अवस्था तिर लिएर जान्छ

थेरापिले पहिले देखिनै मरेको तौल र मनको अहंकारलाई धेरै भन्दा धेरै बढाउछ
र यस गलत विचार लाई म धेरै नजिक बाट चिन्छु
सायद मैले आफ्नो वरपरको परिस्थितिको बारेमा धेरै सजग भएको छु
सबैभन्दा धेरै भ्रान्ती र एकदमै छलकपट





भगवानको खबर
यहि क्षणमा बाँच

यो जिवित क्षणमा
न त भूत काल छ न त भविष्य
किनकि भूत कालमा मरेको पुरानो मन र त्यसको सम्झनाको आवश्यकता हुन्छ
र भविष्य अहिले सम्म आएको छैन
यो एउटा कल्पना हो

केवल यहि क्षणमा बाँच
पल पलमा
यो उचाइको तह गहिरो विश्रामको सजग अवस्थाको एकाकार अनुभव हो

गहिरो बुझाइलाई देख्छु जब म साथि ड्यान जुवान को प्रेमिल
मिजासीलो सन्यासी मित्र शुन्यको नजिकमा आउछु

भर्खरैमात्र आफ्नो केटी साथीलाई अरूका लागि छोड्यो
र उसलाई अरूकोहिका लागि यो क्रम जारी छ
म यहि क्षणमा बाचिरहेको छु . . . म पल पलमा हाँसिरहेको छु
भगवान भन्नुहुन्छ यहि क्षणमा बाँच . . . यो क्षण वितिसकेको छ

नयाँ केटी साथी क्षितिजमा छिन्

विवेकको धेरै राम्रो यो उपयोग

गर्नु र नगर्नुमा
स्वयंम् हुनुमा वा नहुनुमा

गर्नु सधै धेरै भन्दा धेरै गर्नु तर्फ लिएर जान्छ

स्वयंम् हुनु यहि क्षणमा छ . . . स्वयंम् हुन सजिलो छ
र स्वयंम् हुनुमा बढ्नु र यहि क्षणमा हुनु छ

केवल स्वयंम् हुनु छ . . . स्वयंममा पूर्ण हुनु छ

पश्चिमको मन धेरैभन्दा धेरै गर्नुमा व्यस्त छ
वेचैन र सधै हतारमा भागेको हुन्छ
केवल स्वयंम् मा निश्चल भएर बस्न सक्दैन

कृपा जसको अवतरण हुन्छ केवल स्वयंम् हुनुको निश्चल
स्वयंम् हुनुले स्वयंम्मा लिएर जान्छ . . . आफ्नो आत्मामा लिएर जान्छ

गराईले मनको दिशा तर्फ लिएर जान्छ
र त्यसको पागल पन पुरा प्रकाशको तर्फ अझ धेरै भ्रान्ती र उल्झनमा धकेल्छ



र तिम्रो केन्द्र देखि टाढा धेरै टाढा रहन्छ
सजगता अवस्था हो सोझो ठाडो दिशामा निश्चल हुनु
सजगता अमनको अवस्था हो यहि क्षणमा हुनका लागी
सजगताको बारेमा होसपूर्वक हुनु शुद्ध शुन्यताको अवस्थाामा लिएर जान्छ

जहाँ अनुभव र अनुभवकर्ता
दुवै एकाकारको अवस्थामा विलिन हुन जान्छन्

जहाँ द्रष्टा र दृष्य दुवै शुद्ध साक्षी भइ एउटै हुन्छन्

यो संसार र कथन पश्चिमको मन देखि अपरिचित छ
र उसको थेरापि र केटाकेटी समुहको लागि मानसिक प्रताडना दिइ



मन छोड्ने कुरा गर्छ
हजारौं पटक हामीले भगवानले भनेको सुन्यौ मन लाई छोडीदेउ
तर यसको अर्थ र गहिराइ लाई गलत सम्झियो

एउटा नयाँ मान्छेलाई सरल शैली द्वारा सुरूवात गर्नु पर्छ

केवल विचारहरूलाई बगेको हेर्नुछ बादल जस्तै
केवल विचार लाई हेरेर अनासक्त साक्षीभाव बनाइराख

चाडै नै अन्तराल आउन सुरू हुने छ

केवल विचारहरूलाई आएको गएको हेर कुनै धारणा नबानाऔ
यो ठिक हो यो बेठिक हो . . . त्यस पछि मन प्रवेश गर्दछ
र केवल हेर्न छोडेर धारणा बनाउन पट्टि लाग्दछ एउटा अनासक्त साक्षी भाव बनाइ राख
र अन्तराल ठूलो हुदै जानेछ

यो होसपूर्वक हुनु छ र साक्षीभावलाई बलियो बनाउछ
यो केवल एउटा साधारण भित्रि कला हो
अनासक्त साक्षीभाव बनाइराख्नु
तत्पश्चात
भावहरूको अधिक सुक्ष्म तलतर्फ अगाडि बढ र भावलाई त्यही अनासक्तीपूर्वक हेर

यो अनासक्त भइरहन धेरै गाह्रो काम हो
तर यदि तिम्रो केटीसाथीले तिम्रो सबैभन्दा नजिकको साथी लाई रोज्छिन्

आफ्नो भावको लागि साक्षी बनीरहनु
जस्तो कि एउटा ठूलो अन्तराल हो
जस्तो कि चिलको आँखाले देखेको दृष्य हो

विस्तारै विस्तारै यो सरल भित्रि कला जो कि
आफ्नो सुक्ष्म भावप्रति अनासक्त साक्षी बनिरहन बलियो हुन्छ

तब पुरा शरीर प्रति साक्षी होउ र
त्यसका सबै शारिरिक क्रियाहरूप्रति यो हाम्रो शारिरिक क्रियालाई सुस्त गरिदिन्छ
र साक्षीभाव अझ गहिरो हुन्छ

यो सम्पूर्ण सरल आन्तरिक कला
एउटा शुद्ध साक्षी बनाउनलाई हो

जो कि अनासक्त छ र शरीरमन भाव भन्दा फरक छ

अब तिम्रो उर्जा शरीर मन भावमा गइरहेको छैन
तर साक्षीभाव तर्फ अगाडि बढिरहेको छ
साक्षीभाव एउटा भित्रिकला हो
साक्षीभाव एउटा चाबी हो
ध्यानमा हामी सबै अनासक्त सक्षी हुनुपर्छ मन र त्यसको प्रक्रिया देखी . . . अनासक्त साक्षी

मन केवल शरीर सँग तादम्यतामा रहेको हुन्छ

मन लाई छोड्दिनु शरीररलाई छोड्दिनु हो
शरिरलाइ कसरी छोड्न सकिन्छ र
उसको आफ्नै अस्तित्व छ
केवल मृत्युमा शरिर खस्छ र मन हराउछ
त्यसैले कोही पनि मनलाइ छोड्न सक्दैन . . . तर साक्षीभाव बन्न सक्छ

शरिर र मन एकै हो . . . शरीरमन
शरीरमन विचार, भाव र यसप्रतीको तादम्यताले बनेको हुन्छ

साक्षी होउ कि तिमी विचार होइनौ
साक्षी हौ कि तिमी भाव होइनौ
साक्षी हौ कि तिमी शरिर होइनौ

साक्षी भाव सुनौलो चाबी हो

जसैगरी साक्षीभाव अझ बलियो हुदै जान्छ
विचार, भाव र शरिरसँगको तालमेल विस्तारै हराउदै जान्छ



साक्षीभाव सुनौलो चाबी हो
कसैले पनि मन छोड्न सक्दैन
पहिलो कुरा त छोड्नलाइ मन नै छैन
भन्ने हो भने त मनलाइ तिब्र बनाउन सकिन्छ जसैगरी साक्षीभाव बढ्दै जान्छ
र मनको स्पष्टता बढ्दै जान्छ जब साक्षीभाव बलियो हुदैजान्छ

मनको पारी जानुछ . . . मनलाई छोड्ने होइन्
यस मनको पारी जानुछ . . .अमनको अवस्थामा

अमनको अवस्थामा पुगेपछि
मन ओसको थोपा जसरी अदृश्य भइ जान्छ . . . सहजतापूर्वक उडीजान्छ
मन एउटा छायाँ थियो . . . अबोधताको

अति ब्याकुलताले आफ्नो अगाडि सत्यलाई देख्छु
मल्टीभर्सटी यो भ्रान्ती उत्पन्न गरीरहेकोछ . . . कि थेरापी र समुह नै असली कुरा हुन भनेर
अमन र ध्यानको सुरूवातमा बुझ्नलाई गाह्रो हुन्छ
किनकी यो पराई हो र उनको स्वभाव अनुकुल होइन्

त्यसैले थेरापी र समुहमाबाट शुरू गर् अनि त्यहि अल्झेर बस्

यो एउटा अनैतिक घेरा हो . . . यसमा थेरापिष्टको निहीत स्वार्थ छ
उनीहरूले प्रमाणिक थेरापिष्ट बन्नका लागी धेरै पैसा दिएका छन्
र उनीहरूलाइ त्यो लगानी उठाउनुछ
उक्त थेरापीलाइ बाहिर लगेर बेच्नु छ र जिविकाको लागी पैसा कमाउनुछ

सजिलो लेनदेन
सहज बाँच्ने कला
निर्दोष नयाँ मान्छेहरूबाट धेरै सम्मान प्राप्त भएकोछ
अहंकार पुर्ति भएकोछ
फुच्चे शिक्षकहरू अब सबै कुरा जान्ने शिक्षक भएका छन्

अत्याधिक शोषणले गर्दा उनीहरू यो बिर्सन्छन् कि उनीहरू के कामले यहाँ आएका थिए
ध्यानका लागी . . . ध्यानको अवस्थामा जीवनलाइ डोर्‍याउनका लागी

यो पागलखाना बन्दै गईरहेकोथियो
अति धेरै न्यायधीस र शिक्षकहरू जो आफुले सबै कुरा जानेको स्वागं पार्छन्

शिष्य त्यहाँ कोही छैन

उनीहरूका लागी भगवान् केवल साँझको मन बहलाउने साधन र प्रमाणपत्र हुनुहुन्थ्यो
उनीहरू संसारको सबैभन्दा ठुलो रूपान्तरण केन्द्रको थेरापिष्ट भएका थिए
जहाँ लाखौं मान्छेहरू रूपान्तरणका लागी आउछन्
उनीहरूलाई यो ठाउँ सहजै पैसा कमाउने जीवनपद्धती भएको ठाउँ थियो

पुनामा सरकारी कामदारजस्तो केहि महिना काम गर
त्यसपछि बिमान चढेर पश्चिमतर्फ लाग
त्याहाँ निर्दोष र इच्छुक मान्छेहरू थिए
उनीहरूको समुह र उनको खल्ती भर्नलाइ प्रतिक्षा गरीरहेकाथिए
पुनामा गइ धनि बनेर फर्क . . . फेरी प्रमाणपत्र लिएर आउ
र यहाँ यहि क्षणमा बाँच र एउटी नयाँ केटि साथी हात पार

पृथ्वीमा स्वर्ग
यस पृथ्वीको स्वर्ग जहाँ थेरापिष्टहरूमाथी पैसाको बर्षा हुन्छ

म उनीहरूको शत्रु थिए र खतरनाक थिए
म कुनै पैसा नदिएर विपासनाको लय समातेर हिड्छु

नयाँ मान्छेहरू चाल पाउदैनथे कि मैले कुन समुहमा भाग लिए
कुन चाही थेरापीष्टले मलाइ भित्री आकाशमा खस्न बाट बचायो



आश्रमको वाताबरण तिब्र गतिमा फेरीरहेकोथियो
मेरून रोबले बुद्धाफिल्डमा एकिकरण गरेकोथियो
र सामुहिक उर्जा जम्मा भई एक भइरहेकोथियो
ह्जारौ सन्यासीहरू केवल एउटै रंगको पहिरनमा थिए
र बुद्धफिल्डको आभालाई उर्जाले भरीरहेकाथिए

मेरून रंगको आफ्नै महत्व थियो
जस्तो कि हामी प्रकाशले बनेको शरिर हो
जुन रंग हामी लगाउछौ त्यहि रंग हाम्रो शरिरमा प्रकाशको किरण खस्दाबखत
पूनः फर्केर आउछ
यहि किसीमले थोरै फ्रिक्यन्सी भएको रातो रंग शरिरमा लिन पाउदैनौ
र हाम्रो शरिरसँग ठोकिएर निक्लेको रातो रंगले
वाताबरणमा अग्नि उत्पन्न गर्दछ
जसले हामीलाइ प्रचण्ड बन्नमा सघाउँ पुर्‍याउछ

यस समयमा भगवान् मलाई चाडै आएको हेर्न पर्खीरहनुभएकोथियो
र पुर्णिमाको जुलाई उत्सब पनि आइरहेकोथियो
सबै सन्यासीहरूलाई सेतो रोब लगाउनका लागी उर्दी गरीयो

रातीमा सेतो रोबले उर्जालाई उठाउन सहयोग गर्दछ
र रातीको निस्क्रीय उर्जा अत्याधिक सक्रिय हुन्छ

भगवान्ले चाल पाइसक्नुभएकोथियो थेरापिष्टहरूले समुहमा आफ्नो हैकम बढाइरहेका थिए भन्ने

र केवल उहाँको उर्जाको माध्यम बनीरहेका छैनन्

उहाले उनीहरूले लागी कालो रोब रोज्नुभयो
कालो रोबले तिम्रो अहंकारलाइ साम्य पार्न मद्दत गर्छ
र धेरै निस्क्रीय र ग्रहणसील बनाउछ
यस किसीमले समुहमा थेरापिष्टको उर्जाको प्रभावलाइ नरम बनाउने प्रयास भयो

भगवान्ले उनीहरूको मुक्त भएपछि हुने पूर्ण परीणाम देखीरहनुभएकोथियो
र उहाँलाइ थाहा थियो उहाँलाइ गल्ती मानीएकोछ

भर्खरैको ओरेगनको अनर्थ पछि
एउटा अर्को विपद्को आवश्यकता छ . . . सबै समाप्त हुनका लागी

सन्यासीहरूलाई फेरी जगाउनु आवश्यक थियो
सरल ध्यान पद्धतीहरूद्धारा जसलाई उहाँले मौलीक रूपमा बनाउनुभएकोथियो
र आवश्यक थियो फेरी आन्तरीकतर्फको बाटोमा लग्नका लागी

उहाँले ध्यान शिवीरहरू फेरी शुरू गर्ने घोषणा गर्नुभयो
ज्वालालाई फिर्ता ल्याउनुछ . . . त्यसका लागी उपयुक्त समय यहि हो

उहाँ गुरू पुर्णिमाको उत्सबमा पहिलोचोटी प्रकट हुनुभयो
सबै सन्यासीहरूले सेतो रोबमा नयाँ ह्वाइटरोब ब्रदरहुड को उत्सब मनाउछन्

म यिनै विशेष पलहरूका लागी रात दिन तयारी गरीरहेकोथिए
यो भगवान्को चरणमा पहिलो गुरूपूर्णिमाको उत्सव थियो
टाढा लाइनमा बसेर उहाँको अवतरीत कृपामा म नाचीरहेकोछु
मेरो प्रथम समाधीको संभनामा
कति सौभाग्यसाली म उहाँलाइ अहिले यहाँ पाउदा
यो जगत् बतासमय बनेकोछ म आफैमा रमेको छु अल्हादित भई

भगवान्ले सधै जोड दिनुभयो
कि यो कम्युन र बुद्धफिल्ड एउटा जीवन्त प्रयोग हो
सन्यासीहरूले यस सजिव प्रयोग र मिस्टरी स्कुल बनाएको अर्थ बिर्सेका छन्

एउटा सजिव प्रयोगको अर्थ हुन्छ
हामीले असाधारणरूपले जागरूक र साक्षि हुनु छ
अदृश्य जिवित प्रयोगका लागी जुन यहाँ घटिरहेको छ निरन्तर

गुरू आफ्नो शयनकक्षमा सिमीत शरिर होइन
गुरू शुद्ध साक्षी हो
निराकाररूपले हाम्रो हरेक पाइलाको ख्याल राख्छ
गुरू साक्षी हो
एकै दृष्टीमा सबै कुरा छर्लगं देख्न सक्ने द्रष्टा

उहाँका शिष्य नै सजिब प्रयोग हुन्
उहाँलाइ सबै थाहा छ र सबै देख्न सक्नुहुन्छ

म उहाँको रहस्यलाई बुझ्थे
उहाँको मडारीरहेको साक्षीभाव उपस्थितीलाई
म उहाँलाई आफुमाथी एउटा साक्षीभावको ज्योती जस्तै सम्हालेर राख्थे
र आफ्नो ठाडो दिशामा हिड्दा बस्दा बखत सँगै राख्थे
र आफ्नो हरेक क्रियाहरूमा बोध बनाइराख्थे
र उहाँको उपस्तिथीलाइ हरेक दिन अझ प्रगाढ हुन दिन्थे

म एउटा खाली बाँस थिए र आफुभित्रको फोहोर सफा गरीरहेकोथिए
ता कि पाहुना भित्र आउन् र आफ्नो घर बनाई बस्न सकुन्

भगवान् शान्तिपुर्वक हेरीरहनुभएकोथियो
र उहाँका नजिकका शिष्यहरूले म माथी गरेका कुविचारहरू
र ब्यवहार देखी चकित हुनुहुन्थ्यो
उनीहरूलाइ एउटा सामान्य शिष्यको ऐनाको रूपमा कहिल्यै पनि जाँचीएन

भगवान्का लागी उनीहरू एक बिशेष खाले मुकुण्डो लगाउथे
तर मेरा लागी कुनै मुकुण्डो थिएन
म त केवल उही विस्तारै हिड्ने मूर्ख रजनीश थिए
जसलाई मान्छे पनि संम्फीएन . . . केवल एउटा जनावर
उहाँले उनीहरूको वास्तविक अनुहार देख्न थाल्नुभएकोथियो

भगवान् जे देखीरहनुभएको थियो
त्यो थाहा पाएर मेरो ह्दय छिया छिया बनेको थियो
म प्रति उनीहरूले गरेको अमानवीयतालाइ पिउन सक्छु
तर भगवान्ले उनीहरूमाथी बिस बर्ष देखी प्रेम र गहीराइले काम गर्नुभएको थियो
यो उहाँको लागी पराजय थियो . . . उहाँको काम असफल भयो
आफ्नै मान्छेहरूले उहाँलाई हराइदिए
सायद उहाँ ज्यादा आसावादी हुनुहुन्थ्यो र आफ्ना मान्छेहरूप्रति धेरै नरम हुनुहुन्थ्यो

उहाँका आफ्ना मान्छेहरूको अपेक्षालाइ अमेरीकी सरकारले अफ्र थोरै क्षति पुर्‍यायो
उहाँ देख्नसक्नुहुन्थ्यो उदी उनीहरू फिर्ता आउन चाहान्छन् त
यिनीहरूले उहाँलाइ खत्तम बनाईदिनेछन्
र अफ्र भन्नेहो भने यो बुद्धक्षेत्रमा आउनसमेत दिनेछैनन्

१८ अगस्तमा बुद्धहलमा घोषणा हुन्छ
धेरै मान्छेहरूका लागी आश्चर्य . . . तर मेरा लागी होइन्
भगवान् भन्नुहुन्छ . . . अति थोरै मान्छेहरूले मात्र मेरो शब्दलाइ बुफ्रेका छन्

ध्यान शिवीर तिब्र हुन्छ

मलाई अफ्रै पनि प्रबन्धकदले हेरीरहेकोछ
म एक्लै बस्छु र कोहिसँग मेरो कुनै सम्बन्ध छैन
र २:३० आउछु . . . यो नियमीत दैनिकी हो मेरो
चुपचाप बस्नु र त्यसपछि एक घण्टा बुद्धग्रोव पछाडि हिड्नु
र साँफ्रको टेपको प्रवचन सुन्नका लागी बाहिर निस्कनु

मेरो २९ दिनसम्म गहिरोमा बस्ने बानी
र यस महान् दिनमा भगवान्लाइ देख्नु
गुरू पूर्णिमाको दिन
भगवान्ले दर्शन दिन बन्द गरेपनि मेरो क्रम यहि रह्यो

म जिद्धी छु र आन्तरीक मामलामा अलि दृढ नै छु

म अहिले पनि साँझपखको समयमा पिरामीड बाहिर बस्ने गर्छु
र मलाई पिरामीड थेरापीका लागी हो भनेर बोलाइन्छ
जो क्रिष्टलसँग काम गर्छन् र मलाई भित्री जानकारीहरू दिन्छन्
र म त्यो महत्वको स्थानमा बसेर आफुलाइ बिशेष हु भन्ने देखाइरहेकोछु
र मलाइ बिनम्र हुनुछ र आफ्नो रजनीश नामलाइ छोड्नुछ
र जब मान्छेहरू मलाइ रजनीश नामले बोलाउछन् तीन्लाई रोक्नुछ

म माथी आक्रमण गर्नका लागी जे भने पनि हुने
त्यसैले म हाँसे र भने
म एउटा सामान्य शिष्य हु जसको अहंकार हुन्छ नै
र जसलाइ म छोड्ने प्रयास गरीरहेकोछु
भगवान् मेरो गुरू हुनुहुन्छ उहालाइ छोड्नका लागी कुनै अहंकार छैन
त्यसैले राम्रो यो हुन्छ कि भगवान्ले आफ्नो नाम छोडिदीनु
र म स्वयंमलाइ कुनै आपत्ती छैन . . . यदी उहाँ आफ्नो नाम छोड्नुहुन्छ भने

मैले सुने कि भगवान्लाइ मेरो बारेमा कुरा सुनाइयो
मेरो नाम परिवर्तनका लागी
मेरा बिरूद्ध धेरै उजुरीहरू पठाइएका थिए
यिन्लाइ देखेर भगवाने मात्र हाँस्नुभयो र भन्नुभयो
हो . . . त्यसको नाम फेरीदेउ
यो अशुद्ध लेखीएको छ रजनिश
यसलाइ रजनीश मा बदलीदेउ

हरि ओम्

म बुद्ध हलमा शुक्रबारको सन्यास उत्सबका लागी प्रवेश गर्नै लाग्दा
जरीन्ले भगवान्को कुरा सुनाउछे
कि रजनीश आश्रमको आर्दश सन्यासी हुन्
र मलाइ उनी अगाडि आउन भन्छीन्

बतास उफ्रदो थियो र भगवान्कालागी यो सबै अति नै भइसकेकोथियो



भगवान् रहस्यमयी ढंगले आफ्नो नाम फेर्न थाल्नुहुन्छ
डिसेम्बर २६ १९८८ अब फेरी भगवान् नभन्नु
डिसेम्बर २७ १८८८ बुद्धा
डिसेम्बर ३० १९८८ श्री रजनीश जोरबा दि बुद्धा
जनवरी ७ १९८९ श्री रजनीश
फ्रेबवरी २९ १९८९ ओशो रजनीश
सेप्टेम्बर १२ १९८९ ओशो

सेप्टेम्बर १२ मा अर्को एउटा घोषणा गर्नुहुन्छ
तिमी एउटा पुर्णत नयाँ ब्याक्तीको सामना गर्नेछौ
जो अब देखी रजनीश नामले चिनीनेछैन
केवल ओशो

यो मेरो लागी आश्चर्यको कुरा हो
मलाइ थाहा थियो चाडै नै मेरो घोषणा हुनेछ
सायद यो नै उनको जुक्ती थियो रजनीश नाम छोड्ने

छोड्देउ ति सबै . . . त्यो जे सुकै भएपनि
मेरो नाम रजनीश लाइ लिएर सन्यासीहरूमाभ्र कुनै समस्या थिएन्
जो मेरो अहंकार प्रती चिन्तीत थिए

म बोधीधर्म क्याफेबाट हिड्दै लाउत्सुद्धार तर्फ बढीरहेकोथिए
म सामान्यरूपमा भगवान्लाई आफ्नो भित्री गहिराइबाट प्रणाम गरीरहेकोथिए
मुक्ता द्धार नजिकै बगैचामा पानी दिइरहेकीथिइ
म विस्तारै हिडेको देखेर उ कराउन थाली
र म माथी पानी छ्याप्न थाली

आनन्दो निलम र लाउत्सु को बाहिर बसेर गफिदै गरेका महिला मण्डली
म माथी हाँसीरहेका थिए
पानीको बहाकले म निथ्रुक्क भिजेकोथिए
र मलाइ अलि टाढा तर्फ जानुछ
म उनीहरूका लागी एउटा हाँसोको पात्र थिए . . . म बुद्ध भएको ढोगं गरीरहेकोथिए

म भित्रै देखी प्रणाम गरीरहेकोथिए तर यो अशोभनीय
अभद्र कृत्यले मलाइ क्रोधीत बनायो
उसको ब्यवहारमा चिड्चिडाहट र कुरूपता थियो
र यो अभद्रता त्यो पनि पृथ्वीको महान् गुरूको द्धार अगाडी
मैले उनीहरूको हाँसोलाइ बुभ्र्न सकिन्
र कठोरता र रिसाहा दृष्टी उनीहरूमाथी फाल्दै अगाडितिर जान्छु

भगवान्लाइ यस्ता महान् शिष्यहरू पाउनुथियो
यो हो उहाँको प्रेम र करूणाको जिउदो प्रमाण
कति स्वागंपुर्ण छ यो ठाउ

अर्को दिन सुन्छु कि
भगवान्ले सबै महिलाहरूलाइ आफ्नो सामाने प्याक गरेर
लाउत्सु घर छोड्लाइ आदेश दिनुहुन्छ

मेरो विचारमा . . . यो सबै छोडेर जाने मौका थियो
भगवान्को तर्फबाट पठाइएको सबैभन्दा कडा संकेत थियो

म सोच्छु अब तिनहरूको ख्याल कसले राख्छ
उहाँ निकै करूणमय र कोमल हुनुहुन्छ
त्यसैले केहीदिन पछि फेरी लाउत्सुमा आउन दिनुहुन्छ

मलाइ थाहा थियो के भइरहेको छ भन्ने
कुनै ठुलो कुरा मडारीरहेकोथियो
चारैतिर त्यसको संकेत देखीन्थ्यो
च्वाग्त्सु शयनकक्ष जसको डिजाइन उहाँ आफैले कल्पना गर्नुभएकोथियो
त्यहा भगवान्लाइ बस्नु थिएन

सेप्टेम्बर १४ देखी उहाँ विपासना मार्ग सबैका लागी खोल्दीनुहुन्छ
म सँग एकजना मिस्टरी स्कुलको सन्यासीसँग भेट हुन्छ
उनी भन्छन् कि विपासना मार्गको पहिलो लाइनमा म हिड्नुपर्छ
म उसलाइ भन्छु जहाँ भगवान् बस्नुहुन्छ त्यहा म श्वास लिन पनि आँट गर्दैन्
र उक्त प्रस्तावलाई अस्विकार गर्छु

म हरेक रात गहिरोमा गईरहेकोथिए
पुरा रात पनि नसुतिकन

कुण्डलीनी सक्रीय भइरहेकोथियो र बलियोसँग आफ्नो प्रभाव देखाइरहेकोथियो
म अति चक्कर आउने आवाजले गर्दा उचाइमा आफ्नो सन्तुलनलाई थाम्न सक्दैन
त्यो ध्वनी मेरो दाइने शुन्य कानलाइ भरीरहेकोछ
र मेरो बायाँ काँधको हड्डी र दाइने पाखुरामा पिडा भइरहेकोथियो

रातीमा निकै पसिना आउथ्यो
र म प्रकाशलाइ अझ अरू देख्न चाहादैन
रात दिन आफ्नो कोठामा बिताउथे
दोहोरो पर्दा सँगै . . . निस्पट्ट अन्धकार उत्पन्न गर्नका लागी

मलाइ आफ्नो अध्यारो कोठामा धेरै भन्दा धेरै बस्न आवश्यक छ . . . बाक्लो अन्धकारमा
किनकी घामको उज्यालोमा आउनासात मेरो आँखामा पानी आउन थाल्थ्यो

इडा आपसमा फसीसकेकोथियो
खुल्ने क्रिया तलतिर उन्मुख थियो
माथीतिर खोल्ने प्रयास गर्दा अझ बन्द भएर जान्थ्यो
र यसलाइ खोल्ने मेरो हरेक प्रयास असफल भइरहेकोथियो

सेप्टेम्बरको अन्त्यतीर . . . शरद ऋतु . . . म हरेक दिन बृक्षको बाफ लिने गर्दथे
आफुभित्रको श्वासलाइ खोल्नका लागी
र इडालाइ सत्क्रीय गराउनका लागी
अघिल्ला दुइ महिना म आफ्नै कोठाको अध्यारोमा बसे

कोठा छोड्न निकै गाह्रो भइरहेकोथियो
चिसो बतासले बृक्षको बाफ लिन सघाउ पुर्‍याइरहेकोथियो
सधै थकित र निन्द्रामा देखीन्थे
सुत्नेत्रृ १६ देखी १८ घण्टासम्म लम्बीयो

म आश्रममा केवला साँझको खाना खानका लागी आउथे
बेम्बो ग्रोबमा नाच्थे र आफ्नो शरिरलाई लहराउथे
भगवान्ले हरेक रात ११:३० सम्म बुद्ध हलमा नाच्नका लागी भन्नुभयो
यो मेरो लागी उचित थियो र रातीको लागी र रातीको खानाको लागी

अक्टुबरको महिना थियो . . . एउटा अर्को रहस्य जुन भगवान्ले भन्नुभयो
कि कम्युनलाई कालो रंगले रंगाउ
हरेक भित्ता र हरेक कुनालाई . . . सबैलाइ कालो गरीयो

कालो एकदमै सहि थियो
आत्माको फैलावका लागी गर्भको जस्तै काम गर्नका लागी
स्त्रीत्व कुण्डलित इडालाइ कालो रंगको सहयता मिल्यो
बुद्धाफील्ड फेरी बाँया तर्फ झुक्यो
र ग्रहणसील भई स्त्रीत्व हुनगयो
सृजनात्मक गर्भ गहिरो र शान्त भयो

दोश्रो पटक बुद्धाफील्ड कुनै एक दिशामा झुक्न थाल्यो
एउटा अर्को ठाडो दिशाको धुरीमा
आततायी खस्ने तरखरमा थियो
कालो . . . भगवान्को नयाँ रहस्य र जुक्ति थियो

सबै भवनहरूको संकेतलाई मेटाइयो
यिनीहरू सधै खाली मन सित खेल्छन्
समाधीमा कोही मान्छे पनि यो गहिरो अप्रत्यक्ष कारणलाइ बुझ्न सक्छन्
त्यस शुन्य अवस्थामा जीसस ग्रोब जस्तो नाम पनि प्रतिध्वनि उत्पन्न गर्छ
जीसस ग्रोब, जीसस ग्रोब
जबसम्म यसले अर्को नाम पाउदैन तबसम्म यो चिरकालसम्म दोहोर्‍याइरहन्छ

कोइ चाँडै नै बुद्धत्वसम्म पुग्ने तरखरमा थियो
यि सबै कालो रंग र सम्पूर्ण संकेतहरू हटाउनुको प्रयोजन त्यही थियो
यो केवल साधारण संकेत हो
मैले यि सबैलाई बुझेकोछु
म पहिले पनि यो कालो चक्रमा डुबेकोछु
यस पटक यो अझ ठुलो हुने ठाँटमा थियो

९ नोभेम्बर १९८९ मा भगवान्ले घोषणा गर्नुहुन्छ
उहाँको मौन धार्मीक होइन्
यसले विरोध जनाएको हो
यो विरोध झुटो बोल्नेहरूका बिरूद्धमा हो
र तिन्का लागी जो सुन्छन् तर ध्यान भने दिदैनन्

ति को मान्छेहरू हुन् जो सुन्छन् तर ध्यान दिदैनन्
सोच विचार गर . . . यदि तिमी सोच्न सक्छौ

मैले आश्रममा धेरैजसो महिलाहरूको ब्यवहारलाई हेरे
हरेक कोही धनी र शक्तीसाली पुरूषको खोजीमा छन्

सबैभन्दा राम्रो र सबैभन्दा शक्तीसाली पुरूषका लागी दौडीरहेका थिए
शक्तिसाली पुरूषहरू सुन्दर महिलाको खोजिमा छन्

उनीहरूको सारा खेल पैसा र शक्तिमा निहीत छ
र सुन्दरता आकर्षित गर्दछ

मैले सधै भगवान्ले भनेको सुने . . . पुरूषले महिलाहरूमाथी अधिकार जमाउनु
महिलाहरूसँग कुनै स्वतन्त्रता छैन
युगौ देखी उनीहरूलाइ पुरूषहरूद्धारा दबाइएकोछ

मेरो विचारमा यो आर्धबुझाइ हो
यो आधुनिक कालखण्डमा रहदा मैले केहि अरू नै अनुभव गरे

मेरो बुझाइ थियो
कि पुरूष पैसा र शक्तीको खोजमा छ
ताकी उ यसको लायक होस् कि उ सबैभन्दा सुन्दर महिलालाई आकर्षित गर्न सकोस्
महिला धनी र शक्तिसाली पुरूषलाई आफ्नो सुन्दरताद्धारा शोषण गर्छे

यो एउटा घिनलाग्दो दुश्चक्र हो . . . विपरीत दिशामा घुमीरहेको
यस किसीमले पुरूष सधै पैसा र सत्ताको पछि भागीरहेकोछ
महिलाहरूलाई सन्तुष्ट गर्नका लागी . . . सुन्दर महिलाहरू उसका कमजोरी भए

मैले कहिल्यै कुनै महिलालाइ एउटा गरीब संवेदनसील पुरूषको पछाडी देखेको छैन
केवल यो कुरालाइ लिएर चागेको देखेको छैन कि उ अति प्रिय बाँसुरी बजाइरहेकोछ
यदी इसतो भएको छ भने तयो दुर्लभ हो

म स्पष्टरूपले जान्दथे कि पुरूष महिलाको प्रभावमा छ
बिचरा लोग्नेमान्छे . . . उसलाइ महिलाहरू देखी स्वतन्त्र हुन आवश्यक छ

समाजको मूल्यांकन गर्ने खराब शैली
जो पैसा र सत्ताको इज्जत गर्छन्
यसलाई तब मात्र परीवर्तन गर्न संभव छ जब महिलाहरू आफ्नो सोच्ने शैलीलाई फेर्छन
शासन गर र विश्वलाई जित
पुरूष एउटा आक्रमक जनावर हो जो आफ्नो सिकारको खोजमा हुन्छ
महिलाको दृष्टिमा एउटा कोमल ह्दय भएको संवेदनसील पुरूष पराजित ब्याक्ति हो

भगवान्ले करीव २० बर्षको प्रवचन दौरानमा यो दृष्टिकोण कहिल्यै देखाउनुभएन
मलाइ थाहा छ भगवान् जबलपुरको एउटा सानो गाँउको सरल मान्छे हो
र उहाँ आफ्नो जीवनमा महिलाहरूप्रती सधै उदार र सम्मानपुर्वक रहनुभयो
र उहाँले पुरूषले महिलाप्रती गरेको प्रभाव लाइ सामान्य दृष्टिकोणले हेर्नुभयो
यो जटिल तथ्य हो तर . . . शुद्ध निर्दोषतापूवइक हेर्नुभयो

भगवान्ले मेरो चेतनालाई सुन्न सक्नुहुन्थ्यो
उहाँ आफ्नो अगाडी एउटा नयाँ स्पष्टता देखेर खुषि हुनुहुन्थ्यो
पुरूषको महिलाहरू माथीको प्रभाव . . . यस कुरामा उहाँको दृष्टिकोण पुरा भयो
म आफ्नो पंख फैलाइरहेकोथिए

२३ नोभेम्बर १९८९
भगवान्ले पुरूष मुक्ति आन्दोलन बनाउनुभयो

२८ नोभेम्बर १९८९
जीवनमा पहिलो पल्ट . . . उहाँ अचानक मल्टीभर्सटीमा आउनुहुन्छ
विस्तारै विस्तारै हरेक थेरापी समुहको पोष्टर हेर्नुहुन्छ
र भन्नुहुन्छ अब देखी कुनै लामो थेरापी हुनु हुदैन

सामान्यतया कोर्स एक देखी दुइ हुदै तिन महिनासम्मको लामो हुने गर्थ्यो
तर अब ती कोर्सहरू हल्का र मस्ती दिने हुनुपर्छ त्यो पनि ३ दिनका लागी

र उहाँले कुनै समुहमा सहभागी हुनुभन्दा पहीले
उहाँका पुस्तकहरू अनिवार्यरूपले पढ्नुपर्ने भन्नुभयो

के थियो यो अचानक परीवर्तन र प्रस्थान

के भगवान् तिनीहरूका बारेमा गंभीर भइरहनुभएकोथियो
जो सुन्छन् तर ध्यान दिदैनन्

र उहाँले अगाडी भन्नुभयो

जसले मेरो शब्दलाई समात्नेछन् उनीहरू म बाट चुक्नेछन्

सिंह गर्जिरहेकोथियो र उ आफ्नो सिकारमा थियो



भगवान्ले अब बुद्धफील्डलाइ तयार गरीरहनुभएको थियो
एउटा नयाँ उचाईको उर्जावस्थाका लागी

एउटा विशाल आत्माको जन्म हुनेवाला छ
गहन चिरफारको आवश्यकता छ

भगवान् धेरै अत्याधुनिक चिकीत्सक हुनुहुन्छ
लेजरले संचालीत उपकरणजस्तै
आफ्नो हिराले बहुमुखी हातको प्रयोग गरेर
उहाँ हामी माथी बुद्धफील्ड को उर्जालाई तयार गरीरहनुभएकोछ

ब्रह्माण्डीय पराचेतना
संयुक्त पराचेतना
पराचेतना
ब्रह्माण्डीय चेतना
सामुहिक चेतना
व्याक्तिगत चेतना

र त्यसको पनि निकै तल गएपछि

व्याक्तिगत अचेतना
सामुहिक अचेतना
ब्रह्माण्डीय अचेतना

अति धेरै मर्मतसंहारको काम गर्नुछ
क्षति निकै नराम्रोसँग ब्रह्माण्डीय अचेतनामा अड्कीरहेकोछ
पहिले कुनै जिवीत गुरूले यती गहिराइसँग
खुल्लारूपले शल्यचिकीत्सा गर्ने प्रयास गरेन

भगवान् गुरूहरूको पनि गुरू
अब उहाँ आफ्नो समग्रता र आफ्नो आत्माको सीमालाई बुझाइरहनुभएकोछ
आजसम्म कसैले पनि यती गहिराइमा जाने हिम्मत गरेकोथिएन

बुद्धाफिल्डलाई अझ गहिराइमा डुबाउनका लागी निबेदनोलाई तयारी गरीन्छ
बिजुलीको झट्काद्धारा . . . चर्को आवाजले विस्मीत तुल्याउने संगीत

पोडीयममा उहाँ विस्तारै र घना ध्यानपूर्वक आउनुहुन्थ्यो
आफ्नो हरेक क्रियालाई निश्चलताका साथ निर्वाह गर्नुहुन्थ्यो
समुन्द्रको जस्तो गहिराईले
बतासलाई च्याप्प समात्छ

उहाँको हरेक संकेत
अदृश्य शक्ति चाँडै नै असाधारणरूपमा सुक्ष्मतापुर्वक काम गर्न थाल्दछ
जे म देखीरहेको त्यसले आश्चर्यमा डुबाएकोछ

पोडीयममा पुग्नु र आफ्नो शल्य चिकित्साको कुर्चिमा निश्चल भइ बस्नु

निश्चलताको अति गहिराइमा
अकास भन्दा माथी उठेर जानु
र फेरी पृथ्वीको गहिराइतर्फ जानु
आफ्ना विशाल अदृश्य हातलाइ फैलाएर क्षतिग्रस्त बाँया भागको मर्मत गर्नु
त्यतीबेला आकाशमा उचाइमा बस्नु र फेरी पृथ्वीको गर्भमा जानु

तल र माथी तल र माथी
बाध्य भई प्रकाशको अदृश्य तरंगलाई
प्रकाशको किरण सँग जोड्दै जानु
तरंग पछि अर्को तरंग . . . अटुट यो श्रृखंला
आफ्नो अनन्त विस्तृत अनुकम्पासाथ चलीरहन्छ

धर्तीबाट आकाशतर्फ
प्रकाशको शल्यचिकीत्सा
उच्च फ्रिक्यन्सीको प्रकाशको प्रयोग गरेर
सबैलाई शान्त गर्नु . . . अचलअवस्थामै निरोगी हुनका लागी

स्वर्गका महान् आत्माहरूले यसलाई बडो विस्मयभावले हेरीरहेकाथिए
स्वर्गलाई थाहा थियो आखीर यो के भइरहेकोछ

एउटा ऐतिहासीक र अथाह गहिराइको लडाई भइरहेकोथियो
आकाशको उचाइमा . . . धर्तीको गर्भमा

म घोषणा गर्छु
पराचेतनाको इतिहासमा
कहिल्यैपनि यस किसीमको शल्यचिकीत्सा भएको छैन



एक महिना बितीसकेकोछ र क्षती गहिरो भएकोछ
धेरै भोल्टको आवश्यकता छ . . . गहिराइमा अझ बलियोसँग तय गर्नका लागी

प्रत्येक कण कणको आवश्यकता छ यो ब्रह्माण्डीय लर्डाइका लागी
बुद्धफिल्ड बाँया तर्फ क्षतीग्रस्त भएकोथियो
आश्रमका काला भित्ताहरू
यसलाई बायाँतर्फ झुक्न सघाउ पुर्याइरहेकाछन्
यसको सुचारूका लागी र सहि संम्हारका लागी

भगवान् निवेदनो र उसको भिषण सांगीतिक समुहलाई
जनाउ दिन्छन् कि बुद्धहलको सन्तुलित केन्द्रदेखी
बाँया तर्फ लग्नकालागी

ध्वनी नै हो जहाँ उहाँलाइ थप सन्तुलीत उर्जाको आवश्यकता पर्छ
बुद्धफील्डलाइ अझै बाया तर्फ निहुरीनुछ
सम्पूर्ण बुद्धफील्ड नै त्यता ढल्नु छ . . . भित्रीरूपमा सुन्दै गर्दा
बायाँ तर्फ मोडिन्छ र केन्द्रको उर्जा खस्कदै जान्छ

बायाँ भाग क्षतीग्रस्त भएकोछ
कुण्डलिनी डरलाग्दो किसीमले दायातर्फ निहुरीएकोछ

प्रभाव बढ्दै गइरहेको छ र अझ गहिरो हुदै गइरहेकोछ
चाडै नै आकाश तिर उठ्न र पृथ्वीको गहिराईमा खस्न आवश्यक छ
यो अति तिब्रतापूर्वक भइरहेकोछ . . . बिनाकुनै अल्झन

ओशो ओशो ओशो
सम्पूर्ण उर्जा माथी उठीरहेको छ र फेरी तल खसीरहेकोछ

ओशो ओशो ओशो
माथीतिर चाडै बढ्दै चर्को आवाजले तलतिर खस्नु

ओशो ओशो ओशो
भगवान् आकाशको उचाइमाथी सन्तुलन बनाउदै त्यहाँ पुग्नुहुन्छ

ओशो ओशो ओशो
हो हो हो उहाँलाइ थाहा छ उनीहरू सबै पृथ्वीमा छन् सबै मिलेर उहाँलाई
तलतर्फ तानीरहेकाछन्

ओशो ओशो ओशो
हीराको बज्रपात जस्तो . . . बतासलाई छेल्दै अघि बढ्छ

स्टप ध्यान

निवेदनोलाइ डर्मको आयतन बढाउन इशारा गर्नु
र साथै बुद्धाफिल्डलाई एउटा नयाँ उचाइ दिनका लागी
आफ्नो सम्पूर्णताले तयार गरीरहनुभएकोछ
गुरूहरूको पनि गुरू भगवान् त्याहा पुग्नेबित्तीकै
९ रेक्टरको भुइचालो जान्छ

जसलाई ब्यक्त गर्न सकिदैन
जसलाई भन्न गाह्रो छ
सत्यको अपार यो अनुभुति

खुल्ला रहस्य
गुरू काम गरीरहनुभएकोछ
क्षतिग्रस्त कुण्डलिनीको मर्मत गर्नमा
पृथ्वीको ह्र्दयमा . . . आकाशको उचाइमा
एउटा मन्त्रमुग्ध संकेतले . . . पृथ्वी र आकाशलाई एउटै बनाउनु
सोझो ठाडो दिशामा लेजरको तिब्र प्रहारद्धारा

म भगवान्लाइ देखीरहेकोछु
एउटा महानतम् हिरा जो अहिले सम्म अस्तित्वमा आए
ऋाफ्नो बहुआयामीक बहुमुखी सम्पूर्णतामा दन्कीरहेको
र लाखौं दिशामा एकै पटक चम्कीरहेको

पुर्ण बुद्ध संसार . . . एक दिन आश्चर्यले देख्नेछ
महान् लडाई जो चलीरहेकोथियो

स्वर्ग साक्षी छ
र मैले देखेकोछु

मैले के प्रकट गर्न सक्छु र
के नै भन्न सक्छु र





यि रातहरू अनन्त भएका छन्
रातले आफ्नो सुर्य देखीसकेकोछ . . . अब फेरी कहिल्यै रात हुनेछैन

म स्तब्ध भई आश्रमको चारैतिर हेर्दै हिड्छु
यती उचाइलाइ छुनु
उहाँको चम्कीरहेको अनुहारसामु सगरमाथा पनि मधुरो छ
मेरो रहस्य अझ गहिरो हुदै गयो र निश्चल शान्त हुदै गयो

जे पनि भइरहेको छ त्यो मलाइ थाहा छ
भगवान्को हरेक गहन संकेत
उहाँका हरेक संकेतका साना क्रिया
मुस्कानको महानतम् उचाइ . . . जसलाई मानवताले कहिल्यै अनुभव गरको थिएन

उहाँको मुस्कान र आफ्नो पिडालाइ लुकाउने करूणा
यो सबैभन्दा ठुलो युद्ध थियो अहिलेसम्मको

सायद यो यस्तो हुनुथिएन

सायद हारमा नै जित लुकेको थियो
सायद हारमा नै थियो एकलौटी जित

तिक्ततामा पनि यो बुझेर मिठो लाग्छ
कि हार ब्योहर्ने ब्याक्ति राजा थियो
यहि नै एउटा उपयुक्त समाधी विवरण हुनसक्छ

लड्दा लड्दै मर्नु
मुस्कुराउदै र करूणापूर्वक
आनन्द र बोधपूर्वक
पराजयको गौरव
कुनै पनि किसीमको मृत्यु भन्दा टाढा छ
र अमरता भन्दा पनि टाढा छ
एउटा नयाँ अग्लो शिखर
केवल एउटा दिब्यआत्माका लागी
भगवान्

मेरा दिनहरू सकिदै थिए
चन्द्रमामा कालो अंश बृद्धी भइरहेकोथियो

एउटा अर्को बिश्राम
एउटा अर्को जीवन

स्वयंमको अन्धकारमा बाँच्नेलाई अरूले बुझ्ने छैनन्
कि यो आकाश यति उज्यालोले किन बलीरहेकोछ

सायद यो सबै आडम्बर हो
नक्कली हिराको चम्काईजस्तो
वास्तबिक भन्दा पनि अझ चम्कीलो देखीने ढोंग रच्नु

तिमीलाई कसले भन्न सक्छ कि मैले के देखेको छु
म यो भन्दा अरू केही भन्न सक्दैन
त्यो टाढा भन्दा पनि टाढा निकै टाढाको कुरा हो

म अनन्त आकाशमा हराइसकेको एउटा नृत्य हु
निकै लामो समय बितीसक्योहोला
निरन्तर आफैमा हराइरहेकोछु

अनन्तकाल . . . यि बाँसका खाली रूखलाई माथीतिर तान्छ

बुद्धग्रोब हरेक क्रियासँग एक भएकोछ
चलीरहेको हरेक क्रिया होस् वा रोकिएको क्रिया
बाँसका रूखहरू रातीमा निकै हल्लीन्छन्
म को हुँ? उनीहरू सोध्छन्
म को हुँ? म को हुँ?

र अचानक मेरो टाउकोमा चड्केको आवाज
मेरो शरीर बाँसको रूखतिर उड्दै जान्छ
मलाइ फेरी हराइयो

शरीर छैन मन छैन
उठाउने पनि कोहि छैन
न त मलाइ फेरी कोही हराउनेवाला नै छ

कालो कालो कालो ... अनन्त कालो

सायद हार्नु नै निर्विकल्प मार्ग थियो यो असह्य आनन्द देखी बाहिर जानलाई

मैले सर्वश्रेष्ठलाइ देखेकोछु . . . भगवान्
सर्वश्रेष्ठसँग बाचेको छु . . . भगवान्

म अगाडीको यात्राको लागी पूर्ण तयार छु
जहाँ कहि जानका लागी होइन् . . . केहि गर्नका लागी होइन्
केवल यहि क्षणमा रहनुछ

भगवान् हाँस्दै भन्नुहुन्छ सृष्टिले आफ्नो समय लिन्छ नै
मेरो समय अहिले सम्म आएको छैन
यति सजीलै होइन्
अगाडी छ अझ अगाडी छ र निकै अगाडी छ

लेजारस अब उठ् . . . म भन्छु तिमी उठ् र हिड्

म एउटा शक्तिद्धारा उठाइन्छु र हिड्छु
म जिवीत नै छु र फिर्ता आएकोछु
सुरूगं निकै गहिरो थियो

सायद केहि दिन पछि जब म फेरी खस्नेछु
सृष्टि आफै ब्यवस्था गर्छ मर्न चाहनेहरूका लागी
कसैको शर्त यहाँ चल्दैन

म आफ्नो कोठामा फर्कन्छु . . . धेरै अँध्यारोमा
भित्रीरूपमा मलाइ थाहा छ मेरो जानेबेला भएकोछ

आफ्नो सबै समान आफ्ना साथीहरूलाइ दिन चाहान्छु जसले मलाइ संझनेछन्
म सँग रहेका सुन्दर मुर्ति र पुस्तकहरू . . . म तिनीहरूको एउटा सूची तयार गर्छु
र हरेक साथीका लागी एउटा उपहार बनाउछु
ति सबैका लागी जो मलाइ हेरेर मुस्कुराए र म प्रती भद्र थिए
तीनीहरूका लागी जसले मलाइ यात्रामा सघाएँ
जो मलाइ साहारा दिन आए जब मलाइ यताउता धकेलीयो
साना साना कुराहरूका सर्जकलाइ जसले मेरो ह्दयलाइ छोए
मैले हरेकलाइ आफुभित्र संझनामा राखेकोछु

एक एक गरेर म आश्रम जान्छु
हरेकलाइ आफ्नो संझना आउने उपहार दिन्छु
हरेकलाई त्यो अचम्म लाग्छ

दिनु कति आनन्दीत बोझरहित हुन्छ
उनीहरूको आश्चर्य र प्रेम मलाइ प्राप्त हुन्छ



म नयाँ दिनका लागी ब्युभन्छु

शान्तपुर्वक उर्जाको बल्दो विवेक गयो
देवदुतभै प्वाँख लगाएर आकाशतिर गए
अनन्त आकाशमा . . . सायद त्यो दिब्यआत्माको तयारीमा होला
जसको प्रतिक्षा भइरहेकोथियो

गुरू सँगको समक्रमिकता

विवेकले कुण्डलीत विवेकधारालाई पृथ्वीमा रोकीराखेकोथियो
प्रेम र कोमलतापूर्वक
उनको हरेक मुस्कानका लागी

सोभ्मो उभीएका तरंगहरू लडेर थाकीसकेकाथिए
रहस्य तिन्को नजिकै थियो
र त्यसैमा लुक्यो

प्रेमील संभनाको सिलोटमा
माँ प्रेम निर्वाण
जसको असमयमै निधन भएकोथियो
जन्म १९ मार्च १९४९
मृत्यु ९ डिसेम्बर १९८९

उनी बुद्धत्वसम्म पुगेको कुरालाइ म खोल्छु
सोभ्मो ठाडो बाटो र गोप्यरूपमा उनको मार्गदर्शक मार्फत

गुरूसँगको समक्रमिकता

यो भन्दा धेरै म प्रकट गर्न सक्दैन
यो मेरो होइन कि यसलाइ म बाड्न सँकु
उ मुस्कान छर्दै भन्छे भगवान्का मान्छेहरूमा सबैभन्दा पागल

नृत्य चलीरहेको हुन्छ
जीवन र मृत्यु . . . एउटा तरबारको जस्तो संतुलित
होशपुर्वक हुने धार . . . तिमीलाइ ब्युझाउदै
११ डिसेम्बरमा हामी नाच्छौ
एउटा धन्यभागीको जन्म भगवान्
बाटो अग्लो अझ लग्लो हुदै गइरहेकोछ
संकीर्ण र संकीर्ण
सबैभन्दा ठुलो फैसला जो अब गरीनेछ
तिनै रहस्यमय शैलीले आफ्नो बाटा थाहा हुन्छ

उहाँ आफ्नै शैलीले बाँच्नुहुनेछ
र कहिल्यै मर्नुहुनेछैन
उहाँको आफ्नै शैली

भगवान् अन्तिम युद्धको तयारी गरीरहनुभएको थियो
मृत्युले पुनःजीवीत गर्न सक्छ
शरिरलाई त्यसको अन्तिम श्वाससम्म . . . प्रकाशमा विस्फोट गरेर

निभ्नु भन्दा पहीले ज्वाला केही ठुलो बल्छ
निर्वाण ज्वालाको अन्त्य
अध्यारोको रहस्यमा थाम्नु
प्रकाशमा त्यसलाइ प्रकट गर्नु

कालो चक्र त्यस प्रकाश चक्रलाइ प्रकट गर्दछ
सबैकुरा थामीन्छ र फेरीबाट जीवनमा प्रबेश गर्छ
केवल एउटा गहिरो निष्क्रियता . . . नुतन निर्दोष आँखाका लागी

एउटा गज्जबको शैली
भगवान्ले ब्यवस्था गर्नुहुन्छ
उहाँको नयाँ मान्छेका लागी
उसको आगमनका लागी

बुद्धाफिल्डमा कालो जादुको घोषणा हुन थाल्छ
हावामा एउटा मन्त्र
त्यसलाई हेर र भित्र गहिराइमा जाउ
त्यसलाइ सुन र मन्त्रको ध्वनीलाइ खोज
यसले भगवान्लाई मारीदिनेछ

बच्चाहरू यताउता भाग्छन् . . . खजाना खोज्दै जुन कहिल्यै राखीएकोथिएन
त्यो सम्पतिको खोजी . . . खोजकार्य शुरू हुन्छ

अस्तित्व आफ्नै जुक्तिमा थियो

यो महत्वपूर्ण छ
मन्त्रवाला मान्छेलाई खोज्नु नै छैन
किनकी यो मन्त्रवाला मान्छे एक्लो छैन
यो मान्छेहरूको समूह हो
जसले ध्वनि मार्फत उहाँको हाराचक्रमाथी निशाना लगाइरहेकाछन्

समाचार चिन्ताजनक छ
हावामा सुगन्ध फालीयो

केहि उत्तरतिर जान्छन् . . . केहि दक्षिणतिर
केहि पूर्वतर्फ . . . केहि पश्चिमतर्फ
उत्तरपश्चिम दक्षिणपूर्व . . . उत्तरपूर्व दक्षिणपश्चिम

हरेक दिन नयाँ दिशामा . . एउटा नयाँ चक्कर . . . एउटा नयाँ मोड
षड्यन्त्र गहिरो हुदै गइरहेकोछ . . . जुक्ति वास्तविक हो

सम्पूर्ण बुद्धफिल्ड दायाँबाट बायातर्फ परीवर्तन हुन्छ
कालो जादुको मन्त्रको कुनै अंश संकेत छैन
ठिकै छ . . . बाँयाबाट अब दाया तिर प्रयास गरौ
कालो जादुको मन्त्रको कुनै निशाना छैन

सोझो उभीएको प्राणधाराको अवस्था र परिस्तथीलाइ तयार गर्नुपर्ने हुन्छ
बुझाउनका लागी यो गोप्य सन्तुलन हो
बायाँ बाट दाँया वा दाँया बाट बायाँ

बाँया देखी दाँया
बायाँतर्फ मोडिनु
कुण्डलित टपक्क मिनल हुन्छ
एकदम ठिक छ

जे म प्रकट गरीरहेकोछु त्यो सम्पुर्ण तथ्यको एउटा मसीनो संकेत मात्र हो
सम्पूर्ण तथ्य जुन म प्रकट गर्न सक्छु या प्रकट गर्नुपर्ने छ
र संसारलाइ बताउन सक्छु

म बहुआयामिक रूपमा प्रश्नका बारेमा सजग छु
जुन मेरो अभिव्यक्ती पछि आउनेछन्

नयाँ रहस्य जसको रचना गरीनेछ
कैयौ प्रश्नहरू उठाइनेछ . . . धेरै भन्दा धेरै प्रश्नहरू

म त्यहि प्रकट गरीरहेको छु जे मैले बुझेकोछु
म आफ्ना साथी पथिकहरूका लागी
भगवान्का प्रेमीहरूका लागी
यो मानवताका लागी र भविष्यमा सत्य खोज्नेहरूप्रती ऋणी छु

र माथी परलोकमा सबै जिवीत् बुद्धका निम्ती जो मलाइ चुपचाप हेरीरहेकाछन्

भगवान्को आफ्नै रूची छ . . . आफ्नो स्वतन्त्रता छनौट गर्ने
उहाँको दृष्टिकोण र प्रज्ञा हामीहरूको समयभन्दा निकै अगाडिकोछ
उहाँको पूर्ण सजग बोध

रहस्यमयी घोषणाहरू हरेक दिन भइरहेकाछन्
उहाँलाई खोज्नु छ कालो जादुगर को हो

सायद एउटा अमेरीकी सी. आइ. ए. को प्रतिनीधि
जे सँग अस्थिर गराउनका लागी विशेष साधन छ
वा केही मान्छेहरूको समूह
जो भगवान्लाइ सिद्धायाउनका लागी एउटा बिशेष मन्त्र जपिरहेकाछन्
वा एउटा नियमीत मान्छे . . . सायद एउटा भारतीय . . . मन्त्रको काम गरीरहेकोछ

भगवान्को सम्पूर्ण जीवनमा . . . अनगिन्ती दर्शनहरूमा . . . पहिलोचोटी
भुईमा टेप लगाएर बुद्धहललाई ४५ डिग्रीको कोणमा विभाजित गरीन्छ
सबै भारतीयलाहरूलाई बुद्धहलको बाँया तिर बस्नुछ
र सबै विदेशीहरूलाई दाँयाभागमा बसाउनुछ

अनि संन्देश दिइन्छ कि भगवान् आफ्नो गहिरो ध्यानको उडानमा हुनुहुन्छ
आफ्ना हातलाई माथीतिर उठाउदै
कुनै भारयीय ब्याक्तिलाइ संकेत गर्नुहुन्छ
जसलाई हलुका सँग धाप मारीन्छ र दोश्रोपटक देखी छोइदैन
तर विस्तारै भगवान्तर्फ हिड्नलाई भनिन्छ
र उसलाई पोडियम सँगैका् भर्यागं बाट हल छोडेर जानुपर्छ

भगवान् आफनो रहस्यमय युक्तिसहित तयार गरीएको पोडियममा आउनुहुन्छ

संगीत उहाँको हातको प्रत्येक क्रियालाई नियालीरहेकोछ

उहाँ आँखा खोल्नुहुन्छ . . . एउटा भारतीयतर्फ संकेत गर्नुहुन्छ
विस्तारै उसलाई उहाँको नजिक ल्याइन्छ
र सँगैको सिढी चढेर उ बाहिरीन्छ

संगित चलीरहन्छ . . . चर्को र तिब्रताकासाथ . . . अर्को एउटा संकेत
संगित बढ्दै जान्छ र उहाँको हातको इशारा माथीतिर उठ्छ
एउटा अर्को ब्याक्तिलाइ संकेतीतिब्रसंगित आकाशको उचाईमा छ
एउटा अर्को ब्याक्तिलाई बाहिर आउने संकेत

बुद्धक्षेत्र एउटा अग्लो शिखरमा
सुनौला तरंगहरूलाई थाम्दै . . . पृथ्बीमा तल तल तल
जोडिइरहेका अमरपंक्षीको प्वाँखलाई गुरूत्वआकर्षणले तल बाँधेर राख्नुछ
गहिरो छलागं हुनेछ . . . अथाह खोच र अनन्त खोचमाफ

दिनको उज्यालोमा सबैको अगाडी
मास्टरचोरले कसरी सबैभन्दा ठुलो कोहिनुर हिरा चोर्नेछ

जुक्तिले काम गरीरहेकोथियो . . . भगवान्को लक्ष्य अझै बसेकोछ
संगीत आरोहको लयमा बढिरहेकोछ . . . उहाँका हातहरू उडिरहेकाछन्

भगवान् म तर्फ अग्लो आकाशमा एउटा बाजले झैं हेर्नुहुन्छ
मेरो भित्रीसम्म नियाल्नुहुन्छ
मलाई थाहा थियो मेरो समय आएको छ

म तर्फ संकेत गरिन्छ
म चिसो अनुभुत गर्छु

म विस्तारै उठ्छु . . . नहल्लीकन . . . अति नै सुस्त चालले पहिलो पाइला चाल्छु
म जमेको छु र एउटा पाइला पनि उठाउनसक्दैन
हरेक पाइला सिसाजस्तो गह्रुगों छ . . . हरेक पाइला सुस्त र कालातीत छ

उहाँ म तर्फ हेर्नुहुन्छ
खुल्ला उघ्रीएका आँखा र बोधीधर्मको जस्तो उग्र

सम्पूर्ण आकाश ओर्लीएको छ र बलियो पकडका कारण पृथ्बी गह्रुगों भएकोछ
म विस्तारै उहाँतर्फ हिड्छु
केवल ३ मिटरको अन्तर छ हाम्रो दुरी

समय जमेर पूर्णत सुस्त हुन्छ
सबै गहीरो निश्चलतामा गुजंन काम गरीरहेकोछ

म त्याहाबाट हराउछु
आकाश म माथी घनारूपमा प्रवाहित भइरहेकोछ
हिरा शिघ्रतापूर्वक तलतिर मेरो सहश्रारमा आइरहेका थिए

अध्याँरोमा कोहिले नदेख्नेगरी . . . फेरी पनि उघ्रेको दिनको उज्यालोमा लगिन्छ
एउटा विरोधाभास जसलाई भुलाइन्छ

महानतम् रहस्य जुन जीवित राखीएकोछ

पवित्र ज्योतीलाई रहस्यमय शैलीले बुझाउनु



मलाइ हरेक कुराको बोध छ जुन चाँडै हुनेवाला थिए
यो भगवान्को कुरा हो . . . उहाँ मेरो गुरू हो
सबै म मार्फत हेरीन्छ . . . म मौनमा बस्छु

१६ जनवरी
भगवान् अन्तिम पल्ट ध्यानमा बस्नका लागी प्रकट हुनुहुन्छ
उहाँ निकै कमजोर हुनुभएकोछ
र गहिरो ध्यानमा बस्दाबखत सन्तुलन मिलीरहेकोछैन
अशक्त तबरले हिडीरहनुभएकोछ र निकै टाढाको जस्तो महशुस भइरहेकोछ

१७ जनवरी
भगवान् विस्तारै पोडियमतिर आउनुहुन्छ
उहाँका मुस्कुराइरहेका र टिलपिलाइरहेका आँखा
कहि टाढा क्षितीजमा उहाँको दृष्टि
हरेक दिशामा विस्तारै विस्तारै शाश्वत प्रणाम गर्दै
उहाँको हुनेवाला अन्तिम प्रणाम

१८ जनवरी
भगवान् आफ्नै कक्षमा गहिरो समाधीमा हुनुहुन्छ

१९ जनवरी १९९०
सबैजना बुद्धहलमा जम्मा हुन्छन्
र भगवान्ले आफ्नो शरिर छोडेको कुरा सुनाइन्छ
उहाँको शरिर बुद्धहलमा ल्याइनेछ
र त्यसपछि घाटतर्फ एक घण्टामा लगीनेछ

भगवान् जो ओशो नामले चिनिनुहुन्छ

उहाँ भन्नुहुन्छ
कि मेरो उपस्तिथी कैयौ गुणा धेरै हुनेछ
मेरा मान्छेहरूलाई संभ्कना गराइदिनु उनीहरूले मलाइ अभ्क धेरै अनुभव गर्नेछन्
अनि चाँडै थाहा पाउनेछन्

कहिलेपनि भूतकालमा मेरो बारेमा कुनै कुरा नगर्नु

अन्तिम नृत्य



उहाँका शिष्यहरूको नृत्यरत लिला
उनीहरू आफ्नो प्रेमको ज्वालालाई लिएर गइरहेकाथिए

मेरो आँखामा आँशुको बाढी दन्कीरहेकोथियो
अब कुनै फिर्ता आउनेछैन . . . अब धेरै अबेर भइसकेकोछ

महानतम् हंस उडीसकेको छ

पिडा र क्रन्दनको आँशु
गहिरो पिडा छ जहातही आँशु छ

हामीहरू जलाउनलाई घाटतिर लिएर जान्छौ
भगवान्को गित गाउदै . . .  हरेक आँखा बाट आँशु खसीरहेकोछ

सबैभन्दा ठुलो युद्ध जुन पहिले कहिल्यै लडिएन
उनीहरूमा प्रेम मरेकोछ र धेरै प्रेम उत्पन्न हुनका लागी

बेरीएर अगाडी बढिरहेको देखेर गहिरो पिडा हुन्छ
उहाँका एकत्रित शिष्यहरूको ज्वाला
उहाँका नृत्यरत प्रेमीहरू

उहाँको प्रेमको शुद्ध आगो सबैमा फैलीएकोछ

बिलीन्

जहाँ प्रेम धेरै हुन्छ
अथाह प्रेम ल्याउनका लागी
जुन आफैमा एउटा रहस्य हो
स्वयमंको प्रेम

सायद मृत्युवरण गर्नेले
बाँच्नेहरूलाई ब्युझाउनेछ



बुद्धको शिष्य महाकश्यप
सधै मौन र रहस्यमयी रहे
एक बिहान बुद्ध मुस्कुराउदै साथमा एउटा गुलाफ लिइ मौनमा आउनुहुन्छ

एउटा रूख तल मौनमा बसीरहेको छ अञ्जान महाकश्यप
अचानक उ बेस्सरी हाँस्छ

सबै शिष्यहरू फर्केर हेर्छन्
एउटा रूखको तल बसेको महाकश्यप जो कहिल्यै बोलेन र उसलाई ओझेलमा राखीयो

बुद्ध मुस्कुराउदै महाकश्यपलाई गुलाफ दिनुहुन्छ

चैतन्यको बदलावलाइ रहस्यमयी ढंगले शुन्यतालाई सुम्पनु

मैले कहिल्यै ओशोलाई एउटा प्रश्न पनि सोधेन . . . कहिल्यै कुनै उत्तर पनि पाएन

मैले ओशोलाइ कहिल्यै भेटीन
म एउटा अञ्जान शिष्य
केवल एउटा गुणसँग
शुद्ध बोध . . . पूर्ण निश्चलता . . . गहिरो मौन

म एक्लै उभीएकोछु . . . निश्चल र शान्तपुर्वक

ओशोको संसार चल्दैगर्छ
जस्तो केहिपनि भएको छैन भने झैं ढोंगपूर्वक . . . यो एकदमै अनावश्यक कुरा हो
स्वभावलाइ लुकाएर जेन जस्तै बनेर बाँच

कडा संकेत . . . द्वार रहित द्वारमा

पहिलेको जस्तै शुन्यता

तिमी को सँग ठट्टा गरीरहेकाछौ

म अब पूर्णत होसपूर्वक छु आफ्नो गहन जिम्मेवारीप्रती
म अब पूर्णत होसपूर्वक छु अनन्तताका लागी . . . जे मैले देखीरहेकोछु
पूर्णरूपले स्तब्ध म आँशुले भरीएका आँखा लिएर अगाडि हिड्छु
आँशुको बर्षा मेरो आँखा बाट झइरहेकोछ
दिन प्रतिदिन . . . हरेक रात रातभरी

अँगालो मारेर रून्छु हरेक काँधहरूमा जुन म सँग भेटिन्छन्
अब हामीलाइ कोही छुटाउन सक्दैन
हामी एक छौ

यो त्यो पल हो जुन सधै रहीरहन्छ
जन्म जन्मान्तर . . . सदैव हाम्रो ह्दयमा

धेरै प्रेमले भरीएका सन्यासीहरू अगाध पिडामा हिडीरहेकाछन् . . . आँशु लिएर
अँध्यारोमा हण्डर खादै अगाडी जाने बाटा खोजीरहेकाछन्

उनीहरू घोषणा गर्छन् . . . ओशोले भन्नुभएकोछ

म तिमीलाइ आफ्नो सपना छोड्छु

तर सही अर्थमा त सपना सकीसकेकोछ . . . अब तिमीहरू सबैलाइ जाग्नु छ

कसले थाहा पाउन सक्छ त्यो रहस्यमय परलोकलाई
कहाँ छ त्यो जिवीत् मिस्टरी स्कुल

कहाँ छ तिनको पवित्र सुक्ष्म शरीर
कसलाई थाहा छ

जेन जस्ता सन्यासीहरू एकान्तमा गए
र यो तितो सत्यसँगै उनीहरूले आफुलाई लुकाए

गुरूहरूको पनि गुरू अब शारीरिकरूपमा उपलब्ध हुनुहुन्न
उहाँका हाम्रालागी फैलीएका पाखुरा र हरेक साँझ आफ्नो ज्ञानका कथाहरू
अनि प्रेमका गीतहरूले अब हामीलाइ अँगालो मार्ने छैनन्

हामीले यो महत्वपूर्ण मौकालाई छाड्यौ
सायद सेतो राजहंस उडी सकेकोछ

ओशो घोषणा गर्नुहुन्छ
उहाँको गुप्त तथ्य र अन्तिम रहस्य
जुन अदृश्यका लागी हो
अनन्त सत्य र सदैव उपस्थित हुनलाई

कहिले पनि भुतकालमा मेरो कुरा नगर्नु

स्वयंमलाई एक आँखे द्रष्टाको रूपमा प्रकट गर्नु
उहाँका सेता प्वाँखहरू र सौम्यतापूर्वक बहीरहेको उपस्थितीलाई म देख्न सक्छु

अगाडी अरू पनि छ . . . अगाडी अरू छ . . . हिड्दै जाउ . . . बढ्दै जाउ
गहिराइमा जाउ र डुब्की लगाउ
साधकलाइ एउटा किनारामा छोड्नुपर्छ अर्को किनाराका लागी
अगाडी बढ्दै जाउ बढ्दै जाउ बढ्दै जाउ

यो पनि बितेर जानेछ

ओशो की आमा
म सबैभन्दा पहिले आमाको बारेमा महशुस गर्छु
म यि पवित्र दिनहरूमा उहाँलाई एक्लै छोड्न चाहान्छु
म जहिले पनि जब आमाको शयनकक्ष नजिकै भएर हिड्छु
उहाँलाइ सधै रोइरहेको सुन्छु
मैले उहाँको गोडा छुनुछ र उहाँको ह्दयको पिडालाई शान्त पार्नुछ
र उहाँलाइ आश्वस्त पार्नुछ कि सबै कुरा सकीएको छैन

आमाको रगत बग्छ . . . उहाँको ह्दयको गहिरो पिडा
माताजी एक भक्तिनी र इश्वरीय माता

जुन दिन मैले सन्यास लिए उहाँले मलाइ त्यहि दिन देख्नुभयो
र त्यहि दिन देखी मलाई सधै प्रेम गर्दै आउनुभयो
हरेक दिन आमा बिनम्रता र सौम्यताले
द्धाररहीत द्धारमा अटोरिक्सामा आउनुहुन्थ्यो
र आफ्नो काखमा ध्यान गर्दा बस्ने चकटी सँगै राख्नुहुन्थ्यो
र विस्तारै विस्तारै हिड्नुहुन्थ्यो
बहदै गरेको नित्य झरनाजस्तै
उहाँ शुद्ध अहंकाररहीत मौनमा हुनुहुन्थ्यो
रूखमाथी हाँगाको कुनै एउटा पात जस्तो . . . उहाँ त्यस्तै हुनुहुन्थ्यो
शुद्ध र सौम्य उपस्थिती मात्र

ओशो को सबैभन्दा ठुलो भक्त
सबैभन्दा धेरै करूणामय सबैकी आमा
जागृत बुद्धकी अन्तिम आमा

म आफैलाइ सम्हाल्छु र विस्तारै उहाँको ढोकामा ढकढकाउछु
उहाँको परिवार दुखमा चारैतीरबाट घेरीएकोछ
म त्यो बुझ्न सक्छु र फिर्ता जान चाहन्छु
उहाँ म तिर हेर्नुहुन्छ
रूदै . . . मेरो छोरा रजनीश . . . तिमी जीवितै छौ
मेरो छोरा रजनीश तिमी मरेका छैनौ . . . मेरो छोरा . . मेरो छोरा

म आँशुले भरीन्छु
केही बोल्नै सक्दैन . . . म उहाँको गोडा छुन्छु

ओशोको सौम्य परीवार म तर्फ हेरीरहन्छ
उहाँहरू शिष्टतापूर्व प्रेमले मलाइ जान भन्नुहुन्छ
माताजी गहिरो शोकको पिडामा हुनुहुन्छ
म उहाँलाई ओशोको संझना गराउछु जुन उहाँलाई अझ पिडादायी गराउछ

म बुझ्न सक्छु
यो शोकको समय पवित्र हो
म निहुरीदै विस्तारै बाहिर निस्कन्छु

केही दिन बितेर जान्छन्
फेरी कुरा चारैतिर फैलन्छ
मैले सन्यासीहरूलाइ धेरै भन्दा धेरै ओशोमो संझना गराइरहेकोछु
मान्छेहरू म सँग गहिरो प्रेम र मौनता साँधेर आइरहेकाछन्
मेरो नजिक बस्न चाहान्छन् . . . बिनाकुनै कारण
केवल मेरो नजिक बस्न चाहान्छन्

आश्रमका सत्ताधारी मान्छेहरू र प्रबन्धक दल अब मलाई निकै नजिकबाट नियालीरहेकाछन्
म सधै उनीहरूको दुखको कारक बने
म जहाँ जान्छु त्याहा नयाँ कथा शुरू हुन्छ

एउटी महिला आफ्नो सपना र कथा भन्न म कहाँ आउछीन्
मैले तिमीलाई मृतरूपमा देखेकोथिए
उनीहरू सबै तिम्रो शरिरलाइ स्टेचरमा हालेर बुद्धहलमा लिएर गइरहेकाथिए
ओशो तिमीलाइ आर्शिवाद दिन आउनुहुन्छ र तिमीलाइ चुम्न निहुरीनुहुन्छ
र अकस्मात तिमी त्यहाँबाट हराउछौ
र म देख्छु कि ओशोलाइ जलाउन घाटतिर लगीदैछ

अर्को एकजनाले देख्यो कि ओशो आफ्नो प्रवचन गर्ने कुर्चिमा बसेर बोलीरहनुभएकोथियो
उहाँको अनुहरा फेरीन्छ र म प्रकट हुन्छु . . . के यो दिव्य दर्शन थियो
यसको के अर्थ निकाल्ने . . . यो मलाई हरेक दिन आउछ

कोइ अर्को मलाई बुद्धग्रोबको पछाडी विस्तारै विस्तारै हिडेको देख्छ
र केहि क्षणमा नै मेरो ठाउमा ओशो हिडीरहनुभएकोछ . . . लामो सेतो दारीसहित

एउटी सानी केटी कराउदै म तर्फ आउछीन् ओशो ओशो
र भन्छीन् म तपाइको सेतो दारी तान्न चाहान्छु
मे म तपाइको दारी तानिदीउ ओशो . . . के म तपाइको दारी तानिदीउ



म निकै द्रुततम् गतिमा बढिरहेको समाजले घेरीएकोछु
हरेक दिशामा जोडसँग दौडीरहेका सत्यका खोजकर्ताहरू
तिब्र र अझ तिब्र गतिमा भागेका . . . हरेक दिशामा सत्य खोज्न हिडेका पथिकहरू

पूर्ण यात्रा शुरू हुन्छ
यही . . . यहि क्षणदेखी

भुतकाल बर्तमान भविष्य . . . सबै सोझो दिशामा उभीएकाछन्
आकाशमा निकै अग्लो र धरतीमा निकै गहिरो भई
यो शाश्वत क्षण

खोज्ने होइन . . . दौडने होइन . . . सिक्ने होइन् . . . गर्ने होइन्
केही पनि गर्ने होइन

मार्गरहित मार्गमा
एक पाइला पनि हिड्ने आवश्यकता छैन
हामी पहिले देखी नै घरमा छौ

म बुझ्न सक्छु एउटा पागलखानामा
बुझ्ने मान्छेहरूको बिचमा हुदाँको अनुभव
कुनै मेल खादैन . . . विवेकको यो फरक फरक अवस्था हो

सारा दुनिया एकातिर छ . . . र म एक्लै अर्को किनारामाछु

म कहाँबाट शुरू गरूँ . . . म क गर्न सक्छु . . . म कहाँ जान सक्छु
म एउटा पागलखानामा छु

अब हार मानेर यि सबैको अर्थ निकाल्न बन्द गर
अबुझ र अज्ञानताको आनन्द उठाउ
यो रहस्यको आनन्द लेउ र गहिराइमा एक्लो हुने तृप्तीमा बस

उहिखाले बुझाइ हो फेरीबाट साधारण मान्छे बन्ने
एउटा असाधारण साधारण मान्छे
मलाइ फेरी अर्कोचोटी मुखरीत हुनुछ र नयाँ प्वाँखहरू उम्रार्नु छ

म हरेक दिन आफ्नो ध्यानको अवस्थामा जानथाले

कृष्णाहाउसको नजिकै साँझको चिया पिइरहेकोछु
त्यहा रेष्टुरेन्टका कुर्चिहरू जतातते छन्
केवल मौन र एकान्तमा म चिया पिउछु

थाहा छैन कहाँ बाट हो . . . एउटा जर्मन सन्यासी म तर्फ जोडले दौडदै आउछ
र केहि पनि नभनी मेरो अनुहारमा मुक्का हान्यो

म आफ्नो शरिरबाट केहि तरल बगीरहेको महशुस गर्छु
मेरो आँखा रगतले भरीएकोछ
फेरी त्यहीखाले आक्रमण
र अर्को एक सभ्य मान्छे
आफ्नो प्रेम र ध्यानको अवस्था लाई अभिव्यक्त गर्छ

बाँकी मान्छेहरू घृणापूर्वक म तर्फ हेर्छन् यो बिनाकारणको प्रहारलाई
देखेर आश्चर्यमा पर्छन्
म उसलाइ सोध्छु कति बर्षदेखी तिमी सन्यासी छौ
उ भन्छ १२ बर्षदेखी
म भन्छु महान् . . . यो जुन तिमीले पायौ
केवल भित्र जाउ र आफुलाई ध्यानपूर्वक हेर
महान् सन्यासी

म उभीएर नजिकैको वास बेसन अगाडी आफ्नो अनुहारलाइ ऐनामा हेर्छु
मेरो आँखी भौ नजिकै गहिरो घाउ बनेकोछ
धेरै रगत बगीरहेकोछ र अनुहार छोपीएकोछ
कसैले मलाइ कृष्णाहाउसको कार्यालयतर्फ जानलाइ सहयोग गर्छ
केहि रोकथामका लागी चिकीत्सकको सल्लाहका लागी
र मलाई त्यहा अफिसमा छोडिदिन्छ

मलाइ अरू माज्छेहरूको दृष्टी नपरोस् भन्नलाई अफिसमा राखीयो
भित्र जादाखेरी . . . मैले डक्टर अमृतो र जयशलाइ देखे
अमृतोलाइ देखेर भन्छु कि मेरो आखीभौमा निकै गहिरो घाउ भएकोछ

कृपया यसलाई हेरीदिनुस् र टाका लगाउने ब्यवस्था गर्नुहोस्

चाँडै नै उ आफ्नो कठोर भाषण शुरू गर्छ
म तिम्रो अनुहारमा हेर्न चाहन्न
यो मेरो समस्या होइन्
मैले यसबाट पाठ सिक्नुपर्दछ
र म यस घटनाको लागी योग्य थिए
मैले मान्छेहरूलाइ उक्साउछु
र म जस्तो मान्छेलाइ निषेध गरीदिनुपर्छ

जयेश एउटा शिष्ट मान्छे हो . . . अमृतोको ब्यवहार देखेर आश्चर्यतापूर्वक उ भद्रताले अमृतोलाई म तर्फ हेर्न भन्छ

मलाइ चोट लागेकोथियो . . . आश्रमभित्र हमला भएकोथियो . . . उनीहरूको अगाडी देख्नेहरूले देखेका थिए कि म एक्लै शान्तपूर्वक चिया पिइरहेकोथिए
र मैले त्यस मान्छेलाइ कहिल्यै भेटेको थिइन्

अमृतो घाउमा टाका लगाउनलाई अस्विकार गर्छ
र फर्कदै बाहिर निस्कन्छ
म उसलाई फेरी बोलाएर जयशको अगाडी भन्छु
म प्रतिज्ञा गर्छु तिमी यस दिनलाई संभना गर्नेछौ
तिमी एउटा डक्टर हो जसले कुनैपनि किसीमको बिरामीलाइ हेर्ने शपथ खाएका छौ
तिमी आश्रमको डाक्टर हौ
म भन्छु यो तिमीलाई याद हुनेछ

मलाइ सोफामा सुताइन्छ
बरफको डल्लोले सेकाउदै . . . बगीरहेको रगत थामीन एक घण्टा लाग्छ
म त्यस राती टाँका लगाउनका लागी बुद्धरानी अस्पतालमा जान्छु

मैले क्षमा गरीदिएको छु तर बिर्सेको छैन
मेरो बचन . . . म सधै आफ्नो बचन पुरा गर्छु

अमृतो प्रेमको भोको छ र उसलाई प्रेमको मात्र आवश्यकता छ

त्यसैले म आज सोच्छु कि
उसलाइ त्यो प्रेमको डिब्बा पठाउ
उसलाई जे चाहिएको छ त्यो हो साधारण शौचको प्रशिक्षण
पछाडिको द्वार बन्द भएका कारण मल मुत्र गलत द्वारबाट बाहिर आउछ

अब यो तिमीलाई उक्साउने जस्तो कुरा भयो
केवल शान्त होउ र थोरै हास्यभालाइ आफुसँगै राख

यो विचीत्र तर्क हो कि अमृतो पिडीतलाइ निषेध गर्न चाहान्छ
र जुन मान्छेले मलाइ हमला गरेकोथियो उ खुलेयाम हिडीरहेकोछ

आश्रमदलका प्रबन्धकहरूले मेरो बारेमा विचार विमर्श गर्न शुरू गरीसकेकाछन्

मेरो भौतिक शरिरमा कैयौ नयाँ परिवर्तनहरू देखा पर्न थाले
मलाइ धेरै सुत्न आवश्यक छ
र म १४ देखी १६ घण्टा सम्म सुत्न थाल्छु . . . निस्पट्ट अध्यारो कोठामा

म आफ्नो कोठामा पानीको एउटा कुलर लगाउछु
आफ्नो इडा र श्वासलाइ खोल्नका लागी
सुत्नु मेरो जीवनको नयाँ शैली बन्छ
नुहाउनका लागी फल्याटमा एउटा टबको ब्यवस्था गर्छु
आफुलाइ निकै तातो पानीमा भिजाउनका लागी
हरेक दिन एक घण्टा
तातो पानीले शरिरको पिडालाइ केहि साम्य पार्छ
म आफ्नो क्षतिगैत काँधलाइ खोल्नका लागी केशिकाहरूमा गहिरो मालीस गर्ने मान्छेलाइ खोज्छु
र सप्ताहमा दुइचोटी मालीस गराउछु

दिनको समयमा म आश्रममा जादैन
म हराउछु र अरूको आखामा कमै देखा पर्छु
र अब म आश्रममा केवल साँझको समयमा मात्र जाने गर्छु रातीको खानाका लागी
र बुद्ध ग्रोबका पछाडी हिड्नका लागी

उनीहरूले मलाइ पूनामा ५ महिना बस्न दिए

जुन मेरा लागी चमत्कार हो
जसले यो चमत्कारलाइ थाहा पाउनुछ त्यो जान्नका लागी अझै ज्यूदै छ
र पर्याप्त प्रमाण छ



एक साँझ मलाई द्वार रहित द्वारमा रोकिन्छ
एउटा गजेडी सत्ताको पुजारीद्वारा . . . तथागत
य आफ्नो पालोको प्रतिक्षामा थियो र मलाई कुनै पनि हालतमा निषेध गर्नका लागी

मलाइ भन्नका लागी
कि म आश्रममा विस्तारै विस्तारै हिड्छु त्यसैले निषेधीत छु
यदि मलाइ फेरी भित्र आउने इच्छा छ भने
मलाई विस्तारै हिड्ने अनुमती छैन
र मैले आफ्नो हात र अन्य शारीरिक संकेतहरूलाइ फेर्नुपर्नेछ
जुन म ओशोको नक्कल गर्छु
जुन किसीमले म हिड्छु . . . जुन किसीमले म हाफ्नो हात हल्लाउछु
जुन हिसावले म अरूलाइ हेर्छु



म आफ्नो माथीको रक्षक ओशोलाई हेर्छु
म पवित्र द्वार रतित द्वारको अगाडी बचन दिन्छु
सत्यलाइ जान्नखोज्ने सम्पूर्ण जिज्ञासुहरूका लागी
यसको पनि दिन आउनेछ . . . प्रतिक्षा गर मेरा प्रिय साथीहरू
केवल प्रतिक्षा गर . . . म सधै आफ्नो बचन पुरा गर्छु

म अब थाकीसकेको छु आफ्नो उर्जालाइ हरेक दिन यही संझाउनका लागी
कि म कसरी बाँच्छु र किज बाँचीरहेकोछु
म सँग कुनै कारण छैनन् . . . यहा धेरै रहिरहनका लागी

मैले देखेको थिए यो आश्रम भित्र कुनै भविष्य छैन
सन्यासीहरूलाइ पहिले देखी नै थाहा थियो
ओशोको प्रवचनले उनीहरू भरीएकाछन्

ओशोले पृथ्वीका हरेक बिषयहरूमाथी ६०० पुस्त्क बोल्नुभएकोछ
दुबै तर्फबाट . . . पक्षमा र बिपक्षमा

सन्यासी हरेक शब्दलाई सहजै मोडिदिन्छ र आफ्नो आवश्यकता अनुरूप
उहाँको बचनलाई यसका लागी तयार गरेर राख्दछ

मलाइ थाहा थियो मेरो आगामी यात्रा निकै जिम्मेवारीपुर्ण हुनेछ

साद आफ्नो शारीरिक स्वास्थ्य ठिक गर्नका लागी लगभग ८ बर्ष लाग्यो
आफ्नो स्वास्थ्य ठिक गर्नका लागी समय र पैसाको आवश्यकता थियो

यहि समयावधीमा धेरै मान्छेहरूबाट म कहाँ प्रस्ताव आयो
जसको आश्रम सारा दुनियाँमा फैलीएकोछ र म उनीहरूको आश्रममा आउ
र अरू जे पनि मलाइ अनुभव भयो त्यसलाइ म बिस्तारमा भन्छु

धेरै मान्छेहरू देख्न सक्थे र गोप्यरूपमा थाहा पाएका थिए
कि ओशोले मलाई आफ्नो चैतन्यको हिरा रहस्यमयी ढंगले सुम्पनुभएकोछ

धेरै मान्छेहरूलाइ बोध थियो कि मेरो प्रथम समाधी भइसकेकोछ
उनीहरूका लागी यति कुरा पर्याप्त थियो म कहाँ आउनका लागी
म अब आचार्य थिए
मैले सत्यलाई जानेकोछु
द्रष्टा आत्मा हो
अब शुद्ध आत्माको पर्खाइमा बस

मलाइ सधै हेक्का रह्यो कि जब सम्म म आफ्नो अन्तिम पाइला पुरा गर्ने छैन
तबसम्म सही समयको प्रतिक्षा गर्नेछु

माइकल एन्जलोले आफ्नो डेबिडलाइ अन्त्यसम्म लुकाए
त्यसपछि मात्र जगतलाई संसारकै अनुपम कृती दिए

चौथो समाधी भन्दा अगाडी होइन जब अन्तिम पत्र पातालो र पारदर्शी हुनेछ
तब म अफ्नो कार्य चर्काउन शुरू गर्नेछु

म संसारमा फर्कन्छु . . . आफ्नो जिविकाका लागी
एउटा साधारण मान्छे ले झै बाँच्नका लागी

यदि यो यस्तै हुनुथियो त . . . यस्तै होस्
यदि यस्तो नहुनु थियो त . . . त्यस्तै होस्

मलाइ थाहा थियो मेरो पूर्नजन्म भइसकेकोछ
महान् चैतन्यको हिरा म माथी मडारीरहेको छ
भ्रुण मेरो शरिर बाहिर बहदै आफ्नो स्वयंमको लयमा अघि बढ्नेछ

यसलाई पोषीत गर्नु छ र होशपूर्वक बढाउनुछ
सृष्टिलाइ मेरो समय निश्चित गर्न देउ

यो पनि बितेर जानेछ

ब्याक्तीगत बुद्धत्व
माथी उक्लने एउटा शैली हो सबैभन्दा अग्लो शिखरमा पुग्नका लागी
र घर फर्केर . . . ब्रह्माण्डमा बिलीन् हुनका लागी

चैतन्यको हिरालाई सुम्पनु
समर्पण गर्नु र गुरूमै हराउनु
एक किसीमले उहाँको आत्मामा बिलीन् हुने र हराउने शैली हो

अन्तिममा पुग्नका लागी दुबै शैली पूर्णरूपले अलग छन्
बुद्धत्व . . . बोध र केवल शुद्ध पूर्णबोध
चैतन्यको हिरालाइ सुम्पनु . . .पूर्णबोधमा गहिरो समर्पण हो

चैतन्यको हिरालाइ ग्रहण गर्नका लागी एकलौटी हुनु आवश्यक छ

शिष्यको एउटा समाधी हुनुपर्छ
सहश्रारको छिद्र आकाशमा सोझो दिशातर्फ बढ्छ
गुरूको आत्मा यो सोझो बाटोदेखी ओर्लन सक्छ र आफ्नो जरा बनाउन सक्छ . ..
एक अर्कोप्रती उपस्थित भएर आफ्नो कार्य जारी राख्न सक्छ

तेस्रो आँखा होशपूर्वक हुने बिन्दु हो
जहाँ गुरू प्रकट हुनसक्छ
तर यो पर्याप्त होइन् सोझो आकाशीय ठाडो दिशामा अबतरण गर्नका लागी

समाधी न्युनतम् आवश्यकता हो चैतन्यको हिरालाइ सुम्पनका लागी
र यसका लागी गुरू छनौट गर्नुहुन्छ

गुरू पूर्ण चेतना सहित सुम्पनुहुन्छ
शिष्यले पनि पूर्ण चेतनाका साथ ग्रहण गर्नुपर्दछ

दुबै शर्तहरू आवश्यक छ गुरूले शरिर छोड्नुभन्दा पहिले
होशपूर्वक शैलीले चैतन्यको हिरालाई सुम्पनु . . . जसको दुबैलाई बोध छ
गुरू . . . शिष्य

आत्मा अखण्ड छ
केवल एउटा ब्याक्ती मात्र चैतन्यको हिरालाइ ग्रहण गर्न सक्दछ

केवल एकजना मात्र महाकश्यप हुनुसक्छ



पूना छोड्नुभन्दा पहिले मलाइ ओशोले
गोप्य प्लेट बनाउन भन्नुभएकोथियो जहाँ यि शब्दहरू लेखीएका थिए
आउने भविष्यका लागी

ओशो

रजनिश

मैत्रेय

गौतम

बुद्ध

रजनीशलाई बुझेर नै रजनिश लेखीएकोथियो
होसपूर्वक गरीयो ध्यान दिने योग्य कृत्य
जसलाई गोप्य नै राखीयो
जब सम्म उहाँको काम प्रकट गर्ने उपयुक्त समय आउदैन

प्लेट फेब्रुवरी १९९० मा बनाइयो

अब सबैको अगाडी
प्रकट भयो

पुना छोडेर कि हावा ताजगीले भरीएको महशुस गर्छु
मेरो श्वास गहिरो बिश्राममा गएकोछ र मुक्त भएकोछ
वरपरको वातावरण पोषित र विस्तृत गर्ने खालकोछ

बतासमा स्वतन्त्रता छ
निरन्तर कुनै चेकजाँच छैन
र भेटिने नयाँ मान्छे सँगको लयात्मक ब्यवहार गर्नुपर्ने
अनिवार्यता छैन र म स्वतन्त्र छु

ओशो सन्यासीहरूको सोच्ने तरीका र उनीहरूको मानसीक पद्धती
आफ्नै साँघुरो समाजमा बतासीएको छ
आफैले बनाएको स्विकृती र अस्विकृतीद्धारा
स्वयंमको धारणा र जानकारीले
स्वयंमको पुरूस्कार र दण्डले

बुद्धक्षेत्र निकै नराम्रो किसीमले स्वयमंले बनाएका धारणा
अनि आफ्नै मान्यताहरूमा अल्भीएकोछ
यो सोच्ने र मानसीकताको नयाँ शैली हो
एउटा नयाँ समाज हो

तिमीलाइ उनीहरूको कानूनलाइ मान्नु पर्ने हुन्छ . . . उनीहरूसँग गति मिलाउनुपर्ने हुन्छ
उनीहरू स्वयंमको उचीत र अनुचित मापदण्डहरू छन्

बिचित्रको लाग्छ यो त्यस्तो ठाँउ
जहाँ कोहि स्वयंम हुने स्वतन्त्रताको ध्याउन्नमा हुन्छ

मैले स्वतन्त्र हुने भाव बिर्सीसकेकोछु
उनीहरू सबैलाइ धन्यबाद जो मेरो बिरूद्धमा गए र जसले मलाई आश्रममा निषेध गरे
तिमीलाइ धन्यबाद . . . तिमीलाइ धन्यबाद . . . तिमीलाइ धन्यबाद

अन्त्यतः म स्वतन्त्र छु
मास्टरचोर कोहिनुर हिरा सँग

यो अनन्त हिरालाइ लिएर भागेको छैन
उहाँले मलाइ जान भन्नुभयो
अब म कोहीप्रती उत्तरदायी छैन
म कहि पनि जानका लागी स्वतन्त्र छु

चैतन्यको हिरा लुकेको छ सबैले हेर्नका लागी
म माथी बहिरहेको र नाचीरहेको हावा

मास्टरचोर दौडिरहेकोछ

माथीतीरको पहाडमा . . . मेरो तिब्बतीयन साथी
हिमालय . . . धर्मशाला
सायद यो नै मेरो अन्तिम एकान्तवासको ठाउ होला



बहुमुखी हिरालाई काट्नु र मिलाउनु
काटीएको भागलाई काटीएको अंशसँग जोड्नु
मुखलाई मुखसँग जोड्नु
चमकलाई चमकसँग जोड्नु
आकारलाई आकारसँग जोड्नु

चैतन्यको हिरामा डुब्नु

अगाडी एउटा महान् कार्य छ
जागृत हिरालाई काटेर तयार गर्नु

सेप्टेम्बर १९९० को बिचतिर
म हिमालयको सानो शहर धर्मशाला पुग्छु
मलाई तिब्बतीयन मःमः र थुक्पा निकै मिठो लाग्छ
म यो पहाडी हावामा यसखाले सुगन्धलाइ अनुभुती गर्न सक्छु
एउटा कचौरामा चपस्टीकले खुर्सानी र लसुन तान्दै खानु
यो खानाको अभाव मलाइ भइरहेकोथियो
र एउटा सानो तिब्बतीयन रेष्टुरेन्ट खानलाई खोज्छु

यिनीहरूका आँखा प्रेमले भरीएका छन्
समझदारीका रेखाहरू र करूणा ति निर्दोष अनुहारमा कुदिएकाछन्

उनीहरूले केवल कठिनाईलाइ देखे
निकै टाढाको गाह्रो तिब्बती क्षेत्रदेखी . . . अहिले त्यो आफ्नो देशदेखी निर्वासीत

तिब्बत . . . धरतीको महान् प्रयोगमाथीको विनास
जीवन पछिको मृत्युको कालोचक्र कालचक्र
बुद्धत्व चैतन्यको हिरालाइ बुझाउनु
यो सबै उनीहरूको प्राचीन ज्ञान हो
उनीहरूको रगत, हाड र मासी सबै यहिले भरीएकोछ

मेरो गहिरो सहानुभुती छ तिब्बतलाई स्वतन्त्र गराउने प्रयासका लागी
र म उनीहरूका लागी निकै धेरै महशुस गर्छु
यि निर्दोष मान्छेहरूलाइ स्वतन्त्रता मिलोस्
त्यो बाटोमा हिड्नका लागी जसले भित्र लुकाइएको खजाना तिर लिएर जान्छ
यिनीहरूलाइ स्वतन्त्रता मिलोस्
शान्तीपुर्वक भित्री यात्रामा हिड्नकालागी





संवेदनसील मान्छेहरू धेरै पिडीत हुन्छन्
अझ गहिरोरूपमा पिडालाई अनुभव गर्छन्
त्यो पनि घना रूपमा

म उनीहरूको स्वतन्त्रताको लडाईलाई बुझ्न सक्छु
एउटा स्वतन्त्र तिब्बतका लागी
तर मैले बुझ्ने र अभिब्यक्त गर्ने आफ्नै शैली छ

जब म कुनै तिब्बतीले म शरणार्थी हु भनेको सुन्छु
तब मलाई उसप्रती रिस उठ्छ र उसको असमजस्यता देखेर
म भन्छु अब आइन्दा स्वयंमलाई शरणार्थी नभन्नु

तिमी भित्र नै तिब्बतको भुमी छ
तिमी भित्र नै तिम्रो आफ्नो मातृभुमी छ
स्वयंमलाई स्वतन्त्र गर अनि तिमीले तिब्बत पाउनेछौ

मेरा लागी तिब्बत एउटा ठाँउ मात्र होइन . . . आत्माको भित्री ठाउ पनि हो

मेरा लागी त प्रत्येक ब्याक्ती शरणार्थी हो
हरेकले सपना देखीरहेकोछ र उ आफ्नो स्थानमा सुरक्षित छ

केवल एउटा सुरक्षा छ
तिमी भित्रको पृथ्वी र तिमी भित्रको आकाश

मेरा लागी त सारा दुनियाँ नै शरणार्थी हो
मेरो दृष्टिमा त म कुनै पनि एउटा तिब्बती शरणार्थीसँग भेट भएको छैन

उनीहरू त केवल पथमा हिडीरहेका योद्धा हुन्
अगाडि बढीरहेका अध्यात्मीक योद्धा . . . जो चारै तिर फैलीरहेकाछन्
संसारलाइ यिनीहरूको आवश्यकता छ
यिनीहरूलाइ संसारको आवश्यकता भन्दा

म आफ्नो साथी बेरीस्ता भेरोनिका र इटालीयन पिअरोलाइ खोज्छु
उनीहरूले आफ्नो जीवन तिब्बतीयन उद्देश्यका लागी अर्पण गरेका छन्
र एउटा धेरै ठुलो र सुन्दर महायान ध्यान आश्रमको सृजना गरेका छन्
म यही आसाले त्यहाँ पुग्छु कि . . . उनीहरूले मलाइ बुझ्नेछन्
र मलाइ एक बर्षका लागी मौन एकान्तवासका लागी आश्रय दिइनेछ

म महायान आश्रममा पुग्छु
म आफ्नो मेरूजरोबमा थिए र सबैजना मलाई घुरेर हेर्न थाल्छन्
म उनीहरूका लागी अपरिचीत हु तर पनि मुस्कुराइरहेकाछन्
र उनीहरू आफ्नै तबरले नमस्कार गरीरहेकाछन्

भेरोनीका र पिअरो त्यहाँ छैनन्
त्यहाँको रेखदेद गर्ने इटालियन महिला म लाई अलि उग्र किसीमले हेर्छीन्
तिमी ओशो को शिष्य हो
हामीहरू उनीलाइ स्विकार गर्दैनौ किनकी उनी धेरै नै रंगीन छन्
र सदाचारमा अलि सुस्त छन्

म उनीलाइ आफ्नो पक्षबारे बताउछु
कि ओशोका मान्छेहरू मलाई पनि स्विकार गर्दैनन् किनकी
म उनीहरूका लागी केहि बढी नै गम्भीर छु
र म भेरोनिका र पिअरोलाई राम्रोसँग चिन्छु
र भेरोनिका मेरो ताइचीकी बिद्यार्थी पनि हो

जुन मेरून रोब मैले लगाएको छु त्यो बुद्धीस्ट हो
र म केवल विपासनामा बस्छु र हिड्छु
र एक बर्ष आश्रममा मौन बस्न चाहान्छु
म दिनका एकचोटी मात्र शाकाहारी खाना खान्छु
धुम्रपान गर्दैन न त रक्सी नै पिउछु र केटीसाथीबिना एक्लै बस्ने गर्दछु . . .
म एकान्तमा बस्नका लागी एकैचोटी पैसा दिन सक्छु

त्यस इटालीयन महिलालाई म हास्यस्पद लाग्यो . . . तर उसले आफुलाइ सम्हाली
र नजिकैको लामा सित सल्लाह लिई र भनी
भोली आउनु म निर्णय गर्नेछु

जब म त्यो घुमाउरो बाटोबाट फर्कन्छु
उ मलाई एकाग्रतापूर्वक हेरीरहेकीथिइ कि म कसरी विस्तारै विस्तारै हिडीरहेकोछु

अर्को दिन म आउदा एउटा रिसाह अनुहार देख्छु
माफ गर्नुहोला . . . यहा हामी केवल विपासनाका बिद्यार्थीहरूलाई आउन दिन्छौ
जसले एक बर्षसम्म शुद्धीकरण र मन्त्रजपको धार्मीक बिधी गरेका छन्

तिमी पहिले धम्मपद पढ र त्यसलाई बुझेर आफ्नो तयारी गर
हरेक बिहान पुजा गर प्रत्येक बिहान ५:३० बजे उठेर मन्त्रजप गर
र ठुला लामाहरूको नियमलइ अक्षरंश पालना गर
उनीहरूको परीक्षा पछि मात्र मलाई बिनाकुनै नियन्त्रण एकान्तमा जान दिइन्छ

ओहो . . . मलाई फेरी अर्को पटक जन्म लिनुपर्ने भयो यो पृथ्वीघरमा आउनलाई

हे हे तिब्बतीयन प्रभुत्व . . . कडा नियम र अनुशासन
म आश्चर्यमा परेकोछु यस्तो मानसीक ढाँचा देखी . . . जो मैले देख्न थालेकोथिए

बाकक्षु होटलतिर लाग्छु
त्यहा दलाइ लामाको घरको नजिकैको ठाँउमा पुग्छु
टाढाबाट एउटा आँगन र निकै बृद्ध महिलालाई देख्छु
पटक पटक ति महिला त्यस निवासतर्फ प्रणाम गरीरहेकीहुन्छीन्

उनी नजिकै आय्उदा म एकजना लामालाइ सोध्छु
यिन्को शरिरमा यति गहिरो सँग प्रष्ट देखीने घाउ के हो

उनी निकै बृद्ध महिला हुन् . . . निकै पवित्र
यिनले पवित्र दलाई लामाका लागी लाखौं साष्टागं दण्डबत गरीन्
दलाई लामा उदाउदो सुर्य हुन् र सबै देख्नसक्छन्
र यिनी उनका करूणामय आँखाबाट निकै करूणा कमाउनेछीन्

आँशुले भरीएका आँखालृ बृद्ध महिलातिर हेर्छु
कति शुद्ध र निर्मल निर्दोषिता उनको

हरेक दिन म विस्तारै विस्तारै म्याकलोडगंज जान्छु
आफ्नो मःमः र थुक्पा खानकालागी

बुढा तिब्बतीयन लामाहरूको एउटा समूह केहीदिन यता
निकै उत्सुकतापूर्वक हेरीरहेकाछन्
म होटलमा फर्कदैगर्दा उनीहरू मेरो पिछा गर्ने निर्णय गर्छन्
म हेर्छु उनीहरूलाइ विस्तारै लज्जाउदै मेरो पछाडी आइरहेकाछन्
म आफ्नो कोठमा पुग्छु र भित्रको बगैचामा
चियम पठाउनका लागी अनुरोध गर्छु

बगैचातीर झ्याल खोल्दै गर्दा
म त्यहाँ ८ जना बृद्ध लामाहरूलाई देख्छु . . . उनीहरू म बाहिर आउने प्रतिक्षा गरीरहेकाछन्
उनीहरूले रिसेप्सनका मेरो कोठाको नं सोधेका थिए
र उनीहरूलाइ थाहा थियो म बगैचामा बसेर चिया पिउछु
अनि राती अबेरसम्म ध्यान गर्छु

अलि लजाउदै उनीहरू मलाई भेट्नका लागी आग्रह गर्छन्
र भन्छन् कि उनीहरू लुकेर एक हप्तादेखी मेरो पिछा गरीरहेकाछन्

उनीहरू आफु निकै टाढा लद्दाख र लेह बाट आएका हुन्
र चाँडै नै फिर्ता हुदैछन्
केही पछिल्ला दिनहरूमा उनीहरूलाई मेरो सपना आइरहेकोथियो
र उनीहरू मलाई आफ्नो मठमा लग्नका लागी यहाँ आएका थिए

उनीहरूले देखेको सपनामा म एउटा जागृत लामा थिए
जसको प्रतिक्षा भईरहेकोछ
उनीहरूको पवित्र लामा करमापाको पूर्नजन्म

उनीहरू सबै मन्त्र जप्दै मलाइ प्रणाम गर्छन्
र भन्छन् कि जे उनीहरूले देखे त्यो सही हो
र के म संसारदेखी लुकीरहेकोछु
र उनीहरूले भने कि
उनीहरू नै मेरो सबै देखभाल गर्नेछन् र हिड्नकालागी अनुरोध गर्छन्

यति गहिराइले झुक्नु र प्रणाम गर्नु
यति सच्चाई र बिनम्रतापुर्वक मेरो अगाडि
त्यो बृद्ध महिलाको झलक मेरो आँखा सामुन्ने आउछ

मैले भने
तँपाइहरू सही हुनुहोला
तर गहिरो विश्राममा जानुहोस्
र शान्तीपुर्वक एक कप चिया त पिउनुहोस् पहिले

उनीहरू मेरो अचानक हास्यभावलाई देखेर मुस्कुराए
म साधारण थिए र भेटघाट गर्न संभव थियो
केवल गहिरो विश्रामको अवस्थामा

मौनपुर्वक चिया पिउदै गर्दा
उनीहरू भक्त जस्तै श्रद्धालु र भित्रैदेखी प्रणामको भावमा थिए

कृपया हामीलाइ बताउनुहोस् के हजुर हामीसँगै फिर्ता जान तयार हुनुहुन्छ
उत्सुकतापूर्वक उनीहरूले मलाइ फेरी सोधे

ठिकै छ ठिकै छ पहिले तिमीहरू शान्त होउ
र आफ्नो मठको बारेमा भन
उनीहरू हिउको चुचुरोमा रहेको उक्त मठबारे बडो गम्भीर भइ ब्याख्या गर्छन्

म हास्यरसमा छु
र पहिलो प्रश्न सोध्छु
के तपाइहरूकहाँ एउटा आधुनिक बाथरूम र नुहाउने टब छ त
तातो पानीको सुविधा छ
उनीहरू टाउको हल्लाउदै भन्छन् छैन तर यि सबैको ब्यवस्था हामी गर्नेछौ

म हाँस्दै फेरी अर्को प्रश्न गर्छु
के तपाइहरूसँग पश्चिमी शैलीको शौचालय छ
मेरो के नै अर्थ थियो त्यो अग्लो हिमालयको भेकमा . . . पश्चिमी शैलीको शौचालयसँग

उनीहरूले चाँडै नै बुझे कि म रमाइलो गरीरहेकोछु
र उनीहरूलाई बिश्रामको अवस्थामा ल्याइरहेकोछु
र उनीहरू सबै हाँस्न थाले . . . मेरो हरेक शब्दमा . . . जे म बोल्छु
म केवल एउटा सामान्य मान्छे हु
गहिरो आरामी अवस्थामा जाउ र पूर्ण स्विकृतीमा राख आफुलाई
शान्ति र निश्चलताको आनन्द लेउ
जब मेरो तयारी हुनेछ . . . तब म आउनेछु र उनीहरू मलाई भेटाउनेछन्

उनीहरू घण्टौसम्म म सँग एकाकार भइ बसे
ति सुन्दर बृद्ध लामाहरू निकै बुझेका र करूण ह्दयका थिए
उनीहरूले आफु भित्र हास्यको बिज राख्न दिएकोमा
मलाइ धन्यबाद दिएर आफ्नो बाटो लागे
उनीहरूले भने की मलाइ संझनका लागी उनीहरू ओशो पढ्नेछन्

म उनीहरूलाइ हरेक दिन संझन्छु
म सँग केवल आँशु र प्रेम छ यि गरीब लामाहरूका लागी

उनीहरू स्वयंमलाई शरणार्थी भन्छन्
बास्तवमा भन्ने हो भने त यो सारा जगत नै उनीहरूको आश्रयमा छ
नोहाको आर्क

तिब्बतीयन जाती यो धर्तिमा एकचोटी चम्कनेछ
उनीहरू यो मानवको ज्योति र भविष्य हुन्

यदि उनीहरूले आफ्नो तिब्बतलाइ आफैभित्र पाँउदाहुन् र
मानवतालाई स्वतन्त्र हुनलाई सहयोग गरून्

ओम माने पद्मे होम्
कमल माथी हिरा

मैले धर्मशाला छोडी दिए
यो सानो पहाडी बजार संकिर्ण छ र यहाँ निकै थोरै खुल्ला ठाउँ छ

मैले हिमालयको कुल्लु मनाली शहर बारे सुनेको थिए
त्यहि ठाउँ थियो जहाँ ओशो सारा जगत्को सामुन्ने आउनुभन्दा पहिले
छ महिना बस्नुभएकोथियो र त्यहीबाट नव सन्यास शुरू गर्नुभएकोथियो

देवताहरूको घाटी कुल्लु मनाली पर्वत हो
तर पनि यहाँ अलि सम्म उकाली ओराली भएका लामा बाटा छन्
यहाँ धेरै ऋषीहरूले बर्षौ बर्षसम्म ध्यान गरेका थिए

एउटा आर्दश हिमाली भेक
यहाँ सस्ता होटल र गेष्टहाउसहरू चारैतिर छरीएकाछन्
म मनाली पुग्छु र सल्लाको जंगलमा एउटा सुन्दर गेष्टहाउस खोज्छु

जाडो नजिकीदै छ र हिउ पर्न शुरू भएको छ
हिउले ढाकीएको रोहतांग घाटीको अद्‌भुत दृश्य सम्मुखमा छ

तिब्ररूपले बगीरहेको बिअस नदिको आवाज आइरहेकोछ
देबदार र चिडका ठुला अजंगका रूखहरू चारैतिर फैलीएकाछन्
नदी नजिकैको बतास निर्मल र स्वच्छ छ
चिडको रूखको जंगलमा घुम्नका लागी घुमाउरा बाटोहरू बनेका छन्

मनाली सीत मेरो मन जोडिएको छ प्रेम गाँसीएकोछ
देवताहरूको घाटी . . . यहि नै मेरो एकान्तवास र निवास हुनेछ
म देख्न सक्छु ओशोले १९८० मा यहाँबाट किन सन्यासको थालनी गर्नुभयो

बिगत ६ बर्षदेखी काम नगर्नाले मसँग भएको सबै पैसा सकीएकोछ
अंटी र बहीनीको सानो सहयोग पनि सकिसकेकोथियो

फिनल्याण्डको मेरो ताइचीको बिद्यार्थी हारवेस्ट नयकिस्टले
मेरो पैसाको अभावबारे चाल पाउछ
र मलाई आश्चर्यमा डुबाउछ एउटा पत्रसहित
जसमा उ भन्छ म कुनै चिन्ता नगरू र आफ्नो ध्यानमार्गमा हिडीरहु
उ आफ्नो तलवबाट ५०० डलरको एउटा डरफ्ट मलाइ पठाउछ

उ पहिलो मान्छे हो जसले मेरो यात्रामा पैसाद्धारा सहयोग पुर्‍यायो
र आउने चार महिनासम्म उ मलाई नियमित पैसा पठाइरह्यो
म उसको अनन्त धन्यवादी छु



आउदा दुइ महिना सम्म म नदि तटमा बस्न शुरू गर्छु
र बगीरहेको पानीको आवाजमा डुब्छु

दिनको समयमा आकाश खुल्ला र सफा रहन्थ्यो र पहाडी टाकुराबाट सुर्योदयो
मनोरम देखीन्थ्यो
चिडको जंगलमा म लामो यात्रा गर्थे र पूर्णरूपमा श्वास फेर्थे
मेरो शरिरको हराएको जीवनशक्ति फेरी आउन थाल्यो
र मेरो स्वास्थ्यमा सुधार आउदै गयो

म चिसोयाममा राती अबेरसम्म बाहिर नै बस्थे
र चीडको जंगल नजिकै काठमा आगो बालेर ताप्थे
र बिहान तीन बजेसम्म त्यहि बस्थे

हिउको चिसो पानी क्षतीग्रस्त मेरो इडाको लागी आदर्श हो
श्वासको संघर्ष . . . शरिरलाइ बलियो बनाउदै लग्नु . . . म भित्रको तरंगधारा
खुल्दै गइरहेकोथियो

यो मेरो जीवनको सबैभन्दा धेरै उपलब्ध उर्वर यौवनको प्रहर थियो

यताउती केहि खोजमा भाग्नु छैन
खोजी समाप्त भइसकेकोथियो
केवल आफ्नो शरिरलाइ गहिरो बिश्राम दिनुछ
पूर्णविश्रामको अवस्थामा गई शरिरलाइ आफ्नै स्वयंमको लय समाउन दिनुछ

जागेको बखत पूर्ण होशमा हुनु र सुत्नेबेला पूर्ण निन्द्राको अवस्थामा जानु
भोक लागेकोबेला भोजन गर्नु
हिड्दाबखत होशपूर्वक हिडीरहनु
बस्दाबखत केवल बसीरहनु

ताओको पथ यो
जेनमा बाँच्नु

केवल समग्रतापूर्वक जीउनु र यहि पलमा बाँच्नु
धन्यवाद मेरो प्रिय साथी हर्वट यी मधुर दिनहरूका लागी
म हरेक मध्यान्ह चिया पिउनका लागी बगैचामा बस्ने गर्छु
चाडै नै मेरो मित्रता सबैभन्दा सुन्दर अप्सरा मिसेलसँग हुनेवाला थियो
उ एउटी हिप्पी थिई र पिठ्युमा झोला बोकेर मनालीको भ्रमण गरीरहेकी थिई

साँझको समयमा म सँगै बस्न थाली उ
र चाडै नै आउने केही महिनासम्म हामी सँगै बस्न थाल्यौ
उसको निर्दोषीता र मलाई फुरूगं बनाउने उसको चित्ताकर्षक हाँसो
र मुटु छुने सजिव उपस्थिती
मेरो स्वतन्त्रताको नयाँ अंश बन्न पुग्यो
म पूना आश्रमको आक्रमण र आलोचनादेखी टाढा थिए

पिठ्युमा झोला बोकेर हिड्ने यि निर्दोष साहसी यात्रीहरूलाइ देख्न थाले
जो भारतमा आफ्नो हिप्पी यात्रामा थिए
बास्तवमै यिनीहरू अध्यात्मीक मान्छेहरू थिए . . . उनीहरूका आँखा खुल्ला थिए
उनीहरूको ह्दय खुल्ला थियो र अर्कोलाइ सहयोग गर्नुपर्छ भन्ने चेत यिनमा थियो
यिनीहरू घुमीरहने सत्यका जिज्ञासु थिए

मेरो ह्दय फेरी अर्कोचोटी विस्फोट तयारीमा थियो
मेरो हरेक दिन रातहरू भावसमाधीमा हुन्थे
म भित्रको संसार फेरी उज्यालोमा विस्फोट हुदैथियो
प्रकाशसँगको एकाकार अनुभव र कैयौ सतोरीको झलक मलाई हुन थाल्यो

चैतन्यको हिरा मेरो शरिरमा बस्दै गइरहेकोथियो
चैतन्यको हिरा जुन मलाइ ओशोले रहस्यमयीढंगले दिनुभएकोथियो
त्यो अब हरेक दिन स्पष्ट हुदै गइरहेकोथियो
म आफ्नो नयाँ संसारमा परीपक्क हिसावले प्रवेश गर्न थालीसकेकोथिए
विस्तृत रूपले र अझ प्रगाढतापूर्वक फैलदै . . . म भित्र गहिरोमा सबै रोकीरहेकोथियो

मैले सबै रहस्यहरूलाइ आफैसँग राखे ताकी मान्छेहरू बुझ्न सक्नेछैनन्
तर यसैपनि यिनीहरू सरल स्वभावका मान्छेहरू थिए
र यिनीहरूलाई ओशो र उहाँको कामसँग कुनै परवाह थिएन

मेरो ध्यानको अवस्थामा डुब्ने प्रकृती देखेर
सैयौ ति मान्छेहरूले भनेकी म अलि केही भिन्न प्रवृतीको छु

आउदा ६ महिना चाँडै बितेर जान्छन्
मिसेलको भिषा समाप्त हुन्छ

पैसा सधै हुदेन
मलाई एउटा नोकरीको आवश्यकता थियो र केहि पैसा कमाउनु छ
मनालीमा फेरी आउनका लागी र आफ्नो यात्रालाइ पुरा गर्नका लागी

धेरै हिचकिचाहट पछि म बहिनी शोनालाइ हंगकगमा फोन गर्छु
उ मेरो पूनरागमनलाई स्वागत गर्छे
५ बर्ष भइसकेको छ जब मैले हंगकगंमा काम गर्न पाउने
वर्क परमीट बिनाकुनै प्रयोजन छाडेर आएको थिए

म हंगकंग फर्कन्छु र अझै पनि विस्तारै हिड्छु र सबैकाम सुस्तरी गर्छु
अब धेरै निश्चल हुनाले र गहिराइमा जानाले
पागलदौड अझ तिब्र गतिमा दौडिएकोछ

अचम्मपूर्वक मलाइ यस अवस्थामा सन्तुलीत र समन्वय भएको जस्तो लाग्यो
विषमता स्पष्ट थियो
विस्तारै हुने क्रियामा सबै कुराहरू स्पष्ट देखीन्थे

अब मलाइ गतिको महत्व थाहा हुन लाग्यो . . .
त्यसका लागी जुन निश्चल छ

प्रत्येकले उन्मुक्त बहिरहेको उर्जाको अपार घेरालाई उत्पन्न गरीरहेकोछ
र त्यस उर्जालाई हावामा छरीरहेकोछ

साधकलाई केवल जघन्यको केन्द्र बन्नुछ
र केन्द्र हरेक चिजलाइ आफुतिर तान्छ र त्यसलाइ रूपान्तरीत गरीदिन्छ

एउटा नयाँ र विस्तृत अनुभुति मेरो सम्मुखमा उभीएकोछ

केहि महिना पछि समाजमा फिर्ता आउनलाई ओशोले बल दिनु
यो विषमतालाइ अनुभव गर्नका लागी

मलाइ बोध भयो कि अब यो दुनिया म भित्र प्रवेष गर्न सक्दैन
यहि दुनियामा बाँच तर यसको हिस्सा नबन
कमलको पात माथी एउटा शितको थोपा जस्तो

उर्जाको अनिवार्य सन्तुलन . . . शिवर र शक्ति
गर्नु र नगर्नु
केहि पनि नगरेर केही गरेको एकाकार अनुभव गर्नु
जसलाइ महानत् गुरू लाउत्सुले बउबी भन्नुहुन्छ

निश्चल भई यो दौडिरहेको संसारलाइ आफैभित्र सोस्छु
धेरै कुराहरूको केन्द्र बनेकोछ
यसले मेरो सोभ्रो उभीएको केन्द्रको परीक्षा लिन्छ

मेरी बहिनी शोना र उनका पति रमेशलाई
मेरो अचानक र अकारण अव्यवस्थीत ब्यवहारलाई चाल पाए
उनीहरू हंगकगंको आफ्नो कम्पनिमा राख्न चाहादैनन्
र सल्लाह दिन्छन् कि म उनीहरूको ठुलो भाई प्रकाशका लागी काम गरूँ
मलाई लसएजंलसमा काम गर्न पठाइन्छ
उनीहरूको घडीलाइ अमेरीकामा वितरणका लागी



१ अप्रील मूर्ख दिवस का दिन १९९२ म लस एन्जलस पुग्छु

म यो हाँसोलाग्दो अवस्था देखेर आफैसित अटट्हास गर्न मन लाग्छ
यहाँ पठाउनका लागी रोजीएको उत्तम दिन
के म मूर्ख हुँ वा यो दुनिया अत्याधिक मूर्ख छ
मलाई केवल ४०० डलर तलवमा काम दिइन्छ

मलाई थाहा छ म जेपनि गर्छु त्यसमा अब्बल ठहरीनेछु
केवल मलाई अवसर दिनुपर्छ म तत्कालै सावित गरीदिन्छु
र चाँडै नै पैसा कमाएर आफ्नो लक्ष्यलाई निरन्तरता दिनलाइ मनाली फर्कन्छु
मैले ५० हजार डलर कमाएर फर्कनुपर्छ भन्ने लक्ष्य बनाउछु
सपना हेर्दै बरू मरीजाउ तर सपना हेर्दै गर
स्वप्नदर्शीहरू आफ्नो सपनालाइ कहिल्यै नछोड

करोना डल मेर को उनको ठुलो घरमा मलाइ बस्नुछैन
यहाँ भव्य सुरक्षासहित ५०० लिटर क्षमता भएको स्विमीगं पुल छ
र मर्सीडिजबेन्च कार छ र वरपर भव्य महलहरू पनि छन्

म सँग मेवल आफ्नो कुग्फुको पहिरन छ र अरू कुनै पनि लुगा छैन
वरपरका यी धनी पैसा प्रर्दशन गर्नेहरूलाइ देखेर
म अचम्ममा परेको छु र उनीहरूको व्यवहार अजिवको लाग्छ

एक्लै बस्नका लागी मलाई तलब बढाएर ७०० डलर गरीन्छ
म कलाकार, अध्यात्मीक जिज्ञासुहरूको सानो समूहलाई खोज्छु
जो भेनीसको समुन्द्री तटमा भेटिन्छन्
केहि मान्छेहरू ओशो सित परीचित छन् तर धेरैजसो हिप्पीहरू नै छन्
१८ जनाको पूर्ण शान्त र उदार समूह एउटा कम्युनिटी घरमा बसेकाछन्

उनीहरूका पाँचओटा कोठा भरीएका थिए
त्यसैले प्रति रात १० डलरको हिसाबले उनीहरूको फेरीएको गराजमा सुत्नलाई
एउटा गद्दा पाएँ
र यो गराजमा ६ जना अरू मान्छे पनि बस्दछन्

म अफीस खोल्ने र बन्द गर्ने मूर्खतापूर्ण काम शुरू गर्छु
भेनीस समुन्द्री तट देखी लसएन्जलसको क्यालफोनीया मार्ट सम्म जानका लागी दुइ
घण्टा लाग्छ
र अफीसबाट फर्कदा २ घण्टा लाग्छ
सार्वजनिक बसमा लामो यात्रा गर्नु
बिहानमा जाँदा खेरी त मलाइ ठिकै थियो
तर फर्कदाबखत धेरैजसो जड्याहा र आवाराहरू भेटिन्थे
र जहिले पनि झगडा गरीरहेकाहुन्थे र मेरो नजिकै आउथे

मेरो काम बिनाअर्थको थियो
त्यसैले मैले चाँडै नै डिजाइन बनाउन थाले
र घडिहरूको डिजाइनप्रती मेरो कल्पनाका बिषयमा कुरा गर्न थाले
प्रकाश र उनकी पत्नी लोडरस अति नै बुद्धिमान उद्योगपती हुन्
प्रतिभासाली विचारहरूलाई प्रोत्साहन दिन्छन्
मेरो डिजाइनको कुरा देखेर उनीहरू आश्चर्यमा पर्छन्
र यसको बजारमाग र मूल्यका बारेमा चाल पाउछन्

अघिल्ला केहि महिनाहरूमा सबैभन्दा ठुलो घडिको मेला
हगंकगंवाच र क्लाक मेलामा
यो दोस्रो महिना हो उनको कंपनिको लागी घडिहरूको डिजाइन बनाइरहेकोछु
मेरो तलब बढाएर १,२०० डलर गरीन्छ

मुलतः नयाँ र अनौठा घडिहरूको संग्रह
सेप्टेम्बर मेलामा स्ट्याण्टमा पुग्दछ र म तीनको लागी अर्डर लिन्छु

मेरो मुल डिजाइनको खबर जताततै फैलीएकोथियो
र लगभग ३,००००० को बिक्री भयो र कंपनिलाई ५० प्रतिशत मुनाफा भयो
एक हप्तामा नै मैले ९००० डलर कमाए
अब त केवल घडिहरूको उत्पादन गर्नुछ र तिनीहरूलाइ पठाउनुछ

लस एन्जलस फर्केपछि मेरो नयाँ शुरूवात भयो
घडिहरूको डिजाइन गर्ने कलाकारको रूपमा
मेरो सफलता यि घडिहरूको डिजाइन बनाउनमा धेरै भन्दा धेरै पाएकोथिए
र मलाई एकखाले स्पतन्त्रता प्राप्त भयो
नयाँ डिजाइन गर्नका लागी र हंगकंग आउजाउका लागी

मलाई अब सार्वजनिक यातायातमा यात्रा गर्नुपर्ने आवश्यकता छैन
र म मासीक किस्तामा नयाँ टोयटा सील्क कार लिन्छु

धन्यवाद ओशो . . . यो सबै तपाइको हो

माथील्लो भाग खुल्ला भएको यो कारमा मलाई लसएन्जलसमा स्वतन्त्र अनुभुती हुन्छ
जहाँ कार मरूभुमीमा कुनै उँट जस्तै हो
म अमेरीकाका ठुला सडकहरूमा गाडी चलाउन सिक्छु
र आफुले आउजाउ गर्ने बाटोको हेक्का राख्छु

मेरो तलब बढेर १,७०० डलर हुन्छ र ३ प्रतिशत डिजाइन
र बिक्रीकालागी संसारभरी उक्त डिजाइनको घडिको प्रर्दशनबापत आउछ
मलाई अब सारा दुनियामा घडि बिस्तारका लागी पठाइन्छ

प्रकाश र लोडरसले सारा दुनियाँ घुमेका छन् घडिको उद्योगका लागी
यति चाँडै यात्रा गरेकाछन् कि १०,००,००० मिलको दुरी आकाशमा तय गरीसकेकाछन्
र अब यात्रा र बिक्रीबाट थाकीसकेकाथिए
उनीहरूले आफ्नो ठाउमा जानका लागी अनुरोध गरे

अब मलाइ एक बर्षमा सारा दुनियाँको लागी हवाइ यात्रा गर्नुपर्ने हुन्छ
र अन्य दुई छोटा यात्रा पनि
घडीहरूको ठुला मेलामा . . . हंगकंग र स्विजरल्याण्डमा

डिजाइन यात्रा र बिक्री . . . डिजाइन यात्रा अनि बिक्री . . . डिजाइन यात्रा र बिक्री
यो सबै उनीहरूको बिक्रीको समयमा आफ्नो उत्पादन चारैतिर पुर्याउनुसँग जोडिएकोथियो

दुई बर्ष मैले बडो रफ्तारमा सारा दुनियाको यात्रा गरे
सम्पूर्ण दक्षिण अमेरीका सुदूरपूर्व मध्यपूर्व र सबै युरोपीयन देशहरू
अमेरीका र संभवत सबै देशहरूमा . . .
जहाँ जहाँ आयात र वितरण गर्नेहरूसँग सम्बन्ध बन्न सक्थ्यो
उनीहरू मेरो लागी राम्रो पाँचतारे होटलको प्रबन्ध गर्दथे
र हरेकदिन मलाई ५०० डलर ब्यापारीक खर्च दिन्थे

मेरो पहिलेको फेशन र डिजाइनको संसार फेरी बढेर आयो
यात्रा दौरानका मैले सयौ फेशन र डिजाइनका पुस्तकहरू पढे
मैले जि पोल गोलटीयर, भाइस सेन्ट लोरेन्ट, कार्ल लगरफिल्ड, केलभिन कलान,
डोना करन, अरमानी, जियन फ्रेन्को फेरी, मिशोनी, क्रिजियन,
डायोर, गियानी, वारस्क, इस्सी मियाकी, कैजोसँग प्रभावित थिए

दुई बर्ष सारा संसारको चारैतिर घुमे

अहिले पनि म विस्तारै विस्तारै सौम्यतापूर्वक हिड्ने गर्दछु

मलाई म्युनिख एअरपोर्टको बिचमा प्लेनतर्फ विस्तारै विस्तारै गइरहेको देखीयो
एक जना बियर पिइरहेको सनयासीद्धारा
ए रजनीश के यो तिमी नै हौ . . . तिमी अहिलेसम्म पनि विस्तारै हिड्छौ
म्यानहटनको एउटा भवनमा . . . एउटा अर्को सन्यासी कराएँ
ए रजनीश . . . के साँच्चै तिमी अझै पनि विस्तारै हिड्छौ
लन्डनको कमडाउन टाउनमा . . . ओहो म विश्वासै गर्न सक्दैन
रजनीश अझै पनि विस्तारै हिड्छन् बेसल स्विजरल्याण्ड बाबाल्बरमा
आहा . . .यो ब्याक्ति सनकी छ र अझै पनि विस्तारै हिडीरहेकोछ
उनीहरूलाइ अझै पनि मेरो सुस्तरी हिड्ने चाल संझना छ
उनीहरू मलाई शिनजकु टोकियोको मध्यमा पनि देख्छन्

केवल विषमता र मेरो विस्तारै हिड्ने शैलीले
उनीहरू यो अन्तरलाइ जस्तोसुकै भिडमा पनि चिन्छन्

यि दुई बर्षको यात्रामा म साधारण हुन सिकीरहेकोथिए र म केवल स्वयंम हुँ
संसार एउटा महान् अध्यापक हो यदि तपाई बोधपूर्वक र होसपूर्वक हिड्नसक्नुहुन्छ भने

यो धर्ति एउटा कमलको स्वर्ग हो जो सँग गहिराइमा हेर्नका लागी आँखा छ
र जीवनलाई यस पूर्णतामा जीउन र यसको महत्वलाइ बुझ्नका लागी

हामी कति विस्फोटक र रचनात्मक समयमा बाँचीरहेकाछौ
आज कति स्वतन्त्रता छ अभिब्यक्त गर्नलाई
कति स्वतन्त्रता छ बाहिरको दुनियाँ अनुभव गर्नलाई
र त्यसको सबै सुखको आनन्द लिनलाई

आफ्नै मर्जिले यात्रा गर्नसक्नु
र अर्को संस्कृती र बाँच्ने शैलीलाइ अनुभव गर्नपाउनु
धरतीको हरेक भाग यति फरक र पृथक रंग र ढंगद्धारा बिकसीत भएकोछ
हरेक कोहिको आफ्नै बिशीष्टता छ र आफ्नै अर्थ छ
हरेक कोहि कोशिस गरीरहेकोछ र पूर्णतातर्फ बढीरहेकोछ

पार्कमा बृद्धमान्छे विस्तारै दौडिरहेकोछ . . . सडकमा एउटा माग्ने
महिला आफ्नो प्रेमकालागी मफलर सिलउछे . . . आमा आफ्नो बच्चाकालागी
बच्चा परीक्षामा पास हुजलाइ पढ्छ . . . कलाकार आफ्नो चित्रमा लिन् छ
नृतक नाचीरहेकोछ . . . वेटर पिउनलाई पानी थपीरहेकोछ

विमानका कर्मचारीहरू आफ्ना यात्रुलाई आरामले पुगाउछन्
पाइलट आफ्नो विमानमा
न्युयोर्कको ट्याक्सी तपाईलाइ आफ्नो घरमा छोड्छ . . .
पसले आफ्नो हरेक दिन झै पसलमा
युवाहरू रातीमा पार्टी गरीरहेकाछन् . . . रेल स्टेसनमा संगीतिज्ञ
बुवा आमा, परीवारको सुधारका लागी आफ्नो नोकरीमा काम गरीरहेकाहरू

हरेक कोही आत्मा आफुलाइ उत्कृष्ट बनाउने खोजमा छ . . . उचाइ
अझ उचाईमा जाने कोशिसमा यो सारा सृष्टीको नृत्य . . .
एउटा अध्यात्मीक नृत्य हो अनन्तको

यो आफ्नो आकाशगंगाको सबैभन्दा सुन्दर ग्रह हो
यी अपार ताराहरूको संसार . . . अनन्त आकाशगंगाहरू
पृथ्वी मानवताद्धारा जिवीत छ
र ताराहरू तिर बढीरहेकोछ
मैले यो अपार मानवतालाई एउटा नयाँ दृष्टिले हेर्नथाले
यो धरती सत्यलाई जान्न खोज्नेहरूद्धारा भरीएकोछ . . . मेरा लागी सबै जिज्ञासु हुन्
र आफ्नो साधारण जीवनमा असाधारण योगदान दिइरहेकाछन्
नजिकै भएका सबै आँखाहरूमा सत्यता छ . . . हरेक कोही अझ धेरै पाउन योग्य छ
धेरै अझ धेरै . . . अति नै पाउन योग्य छ

सत्य
हरेक कोहि को ह्दयमा छ . . . प्रत्येक मौन र श्वासमा छ
शान्तिपूर्वक प्रतिक्षा गरीरहेकोछ

होशपूर्वक हुने बारेमा होशमा हुनु
केवल चेतना मात्र तिमीलाइ त्यहा लग्न सक्छ
स्वयंमको सत्य तर्फ
अनश्वर भित्री आत्मातर्फ

दुई बर्ष लसएन्जलसको कंपनीमा काम गरेपछि
मलाई उनको भाई दिनेश जसको हंगकंगमा घडिको ठुलो कंपनि छ
३००० डलर तलबमा काम दिन्छन्
र नाफामा हिस्सासहीत वा दश प्रतिशत शुल्क मेरो डिजाइनको बिक्रीमा
मेरो अधिकार हरेक पेटेन्ट र डिजाइनको दर्तामा हुनेछ
मलाइ अमेरीका सधै पराई लाग्यो . . . एशीयन संस्कृती र बाँच्ने शैलीले गर्दा

नजिक भएका कारण यो प्रस्तावले मलाई भारत र मनाली फर्कने सोचलाइ
पूर्णता दिनेवालाथियो

म केवल पर्याप्त पैसा जम्मा गर्नका लागी काम गरीरहेकोथिए
ताकी जतिसक्दो चाँडो ध्यानमा फर्कन सकुँ
मैले आफ्नो हगंकगंको कम्पनीलाइ स्पष्ट बताए कि म केवल एक बर्षकालागी मात्र काम गर्नेछु

पहिलो डिजाइन जसको मैले रचना गरे
सारा दुनियामा पेटेन्ट लियो
त्यो निकै प्रशिद्ध भयो र अर्न्तराष्टियरूपमा चिनीन्थ्यो
त्यो इलेक्टीक गितारको भावमा थियो
यो घडि जताततै सफल भयो
यसको बिक्री तिन मिलीयन डलरको भयो

सारा संगीतको दुनियाँमा बिक्री बढेर गयो र नयाँ बाटाहरू खुल्दै गए
रकस्टाहरूको फ्यानक्लब . . . एलविस प्रेस्ले, ग्रेसलेन्ड, डोली पार्टन, डिज्ने ल्यान्ड,
बिटल्स, रोलिगं स्टोन, बि.एम.जी. म्युजिक र एम. टि.भी.का युवहरूले यसको बिक्रीलाई बढाए
यो द्रुत बिक्री भएको डिजाइनको रचना पछि म्युजिकल डिजाइनको नयाँ लहर आयो
र एक अर्को धेरै बिक्रीहुने मोटरबाइक घडिको श्रृखंला निक्लीयो
घडिका बिषयमा चारैतिर निकै चर्चा भयो
सैयौं आलेखहरू यसमाथी लेखीयो
र एउटा अर्न्तराष्टीय बिक्री आन्दोलन मेरो बितरकहरूले चलाए
र म सारा दुनियाँ दुइपल्ट घुमे . . . यहि डिजाइनलाई प्रदर्शनका लागी

जसैगरी मैले एक बर्षका लागी काम गर्ने बाचा गरेको थिए
र मैले नोभेम्बरमा अवकास लिए
मैले आफैसीत प्रण गरेकोथिए कि म १९ जनवरी १९९५ भन्दा पहिले नै मनाली पुग्नेछु

म आफ्नो मूल्यवान् समय केवल पैसा कमाउनका लागी बरबाद गर्न सक्दैनथे
मेरो जीउनुको यो कारण थिएन

मेरो हगंकगंको परीवार फेरी आश्चर्यमा पर्‍यो
उनीहरूले सोचेका थिए कि म रोकीनेछु धेरै पैसा कमाउनकालागी आफ्नै एउटा
कम्पनी बनाउनेछु . . .
म अब प्रशिद्ध डिजाइन निर्माता थिए
मैले यस बर्ष लगभग ३००,००० डलर कमाएकोथिए र भर्खरै मा समाचारहरूमा
छाएका कारण
यो मौकाको फाइदा उठाई धेरै भन्दा धेरै पैसा कमाउन सक्थे

एउटा प्रशिद्ध उखान छ
मूर्ख र उसको पैसा चाँडै नै अलग हुन्छन्

विदेशी मुद्रामा भारतीय नियन्त्रण अझैपनि कायमै थियो
मैले आफ्नो केहि पैसा नाता पर्ने भाइलाइ पठाइदिए
र केहि मैले लगानी गरे
र मैले आफ्नो भारतीय कम्पनिमा गरेको लगानी बेचीदिए
र त्यसबापत् मलाइ चारगुणा रकम प्राप्त भयो



दाश्रो पटक . . . एउटा मूर्ख र उसको पैसा चाँडै अलग भए

जो ब्याक्तीले मेरो भारतीय कम्पनी लिएको थियो
उसले जानी जानी मलाइ गलत चेक दिएकोथियो
जुन सोहि दिन अस्विकृत भयो
जुनदिन म जनवरी १९९५मा मौनमा गएकोथिए

मेरो नाता पर्ने भाइले मैले पठाएको पैसा दिन राजी भएन
जसले मेरो अर्को लगानीमा निकै ठुलो असर पर्‍यो
एक महिना भित्र मेरा तीनवटा ठुला रकम लुटियो
४०,००० डलर को गलत चेक
३५,००० डलर पठाइएको पैसा
र ४५,००० डलर निवेषमा गुमाए

म फर्कने समयमा हंगकंगको कम्पनिले मलाइ तीन गुणा बढि तलबको प्रस्ताव दियो
र एउटा साँझेदारी जसबापत् एक बर्षमा मलाई ७००,००० डलरको आम्दानी दिनेछ
मेरो बहिनी मलाइ फेरी आउनकालागी भन्छीन्
र यो प्रस्तावलाई त्यतिकै खेर जान नदेउ भन्छिन्

४०० डलरबाट शुरू गरेर ३,००,००० डलर कमाउनु
र अब त्यो हराउनु
एउटा चौबाटोमा उभीएकोछु . . . एक मिलीयन कमाउ या खाली हात अगाडी बढुँ
अब म पछाडी फर्कन सक्दैनथे
न त म सँग खर्च गर्नका लागी धेरैसमय नै थियो
म सँग जे पनि बचेकोथियो
त्यो लिएर म आउने ४, ५ बर्ष बिताउनेछु

जस्तो कि भाग्यलाइ विचित्र हुनुथियो
मैले आफ्नो सबै पैसा दिल्लीमा हराए . . . तर यि ढिलो दौरानमा
मैले आफ्नी तिब्बतीयन डाइकिनी येगंचेनसीत भेट भयो
उसले म सँगै एकान्तमा मनालीमा बस्ने निर्णय गरी

हिमालयमा बस्दा खेरी मलाई जीउने त्यो शैली प्राप्त हुन्छ
जसबाट मलाइ निकै आनन्द आउछ र निकै प्रेम हात लाग्छ
आफ्नो केशलाइ तल कम्मरसम्म बढ्न दिनु . . . दारीलाइ बढ्न दिनु
एउटा सामाज्य लुंगी लगाएर कम्मरको चारैतीर कपडाले बेर्नु
छाती खुल्लै राख्नु र यात्रा क्रममा पछ्यौरा ओढ्नु

एउटा योगीको श्रेष्ठ जीवन . . . जो हिउले ढाकीएको हिमालयमा ध्यान गरीरहेकोछ
यहाँ सामान्य लुंगी लगाउनु आम मान्छेहरूको शैली हो

म स्वयंमलाइ मौनमा डुबाउनकालागी मनाली पुग्छु
फेरी आफैभित्रको यात्रामा छु

म आफ्नो टोयटा सील्का कार जसलाइ भारतमा जहाजबाट ल्याइएकोथियो
त्यसमा आफैले चलाएर बिहानको दुइबजेतिर मनाली पुग्छु
र सोझै बशिष्ठ र एम्बेस्डर होटलमा जान्छु
चन्द्रमाको मधुरो प्रकाशमा
माथी जान्दै गर्दा बाटोका एउटा सेतो कटेज देख्छु

त्यो मलाइ निकै मन पर्छ र नजिकै भएर जाँदा बोर्डमा आँआ जान्छ
सेतो बादलु कटेज
अगाडीतिर ड्राइभ गर्दा एउटा सुन्दर तिब्बती गुम्बा देख्छु
र सँगै बाज जस्तो बिस्तृत आँखाद्धारा बगीरहेको बिअस नदिको घाटीलाइ देख्छु

त्यस क्षणमा . . . म थाहा पाउछु कि यो संकेत हो
मलाई यो ठाउ लिनुछ र एकान्तमा बस्नु छ

अर्को दिन म कटेजमा पुग्छु र तिब्बतीयन गुम्बाको मालीकलाइ भेट्छु
यो कटेज पर्यटकहरूका लागी दिनगन्तीको हिसावले भाडामा दिइन्छ . . .
हामीहरू एक बर्षकोलागी भाडा निर्क्योल गर्छौ
र एकमुष्ट भाडा दिएर एक बर्षकालागी यो ठाउ लिन्छौ
डिसेम्बरको पहीलो महिनामा निकै हिउ पर्छ
ओशोको जन्मदिन आउछ सेतो कंचन हिउमा

पूर्ण मौन मनालीको घाटीमा फैलीरहेकोछ
सबै कुरा सेतो छ
शान्त र अचल

कोठालाई काठ जलाएर तातो पारीन्छ
हामी आउन लागेको चिसोमा एकान्तका लागी तयार छौ
भित्री छलांग शुरू हुन्छ

मलाइ एक बर्षकालागी मौनमा जानुथियो

जुन मान्छेले मेरो कंपनि किनेकोथियो
उसलाइ यो थाहा थियो कि म मौनमा जादैछु
र पहिलो चेक ठिक जनवरीमा बाउन्स भयो

म केवल एउटा सन्यासी थिए जो मौनमा गईरहेकोथिए
म सँग समय नै कहाँ थियो . . . मनालीको पहाडीभेकमा
भारतीय अदालतमा लड्नकालागी

मैले एकजना वकिल नियुक्त गरे यो मामलालाई हेर्न भनेर

र उसले आरोपसहितको मुद्दा दायर गर्‍यो
मैले सोचे कि उसले यो कुरालाई ध्यान दिनेछ
र म आफ्नो भित्री यात्रालाई निरन्तरता दिनेछु

तर मलाई वकिल र अदालतले पटक पटक आउनका लागी आग्रह गरे
र पटक पटक उपस्थित हुनुपर्‍यो मैले

भारतीय अदालत र कानूनका बच्ने बाटोहरू
साथै अनिश्चित कालको सुनुवाईको तारीख
न्यायीक ढिलासुस्ती र आन्तरीक भ्रष्टाचार
जहाँ अपराधी उम्कन्छन् र न्याय माग्ने मान्छे अपराधी घोषीत हुन्छ
यस भ्रष्ट ब्यवस्थासँग नै न्याय माग्नु पनि एक अपराध हो
यो एउटा फरक कथा हो . . . यो पुस्तकका लागी उपयुक्त होइन्



म अनुभवले सिक्ने गर्दछु र त्यती चकित भइन्
अहिलेसम्म धेरै देखेर थाहा पाइसकेकोछु कि यो दुनीयाँ कतातीर गइरहेकोछ
सांसारीक दुनियाँ . . . अध्यात्मीक दुनियाँ . . . सबै उल्टोपाल्टो छ

मलाइ आफ्नो जीवनका अमुल्य पलहरूलाइ बचाउनुछ र भित्र गहिराइमा जानुछ
यो भित्रको यात्रामा समग्रतापूर्वक चाँडै नै जान आवश्यक छ
भित्री यात्रा शुरू हुन्छ अब

म आउने दुइ बर्ष आफ्नो यात्राको गहिराइमा जान बिताउछु
हरेक चोटी जब म क्षितिजमा पुग्छु
त्यो क्षितीज पछि हटेर अर्को क्षितिज हुनआउछ

यात्रा लक्ष्य बन्छ . . . कुनै लक्ष्य छैन
केवल यात्रा मात्र छ . . . एक एक पाइला

हरेक एउटा बह्माण्ड अर्को ब्रह्माण्ड तर्फ लिएर जान्छ
प्याजको पत्रजस्तो उप्काउनुछ . . . एक एक गरेर

मेरो ख्याल सुन्दर तिब्बती डाकनी येंगचेनले राखीरहेकीछ
उ शान्त र स्वभाविकरूपमा ठप्प छे
र आफ्ना सामान्य दिनचर्याले घर परीपूर्ण छ

उसलाइ थाहा छैन कि मलाइ के भइरहेकोछ
मैले उसलाई मुक्त छोडीदिए र कुनैपनि रूपमा उसमाथी प्रभाव राख्न चाहादैन
त्यसले उसलाई नयाँ मानसीक ढाँचा दिनुछ र जर्बजस्ती उसको अध्यात्मीक बिकास गर्नुछ

म सँग रहदै गर्दा उ आफ्नो रफ्तारमा निकै बदलीएकी थिइ
बिनाकुनै कारण उसले मासु खान बन्द गरेकी थिइ
मान्छेहरूसँग भेट्न चाहादैनथी र मौन मै बस्थी
केहि नगरीकन पनि सहजरूपमा सन्तुष्ट थिई
मसँग कुनै पनि कुराको माग गर्दैनथी
उ परीपूर्ण थिई र आफ्नो स्वभावमा हिडीरहेकीथिई

यसका लागी अनन्त धैर्यको आवश्यकता पर्दछ
तर एकचोटी जब कोहि प्रकाशलाई देख्छ तब लाग्छ अब आउने समय
निकै फलदायी हुन्छ . . . जुन विस्फोट तल घट्छ . . . त्यो निकै महत्वको हुनछ
शरिलाइ रूपमान्तरीत हुनका लागी र यी गहिरा श्रृखंलाहरूकालागी
तयारी गर्न समयको आवश्यकता पर्दछ

अर्कोतिर ब्याक्ति सुस्त र हरेक दिन पूर्णतः सन्तुष्ट हुन्छ
हरेक दिन . . . जुन कुनै किसीमले बित्छ . . . कुनै हतार छैन
कतै दौड्नु छैन . . . अरू धेरै पाउने कुनै चाहाना पनि छैन

दिशा र आयामको हिसावले यात्रा मोडिएकोछ
सोझ्हो ठाडो दिशामा माथी जानु छोडेर
अब सिधा समतल दिशामा फैलन्छ र चौडा भएर जादैछ
धेरै चौडा हुदै गइरहेकोछ
जरा अझ्ह गहिरीदै तल तिर गइरहेकोछ
रूख पात पतीगंर चारैतीर फैलीरहेकोछ

सत्यलाइ बाहिर खोज्न छोडेर
अब पूर्ण स्विकृतीमा सबै हुन दिनु र भित्र गहिरो विश्राममा जानु

यहीरूपमा केही थोरै परीवर्तनसँगै बर्षौ बित्नसक्छ
र ब्याक्ति केवला साधारण नै रहन्छ

र तब अचानक एकदिन भित्री प्रकाशको उद्गम हुन्छ
जब यसको अलिकती पनि अपेक्षा थिएन

जुलाइमा मनसुन आउनु
बतास अब यी पहाडी फोक्सोमा श्वासलाई लामो गरीरहेकोछ
हरीयो अझ धेरै हरियो हुदै गईरहेकोछ

यो १९९७ तिरको कुरा हो थाहा छैन कहाँबाट हो
बिनाकुनै चेतावनी कुण्डलिनी फेरी माथीतिर उठ्न थाल्छ
तर सन्तुलित निश्चलतापूर्वक र धेरै उर्जा जम्मा भएकाले
दिन र रात एउटै भएकाछन्

दोश्रोपटक म आकाशमा पुग्छु
वातावरण भन्दा माथी
बादलहरूमा र झरीरहेको बर्षामा मडारीदै

रहस्यमयी ब्रह्माण्ड फेरी आफ्नो रहस्यको बर्षा गरीरहेकोछ
म धेरै बलियो र निश्चल भइ शान्तपूर्वक हेरीरहेकोछु
आउदा महिनाका अरू रहस्यहरूलाई

उही द्धार खुल्छ . . . त्यहि आनन्दको विस्फोट हुन्छ
तर निश्चलतामा गहिरो शान्ति प्राप्त हुन्छ

म आफ्नो कटेजदेखी टाढा रहनकालागी जंगलको गेष्टहाउसमा जान्छु
र एउटा नयाँ अपरिचीत आसा पाउछु
मेरो आत्मामा यो परीवर्तनले नयाँ प्राणको संचार हुन्छ
एउटा सानो जंगलको गेष्टहाउस
कोठा देखी केही मिटर टाढा नदि शिघ्रतापूर्वक बगीरहेकोछ
मुसलधारे बर्षामा निकै भरीदै छचल्कीएकोछ

चाँडै नै बगेको नदिको आवाज सारा आकाशमा गुन्जनु
नदिको जप गर्नु ओम् ओम् ओम्

ओम् . . . ओम् . . . ओम् . . . ओम् . . . आनन्दको बतासमा विस्फोट हुनु

विस्फोट घटित हुन्छ
यो मेरो तेस्रो विस्फोट हो

येंगचेनलाइ भित्रीरूपमा थाहा छ कि मलाइ केहि भइरहेकोछ
महिलालाई अन्तरबोध हुन्छ र उनीहरू थोरै बोल्छन्
उ यि दिनहरूका लागी मेरो आर्दश साथी हुदै थिइ

केवल उपस्थित भएर मेरो ख्याल राख्नु
चुपचाप . . . केवल सजग र मौनपूर्वक

यो तिब्बती पथ हो . . . थोरै बोल्नु र शान्तपूर्वक नियालीरहनु

मेरो जीवन पूर्णत सौभाग्यसाली छ
र उ मेरो लागी सधै एउटा बरदानको रूपमा रही
म सँग सधै सबैभन्दा असल मान्छेहरू नै रहे . . . जब मलाइ उनीहरूको आवश्यकता हुन्छ

कुण्डलिनीको उल्टो दिशामा बहीरहेका दुइ कुण्डलीत उर्जा हुन्छन्
इडा स्त्रीत्व उर्जा
पिगंला पुरूष उर्जा
दुबै उर्जाको केन्द्रमा सुषुम्ना हुन्छ
जुन सोभ्को ठाडो दिशामा शक्तिसाली बिद्युतिय निलो रेखा छ



जति धेरै विरोध इडा र पिगंलालाइ हुन्छ
त्यती नै उनीहरूमा आकर्षण र केन्द्रमा सुषुम्नातर्फ तानीरहन्छ

विपरीतको सन्तुलन
वितरीत ध्रुवको  नकारात्मक र सकारात्मक उर्जा
सुषुम्ना प्राणधाराको पूरक उर्जा

यिनीहरूको सन्तुलनमा नै साँचो रहेको हुन्छ
इडा र पिगंला को सन्तुलन
शिव र शक्तिको सन्तुलन

पूर्ण सन्तुलन र विपरीत दिशामा कुण्डलीत क्रिया
यि विपरीत उर्जाको आकर्षण आफुतिर तान्छ
र प्राणधारा सुषुम्नामा पुगेर यो उर्जा सोभै बिलीन् हुन्छ

यि उर्जा एकले अर्कोलाइ काट्दै सुषुम्नामा भेटीनु
निकै विस्फोटक र अणुबमको जस्तो शक्ति हुन्छ
जति धेरै सन्तुलन र जति ठुलो विरोध
केन्द्रमा भेटीएपछि त्यती नै ठुलो विस्फोट हुन्छ
जुन प्रकाशको चक्रमा बिलीन् हुन्छ

माथीका सात चक्र समन्वयमा विस्फोट हुन्छन्
हरेकको आफ्नो स्वयंमको प्रकाशको फ्रिक्यन्सीद्धारा
रातो, गेरू, पहेलो, निलो, बैगुनी
सबै विलीन् हुन्छ र शुद्ध सेतो प्रकाशमा गई मिल्दछ

सतोरी कुनै एउटा चक्रको परमाणु विस्फोट हो
चक्रको एकाकार अनुभवमाथी धेरै फैलन्छ
जुन शरिरमनको आकारको परीधी भन्दा बाहिर पुग्दछ
र खुल्ला आकाशमा एकाकार हुन्छ

समाधी परमाणु विस्फोटको अवस्था हो सुषुम्ना निलो रेखाको
जुन कैयौ चक्रहरूको शिघ्र मिलनले हुनेगर्दछ
जसको परमाणु विस्फोट एउटा सोभो दिशामा हुन्छ
र शरिरमनको आकारको सीमाभन्दा बाहिर एकाकार अनुभव हुन्छ

र खुल्ला आकाशमा एकाकार हुन्छ

यहि निर फरक छ

टाढाको भलक हो सतोरी
सतोरी घट्ने प्रभाव एक हप्ता सम्म रहन्छ

समाधी विस्फोट हो टाढा जानलाई
समाधीको प्रभाव केही महिनासम्म रहन्छ

सतोरी छोटो रूपमा अनुभव हुन्छ
एउटा आयामको एउटा चक्रद्धारा

समाधी अथाहको अनुभव हो
बहुआयामीक धेरै चक्रहरूको

समाधीको प्रभाव फेरीदैन
र एउटा लामो सोझो दिशामा एउटा छिद्र प्रकाशतर्फ खुल्दछ
गुरूत्वआर्षणको उदयसँगै
शुन्य गुरूत्वआकर्षणमा उत्रनुपर्छ शुन्यलाइ भर्नका लागी

गुरूत्वआकर्षको प्रभावले एउटा भित्री शुन्यताको जन्म हुन्छ
र सृष्टिमा शुन्य स्विाकार्य छैन
गुरूत्वआकर्षणको प्रभावसँगै
शुन्य गुरूत्वआकर्षणको यस ठाउलाई लिनुपर्नेहुन्छ

शुरूवाती प्रहरमा ध्यनको अवस्थामा जुन खालीपनको एकाकार अनुभव हुन्छ
त्यो शुन्य गुरूत्वआकर्षणको पूर्णता र आत्माद्धारा भरीन्छ

मन लाइ खाली गराउनु . . . गरूत्वआकर्षण
अमन अवस्थामा हुनु . . . शुन्य गुरूत्वआकर्षण



पराचेतना जुन आकाशमा निक्लन्छ
शरिर विस्तारै विस्तारै त्यसलाई आफुतिर तान्छ र आफ्नो सुरक्षाको लागी भित्र अल्झाउछ
हरेक समाधीले यसलाइ बढाउछ र शरिरलाई पूनः आफ्नो अवस्तामा फर्काउनुपर्छ

म सधै नै क्वान्टम भौतिक विज्ञान र अणु विज्ञानतर्फ आकर्षित छु
म आफ्ना शुरूवाती दिनहरूमा फ्रीज अफ कपरा पढीरहेकोथिए
यि बर्षहरूमा क्वान्टम भैतिक विज्ञानले मेरो बुझाईलाइ बढाउदै लग्यो

लाखौ नृत्यरत . . . विस्फोट भइरहेका अणुहरूको भित्री एकाकार अनुभव
भित्रको अपरीमीत बिशाल आकाशको खालीपना
एउटा रेशमी प्वाँख जस्तो कालो चक्रमा घेरीरहनु र त्यसैमा डुब्नु
सेतो चन्द्रमालाई पोषीत गर्दै त्यसको रचना गर्नु

जीवनको आफ्नै स्वयंमको सक्रीयता र अन्तरमा पारस्परीक खेल हुने गर्छ
दुबै स्वतन्त्र छन्
जीउनका लागी मर र मर्नका लागी बाँच
जीवन मृत्युतर्फ बढिरहेकोछ . . . मृत्यु अरू धेरै जीवनको सृजना गर्दछ
आम नृत्य चली नै रहन्छ . . . चलीरहन्छ . . . चलीरहन्छ . . .
ठुलो चक्रसम्म . . . धम्म् चक्र . . . चक्र पुरै घुम्छ

म नदिको रेष्टहाउस बाट फर्कन्छु
र कटेजमाथीको गुम्बामा जान्छु
त्यहाको बुढो लामा भन्नुहुन्छ कि सेतो बादल कटेजलाइ बगैंचामा बनाइएकोथियो
ठिक त्यहि ठाउबाट केवल २० मिटर टाढा
जहाँ बाट ओशोले १८ जनालाई आफ्नो पहीलो सन्यास १९७० दिनुभएकोथियो
उहाँलाई त्यही उचाइबाट नदिको दृष्य निकै प्रिय लागेको थियो
र यिनै घुमाउरा जंगली बाटोहरूमा हिड्न उहाँलाइ मन पर्थ्यो
र बशिष्ठको मिनरल सल्फर बाथ तर्फ जानुहुन्थ्यो

कस्तो आश्चर्य र अपार खुषी . . . कस्तो चमत्कार यो
एक बर्ष पहिले म सोभै यहि स्थानमा कार चलाउदै आएकोथिए
र त्यो बेला निकै रात्रीको समय थियो

हामी अर्को शान्त हेमकुण्ड कटेजमा जान्छौ
जुन एउटा सुन्दर स्याउको बगैचा हो
आउने चारबर्ष हामी यही बिताउने तरखरमा छौ
शान्तिमा बस्नका लागी र पहाडी जंगल घुम्नका लागी निक्लन्छौ
चीडको रूखको मध्यमा र नदीको किनारै किनार

चाँडै नै मेरो पैसा सकिन्छ . . . त्यसमा पनि धेरै जसो त वकीललाइ दिएर सकीयो
जो अदालतमा मुद्दा लडीरहेकोछ

पैसाको अभाव फेरी शुरू हुन्छ
पाँच बर्ष पछाडी फ्रेबुअरी २००० . . . म येंगचेन सहित हंगकंग फर्कन्छु



शोना र रमेश सधै मेरो पु′नरागमनलाई स्वागत गर्छन्
उनीहरूलाइ नदेखेको पनि पाँच बर्ष भयो

अहिले उनीहरूको पाँचौ बच्चा जन्मीसकेकोछ
उनीहरूको छोरा तु′षार र चार छोरीहरू नतासा रमोना त्रोणा र र्शीणा
म हरेक जना सँग पूर्ण प्रेममा छु′
यीनीहरूलाइ फेरी देख्न पाएर निकै खु′षि लागीरहेकोछ
सबै बच्चाहरू येंगचेनलाइ एकदमै चाहान्छन्

म अब जगत्को त्यस सहज गतिलाइ र त्यसको मौलीकतालाइ प्रेम गर्दछु′
बु′द्धत्व वा टाढाको कु′नै उपलब्धीका लागी चिन्तीत छैन
केवल आफ्नो दैनिक जीवनलाइ बिनाकु′नै अड्चन बाँच्न चाहान्छु′

मेरो बच्चाहरू छैनन् . . . शोनाले हाम्रो सम्पु′र्ण परिवारको काम फत्ते गरीदिएकी छ

रमेश अति नै मृदभाषी छन् र उनको हृदय बडो मिलनसार छ

एनको पिता भारतीय र आमा थाइ ह'न् . . . उनको जन्म बर्मामा भयो
थाइ संस्कृतीको स'न्दर गरीमा
उनको ब्यवहार र भेट्ने सबैलाइ उनी उत्तीकै समभावले प्रेमपूर्वक प्रस्त'त ह'न्थे

मेरो स्नेह उनीमाथी अगाध छ र उनी मेरी बहिनीलाइ गहिरो प्रेम गर्दछन्
बहिनी निकै सरल छिन् . . . केटाकेटी जस्तै भावपूर्ण संसारप्रती द्धेषरहित
उनी आफ्ना पाँच सन्तानहरूको पालनपोषणमै ब्यस्त थिइन्
र विवाहको १७ बर्षको कालखण्डमा हिडीरहेकी थिइन्

रमेश निर्णय गर्छन कि अब म सँगै उनको कम्पनीमा काम गर्ने बेला भयो भनेर
र उनी मेरो डिजाइनको लागी नयाँ भाग बनाउछन् . . . क'ल टाइम को नामले
र जसको उत्पादन उनको सफल टाइम क्रियसन कम्पनिले गर्नेछ
म उनीलाइ भन्छ' म हगंकगंमा कम्तीमा ३ बर्षसम्म रहनेछ'

क'ल टाइमका लागी मेरो पहिलो डिजाइन
पाँच कोणीय ठाडो त्रिकोण घडि निक्लन्छ र त्यो हंगकंग ब्यापार प्रचार काउन्सीलको
प्रशिद्ध कलाकृती प'रूस्कार सन् २००० मा हात पार्छ

मेरा क'ल घडिहरू फेरी बजारमा चर्चाको बिषय बनेका छन्
प्रशंसाले भरीएका सैयौ पत्रहरू चारैतिरबाट आउछन्
ब्यापार फेरी बढ्न थालेकोछ र साथै संसारभर प्रचार कार्यक्रम भइरहेकोछ

क'ल डिजाइनको घडिको बिक्री संसारभरी ह'न्छ
करस्टड, नेमरमेन, क्रिस्ले, सनीडर, हाच, मेनर, क्रास्ट जोहरी, क्य'विसी, वालमार्ट
टेलीभिजन, फेडरेडिट स्टोर्स, फेल्यस आर्ट, मोमा . . . स'चि निकै लामो छ

यो प'रस्कारले गर्दा मेरो नाम अर्न्तराष्टिय स्तरमा चिनीन्छ
मेरो बारेको लेख लोकप्रीय मानीने सिवस जर्नल योरपा स्टार जेंन
र घडि उत्पादनको कला पत्रिकामा प्रकाशित ह'न्छ

मेरो तलब र बार्षिक आम्दानी ३००,००० डलर भएको छ
र डिजाइन प'रस्कारको कारणले गर्दा संसारभरी थप संभावनाहरू ख'लेका छन्

मलाइ डिजाइनको संसारप्रती निकै आकर्षण छ
र बिशेषगरी उपभोक्तासँग सम्बन्धीत चिजहरूको डिजाइन गर्नमा
यसले मेरो आकर्षण आधʹनिक, वास्तʹकला, घर भित्रको सज्जा, लाइफ स्टाइल र फर्निचरतर्फ तान्यो
म महान् मʹर्तिकार डिजाइनरहरू जस्तै फिलीप्स स्टार्क, टेरेन्स कोनरान, मार्क न्यʹसन,
इरक मेगनयʹसन, आर्ने ज्याकोबसन, माइकल ग्रेबस, ज्याकोब जोनसन, रोन अराड,
जहा हदिद, आ. म. पाइ. फ्र्यान्क लेड राइट का बारेमा गहिरीएर अध्ययन गर्न थाले

यिनीहरू मेरा लागी आधʹनिक प्रतिभासाली कलाकार र बाह्य जगत्का जेंन गʹरूहरू हʹन्
प्रत्येकको सृजनात्मक अभिब्यक्ती आफैमा पूर्ण र श्रेष्ठता ल्याउदछ
र बाँच्नकालागी अर्थपरक र पृथक शैली बताउछ
मानवजातीलाइ यिनी प्रतिभाहरूको लागी धेरै साधना गर्नʹपर्दछ
आफʹले रोजेको कलालाई सर्बोत्तम आकारमा उर्तानका लागी
यो एक शʹद्ध भ्रेन अभिब्यक्ती हो

म आफ्ना क्रेताहरूकहाँ भेट्नका लागी जानʹपर्छ र चारैतिर घʹम्नʹपर्ने हʹन्छ
त्यो मैले फेरी बाट शʹरू गरे र बाँच्नका लागी फरक शैलीको अनʹशरण गरी
स्थान स्थानको भ्रमण शʹरू गरे

मैले बीस बर्ष देखी पत्र पत्रिकाहरू पढेको छैन
न त टेलिभीजन नै हेरेकोछʹ
न त पछिल्ला १६ बर्षहरूमा एउटा सिनेमा हेरेकोछʹ
मलाई केहि थाहा छैन . . . कम्प्यʹटर, इमेल र इन्टरनेटका बारेमा अनविज्ञ छʹ

म बाँकी संसारबारे थाहा पाउने प्रयत्न गरीरहेकोथिए
र आत्तिएकोथिए हरेक क्षेत्रमा परीवर्तन र सृजनात्मक अभिब्यक्तीको शक्तीले
संसार रंगीएको छ र क्षण क्षणमा परीवर्तनका रेखाहरू बाक्लीएका छन्
म यी सबैलाइ निश्चलतापूर्वक र होसपʹर्वक नियालीरहेकोथिए

जेंन कʹनै पनि कʹनै पनि चिजलाइ रोक्दैन
जेज अनʹभव प्रत्येक कʹरालाइ प्रोत्साहनपूर्वक हेर्ने अनʹमति दिन्छ
जीवन आकाशमा नृत्यरत रंगहरूको इन्द्रेणी हो





सत्यम शिवम् स′न्दरम् . . . सत्य . . . सन्त . . . स′न्दरता

यात्रा गर्न′ र बाहीरी सृजनात्मक द′नियाँको अन′भव गर्न′
जेंन आँखा यी हरेक कृत्यलाइ भित्र भित्रसम्म गएर हेर्न दिन्छ
र हाम्रो भित्रको जगतको स′न्दरता संवेदनसीलताले फैलन्छ

म बाहिरको जगत्लाई फेरी अर्को पटक सिक्न र अन′भ′त गर्नका लागी
नयाँ स्वतन्त्रताको हरेक पलको आनन्द लिइरहेको थिए

धेरैजसो मेरा सांसारीक यात्राहरूमा येंगचेन मेरो साथमा थिइन्
उनले मलाइ ती स्थानहरूमा लगीन् जहाँ म सायदै जाने थिए होला
त्याँहा जान′मा स्वयंम मूढता लागीरह्यो आफैलाइ
डिज्नील्याण्ड, लस भेगासको क्यासीनो, मियामीको सम′न्द्र छेउ,
सनफ्रान्सीस्कोको खाडी, न्यूयोर्क, टागांबाट हाइड पार्क,
आलोहामा रातीको खाना, हवाइको पानीम′नी सयर, मेडम ट′साड, मैनको संग्रालय
र संसारका संभवत सम्पूर्ण बेकामी पर्यटकीय स्थानहरू
अमेरीका बाट लंडन, स्विजरल्याण्ड, फ्रान्स, हल्याण्ड, जर्मनी,
स′द′र पूर्व, टोकियो, कोरीया, थाइल्याण्ड, बाली, सिंगाप′र, सांघाइ, न्य′जिल्याण्ड

बाहिरको जगत र भित्रको जगतको सन्त′लन

जोरबा दि ब′द्धाको जगत



तिन बर्षको कालखण्ड जहिलेसम्म मैले काम गर्ने प्रतिबद्धता जनाएको थिए
चाडै नै समाप्त भयो
म फेरी मनाली जान चाहान्छ′
आफ्नो भित्री यात्रा प′रा गर्नका लागी

येंगचेन अरूणाचल प्रदेशको एउटा सानो सहरनिवासी तिब्तीयन ह′न्
अरूणाचल प्रदेश
उत्तरी भारतको हिमाली भेकमा पर्दछ
उनी प्रेममा परीसकेकीछन् . . . सारा संसार घ′मेपछि
यो द′नियाँ र यसको भौतिकबादी स′खसँग
जीवन जीउने उमगंले
अहिले उ मात्र २६ बर्षकि छे र स्वतन्त्र जीवन जीउने उमंगले भरीएकी छे
संसारका बिभिन्न ठाउहरूको भ्रमण पछि उ हंगकंगमा बस्न चाहान्थी
र भारत आउने मन उसको थिएन
हिमालयको जीवन अब उसकालागी काम नलाग्ने क′रा भएको छ

म उसको भारत फर्कने क्रममा गरेको विरोधलाइ सहजै ब′झ्न सक्थे
र उ आफ्नो जीवनलाइ आफ्नै ढंगले जीउन र अमेरीका जान चाहान्छे
यो हरेक तिब्तीयनको इच्छा हो . . . आफ्नो सपनाको देश अमेरीकामा बस्न′
र गएर बस्न′ अनि क्रमश आफ्ना भाई बहिनी र आमा ब′वालाई बोलाउन′
म उसलाई उसको स्वयमंको पथमा हिड्नलाई सक्दो प्रेम र सहयोग गर्छ′
र कामना गर्छ′ कि उसलाइ क′नै पनि किसीमको सहायताका लागी
उसको सपना प′रा गर्न खातिर
क′नै पनि मद्दत गर्न हाजिर छ′

म कृतज्ञ छ′ ति सबै पलहरूका लागी ज′न हामीले सँगै ब्यथित गर्‍यौ
प्रेम सोभ्को दिशामा उभीएको छ र यहि क्षणमा छ र सधै सजिव छ
यस विशाल आकाशगंगामा अपरिचितसँगको साथ प्रत्येक स′न्दर क′राकानी
र प्रेमलाइ ब′झ्ने र बाँड्ने अन′भव छ

यस अपार ब्रह्माण्डमा हामी प्रकाशको साथी पथिक हौ र सहयात्री हौ
हामी एक्लै आउछौ र एक्लै जान्छौ


Chin 07

तीन बर्ष बितिसक्यो
म फर्कन्छु र १५ जनवरी २००४मा मनाली पुग्छु

आफ्नो स्याउको बगैचामा . . . मुन टावर कटेजमा
सेतो बरफले ढाकिएको रोहताँग पर्वत अगाडि

यहाँ धेरै बरफ खसेको छ
गर्जने कालो आकासको विरूद्ध बरफका टुक्राहरू चम्किरहेकाछन्
एउटा शुद्ध कंचन र शान्त १९ जनवरी
र साथमा . . . मेरो सामुन्ने युवतीहरूको दन्कदो ज्वाला

म परिपुर्ण हुँ र स्यमं हुनुको आनन्दमा छु

ओशो द्धारमा आई खटखटाउनुहुन्छ . . . र म ढोका खोल्छु
शुद्ध ताराहरूको बर्षा बिस्तारै तल झर्दै आइरहेको छ

ओशो ज्वाला र हिउ
उनको करूणाको शितल ज्वाला तल तीर बग्दै आइरहेकोछ

समय आईरहेकोछ . . . मलाई अन्तिम यात्रा तर्फ बढ्नुछ
अनन्त यात्राको अपार छलागं लगाउनुछ
एउटा नयाँ अनन्तको यात्राको शुरूवातका लागी

म अर्को बिहानको प्रभाती प्रहर सम्म ब्युझिरहन्छु
जब कि सारा जगत अज्ञानको शुद्ध आनन्दमा सुतिरहेकोहोला
जगतमा फेरी दृष्टि लगाउछु

पालन पोषणदेखि आर्यघाट सम्म
मान्छे आफै दौडिरहेको छ . . . बेहोसीमै जीवन बिताइरहेकोछ



यो पागल भागीरहेको जगतमा जन्म लिनु र उही जीवनको दौडमा धकेलीदीनु
एउटा सानो उमेरमा . . . शिक्षाको संसार
४ देखि ५ नर्सरी . . . ६ देखि १६ स्कुल
१७ देखी २० कलेज . . . २१ देखि २३ उच्च शिक्षा
उर्वर यौवनको सम्पूर्ण कालखण्डको नष्ट

शिक्षाको सम्पूर्ण प्रणाली नै अपराधिक छ . . . निर्दोष बालकको बिरूद्ध छ
जोसँग कुनै बिकल्प छैन
मात्र उसलाई त्यहि गर्नुछ जे जति उसलाई थुपारीन्छ

नर्सरीमा पहिलो दिन देखि नै
पुरा शिक्षा मनको गतिलाई बढाउन पट्‌टी उन्मुख हुन्छ
र यो सिकाउछ कि आक्रमक शैली
ईर्ष्या र अरू प्रति धारणा बनाउन सिकाउछ

यो तथ्य सहज छ र छिट्‌टै बुझाइमा आउछ
किनकी कुनै मातापिता आफ्नो प्रिय बच्चालाई
अरूको बच्चा पछाडि रहन दिन चाहादैनन्
हरेक जना अभिभावक चाहान्छन् कि
उनको बच्चा प्रथम आवोस् . . . सर्बप्रथम . . . सबै भन्दा राम्रो

यो असंभव हो कि सबै बच्चा कक्षामा प्रथम आउन्
यो गणितको सिद्धान्त बिचरा अलबर्ट आइन्साटाइनलाई पनि हराइदिन्छ
केवल एउटा बालक मात्र प्रथम आउन सक्छ . . . दोस्रो या तेस्रो स्थानमा
कुन चाहि बालक तेस्रो स्थानमा आउन चाहान्छ . . . कोहि बालक त्यस्तो?
कुन बालकलाई अन्तिम आएकोमा बधाईको ताती दिइन्छ होला

कोई बालक . . . जसको मन्द प्रवृती होस् र मात्र मुर्ख तिथी मिती, अंकहरू
र अर्थहिन् चिजहरूको स्मरण राख्नाले कक्षामा प्रथम आउछ
शिक्षा मात्र स्मरण शक्तिको परीक्षा लिन्छ
न कि अरू कुनै किसीमको बुद्धिमताको

सबै बिषयहरू जे पढाइन्छ जुन सबै बिचरा बच्चाहरूको लागी अर्थहिनप्रायः हुन्छन्
तर शिक्षकहरू गम्भीर छन् र मातापिताहरू अझ राम्रो गर्नका लागी दबाव दिन्छन्
निर्दोष बालकका सामु अरू कुनै बिकल्प हुदैन

केवल उनको मनलाई बकबास र फोहोर कुराले भरीदेउ
त्यो सबै यहाँ हाम्रो इतिहासको गौरवको डिब्बालाई पूर्न
वा भनौ यो गौरवको खुलेयाम हत्या भन्नु अझ जायज होला

बिचरा बालकलाई सिकाइन्छ कि
सिकन्दर महान् थियो . . . चंगेज खान . . . तैमरलगं . . . ईवान हिटलर को बारेमा
र महान् लडाईहरूका बारेमा अनि बिश्वयुद्ध . . . विनास मात्र विनास
सिकन्दर महान्मा त्यस्तो के महान कथा छ
केवल उसलाई बिजयको अहंकार थियो
एउटा रक्तपिपासुलाई महान् बिजेताको नाम दिनु



इतिहास
आफ्नो पहिलो मुर्खतालाई गर्वसँग संझना गर्नु
भूगोल
आफ्नो एउटा धर्तिलाई अलग अलग देशहरूमा बिभक्त गर्नुको कारण
जीव बिज्ञान
सबै बिषयको सबैकुरा
मत्र स्ंयमलाई छोडेर र प्रकृतिमा हाम्रो स्थानलाई छोडेर
रसायन बिज्ञान
सबै बिषयको सबैथोक . . . तर के गर्नु भय वा रिसको रासायनकि हर्मोन ले गणित
जहाँ एक जोडेर एक दुई हुन्छ तर असली जीवन को गन्ति कहिल्यै ठिक हुदैन
भाषा
सबै कुरा कुरा न हो र मौनको भाषा कहिल्यै सिकाइदैन

सम्पूर्ण शिक्षा नै बिपरीत दिशामा फर्केकोछ
र आम मान्छेहरूलाई ध्यानमा राखेर बनाइएकोछ
सबै बिषय, पाठ्यक्रम र परीक्षापत्र
किसीम किसीमका लाखौ बच्चाहरूमाथी एकदम ठिक किसीमले बस्नुपर्छ
जो अलग अलग सामाजिक, आर्थिक, सास्कृतिक, धार्मिक पृष्ठभुमिका छन्
र ति सबैलाई एउटै परीक्षाको ढाँचामा धकेल्नु

त्यो पनि बिनाक'नै परिवर्तन
सबै बच्चाहरू एउटै जस्तो . . . जस्तो कि कुनै पलास्टीकको कारखानामा
एकै खाले खेलौनाहरू बनिरहेकाछन्
हरेकलाई उस्तै गरी मुस्कुराउने बार्बीजस्तो मुस्कान
हुबहु झै लाग्ने एकैखाले मुस्कान

हामी मात्र एक समाजकालागी नियन्त्रित रोबोट बनाइरहेका छौ
जो सरलतासँग हाम्रो समाजमा आई थपक्क बसोस्
सबै मान्छेहरू जो एकै प्रकारको सोच राख्छन् त्यस्तो सामाजिक समूहमा प्रवेश पाउछन्

कुनै आश्चर्य छैन यो मानव समुदाय आफैमा अल्झेकोछ . . . बिभक्त छ
आफ्नै बिरूद्धमा बिभाजित छ . . . सधै एक आपसमा नै लडाई गरीरहेको हुन्छ

कुनै बच्चा स्वंयम सँग प्रेम गर्दैन
कुनै बच्चा स्वयंमलाई स्विकार गर्दैन
कुनै बच्चा स्वंयम हुनै सक्दैन

कुनै बच्चा स्वंयमसँग प्रेम गर्दैन
उ जान्दछ कि आफ्नो शान्त स्थितीम आफ्नो गहिराइमा
उसलाई त्यो शिक्षाप्रणालीले पिडित बनाईरहेकोछ
त्यसमा फोहोर थपथपाएर
उसलाई आफ्नो स्वभावको बिरूद्ध परीक्षामा राम्रो गर्न बाध्य बनाइन्छ
नोकरी पाउनकालागी अर्थहिन प्रमाणपत्रको पिछा गरीरहनुपर्छ

प्रत्येक बालकलाई पटक पटक भनिन्छ कि उ मूर्ख हो
र उसलाई शिक्षाको आवश्यकता छ
उसले केहि जान्दैन . . . उ बिल्कुलै ठिक छैन जस्तो उ अहिले छ
र उ ती तमाम् पुरस्कारकालागी हकदार हुन उसले प्रयास र संघर्ष गनुपर्छ

बाल्यकालदेखी नै बिभाजित उ घृणा र झुठो मुस्कुराहटको राजनिती सिक्छ
उ आफैदेखी दिक्क छ . . . आफ्ना प्रिय मातापिता, शिक्षक
समाज र देशलाई सन्तुष्ट गर्न नसकेको बिफलता
अनि आफ्ना मातापिता र ठुला मान्यजन् सबैलाई घृणा गर्छ
उसलाई त्यो स्वभावको बिरोधमा जाने जिमी काटरवाला मुस्कान सिक्ने बाध्यतामा लगी
सबै चारैतिर मुस्कुराएका छन् . . . केवल बाहिरीरूपमा मुस्कुराउछन् . . .
भित्रीरूपमा तड्पिरहेपनि
केवल मुस्कुराउनाले पनि धेरै काम बन्छन्

कुनै बालक आफुले आफैलाई त्यहिरूपमा स्विकार गर्दैन . . . जस्तो उ छ
र गरोस् पनि कसरी जब उसलाई चारैतिर
निरर्थक र परीणामशुन्य कारणहरूले गर्दा उसलाई अस्विाकार गरीन्छ
कारण यो हाम्रो मन्द बुद्धिले गर्दा लाग्छ ठुलो बडाहरू नै महत्वपूर्ण हुन्
रून छोड मान्छे बन . . . समाजका लागी मान्छे बन . . . अरूका लागी बाँच
आफैलाइ तिलान्जली दिएर . . . युद्धमा जाउ . . . आफ्नो देशका लागी लड् . . .

कुनै बालक स्वंयम हुन सक्दैन
यस्तो बन वा त्यस्तो बन . . . त्यो शक्तिशाली राष्टपति जस्तो बन्
या त्यो प्रशिद्ध डाक्टर जस्तो बन् वा महत्वपूर्ण सरकारी अधिकारी जस्तो बन्
जे सुकैहोस् . . . अरू जस्तो बन् आफु जस्तो होइन्
स्वंयम बन्ने होइन्

यो जीवनको पहिलो पाठ भुल्न लायक छ

स्वंयमलाई प्रेम गर् . . . स्वंयमलाई स्विकार गर् . . . स्वंयम होउ

स्वयंमलाइ प्रेम गर
भित्री विश्वासले आत्मालाइ स्थिर बनाउछ
र हामी आफ्नो बह्माण्डमा स्वंयमको घरमा हुन्छौ
हामी छोडिदन्छौ पागलजस्तो भाग्न
र हामी भित्रको खालीपन को निम्ती उपाय खोज्नु
हरेक ब्याक्तिको अन्तरआत्मा निश्चल छ र शान्त पूर्वक प्रतिक्षा गरीरहेकोछ
उसको आवाज सुन्नको लागी
तिमी पनि सुन्न सिक र आफ्नो अन्तरहात्माको आवाज माथी विश्वास गर

आफुलाइ स्विकार
यसको लागी अति तन्मयताकासाथ सुन्नुपर्ने आवश्यकता पर्दछ
किनकी तिमीले बिर्सीसकेका छौ यो शान्तिको मार्ग देखाउने आवाजलाई
आफ्नो अन्तरआत्मा र बाटो देखाउने गुरू माथी विश्वास गर्न सिक
सृष्टि तिमीलाई हरेक पल्ट सहयोग दिइरहेकोछ
तिम्रो हरेक श्वास सँगै तिमी माथी असिम आर्शिबाद बर्षाइरहेकोछ
यो जीवन यहि आशिषको एउटा प्रमाण हो

आफु होउ
भित्र जाउ . . . अझ भित्र जाउ . . . गहिरो प्रेममा गहिरो बिश्वासमा
भित्रको बिश्वासले तिम्रो आन्तरीक संवेदनसिलता र तिम्रो आत्मालाई फैलाउछ
तिमी प्रकाशको आत्मा हौ
आफ्नो चेतनालाइ बढाउ र आफ्नै आत्मगत लयमा बाँच

तिमी भित्रको चेतनाको झिल्को जति नै सुक्ष्म भएपनि
तिमीलाई बह्माण्डीय प्रकाशसँग एकाकार गर्न समर्थ हुनेछ
जब तिमी जान्नेछौ आफु हुनुको अर्थ र महत्व

यसलाई कुनै अध्यापक वा गुरू बाट उधारो नलेउ
उनीहरू तिमीलाई केहि दिन सक्नेछैनन्

तिम्रो आफ्नो जीवन नै तिमी भित्रको दियोलाई जलाउनका लागी आगो दिन्छ
तिमी बाहेक त्यहाँ अरू कोहि पुग्न सक्दैन
यो तिम्रो भित्रको पवित्र मन्दिर हो त्यहा तिमी स्वंयम आफ.नो गुरू हौ
केवल तिमी मात्र त्यहाँ पुगेर बत्तिलाई जलाउन सक्छौ

एउटा साँचो असली गुरू
धेरै भन्दा धेरै तिमीलाई प्रेरणा दिन सक्छ
तिमीलाई तिम्रो आत्मामा जिउनकालागी . . .
तिम्रो आन्तरीक आलोकको प्रकाशमा जिउनलाई
एउटा अखण्ड ब्याक्ति बाट हामी बढ्छौ सामुहिक करूणातर्फ
र सामुहिक करूणाबाट हामी बढ्छौ बह्माण्डीय करूणातर्फ

यात्रा सहज छ
धेरैमा बिभक्त भई . . . एउटा हुनुछ . . . ब्रह्माण्डको अंश हुनुछ

जीवन लाई बाँच . . . जीवनलाई प्रेम गर् . . . जीवनलाइ हाँसेर आनन्दपूर्वक स्विकार गर्
यो जीवन एउटा शुद्ध उत्सव तिमी हुनुको
यो उत्सब हो तिम्रो आत्माको
र सृष्टिको यो नृत्यमा प्रत्येक पल सजिब हुनुको

आफ्नो खोज सुरू गर्नु भन्दा पहिले

आफुभित्रको आकासमा हेर एकपल्ट
र फेरी खोज . . . जुन तिमी सँग पहिले देखी नै उपलब्ध छ

तिमी यो सृष्टिको परम उपलब्धी हौ
जुन अहिले अभिब्यक्तीरूपमा आएका छौ
पहिले अरू कुनै स्वरूप र मान्यतामा थियौ

पछि कुनै स्वरूपमा होलाउ तर अहिले तिमी बिशुद्ध बह्माण्डीय चेतनाको अंश हौ
तिमीले यो बिशाल बह्माण्डको सबै अनुभवलाई आफ्नो आत्माभित्र सम्हालेर राखेका छौ
मान्छे आफैमा एक बह्माण्ड हो सुक्ष्म बह्माण्ड हो
हरेक अणु को कण जुन तिमीमा छ त्यसको उद्‌गम यो सृष्टि हो
र त्यो कणले विकासको हरेक चरणमा अखंड तबरले आएको छ

तिमी भित्र बिज पनि छ . . .
त्यो बिजको पुर्ण पुष्पीत अवस्था नै सृष्टिको पुरा ज्ञान हो

पाँच इन्द्रिय जसमार्फत तिमी बाह्य जगतको अनुभव गर्छौ
त्यसले तिमीलाई बाहिर तर्फ लग्छ

छौठौ इन्द्रिय भित्री आकाशमा नयाँ अनुभूतिहरूलाई खोल्छ
भित्री आकाशमा . . . जो कि बाह्य आकाश भन्दा धेरै नै फरक र बिस्तृत छ
किनकी अब अनुभव गर्नेहरूमा अनुभुति मात्र भईरहन्छ

शिक्षाको वास्तवीक अर्थ
तिम्रो भित्रको ज्ञानको आकाश को बाहिर आउन जरूरी छ
सम्पूर्ण खजानाका लागि

सबै सिक्नुभन्दा पहिले
आफ्नो अनुभवहरूमा डुब्की लगाउ जुन तिमीसँग पहिलेखेदी नै छ
तिमी आफै ब्रह्माण्ड हौ





विज्ञान खोज हो बाहिरको वैज्ञानिक
बाहिरको बैज्ञानिक बाहिरको दुनिया मा खोज्न सक्छन्
र आफ्नो औजारहरू अनि आफ्नो पाँचै इन्द्रियको प्रयोग गरेर निरन्तर खोजमा लाग्छन्

ध्यान खोज हो भित्रको वैज्ञानिकको
भित्रको वैज्ञानिक भित्री दुनियामा खोज गर्छ
र आफ्नो अनन्त दृष्टि र आफ्नो छैंठो इन्द्रियको प्रयोग गर्छ

वैज्ञानिक धेरै जान्ने कोशिस गरिरहन्छ यन्त्र
र पद्धतिका बारेमा सबै कुरा जान्नका लागि

साधु थोरै भन्दा थोरै जान्दछ
सम्पूर्णको बारेमा . . . केहि पनि नजान्नका लागि

वैज्ञानिक सृष्टिको बाहिरी दुनियामा खोजी रहेको छ
जहाँ जानकारीसँग मात्र मतलब छ

साधु सृष्टिको भित्री जगतलाई खोजीरहेको छ
भित्रको ध्यान . . . शुद्ध रूपमा जान्नु . . . जो अर्थपूर्ण छ

अब निरर्थक शिक्षाको समाप्ती पछि

बच्चा अब ठूलो भइ सक्छ र अब उसलाई
शिक्षामा लागेको सम्पुर्ण पूजीलाई फिर्ता ल्याउनु छ
२१-४२ साल सम्ममा नोकरी खानु छ . . . पैसा कमाउनु छ केटी साथी खोज्नु छ
२५-३२ साल लाई मात्र जानु दिनु छ . . . बिवाह गर्नु छ बच्चा जन्माउनु छ
३२-४० साल ठूला हुन लागेका बच्चाको लागि जिम्मेवारी बहन गर्नु छ
४०-४५ साल जिन्दगीको अर्थको बारे सोच्नु छ
४५ देखि५० अलि समझदार हुनु छ
५० देखि ६० साल जिन्दगीलाई निरर्थक बनाउनु छ . . .
एक कदम ।अगाडि आर्यघाटमा पुग्नु छ

राम नाम सत्य हो . . . देवदुत स्वर्गको स्वागतमा लागि गीत गाइरहेका छन् . . .
छोटो बाटो

यो लगभग अनिवार्य शैली हो . . . यो सुव्वस्थित समाजको लागि आदर्श काम गर्दछ
उनले एउटा सस्तो बच्चा जन्माउने जीवलाई खोजी गऱ्यो
जसले आफ्नो दायित्व निभायो र अरूलाई छाडिदियो आफ्नो ठाउँमा काम गर्नको लागि
समाजलाई बचाइ राख्नका लागि

परिवार दोषी हो शत्रुता उत्पन्न गर्नका लागि
तिमी मेरो छोरा हो तिमी मेरो छोरी हो . . . मेरो रगत हो
मेरो कुल हो मेरो खानदान हो यो अरूको बच्चा हो . . . अरू कसैको रगत हो
अरू कसैको कुल हो

यहीनेर देश र समाज विभाजनको क्रिया सुरू हुन्छ
बच्चाहरू विभाजित हुन्छन् . . . परिवार विभाजित हुन्छन् . . .
छरछिमेक सबै विभाजित हुन्छन्

राज्य विभाजित हुन्छ र देश विभाजित हुन्छ र धर्म पनि विभाजित हुन्छ

माता पिता सन्तानलाई बाड्छन् . . . परिवारमा
राजनिति बाड्छ धर्तीको हिस्सालाई . . . देशमा
र धर्म बाड्दछ आकाशको काल्पनिक हिस्सालाई . . . परलोकको राज्यमा

सारा दुनियाँ सबैकिसिम बाट बाँडिएको छ
यो पढाउनु कि अरूलाई प्रेम गर . . . प्रेम जोड्दछ

महान पाखण्ड को

मानवको मानको आश्चर्यको चकित लोभ . . . हाम्रो मर्यादा उल्टिसकेको छ

केही मान्छे हरू खान्छन् बाच्नका लागि
र केही मान्छेहरू बाँच्छन् खानका लागि

केही मान्नेहरू कमाउछन् बाच्नका लागि
केही मान्छेहरू बाँच्छन् कमाउनका लागि
भिखारी आफ्नो कचैरा र फैलिएका हात लिएर
खालि फर्कन्छ र केही नभएर पनि रातमा गहिरो निद्रा सुत्छ
खरब पति भिखारी कचौरा लिएर धेरै भन्दा धेरै पाउने खोजमा लागि रहन्छ
दिमाग एउटा कचौरा हो आन्तरिक गरिबीको . . . जो की रातमा असान्त रहिरहन्छ
योगी मरेको र दबाइएको उब्जाउ भूमिमा रहन्छन्
जब कि बाच्नेहरू बाँच्नका लागि . . . शिर माथि एउटा छत पाउने कोशिसमा लागि रहन्छन्
भगवान जो स्वर्गको मालिक हो उनको स्वर्ण मन्दिरहरूमाथि लाखौं खर्च गरिन्छ
जब की गरिबलाई दिइन्छ स्वर्गमा स्थान पाउनको आशा
दिने वाला आफुले दिएको अंहकारमा तल झर्छ
र पाउने वाला पाइएको मा झुकेर पनि माथि उठ्छ

मान्छे हरू उत्तरको खोजीमा लागिरहेका हुन्छन्
मान्छे चन्द्रमा पुग्यो पुगीसक्यो मंगल र अरू टाढाका ग्रहहरूमा जाने तयारी गरिरहेको छ
तर अहिले सम्म आफ्नो आत्माको मौन सम्म पुगेको छैन

अर्को ग्रहमा जीवन खोज्न का लागि फ्रिक्यन्सीलाई सोध्नु तरङ्गलाई पढ्नु
तर कहिल्यै एक पल पनि आफुलाई चलाई रहेको श्वासलाई सुन्न नसक्नु

माउण्ट एभरेष्टमा चढ्नु
तर आफ्नो स्वयंको आत्मामा चढ्नका लागि डराउनु

सबै भन्दा बुद्धिमान मान्छे केवल आफ्नो जीवन को स्रोत तर्फ बढ्दछ
कस्तो विडम्बना हो . . . . . .  . . . . . .  .  मन र अमनको कार्यप्रणालीको खोज कहिल्यै गरिदैन
हामी जीवनमा बाँचीरहेको छौँ
महान खोज्ने व्याक्तीहरू र जोखिम उठाउने व्यक्तिहरूको दुनियाँ
यो मानवता प्रत्येक पल युद्धको भयले थरथराइ रहेको छ
धर्ती एउटा युद्धको मैदान हो
आकाश एउटा युद्धको उडान हो
हामी भित्र खतराको आभास . . . . .  . . . हामी भित्रको अशान्तिको दशा छ

धर्म धर्मको विरूद्धमा लडिरहेको छ . . . आकाशमा मानसिक लडाइ लडिरहेको छ
सबै भन्दा धेरै लडाइ त मान्छे को भित्र तल मा लडिएको छ
भित्री अन्धकार र अचेतनको संघर्ष

चारैतिर खतराको आभास . . . हाम्रो बाहिरी अशन्तिको दशा हो

यति यो पर्याप्त छैन त आफ्ना राजनितिज्ञहरू माथि विश्वास गरेर
युद्धहरू सुरू गर्न . . . ताकि जनताको सम्झना रहोस् कि  सत्तामा को विराज मान छ
पेसेवर भाडाका हत्यारालाई मार्ने लाइन्सेन्स दिएर पठाउ
र देशका अन्तराष्ट्रिय कानूनसँग खेल्न

परमाणु लडाइ हाम्रो उपहार हो
यो दिव्य सृष्टिको लागि हामी माथि आशिसको वर्षा गर्नका लागि

परमाणु लडाइ
हाम्रो कृतज्ञता हो यो समृद धर्ती, जनावर, प्रकृति, रूख र समुद्रका लागि

परमाणु लडाई
हाम्रो प्रेम र करूणा अनि मानव जातिको महानताको अभिज्व्यक्ति हो

हिरोसिमा र नागासाकिलाई सम्फना गर

मात्र लासलाई जलाईरहेका छौँ . . . यस युगमा हामी नरसंहार तर्फ बढिरहेका छौँ

हामी नै विश्व हौं . . . हामी सबै उत्तर दायि हौ . . . हामी मध्ये हरेक कोही

केवल एउटा एक्लो थोपा यो अपार दिव्य सृष्टिलाई दर्शाउदछ
अनन्तको एउटा एक्लो विशुद्ध थोपा हो
हामी मध्ये हरेक कोही व्यक्ति एउटा थोपा हो

प्रेमको आँशुको एउटा थोपा आनन्दको आँशुको एउटा थोपा
प्रत्येकव्यक्ति जिम्मेवार छन्

एक एक थोपा का लागि . . . हामी एउटा सागर बन्न सक्छौं

एउटा एउटा थोपाले . . . एउटा एउटा थोपाले . . . एउटा एउटा थोपाले

हाम्रो समुद्र शुद्ध प्रेम र आनन्दले भरिपूर्ण हुन्छ



यो वर्ष चिन्तन मनन् र निश्चलतालाई गहिराउनमा बित्छ

म आउने अर्को छलाङको तयारीमा लाग्छु
शरीरका कोशहरूमा गहिरो गृहकार्य . . .
हप्तामा तिन पटक शरिरको हरेक कोश र मांसपेशीलाई खोल्ने र
उर्जालाई मुक्त गर्नका लागि हरेक मांसपेशी मार्फत श्वास लिनु
श्वास, मांसपेसी र कोसहरू संतुलित गर्नु

स्वास्थ्यवर्द्धक तातो तेल र प्राचिन आर्युवेदिक तेलले नुहाउनु
र दुर्लभ जडिबुटिको मिश्रणलाई मिलाएर शरीरमा लगाउनु गहिरो
मालिस गर्नु
मैले दुई वर्ष शरीरमाथि यसरी नै गहिरो काम गरे र तयारी पनि

साधारण खाना जुस र फुलफूलको नियमित खुराक थियो
निस्पट्ट अध्यारोमा सुत्नु र एक घण्टा तातो पानीको टब मा नुहाउनु



जङ्गलमा ताजगी पाउनलाई हिडिरहनु
नदी किनारमा बस्नु फोक्सोलाई गहिरो सास लिएर खोज्नु
शरीर पूर्णत शुद्धिकरण गर्नु
र विषाक्त युक्त विकारलाई बाहिर निकालिदिनु



शरीरलाई गहिरो तयारीको आवश्यकता थियो
चेतनालाई विष्फोटक ढंगबाट खुल्नका लागि धेरै ठाउँको आवश्यकता पर्दछ
जहाँ फौलाव हुन सक्छ
शरीर पूर्णतया गहिरो विश्राममा र खुल्ला हुनुपर्दछ
प्रत्येक मांसपेशी स्पन्जको जस्तो पारदर्शी र छर्लङ्ग हुनु पर्दछ
एउटा वास्तविक रूपमा जैबिक तवरले स्वास लिनु एक खाले फौलिएको श्वास
एउटा पूर्ण श्वास



एउटा अपार शक्तिशाली निश्चलता घेरा एकत्रित हुन जान्छ
मलाई बोध हुन्छ कि
भित्रि आँधी उठ्ने वाला छ
र एउटा अर्को समाधिको अनन्त विष्फोट हुने वाला छ



हरेक पूर्णीमा पहिलेको एक हप्ता बिताउनको लागि
म एउटा प्याराडाइज हिमालय आश्रममा जान्छु
जहाँ अति आरामदायी कटेज उपलब्ध हुन्छ
र म हरेक दिन नदी किनारमा लामो हिडाँइ तय गर्दछु
जब ओशो भारत फर्किए तब यहाँ आई यहीं स्थानमा रहने गर्दथे
उनको कोठा मेरो लागि ज्यादै पवित्र हो
तर म त्यहाँ बस्न सक्दिन
म अगाडिको कोठा लिन्छु



यो दिन विष्फोटक प्रकाश र ताजगीले भरिर्पूण छ
र मेरो शरीर दोस्रो पटक हलुका र फुङ्ग हुदै गइरहेको छ
गुरूत्वकाषर्णले उठाइरहेको छ र मेरो चालमा फेरि पंखहरू आइरहेका छन्
शरीर पातलो हावामा गायब भइरहेको छ
कति वर्षै देखि मैले संगीत सुनेको छैन
नाच्न पनि बन्द गरिदिएँ
म पहिले हरेक दिन घण्टौ घण्टा नाच्ने गर्दथें



संगीत र नृत्य मेरो जीवन थियो
र पछिल्ला यी बीस वर्षमा
सबैभन्दा घनिष्ठ साथी पनि
कितारो, डिउटुर, कारूणेश, प्रेम जोशवा, कमल,
अनुगमा, शास्त्रो, हरिप्रसाद, जाकिर हुसेन, ओमार फारूक,
प्याटिक ओ हर्न, यानि, एमासिरोगुमि लाइ मैले सुने



यिनीहरू यस ग्रह माथी सबै भन्दा धेरै सृजनिसिल आत्माहरू हुन्
मैले उनीहरूको धून
र उनीहरूले मानवताको आन्तरिक विकासमा पुर्याएको
गहिरो योगदानको धेरै पल्ट धेरै ठाउमा सरहाना गरेको छु

मैले आफ्नो नृत्यका दिनहरू फेरि फेरि सुरू गरे

म एउटा अर्को शिखरको नजिक अझ नजिक गईरहेको छु
म एउटा अपरिचित जङ्गजस्तो क्षेत्रमा जान चाहन्छु . . . जहाँ एउटा नदी बगेको होस्
जहाँको उर्जा जङ्गली होस् र मान्छेहरूको विचार आवत जावत बाट पनि मुक्त होस्

म पहाडी इलाकामा एउटा अर्को ठाउँ खोजि गर्दछु
म पहाडी झरना टाउन रिवालसरमा पुग्दछु
जहाँ महान तिबतियन गुरू पद्मसंभवको कमलको जन्म भएको थियो
र उनले ध्यान गरेका थिए
आफ्नो गुफामा ध्यान सिकाएका पनि थिए
यस सुदुर हिमालयको इलाकामा यस्ता सैकडौं गुफाहरू छन्
उर्जा उचाइमा छ र चारै तिर एउटा अर्को अपरिमित निश्चलता छ
विच केन्द्रमा कचौरा जस्तो झरना छ . . .
एउटा गाइरहेको जङ्गली झरना आफ्नै किसिमले काम गरिरहेको छ
र रात्री प्रहरमा रिवाल्सरमा आवाज ले गुञ्जायमान हुन्छ
र सयकडौं तिब्तियन लामाहरूको सामुहिक उर्जा एककृत गर्दछ
यी पहाडी पर्वतहरूमा ध्यान गर्नु
एउटा विशाल बुद्ध फिल्ड जस्तो लाग्दथ्यो

म एउटा तिब्तियन मठमा बस्न चाहन्थैं
लगातार जाप गरिरहेका र हजारौं अगरबत्ती जलाइरहेका लामाहरूको समिपमा रहनका लागि
जहाँ सयौं देवि देवताहरू र उनका पुज्य गुरू अनि तमाम् बुद्धका प्रतिमा थिए

मलाई एउटा सुन्दर मठमा एकान्त स्थान प्राप्त हुन्छ
र अर्को दिन म गुरू पद्मसंभवको गुफामा जान्छु
माथि तर्फ गईरहेको लामो सिढी चढेर एउटा गुफा भेट्टाउछु
जहाँ थोपा थोपा गरेर पानी खसीरहेको छ

र ओस आइरहेको छ
म प्रवेश गर्छु र तुरून्तै अनुभव पनि गर्न सक्छु कि

हजारौं धागो हरूले मेरो सहस्रारलाई बाहिरबाट तानिरहेका छन्
मलाई पूर्णत निश्चल भई बस्नु छ
गुफामा शक्ति धेरै शक्ति र तेजश्वी छ
गुफामा पानी मेरो शरीरको माथिल्लो भागमा थोपा थोपा गरी खसिरहेको छ
गहिरो मौन मा घण्टौ बित्दछ
एउटा शक्ति मलाई चारैदिशाबाट समात्दछ
जस्तो कि फलामको सिक्रिले मेरो शक्तिशाली शक्तिबाट माथी उठेर उर्ध्व दिशामा जान्छ
शरीर अत्याधीक बायाँ दिशा तर्फ झुक्छ र मेरूदण्ड तिब्रतासँग दायाँ तर्फ झुक्छ
गुर पद्यमासम्भावले मेरो शरीरको पछाडि बाधिएको विशाल गाठोलाई खोलिदिए
शरीर एउटा विष्फोटक शक्तिको गोलोबाट मुक्त हुन्छ
मलाई छिटो नै बाहिर जानु छ
गुफा अति नै सानो छ र मेरो स्वास क्रमश पातली रहेको छ
मलाई अब वृक्षहरूको आवश्यकता छ र जङ्गल तर्फ बगिरहेको एउटा नदीको

म आफ्नो गहिराईबाट उनको चरण कमलमा कृतज्ञता जाहेर गर्दै प्रमाण गर्दछु
गुरू पद्यमासंभाव

म जान्दछु मलाई एउटा गहिरो र धेरै शान्त जङ्गल भएको
स्थानमा जानुपर्ने आवश्यकता छ
र नजिकै रहेको पार्वती घाँटीको दिशा तर्फ जानु छ
जहाँ पहिले पर्व शिवर पार्वती रहने गर्दथे
यो रहस्य . . . यो जङ्गल . . . . . . . निरन्तर ताती लागि रहेको हुन्छ
पिठ्युमा व्याग बोकेर घुमिरहने यात्रीहरूको
यो टाउन पावर्ती नदीको अलौलिक हृदयमा छ र नदी
तिव्रताले खिर गंगाको तल भएर बगिरहेको छ
मनिकरण बाटो बगिरहेको छ
जहाँ सन्त बाबा गुरू नानक देव र मरदाना ले आफ्नो शरीर छोडेका थिए



मलाई एउटा साधारण र सफा अल्पाइन गेष्ट हाउस मिल्दछ
जसको केही मिटरको दुरीमा पार्वती नदी ठूलो आवाज गर्दै तिब्रतासँग बगिरहेको छ

म जान्दथेँ यहाँ फेरि घट्ने छ र अर्को पटक समाधि उत्रने छ
आनन्दको विष्फोट उत्रिरहेको छ नदी नाचीरहेको छ . . . जङ्गल नाची रहेको छ
आकाश नाचिरहेको छ, मौन नाचिरहेको छ, नृत्य चलिरहेको छ, . . . नृत्य चलिरहेको छ

एक महिना बितिसकेछ
मेरो आनन्दमा विष्फोट भइरहेको छ
परालौकिक संगीत सुनाइरहेको छ नदिले

र नृत्य सुरू भइरहेको छ
६-८ घण्टा रातमा जबसम्म विहानको उज्यालो हुदैन
नृतक र नृत्य दुवै जना हराउछन्
एउटा शुद्ध ज्वालाको निश्चल स्पन्दनमा

नृत्य चलिरहेको छ हरेक रात
हरेक रात चलिरहेको छ
संगीत मलाई आनन्द तर्फ तानिरहेको छ
खिचिरहेको छ र मभित्र नृत्य फुटिरहेको छ

एक आनन्द एकतृत भइरहेको छ
नदी मलाई तानीरहेको छ . . . जङ्गलले मलाई तानिरहेको छ
आकाशले मलाइ तानीरहेकोछ . . . . मौनले मलाई तानिरहेको छ
फौलिरहेको छु हरेक दिशा मा

भित्रको जगतमा अन्तस्फोट हुन्छ
नदी हिरा भएर हिराजस्तो चम्किरहेको छ . . . हिरा तिव्रतासँग दौडिरहेको छ
जङ्गल हिराले दन्किरहेको छ . . . हिरा टिलटिल गरिरहेको छ
आकाश हिराको वर्षा गरिरहेको छ . . . हिराबृष्टि निरन्तर भईरहेको छ
मौन हिराको तल नृत्यरत छ . . . हिरा बगिरहेको छ



आकाश वर्षीरहेको छ म एक्लै नाचिरहेको छु

प्रकाश प्रत्येक ठाउँमा फुटिरहेको छ . . . सबै कुरा सेतो छ . . .
शुद्ध सेतो प्रकाशमय सुन्दरता

शुद्ध सौन्दर्य शुद्ध आनन्द शुद्ध मौन अवतरण भइरहेको छ
मौन गहिरो भइरहेको छ . . .  गहिरो अझ गहिरो

म माथि जान्छु नदि भन्दा माथि
सल्लाका रूखहरू भन्दा माथि बरफले ढाकिएको पर्वत भन्दा माथि
निलोआकाशको बादल भन्दा माथि

निख्खर सुन्दरता मेरो सामुन्नेमा आइ खुल्दछ . . .
एक दृश्य महान जीवनको जुन मेरो आउने वाला छ
म एउटा रहस्यात्मक आश्चर्यले भरिएको छु . . . मेरा आँखा खुल्दछन्
म जागृत हुन्छु
केवल प्रतिक्षा गरिहरेको छु . . . फेरी आउनकालागी

संसारमा आउनका लागि यो विश्मयकारि दृश्य मेरो आँखाको सामु बगिरहेको छ
चेतनाको सुनौलो अलौकिक सुन्दरता म फेरि अर्को पल्ट स्वर्गमा छु . . .

बतास परदर्शी र निर्मल छ
बतास उर्जाले भरिएको नदी नाच्दै कण कणमा बहिरहेको छ
तिब्रतासँग बगिरहेको नदीको मीठो नाद लाई निश्चल भएर पिउनु
म एक्लै उभिएको छु



म एक्लै उभिएको छ'
एकलताको बहुमत

सत् चित् आनन्द
परम्सत्य . . . परम् चेतना . . . परम् आनन्द

म मौन मा डुबिसकेको छु
ओम् ओम् ओम् ओम्
सृष्टि डुबि सबेको छ
ओम् ओम् ओम् ओम्
सारा जगतलाई गुञ्जायमान गरिरहेको छ

म हराइसकेको थिए
मैलै स्यम्लाई पाए

डुबिसकेको छु

फेरि आफैमा र हराएको छु

म को हुँ

बगिरहेको हिरा शुद्ध शून्यता
म माथि देख्छु माथि तर्फ हेर्छु

अवतरण

ओशो . . . ओशो . . . ओशो

आनन्दको आँशु

रहस्यदर्शी गुफालको आँशु

म अनन्त कृतज्ञताले झुक्दछु

ओशो गुरूहरूको गुरू

बुद्ध अनन्त करूणाको गुरू

कृष्णमुर्ति आफ्नो स्वयम्को गुरू

ओशो

जो न कहिल्यै जन्म्यो
जो न कहिल्यै मर्‍यो
केवल यो पृथ्वरूपी ग्रहमा बिचरण गर्‍यो
डिसेम्बर ११ १९३१ जनवरी १९ १९९०

रजनीश

जसको जन्म २० जनवरी १९६१
मृत्यु जनवरी १९ १९९०
पूर्नजन्म जनवरी १९ १९९०

फेरी कहिल्यै मर्ने छैन

रजनीश एउटा साथी



r a j n e e s h



tears of the mystic rose is a message of compassion and love
towards all fellow travelers on the path

the simple cost to create design print publish distribute mailout
this book makes it unaffordable to most seekers of truth

tears of the mystic rose has been made into
a free downloadable ebook for all

as a gesture of your support
any small contribution or donation
will be immensely helpful and valuable

donations by paypal to “ donate@oshococom.com ”

please contact us if you would like more information
on how to support
oshorajneesh new man vision

if you would like to send a donation by check
moneyorder or bank transfer email to
rajneesh@oshorajneesh.net

www.ozencocom.net

# एउटा सुनौलो पत्र

शुरूका दिनहरूमा रजनिश केहि थोरै ब्याक्तीहरूमाझ साँझको सत्संगमा बोल्नुहुन्थ्यो
त्यो क्रम २० नोभेम्बरदेखी ओशोको जन्मदिन ११ डिसेम्बर २००७सम्म चलीरह्यो

अस्तित्वले नित्यता फेर्‍यो

एक साँझ निरन्तर लेखन उहाँको ल्यापटपमा चलीरह्यो
सम्पादनबिना जस्ताको तस्तै ८६ घण्टामा १८१ पृष्ठहरू
२४ दिनको बर्तुलतामा बेरीएर निस्कीए

उहाँको प्रथम लेखनी . . . एकै बसाईको सम्पादनबिनाको निरन्तर लेखनी

बिल्कुलै साधारण र आफ्नै मौलीकता भएको रंगरोगन नगरीएको बिशुद्ध अभिब्यक्ती
आफ्नो गुरूका अति गहुगां र बौद्धिक शब्दहरू सापटी नलिइकन
उहाँ आफ्नो अभिब्यक्तीलाई जस्ताको तस्तै बिनाकुनै सम्पादन शुद्धरूपमा राख्नुभयो

उहाँको यात्राको एउटा रहस्यमयी कथाले तमाम् सहयात्रीहरूलाई प्रेरित गर्नेछ

रहस्यदर्शी गुलाफको आँशु
११ डिसेम्बर २००७ प्रकाशनकालागी पठाइयो
१९ जनवरी २००८मा लोर्कापण गरीयो

नेपाली अनुवाद १९ जनवरी २०१२ मा थालीयो
अनुवाद समाप्त तिथी ११ डिसेम्बर २०१३
नेपाली संस्करण प्रकाशन १९ जनवरी २०१४

डिभाइन डोर्‌स र ओजेन रजनिश फाउण्डेसन नेपालको संयुक्त पहलमा प्रकाशित



translation — nirmal thapa
colornepal@gmail.com



paintings — ekin
www.ekinart.com



suport — min jung



design — soma

**www.ozenrajneesh.com**

ebook
osho rajneesh new man vision
6 d estoril court two 55 garden road hongkong

the new man
v i s i o n

all rights given freely for anyone to use
without any authorized permission of the author
except for commercial publishing



permission to use all paintings lovingly given by ekin www.ekinart.com



रेक्टर स्केलमा ९ को मात्रा

हिराको बज्रपात

रजनीशद्धारा ओशो दर्शन
एउटा रहस्यमयी प्रेमकथा